कक्षा १०

नेपाली

कक्षा १०

नेपाली

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

© पाठ्यक्रम विकास केन्द्र २०६४

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र र मुद्रकमा निहित रहेको छ । लिखित स्वीकृतविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइनेछैन ।

प्रथम संस्करण २०५६
परिमार्जित संस्करण २०६४
पुनर्मुद्रण २०६५
पुनर्मुद्रण २०६६
पुनर्मुद्रण २०६७
पुनर्मुद्रण २०६८

मुद्रणः जनक शिक्षा सामग्री केन्द्र लिमिटेड,
सानोठिमी भक्तपुर ।

मूल्य रु : ३९।५०

तपाईँको पुस्तकमा छपाइप्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा उक्त पुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड वा नजिकको साझा प्रकाशनबाट साट्न सक्नुहुनेछ ।

● जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

पाठ्यपुस्तकसम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका टिप्पणीहरू भएमा पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने टिप्पणीहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

हाम्रो भनाइ

समाजको आवश्यकता, सिकारुको माग, समसामयिक परिवर्तन तथा सिकाइ प्रविधिको नवीनता आदिका आधारमा विद्यालयस्तरका पाठ्यपुस्तकमा समयसापेक्ष परिवर्तन गरिन्छ। शिक्षाले विद्यार्थीहरूमा लोकतान्त्रिक मान्यताअनुरूप उदात्त भावना प्रस्फुटित गराई देशलाई आवश्यक हुने मानवीय स्रोत र साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवनयापन गर्न सक्ने दक्ष, सुशील, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक सिर्जना गर्न सक्नुपर्दछ। यसैअनुरूपका मानव संसाधनको उत्पादनका लागि पाठ्यक्रम पाठ्यपुस्तकलाई समयानुकूल बनाउने कार्यअनुरूप यो पुस्तक तयार पारिएको हो।

वि.सं २०५६ मा लेखिएको प्रस्तुत पाठ्यपुस्तकलाई माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४ अनुरूप परिमार्जन गरी यस रूपमा विकास गरिएको छ। नेपाली भाषा पाठ्यपुस्तकको शिक्षणीय प्रयोजन भाषिक सीप विकास गराउने भए पनि यसमा समावेशी ढङ्गले विभिन्न विधा र क्षेत्रका विषयवस्तु समेटिएको छ। यसै गरी पाठ्यपुस्तक विकासका क्रममा शिक्षक, प्राध्यापक र विषयविज्ञबीच अन्तरक्रिया गराई प्राप्त रायसुझाव समेत समेटी यस पाठ्यपुस्तकलाई विद्यार्थीमुखी, अभ्यासमुखी र त्रुटिरहित बनाउने अधिकतम प्रयत्न गरिएको छ। सुरुमा प्रा.डा.दयाराम श्रेष्ठ, चूडामणि काफ्ले र विष्णुप्रसाद अधिकारीले लेख्नुभएको यस पाठ्यपुस्तकलाई द्रोण दाहाल, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी, विष्णुप्रसाद अधिकारी (शिक्षक) र विष्णुकुमार घिमिरेद्वारा परिमार्जन तथा सम्पादन गरी यस रूपमा तयार पारिएको हो। यसको विकासमा केन्द्रका कार्यकारी निर्देशक हरिबोल खनाल एवम् विषय समितिका प्रा. डा. हेमाङ्गराज अधिकारी, प्रा. डा. केदार शर्मा, धनञ्जय शर्मा, गीता खरेलसमेतको विशेष योगदान रहेको छ। यसको लेआउट डिजाइन तथा चित्राङ्कन श्रीहरि श्रेष्ठबाट भएको हो। उहाँहरूलगायत यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ।

पाठ्यपुस्तक शिक्षणसिकाइ प्रक्रियाको महत्त्वपूर्ण सहयोगी साधन हो। अनुभवी शिक्षक र जिज्ञासु विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन एवम् अध्यापन गर्न सक्छन्। विभिन्न कारणहरूले गर्दा सबै विद्यालयहरूमा सहायक पाठ्यसामग्री सजिलै उपलब्ध नहुँदा शिक्षणसिकाइ पाठ्यपुस्तकमाथि अत्यधिक रूपमा निर्भर रहेको देखिन्छ। कुशल शिक्षकमा पाठ्यपुस्तकका नमुना अभ्यासका आधारमा अन्य रचना गर्न सक्ने क्षमता हुने हुँदा सम्बन्धित विषय शिक्षकले आवश्यकतानुसार अभ्यास गराउनुहुने छ भन्ने अपेक्षा गरिएको छ।

प्रस्तुत पाठ्यपुस्तक सकेसम्म स्तरयुक्त बन्न सकोस् भनी प्रशस्त प्रयास गरिएको छ। तथापि पाठ्यपुस्तकमा हुनुपर्ने भाषा, शैली, विषयवस्तु, प्रस्तुति, चित्राङ्कन आदि पक्षमा केही कमीकमजोरी रहेका हुन सक्छन्। तिनको सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी एवम् सम्पूर्ण पाठकहरूको महत्त्वपूर्ण भूमिका रहने गर्छ। अतः सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, विशेषज्ञ तथा सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछ।

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

पाठ १

कविता

प्रश्नोत्तर

❑ भानुभक्त आचार्य

हामीले प्रत्येक दिन प्रयोग गर्ने कपडा बुन्ने, जुत्ता बनाउने, कागज र कलम तयार गर्ने तथा टोपी, गन्जी, मोजा, पन्जा आदि बनाउने कारखानाहरू हुन्छन् ।

हामीले प्रत्येक दिन खाने चामल वा आँटा, बिस्कुट, पाउरोटी, चकलेट, चाउचाउ, चिया, कफी, केक आदि पनि कारखानामै तयार गरिन्छन् ।

हामीले प्रयोग गर्ने, लगाउने वा खाने चिजहरूझैं मानव बनाउने पनि के कुनै कारखाना हुन्छ ? यसको उत्तरमा हुन्छ भनियो भने त्यसले अर्को प्रश्न जन्माउँछ – "कहाँ हुन्छ ? यसको सही उत्तर के हुन्छ भने त्यहाँ हुन्छ, जहाँ सत्सङ्ग हुन्छ अथवा आत्मज्ञान जहाँ प्राप्त हुन्छ । त्यस्ता ठाउँहरूमा मानिसलाई सच्चा मानव बनाउने काम हुन्छ । बाहिरी शरीर भएर मात्र मानव हुँदैन । मानव बन्न बलियो नैतिक चरित्र, सदाचार, दया तथा करुणाको भावना, सेवा भाव, अनुशासन, ईश्वर भक्ति, आध्यात्मिक ज्ञान आदिको आवश्यकता पर्दछ । हाम्रा आदिकवि भानुभक्त आचार्यले हामी मानिसहरूलाई सच्चा मानव बन्ने ज्ञानका कुराहरू गरी यो प्रश्नोत्तर कविता लेखेका हुन् ।

आदिकवि भानुभक्त आचार्य (वि.सं. १८७१–१९२५) धार्मिक नैतिक चेतना भएका प्रखर कवि थिए । समाजलाई नैतिक आदर्शतिर उन्मुख गराउनु उनको मुख्य ध्येय थियो । त्यसैले उनले प्रश्नोत्तर, भक्तमाला र बधूशिक्षा तथा अन्य थुप्रै कविताहरू रचना गरी समाजको नैतिक पक्षलाई सबल बनाउने कार्य गरे । उनको रामायण नेपाली साहित्यकै महत्त्वपूर्ण कृति हो । यो कृति संस्कृतको भावानुवाद भए पनि यसमा कविको मौलिक कवित्व झल्किएको छ ।

उपजाति र वसन्ततिलका छन्दमा रचित प्रस्तुत कवितामा कविले जीवनजगत्का विभिन्न पक्षमाथि प्रश्न उठाएर तिनको उत्तर दिने प्रयत्न गरेका छन् । जीवनोपयोगी सूक्तिका रूपमा आएका यी प्रसङ्गले सत्य पक्षको खोजी गर्न समेत सहयोग गर्छन् ।

कस्लाइ हो शत्रु भनेर जान्नू ?
आफ्ना दसै इन्द्रिय शत्रु मान्नू ।
कस्लाइ खूब् मित्र भनेर मान्नू ?
जीत्या तिनै इन्द्रिय मित्र मान्नु । ४

दरिद्र नाऊँ **नर**मा छ कस्को ?
विशाल **तृष्णा** घरमा छ जस्को ।
कुन् हो धनी सब् नरले कह्याको ।
सन्तोषले जो छ खुसी रह्याको । ८

ज्यूँदै मऱ्याको भनि नाउँ कस्को ?
उद्यम् विना वित्तछ काल जस्को ।
कुन् हो सबैले गुरु भन्नु पर्न्या ?
जो हो हितैको उपदेश गर्न्या । १२

कुन् **धन्य** हो ? जुन् छ **परोपकारी** ।
कुन् पूज्य हो ? **तत्त्व** लिन्या **विचारी** ।
कौनै बखत्मा पनि के नगर्नू ?
पाप्का अगाडि कहिल्यै नसर्नू । १६

कुन् हो जगत्को गहना बन्याको ?
विद्यै छ सब्को गहना बन्याको ।
कुन् सत्य हो, सत्य **कसोरी** जान्नू ?
जुन् प्राणीको हित् छ उ सत्य मान्नू । २०

शोभायमान भई बस्छ सभा **विषे** को ?
सब्को प्रसन्न मन गर्दछ शास्त्रले जो ।
मातासरी सुख दिन्या कुन चिज् छ जान्नू ?
विद्यै छ त्यस्तो अरू कौन खोज्नू ? २४

कुन् हो जती जति दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ।
कुन् काम हो अति डरायर दूर सार्नू ?
लोकापवाद् छ घटिया कहिल्यै **नधार्नू** । २८

दरिद्र - गरिब; दुःखी
नर - मानिस
तृष्णा - तीर्खा; लोभ; इच्छा
उद्यम - इलम; परिश्रम
धन्य - प्रशंसा गर्न योग्य
परोपकारी - अर्काको भलो गर्ने
तत्त्व - सार वस्तु; मूल कुरो
विचारी - विचार गरेर

कौनै - कुनै पनि
बखत - वेला; अवसर; समय; मौका
कसोरी - कसरी
शोभायमान - शोभायुक्त
विषे - मा
मातासरी - आमा जस्तै; आमासमान
लोकापवाद - लोकनिन्दा; लोकमा भएको बदनामी
नधार्नू - नलिनु; धारण नगर्नू

अभ्यास

१. **तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) मानिसका शत्रु को हुन् ?

(ख) इन्द्रियहरूलाई जित्नाले के हुन्छ ?

(ग) मानिसहरूमा दरिद्र को हुन्छ ?

(घ) जिउँदै मरेको भनेर कसलाई भनिन्छ ?

(ङ) कुनै वखतमा पनि गर्नु नहुने काम के हो ?

(च) कुन कुरालाई सत्य मान्नुपर्छ ?

(छ) आमाले जस्तै मानिसलाई सुख दिने चिज के हो ?

(ज) कुन कामलाई डराएर पर सार्नुपर्छ ?

२. **'प्रश्नोत्तर' कविता गति, यति र लय मिलाएर वाचन गर्नुहोस् ।**

३. **तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

इन्द्रिय, तृष्णा, सन्तोष, पूज्य, विद्यै, निश्चय, लोकोपवाद

४. **तलका शब्दको अर्थ भन्नुहोस् :**

दरिद्र, विशाल, तृष्णा, उद्यम, हित, लोकापवाद, दूर, घटिया

५. **तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

शत्रु, मित्र, इन्द्रिय (४), नर (८), काल (१२), उपदेश, परोपकारी, तत्त्व (१६), गहना (२०), प्रसन्न (२४), शास्त्र, निश्चय, घटिया (२८)

६. **'प्रश्नोत्तर' कवितामा प्रयुक्त कतिपय शब्दहरू प्रचलित वर्णविन्यास (हिज्जे) भन्दा फरक किसिमले लेखिएका छन् । तिनलाई प्रचलित वर्णविन्यासअनुसार लेखेर देखाउनुहोस् । जस्तैः**

फरक हिज्जे	प्रचलित हिज्जे
कस्लाइ	कसलाई

७. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) यस कवितामा मानिसका इन्द्रियलाई किन शत्रु र मित्र दुवै हुन् भनिएको हो ?

(ख) विद्यालाई कवितामा कुनकुन रूपमा चित्रण गरिएको छ ?

(ग) विद्याले मानिसलाई कसरी आमाले जस्तै सुख दिन्छ ?

(घ) कस्तो मानिस किन सभाका बीच शोभायमान देखिन्छ ?

(ङ) कवितामा कुन कामलाई किन मानिसले कहिल्यै धारणा गर्नुहुन्न भनिएको छ ?

८. **सप्रसङ्ग व्याख्या गर्नुहोस्:**

(क) ज्यूँदै मऱ्याको भनि नाउँ कस्को ?
उद्यम् विना बित्तछ काल जस्को ।

(ख) मातासरी सुख दिन्या कुन चिज् छ जान्नू ?
विद्यै छ यस्तो अरु कौन खोज्नू ?

९. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) केकस्ता कामहरू गर्न सक्यो भने मानवजीवन सार्थक हुन्छ ? कविताका आधारमा विवेचना गर्नुहोस् ।

(ख) "विद्यारूपी धन नै सर्वश्रेष्ठ धन हो" यस भनाइलाई कविताका आधारमा पुष्टि गर्नुहोस् ।

१०. **कस्ता काम गर्नाले मानिस सामाजिक रूपमा आलोचित हुन्छ, कक्षामा साथीहरूसँग छलफल गरी निष्कर्ष शिक्षकलाई सुनाउनुहोस् ।**

सिर्जनात्मक अभ्यास

'प्रश्नोत्तर' कविताको शैलीमा कुनै शीर्षकमा एउटा कविता लेखी शिक्षकलाई सुनाउनुहोस् ।

व्याकरण

शब्दवर्ग

दीपा अध्ययनशील हुनाले पढाइमा सधैं ध्यान दिन्छे । यस वाक्यमा 'दीपा' नाम, 'अध्ययनशील' विशेषण 'सधैं' क्रियाविशेषण र 'दिन्छे' क्रियापद हुन् । शब्दले गर्ने कामका आधारमा छुट्याइने शब्दको समूहलाई शब्दवर्ग भनिन्छ । 'नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी शब्दका नौ वर्ग हुन्छन् ।

वाक्यमा प्रयोग नहुँदा एउटा वर्गमा रहने शब्दले वाक्यमा प्रयोग हुँदा अर्को वर्गको काम गर्न समेत सक्छ । जस्तै :

वाक्यमा प्रयोग नहुँदा	वर्ग	वाक्यमा प्रयोग हुँदा	वर्ग
तयारी	नाम	तिमी तयारी पोसाक किन ।	विशेषण
डल्ली	विशेषण	डल्ली रोई ।	नाम
धेरै	विशेषण	ऊ धेरै पढ्छ ।	क्रियाविशेषण
र, कि	संयोजक	तिमी आउँछौ र !	निपात
		ऊ आउँछ कि !	निपात
भित्र	नामयोगी	तिमी भित्र जाऊ ।	क्रियायोगी

शब्दवर्ग छुट्याउँदा शब्दले वाक्यमा गर्ने काममा ध्यान दिनुपर्छ ।

व्याकरण अभ्यास

(क) प्रश्नोत्तर कविता पढी नाम, सर्वनाम, विशेषण र क्रियावर्गका शब्द टिपोट गरी तालिका बनाउनुहोस् ।

(ख) रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् :

(अ) गरिब मानिसको आर्थिकस्तर माथि नउठाएसम्म लोकतान्त्रिक नेपालको कल्पना गर्न सक्दैन ।

(आ) अध्ययनशील प्रजिता परीक्षामा सधैं प्रथम हुन्छिन् ।

(इ) बिचरा ! त्यो माग्ने त हिजो राति मरेछ ।

(ई) उनका पिता उनलाई आफ्नजस्तै विशिष्ट चिकित्सक भएको हेर्न चाहन्थे ।

(उ) नयाँ नेपाल बनाउन हामी सबै नेपाली सङ्गठित हुनुपर्छ ।

(ग) सबै शब्दवर्गका शब्द प्रयोग गरी आफ्नो विद्यालयको वर्णन गर्नुहोस् ।

(घ) शब्दवर्गका आधारमा शब्दका किसिमलाई उदाहरणसहित उल्लेख गर्नुहोस् ।

विशेष ज्ञानका लागि थप सामग्री

छन्द परिचय

कविता पद्य र गद्य गरी दुई किसिमका हुन्छन् । गद्य कवितामा लयात्मकताको सौन्दर्य हुन्छ भने पद्य कविता छन्दोबद्ध हुन्छ । छन्दले कवितालाई गेयात्मक, श्रुतिमधुर र प्रभावकारी तुल्याउँछ । छन्दोबद्ध (पद्य) कवितामा निश्चित मात्रा वा वर्णमा विश्राम हुन्छ । नेपालीमा वार्णिक छन्द (संस्कृतका छन्द) का साथै मात्रिक छन्दको प्रयोगबाट सुन्दर कविताहरू रचना भएको पाइन्छ । यसबाहेक आफ्नै मौलिकता बोकेका लोकछन्दको प्रयोग पनि नेपाली कवितामा गरिएको छ । वार्णिक छन्द बुझ्नका लागि 'यमाताराजभानसलगा' एउटा प्रचलित सूत्र छ, जसअनुसार गणहरू छुट्याउन सजिलो पर्दछ । छन्दशास्त्रअनुसार यसमा प्रयोग हुने सङ्केत [।] ले लघु (ह्रस्व) र [S] ले गुरु (दीर्घ) बुझाउँछन् ।

गण	सूत्र/सङ्केत (लघु, गुरु)	उदाहरण
यगण	। S S (यमाता)	कुमारी
मगण	S S S (मातारा)	नेपाली
तगण	S S । (ताराज)	नेपाल
रगण	S । S (राजभा)	दोलखा
जगण	। S । (जभान)	विशाल
भगण	S । । (भानस)	सागर
नगण	। । । (नसल)	सरल
सगण	। । S (सलगा)	बिचरा

उपजाति, वसन्ततिलका र मन्दाक्रान्ता छन्दको उदाहरण यसप्रकार छ :

उपजाति छन्द

उपजाति छन्द इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दको संयोगबाट बन्ने एक वार्णिक छन्द हो । यो ११ अक्षरले बनेको हुन्छ । यसको इन्द्रवज्रा खण्डमा तगण, तगण, जगण र अन्त्यमा दुई गुरु हुन्छन् भने उपेन्द्रवज्रा खण्डमा जगण, तगण, जगण र अन्त्यमा दुई गुरु हुन्छन् ।

उदाहरण

ज्यूँदै मऱ्याको भनि नाँउ कस्को ?
उद्यम् विना बित्तछ काल जस्को ।
कुन् हो सबैले गुरु भन्नु पर्न्या ?
जो हो हितैको उपदेश गर्न्या ।

SS। SS। ।S। SS तगण, तगण, जगण, गुरु, गुरु (ततजगुगु : इन्द्रवज्रा)

कुन् धन्य हो ? जुन् छ परोपकारी
कुन् पूज्य हो ? तत्त्व लिन्या विचारी
कौनै बखत्मा पनि के नगर्नु ?
पाप्का अगाडि कहिल्यै नसर्नू

।S। SS। ।S। SS जगण, तगण, जगण, गुरु, गुरु, (जतजगुगु :उपेन्द्रवज्रा)

वसन्ततिलका छन्द

यो छन्द चौध अक्षरले बनेको हुन्छ । यसमा तगण, भगण, जगण र अन्त्यमा दुई गुरु हुन्छन् । यसको छैटौँ र आठौँ अक्षरमा विश्राम हुन्छ ।

उदाहरण

कुन् हो जती जति दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेही मान्या
कुन् काम हो अति डरायर दूर सार्नु ?
लोकापवाद् छ घटिया कहिल्यै नधार्नू

SS। S।। ।S। ।S। SS भगण, जगण, जगण, गुरु, गुरु (भजजगुगु : वसन्ततिलका)

• भानुभक्त आचार्य

मन्दाक्रान्ता छन्द

यो छन्द सत्र अक्षरको हुन्छ । यसमा मगण, भगण, नगण, तगण, तगण र अन्त्यमा दुई गुरु हुन्छन् । यस छन्दको चौँथो र दसौँ अक्षरमा विश्राम हुन्छ । यसअनुसार यस छन्दको लघुगुरु वर्णयोजना यस्तो हुन्छ ।

उदाहरण

चौतारीमा वरपिपलको बोट नौलो लगाऊँ
छाहारीको तलतिर बसी गीत यौटा म गाऊँ ।
आई कैल्यै पनि नसकिने चैतवैशाख मेरा
लाई कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा ।। • माधव घिमिरे

SSS S।। ।।। SS। SS। SS
मगण भगण नगण तगण तगण गुरु गुरु (मभनततगुगु)

पाठ २

कथा

कर्तव्य

❑ गुरुप्रसाद मैनाली

कछुवा र खरायोको दौडको कथाबाट हामीले के शिक्षा लिन सक्छौँ भने केही छिनको तडकभडक किमार्थ टिकाउ हुँदैन । पानीको फोका छिनभरमै फुटिहाल्छ, आकाशमा चम्केको बिजुली पलभरमै बिलाइहाल्छ, फूल ओइलाउन धेरै समय चाहिँदैन, त्यस्तै समय जान हतारो गरिहाल्छ । नयाँ मानिस देखेर कुकुर बेसरी भुक्छ तर त्यसलाई ढुङ्गा हान्नु त के देखाउनेबित्तिकै त्यसले टाप कसिहाल्छ । तर यी सबै कुराहरूका विपरीत हामीले के देख्दै आएका छौँ भने पहाडको चट्टान कहिले परलँदैन, अटल भएर ठडिरहन्छ । हिमालका टाकुराहरू कहिल्यै तुहुँदैनन्, आफ्नो गौरवको शिर ठाडो पारेर उभिरहन्छन् । दिनमा होस् वा रातमा सबै ऋतुहरूमा हावा बहिरहन्छ । सूर्य दिनमा उदाउने कर्तव्यबाट कहिल्यै च्युत हुँदैन । प्रवाहमा बहनु नदीको कर्तव्य हो । पृथ्वी र यहाँका प्राणीलाई ताप दिनु सूर्यको कर्तव्य हो । त्यस्तै शीतलता प्रदान गर्नु चन्द्रमाको कर्तव्य हो । दौडको कर्तव्य खरायोले बुझ्न सकेन र त्यो हार्‍यो तर दिगो कर्तव्य कछुवाले पूरा गर्‍यो र त्यसले दौड जित्यो । अब हामी कुन प्रश्नको ठीक उत्तर दिन सक्छौँ भने कर्तव्यपरायणताले मानिसलाई किन उच्च स्थानमा पुर्‍याउँछ ।

गुरुप्रसाद मैनाली (वि. सं. १९५७ – २०२८) एक प्रसिद्ध सामाजिक यथार्थवादी कथाकार हुन् । उनले समाजमा घट्ने यथार्थ घटनाहरूलाई आधार बनाएर मार्मिक कथाहरू लेखेका छन्; ती उनका एघार कथाहरू नासो कथासङ्ग्रहमा सङ्गृहीत छन् । परालको आगो, नासो, छिमेकी, सहिद आदि उनका स्तरीय कथाहरू हुन् । अन्धविश्वास, कुरीति, शोषण आदिद्वारा पीडित मानिसहरूको दुःखान्त कथालाई उनले विषयवस्तु बनाएका छन् । खास गरेर नेपालको ग्रामीण समाजका मूल्य र मान्यतालाई आधार बनाएर उनले मानवीय संवेदनालाई चट्ट मुटु छुने गरी व्यक्त गरेका छन् । समस्याग्रस्त नेपाली समाजलाई नजिकैबाट चियाएर उनले मानिसको जीवनका दुःख र पीडालाई आफ्ना कथाहरूमा झल्काएको हुनाले उनलाई सामाजिक यथार्थवादी कथाकार मानिन्छ । आदर्शमा विश्वास भएको हुनाले कथाको एक न एक पात्रलाई आदर्शवादी बनाएर उनले मानिसलाई उच्च महिमायुक्त जीवनका निम्ति अग्रसर हुन प्रेरित गरेका छन् ।

कर्तव्य एक सामाजिक कथा हो । यस कथाले दाजुभाइका बीचमा सानोतिनो कुराले मनमुटाब भयो भन्दैमा आफ्नो कर्तव्य र जिम्मेवारीबाट पन्छिनुहुँदैन; आफूले राम्रो गरेपछि अर्काको मनमा पनि सकारात्मक परिवर्तन आउन सक्छ भन्ने सन्देश दिएको छ । यसका साथै सम्पत्तिभन्दा मानवीय सम्बन्ध ठूलो कुरा भएकाले यसलाई जोगाउन समाजका हरेक सदस्यले त्याग गर्न सक्नुपर्छ भन्ने विषयलाई पनि प्रस्तुत कथाले अघि सारेको छ ।

१. लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे । उनी एउटा महान् पुरुष थिए । आफ्नू **विपुल** सम्पत्तिलाई उनी सधैँ "जनताको **थाती**" भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे । गरिबहरूको चुलामा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्न-पैसा दिई पठाउँथे । कसैले तिर्ने **भाका** सोध्यो भने "सके तिर्नू, नसके तिमीहरूकै हो" भन्ने जवाफ दिन्थे । उनको जीवनकालमा कसैको **बिहाबर्तुन**, किरिया-श्राद्ध, दसैँ-तिहार अड्केन । गाउँका दीनहीन गरिबहरू बेरामी परेको सुन्नासाथ ओखतीमूलो लिएर उसका भत्केका झुपडीमा पुग्थे । गाउँका गरिबहरूलाई 'मुखिया बाको जिउ छइन्जेल हामीले अन्यायमा मर्नु पर्दैन' भन्ने दृढ विश्वास थियो । उनी आँगनमा आएर नउभिदिएसम्म मानिसहरू आफ्नो चाडवाड, काजकल्याण अपूर्ण सम्झन्थे । कसैले अन्याय गऱ्यो भने वरिपरि दस गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे । उनको शासनकालमा कसैलाई कसैले सताउन पाएन ।

२. गाउँका **तालुकदार** भए पनि उनी 'मुखियाबा' का नाउँले प्रसिद्ध थिए । उनी गाउँतिर झरे भने गाउँका सारा केटाकेटीहरू 'मुखियाबा, मुखियाबा' भन्ने कोहोलो हाल्दै आउँथे र कोही औँला, कोही लबेदाको फेर, कोही उनको लट्ठी समाउँथे । केटाकेटीहरूले त्यसो गर्दा बूढा मुसुमुसु हाँसेर कसैको गाला थप्थपाउँथे, कसैको चिउँडो उचालेर हाँस्थे । यस प्रकारले गाउँका युवावृद्धा, बालवनिता सबैका निमित्त उनी अपार प्रिय थिए । उनलाई **ग्रामपिता** भन्नु कति अत्युक्ति थिएन ।

३. उनको **देहावसान**ले गर्दा वरिपरि दस गाउँको अपार क्षति भो । भोकानाङ्गा, दुःखीदरिद्रीका बाबु मरे । बूढाबूढी, लुलालङ्गडा, कानाखोरन्डाको टेक्ने लट्ठी भाँचियो । न्यायको बत्ती निभ्यो । अनाथ-अशक्तहरूको **आशास्तम्भ** ढल्यो । गाउँका '**धन्वन्तरि**' अस्ताए ।



विपुल	- विशाल; प्रशस्त	**ग्रामपिता**	- गाँउका पिता; गाउँका गन्यमान्य विशिष्ठ व्यक्ति
थाती	- थमौती; नासो	**देहवसान**	- देहको अवसान; शरीरको अन्त;मृत्यु
भाका	- म्याद;अवधी;समय	**आशास्तम्भ**	- आशाको खाँबो; आशा दिने आधार
बिहाबर्तुन	- विवाह; वर्तबन्ध	**धन्वन्तरि**	- देवताका बैद्य; आर्यवेदका प्रवर्तक
तालुकदार	- जग्गावालसँग सरकारी कर वा तिरो उठाउने व्यक्ति		

४. बेरामी कुर्न बसेका दस गाउँका दुनियाँ डाँको छोडेर रुन लागे । एउटा ठूलो **आर्तनाद दिग्दिगन्त**मा व्याप्त भो । केही बेरपछि **शव** उठाएर खोलातिर लगे । मलामीको **लर्को** गाउँदेखि तल खोलासम्म पुग्यो । मानिसहरूले भने, "कसैको मरण होस् त यस प्रकारको होस् ।"

५. गङ्गाधरका दुई छोरा थिए- जेठा मुरलीधर र कान्छा श्रीधर । मुरलीधर पण्डित थिए । सबैरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी आफ्नू धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्दथे । आफ्ना पिताका झैं उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिसहरू उनलाई जिल्लाका टाढाटाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा वास्तवमा सच्चा ब्राह्मण थिए । धोतीमाथि लामू लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, **ललाट**मा चन्दन, उनी सधैं यही **परिधान**मा हिँड्थे । जिल्लामा 'मुरली पण्डित'का नामले विख्यात थिए । आइमाईहरूको गृहकलहले गर्दा उनी बाबुसँग अघि नै छुट्टिएर बेग्लै बसेका थिए । उनका दुई जना छोरी मात्र थिए, छोरा थिएनन् ।

६. यता भाइ श्रीधर चाहिँ राजनीतिक पार्टीका सदस्य र ग्राम विकासका प्रधान थिए । दसौं श्रेणीसम्म अङ्ग्रेजी पढेका थिए । धोक्रे सुरुवाल र कुर्ता लाउँथे । जुँगा, दारी खौरेर लामो **बुलबुल** पालेका थिए । कहिलेकाहीं बुलबुलको अग्रभाग निधारतिर झन्यो भने टाउको झड्कारेर पछाडितिर सार्थे । आधा अङ्ग्रेजी, चौथाइ संस्कृत, चौथाइ नेपाली मिसाएर कुरा गर्थे । त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाइ मात्र बुझ्दथे । पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे । वीरगञ्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर' को होटलभित्र पसेर केके-केके खाए भनी उनका साथीहरू भन्थे । उनी आफूलाई जिल्लाभरिको प्रमुख **प्रगतिवादी** सम्झन्थे । हातमा चन्दा बुक लिएर चन्दा माग्दै हिँड्थे । त्रासले भनूँ या आशले भनूँ जिल्लाका सानाठूला सबै मानिसहरूमा उनको निकै धाक थियो । जिल्ला गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको **अधियाँ** बाली कब्जा गर्ने, अधीन गर्ने साहु विर्तावालहरूको **लरलहना**, झाराखेताला हड्प्ने काममा विशेष सहायता पाउँथे । जिल्लामा उनी 'शर्माजी' का नाउँले प्रख्यात थिए ।

७. छोराहरू भिन्न हुँदा 'पिपले' भन्ने सयमुरी खेत बूढाले आफ्नो **जिउनी** राखेका थिए । कुलाको पानी लाग्ने, खोलापैराको डर नभएको, मानामुरी फल्ने, **डोल** परेको साह्रै असल खेत थियो ।

८. क्रिया सिद्धिएका केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरका बीच विवाद उठ्यो । बाबुसँग बसेकाले ऐन सवालले एकलौटी हुने भन्ने श्रीधरको र मर्ने वेलामा मेरा दुवै छोरा बराबर हुन्, "आधा-आधा बाँढेर खानू" भनी बाले भनेर जानुभएकाले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो ।

आर्तनाद - करुण क्रन्दन; पीडाले कराएको आवाज
दिग्दिगन्त - चारैतिर चारैदिशा; जताततै
शव - मुर्दा; मृत शरीर; लाश
लर्को - लामो ताती, लाम; लस्कर
ललाट - मस्तक; निधार; पुर्पुरो; माथ
परिधान - पहिरन
बुलबुल - अघिल्तिर लामा रौं राखेर कपाल पाल्ने ढाँचा
प्रगतिवादी - प्रगति चाहने; उन्नति भनेपछि हुरुक्क हुने
अधियाँ - जग्गा कमाउनेले आधी बाली तिर्ने चलन; बटैया
लरलहना - लगानी; लेनदेन; कुटुम्बको सम्बन्ध
जिउनी - बाबुआमाले छोराछोरीलाई अंश दिएपछि आफ्ना लागी राखेको सम्पत्ति
डोल - दुई डाँडाका बीचको खेतीयोग्य होचो सोतो उर्वर जमिन

९. पैंतालीस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए । जुन आँगनमा दस गाउँका दुनियाँको होचीअर्घेली, न्यायअन्यायको **निरोपण** हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्ताको निसाफ गर्न गाउँका मानिसहरू भेला भए । मानिसहरूको दुई मत भो । उमेर पुगेका बूढापाकाले मुरलीधरको पक्ष लिए । श्रीधरका प्रभावमा परेको नयाँ ठिटाहरूले चाहिँ श्रीधरको । सम्पत्तिका धनी बाबुले नै "दुवै छोराले आधा-आधा खानू" भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बूढापाकाले गरे, आधा-आधा खानू भन्ने **लिखत** पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन्, ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाहरूले गरे । बूढापाकाले धर्मको न्याय गरे, ठिटाहरूले ऐनको । भोज सम्झेर गाउँका सारा कुकुरहरू पनि त्यहीँ जम्मा भएका थिए । परस्पर ठूलो विवाद भो । हुल्लडवाज नयाँ ठिटाहरूका अगाडि बूढापाकाहरूको केही जोर चलेन । आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जन भो । भेला भएका ठिटाहरू बूढापाकाहरूलाई छेड हानेर हाँस्दै घरतिर गए । बूढापाकाहरू पनि लाखापाखा लागे ।

१०. ग्रामसभा विसर्जन भएका अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए । धुमधामसँग मुद्दा चल्यो, गाउँका बूढापाका, तरुणतन्नेरी साराले **बकपत्र** गर्नुपर्‍यो । साक्षी बक्दा पनि गाउँ दुई भागमा विभक्त भो । "मर्ने वेला दुवै छोराले आधाआधा बाँडेर खानू भनी बूढाले भनेको हामीले प्रत्यक्ष देखेसुनेका हौँ ।" भनी बूढापाकाले बकपत्र गरे, ठिटाहरूले चाहिँ "होइन" भने । होइन भन्नेकै सङ्ख्या बर्ता भो ।

११. जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो **रोबरवाफ** प्रशस्त जमाइराखेका थिए । भनेजस्तो भएन भने बजारमा ढ्वाङ फुकेर पर्चा बाँड्दै हिँड्थे । त्यसो हुनाले अदालतका डिट्ठाविचारीहरू श्रीधरसँग अलि झस्कन्थे । उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा **बकितम्**लाई भन्दा **लिखितम्**लाई बर्ता महत्त्व दिने रीति छ । हरेक विवादमा ऐनकानुनकै आधार लिइन्छ । कानुन श्रीधरका पक्षमा थियो । अन्त्यमा डिट्ठाविचारीले कानुनको आज्ञा पालन गरे । जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो ।

१२. यता केही महिनादेखि श्रीधर बेरामी छन् । उनलाई **तपनी ज्वरो** आइरहन्छ, खोकी लाग्छ, छाती दुख्छ भन्छन् । बेथा **आहारविहार**को दोषबाट भएको भन्थे । शरीर सुकेर हाडछाला मात्र बाँकी थियो ।

१३. यस्तै वेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए । **कुटुम्ब** धनीमानी थिए । जिल्लामा उनको ठूलो ख्याति थियो । मधेशतिर तीनचार **मौजा जिमिदारी** छ भन्थे । सन्तानमा केवल यिनै एउटी छोरीमात्र हुन् भन्ने सुनिन्थ्यो । शशीधरभरखर पन्ध्र वर्षमात्र लागेको थियो, आदर्श विद्यालयको दसौँ कक्षामा पढ्थ्यो । ठिटो राम्रो र बहुतै **मेधावी** थियो । छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । तर एउटी छोरीमात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमञ्जसमा

निरोपण - निरूपण; विवेक पुऱ्याएर गरिने निर्णय वा निर्क्योल
लिखत - लेखिएको कागज; लेखेको कुरो; लेखिएको प्रमाण
बकपत्र - साक्षीको बयान लेखिएको कागज
रोबरवाफ - धाक र ढाचाकाचा; धक्कु तडकभडक
बकितम् - बकेको वा बोलेको कुरो; बोलेरै छिनिने कारोबार
लिखितम् - लिखित लेखोट; लेखेर गरिने कारोबार
तपनी ज्वरो - मन्द जरो;हलुका तवरले आइरहने जरो
आहारविहार - खानपिन; पथपरहेज; रहनसहन
कुटुम्ब - बन्धुवर्ग; नातागोता सन्तान; विवाह सम्बन्धबाट भएका आफन्तहरू
मौजा - जमिनको ठूलो भूभाग
जिमिदारी - जिम्मवालको खान्गी; पद वा मौजा; भूमिपतिको पद
मेधावी - बुद्धि भएको; प्रतिभावान्

परे । उता आइमाईहरूले पनि बिहा गर्नै पर्छ भनेर करकर गर्न थाले । उनले आइमाईको हठलाई नाइँनास्ति गर्न सकेनन् । कामकुरो छिनियो । खुब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले ।

१४. वैशाखको महिना थियो । मुरलीधर न्वाएर पूजाकोठामा पसेका मात्रै थिए, श्रीधरका घरमा बाजा बज्न लागेको सुनेर झ्यालबाट हेर्न लागे । आँगनमा चौकाचँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारिराखेको, निम्तामा आएका नसनाताहरू राम्राराम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका, अरू इष्टमित्रहरू चाहिँ दलान, फलैंचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्रीहरू फिँजिराखेका, पुरोहित **वेदी** अगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो । एक छिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्ग कर्म गर्न लागे ।

१५. तर घरगृहस्थीको यति ठूलो चाडउत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना **सहोदर** दाज्यूभाउज्यूलाई श्रीधरले बोलाएनन् । अरूलाई नभए पनि दाज्यूका दुईजना छोरीलाई त अवश्य डाक्नुपर्थ्यो । तिनीहरूलाई पनि डाकेनन् ।

१६. मुरलीधरको मन एक तमासको भो । घोरिएर आकाशपट्टि हेर्न लागे । **अतीत**का अनेक स्मृतिहरू उनका सामुन्ने साकार भएर आए । एकपटक स्वर्गीय पिताको **तेजस्वी** अनुहारको पनि सम्झना भो । केही बेरपछि बर्र आँसु झारेर आफ्नो नित्य कर्म गर्न थाले ।

१७. अपराह्नतिर दुलाहा अन्माउन थाले । मुरलीधर आफ्नो पूजाकोठाको झ्यालमा उभिएर हेरिरहेका थिए । एक छिनपछि बाजाबालाहरू मङ्गलधुन बजाउँदै अघिअघि हिँडे । त्यसपछि दुलाहाको **तामदान** चल्यो । शशीधरबिहाका राम्राराम्रा पोसाक लाएर ताम्दानमाथि बसेको थियो । शिरमा जरीवाल गुलाफी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेँलो ठाडो तिलक, कानमा उज्वल टप लगाएको गन्धर्वजस्तो देखिन्थ्यो । शशीधरलाई दुलाहाका रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो, मनमनमा भने "कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता !"

१८. मुरलीघरले सबै **बरियाती**लाई एकएक गरेर हेरे । बूढोपाको एउटा थिएन, सबै अल्लारे ठिटा मात्रै । सबैका हातहातमा चुरोट थियो, बेफ्वाकसँग धुवाँ उडाइरहेका थिए । श्रीधरचाहिँ फलैंचामा ओछ्यान लाएर पल्टिरहेका थिए ।

१९. मुरलीधरले मनमनमा भने,"खोलामा बाको कत्रो नाउँ छ । आज पनि घरघरमा बाकै यश र कीर्तिको चर्चा हुन्छ । उसमाथि त्यस्ता घरनियाँ कुटुम्बका दैलामा बरियात जानु छ । यी ठिटाहरू चुरोट फुक्न र पुङ्नपुच्छरको उट्पटाङ गफ चुट्नबाहेक अर्थोक जान्दैनन् । बाबुचाहिँ ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने, "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले भनिन्, "यस्तो **टट्यानपुर** घाममा कता हिँड्न लाग्नुभाको, नि ?"

वेदी - धार्मिक कार्यका लागि अग्लो वा सम्म पारेर बनाइएको स्थल; धार्मिक मञ्च

सहोदर - साक्खै; एउटै आमाबाट जन्मेको

अतीत - वितेको समय; गुज्रेको काल

तेजस्वी - तेज भएको; उज्ज्वल; प्रतापी; चमकदार

तामदान - मानिसले मानिसलाई बोक्ने साधन

बरियाती - जन्त; बरियाँती

टट्यानपुर- टन्टलापुर

२०. "जन्त ।"

२१. "जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस् । "

२२. "ठीक भन्यौ, कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत-मौका विचार गरेर आफैँ पनि जानुपर्छ ।"

२३. "अँ, नबोलाईकन पनि जानुपर्छ । दाज्यूलाई बाबुले मर्ने वेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असत्तीको ....."

२४. "खाऊन्, आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए । त्यसको पाप धर्म उनैलाई छ ।"

२५. "भो, म त मारे पनि जान दिन्नँ । उनलाई दाज्यूभाउज्यू नचाहिएपछि हामीले मात्रै किन अँगालो हाल्दै हिँड्ने ?"

२६. "त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरियाती लैजानु छ । बाबुचाहिँ फलैँचामा ओछ्यान लाएर लडिरहेछ । जन्तीमा बूढोपाको एउटा छैन । खालि ओठ निचोर्दा दूध झर्ने अल्लारे ठिटा मात्र छन् । घरगृहस्थीको यति ठूलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान् ? तिमी अर्काको घरबाट आएकी छोरी हौ कमला; कुलको मानमर्यादा भनेको कत्रो कुरो हो । त्यो तिमीलाई थाहा छैन । जन्ती बेँसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ ।"

२७. कमलाले झर्कंदै बाकसबाट दोसल्ला झिकेर दिइन् । दोसल्ला काँधमा हालेर लौरो टेक्दै मुरलीधर जन्त हिँडे । उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओह्रालो लागेका देखेर गाउँका मानिसहरू अचम्म मानेर मुखमुखमा हेर्न लागे ।

२८. बरियात खोलापारि पुगिसकेको थियो । मुरलीधर पनि पछिपछि गए । झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे । मुरलीधर पुग्दा दुलहीका बाबु **बरणी** गर्न लागेका रहेछन् । मानिसको घुइँचामा उनलाई कसैले चिनेनन् ।

२९. वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा **रेखी हाल्न** थाले । भित्रबाट यज्ञसामग्रीहरू आउन लागे । यज्ञ सम्पन्न भएपछि दुलाहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे । एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशीधरअलि पर सऱ्यो । शशीधरले लाज मानेको देखेर मुरलीधर फलैँचामा मुसुमुसु हाँस्न लागे ।

३०. दुलाहादुलही यज्ञमा बसेपछि दुलहीका बाबुले यताउति हेरेर भने "खै, **सम्धी** पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभएहुन्थ्यो ।"

३१. दुलहीका पिताले बोलाएको सुनेर फलैँचाबाट मुरलीधरले भने, "ज्यू, म यहीँ छु, आउन लागेँ ।"

वरणी - बेहुलीका बाबुले जन्ती सहित बेउलालाई गरिने पूजा ।
रेखी हाल्नु - शुभकार्यमा पीठो ले रेखाचित्र बनाउनु
सम्धी - छोरा वा छोरीको ससुरो

३२. मुरलीधर उठेर मण्डपमा गए । चिनेका मानिसहरूले ढोगिदिए । जेठाबाबुलाई अचानक आफूनेर उभिएको देखेर शशीधरले पनि ढोगिदियो । मुरलीधरले छोरालाई "नानी चिरञ्जीवी भए" भनेर आशिष् दिए र उसको पछाडिपट्टि बसी उसलाई आफ्नो काखनेर ताने ।

३३. बाबुको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियातमा आएका ठिटाहरू परस्पर कानेखुसी गर्न लागे ।

३४. मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिसहरू चिन्दथे । श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्या पक्षका बूढापाकाहरूले भने, "त्यस्ता महापुरुषका सन्तानहरू आफ्नो कर्तव्य किन छोड्दथे । तब पो मानिसहरू कुलघरान भन्दछन् ।"

३५. विवाहविधि आरम्भ भो । पुरोहितले ऋचामन्त्रहरू उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशीधर चाहिँ जेठा बाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो । मुरलीधर बखतबखतमा गर्नुपर्ने कर्महरू छोरालाई सिकाइदिन्थे । एवम् प्रकारले विवाहविधि समाप्त भो ।

३६. भोलिपल्ट दिउँसो दुलही अन्माइदिए । मुरलीधरले निहुरेर बुहारीको मुख हेरे, बुहारी महालक्ष्मीजस्ती रहिछन् । छोराबुहारीको रूप देखेर मुरलीधर गदगद भए । अनि दुलहीदुलाहाको **डोली** अगाडि लाएर मुरलीधर घरतिर फर्के ।

डोली - बेहुलाबहुली बोक्ने साधन

३७. साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो । पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो । बरियात दोबाटोनेर पुगेपछि "लौ, घर लगेर भित्र्याऊ" भनेर मुरलीधर आफ्ना घरतिर गए ।

३८. दुलही भित्र्याए पछि दाज्यू बिहेमा गएको, सबै कार्यविधिहरू आफ्नो कुलपरम्परानुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारेर ठिटाहरूसँग सोधे, "दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?"

३९. "आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभयो ।"

४०. बिहे सिद्धिएको एक महिनापछिको कुरो हो । एकदिन बिहान मुरलीधर आफ्नो नित्यकर्म सिध्याएर फलैंचामा बसेर भागवत हेर्न लागेका थिए, त्यस्तैमा शशीधरले विस्तारविस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, "ठूला बा जिउनीको पिपले खेतमा हजुरलाई जताबाट मन पर्छ, नापेर आधा खेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभा' को ।"

४१. शशीधरको कुरा सुनेर मुरलीधरले उसका मुखतिर हेरेर मुसुमुसु हाँस्तै भने, "जिउनीको आधा खेत मैले कमाए तिमीहरू के खान्छौ नि बा ?"

४२. शशीधरकेही उत्तर नदिएर छिट्छिटो आफ्नो घरतिर गयो । कमला चाहिँ दैलाको आडमा उभिएर बाबुछोराको कुरा सुनिरहेकी थिइन् ।

४३. शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि एकदिन मुरलीधर फलैंचामा बसेर **नस सुँघ्दै** विद्यार्थीहरूलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए । त्यस्तैमा श्रीधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लाएर भनी, "ठूलबा बालाई **व्यथाले चाप्यो** । हजुरलाई बोलाउन पठाउनुभएको ।"

४४. छोरीको कुरो सुन्नेबित्तिकै पढाउन छोडेर रमाको हात समाउँदै मुरलीधर भाइका घरतिर गए । श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन् । दाज्यूलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु झारेर ढोगिदिए । भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो । चार वर्षपछिको यी दुई दाज्यूभाइको **पुनर्मिलन** सारै दुःखलाग्दो देखियो ।

४५. मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडामा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, "दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाचुँलाजस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालख छोराछोरीको शरण लिइदिनुहोला ।"

४६. भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने," **बिसेक** हुन्छ वा हरेस नखाऊ । बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो **अनिष्ट** कदापि हुने छैन । बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।"

नस सुध्नु - नाकभित्र हाल्ने सुर्तीको धुलो नाकले तान्नु
व्यथाले च्याप्नु - रोगले साहरो पार्नु; रोगले सिकिस्त पार्नु
पुनर्मिलन - एकपल्ट बिछोड भइसकेकाहरूको फेरि भेट
बिसेक - सञ्चो; रोग मत्थर भएको स्थिति
अनिष्ट - नराम्रो

४७. यति भनेर भाइका पथपरेजको व्यवस्था मिलाएर केही बेरपछि मुरलीधर आफ्नो घरतिर गए ।

४८. यो घटना भएको छसात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो ।

अभ्यास

१. **तलका प्रश्नहरूको एकएक वाक्यमा उत्तर दिनुहोस् :**

(क) कसैले ऋण तिर्ने भाका सोध्यो भने गङ्गाधर के जवाफ दिन्थे ?

(ख) गङ्गाधरको देहावसानले क-कसको टेक्ने लट्ठी भाँचियो ?

(ग) मुरलीधर किन बाबुसँग अघि नै छुट्टिएर बेग्लै बसेका थिए ?

(घ) जिल्लामा 'शर्माजी' का नाउँले प्रख्यात हुने को थिए ?

(ङ) मुरलीधर र श्रीधरका बीच कुन विषयमा विवाद उठ्यो ?

(च) मुरलीधरले गाउँका मानिसहरूलाई किन बोलाए ?

(छ) बूढापाकाहरूले अदालतमा कस्तो बकपत्र गरे ?

(ज) अदालतले कसका पक्षमा फैसला सुनायो ?

(झ) मुरलीधरले कमलालाई दोसल्ला किन झिक्न लगाएका थिए ?

(ञ) श्रीधरका छोराछोरीको नाम केके हो ?

२. **तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

बर्तुन, श्राद्ध, अत्युक्ति, आशास्तम्भ, धन्वन्तरि, आर्तनाद, ब्राह्मण, लरलहना, कुटुम्ब, असमञ्जस, मालसर्जाम, पूर्वाङ्ग, हृदय

३. **तलका शब्दहरूको अर्थ लेख्नुहोस् :**

विपुल, भाका, फिराद (१), तालुकदार (२), क्षति (३), दिग्दिगन्त (४), असीम, च्यादर, परिधान (५), जिउनी (७), निरोपण, फैसला (९), बकपत्र (१०), रीति (११), फलैंचा, वेदी (१४), नाबालख (४५), अनिष्ट (४६)

४. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

फिराद गर्नु (१), तालुकदार, कोहोलो हाल्नु, मसुमुसु हाँस्नु (२), क्षति हुनु (३), शव (४), ललाट (५), दासत्व (६), निसाफ (९), मामिला (११), हठ (१३), घरानियाँ, आँखा चिम्लेर बस्नु (१९), गदगद हुनु (३६), हरेस खानु (४६)

५. **पाठको नवौं अनुच्छेद पढी तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) मुरलीधरले गाउँका मानिसहरूलाई किन बोलाए ?

(ख) बूढापाकाले कसको पक्ष लिए ?

(ग) बूढापाकाले कस्तो निर्णय गरे ?

(घ) ठिटाहरूले कस्तो फैसला गरे ?

(ङ) निरोपण, निसाफ, मत, फैसला, विवाद, शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

६. **पाठको छैटौं अनुच्छेदबाट 'इक' र 'इत' प्रत्यय लागी बनेका शब्द टिपी तिनको प्रकृति र प्रत्यय छुट्याउनुहोस् र त्यस्तै अन्य पाँचपाँचओटा शब्द आफूखुसी लेख्नुहोस् ।**

७. **तलका समस्त शब्दको विग्रह गर्नुहोस् :**

दोबाटो, बाबुछोरा, ठूलाबा, जीवनकाल, वरिपरि,ग्रामपिता

८. **पाठबाट अनुकरणात्मक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

९. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) गङ्गाधरको चरित्र चित्रण गर्नुहोस् ।

(ख) मुरलीधर र श्रीधरका बीच केकस्ता चारित्रिक अन्तरहरू देखिन्छन् ?

(ग) मुरलीधर र श्रीधरका बीच कुन विषयमा विवाद भयो र विवादको टुङ्गो कसरी लाग्यो ?

(घ) मुरलीधरले आफ्नो कर्तव्य कसरी निर्वाह गरे ?

(ङ) 'कर्तव्य' कथाको मूल आशय के हो ?

(च) यस कथाले केकस्तो भातृप्रेम देखाएको छ ?

१०. **सप्रसङ्ग व्याख्या गर्नुहोस्:**

कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैं पनि जानुपर्छ ।

११. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) 'कर्तव्य' कथामा कथाकारले नेपाली समाजका केकस्ता वास्तविकताहरूलाई देखाउन खोजेका छन् ?

(ख) "धनसम्पत्तिभन्दा नातासम्बन्ध ठूलो कुरा हो" भन्ने भनाइ कर्तव्य कथाका आधारमा पुष्टि गर्नुहोस् ।

सिर्जनात्मक अभ्यास

तल दिइएका बुँदाहरूको आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक दिनुहोस् :

एउटा घना जङ्गल हुनु ..... जङ्गलमा धेरै थरी जनावर हुनु ..... जङ्गलको राजा सिंह हुनु .....सिंहले जथाभावीसँग जनावरहरू मार्नु ..... जनावरहरूको सभा बस्नु ..... दैनिक रूपमा राजा (सिंह) कहाँ पालोपालो गरी एकएकओटा जनावर आहारका लागि जाने निर्णय हुनु .... राजा (सिंह) का लागि पनि जनावरहरूले गरेको निर्णय स्वीकार्य हुनु ..... एकदिन सिंहकहाँ जाने खरायोको पालो पर्नु .... ..खरायो जानाजान सिंहकहाँ ढिलो गरी पुग्नु ..... सिंह खरायोसँग रिसाउनु ..... खरायोले बाटामा आउँदा अर्को सिंहसँग भेट भएको कुरा बताउनु ..... अर्को सिंहसँग भेट गराइदिन खरायोलाई राजा (सिंह) को आदेश हुनु ... खरायो राजा (सिंह) लाई लिएर एउटा गहिरो इनारछेउ पुग्नु .... इनारमा देखिएको सिंहलाई मार्न भनी राजा (सिंह) इनारमा हाम फाल्नु र त्यहीँ मर्नु ..... सबै जनावरहरूले खरायोको बुद्धिको प्रशंसा गर्दै स्याबासी दिनु .... बलभन्दा बुद्धि ठूलो हुनु, जुक्तिको अगाडि शक्ति नटिक्नु ।

व्याकरण

पदसङ्गति

नमिलेका वाक्य	मिलेका वाक्य	सङ्गतिको आधार
केटी आयो ।	केटी आई ।	लिङ्ग
हामी जान्छु ।	हामी जान्छौँ ।	वचन
म बजार गयो ।	म बजार गएँ ।	पुरुष
मामा आयो ।	मामा आउनुभयो ।	आदर

वाक्यमा कर्ताको लिङ्ग,वचन पुरुष र आदरअनुसार क्रियाको लिङ्ग, वचन, पुरुष र आदर मिलाउनुलाई पदसङ्गति भनिन्छ ।

व्याकरण अभ्यास

(क) पाठबाट बहुवचन प्रयोग भएका वाक्य टिप्नुहोस् र तिनलाई पुनः एकवचन बनाएर लेख्नुहोस् ।

(ख) उदाहरणका आधारमा तलका वाक्यको वचन र लिङ्ग परिवर्तन गर्नुहोस् :

उदाहरण

ऊ भात खान्छ ।

ऊ भात खान्छे । (लिङ्ग)

उनीहरू भात खान्छन् । (वचन)

(अ) आफ्ना पिताका झैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे ।

(आ) म त मारे पनि जान दिन्नँ ।

(इ) सासूले बुहारीलाई आशीर्वाद दिइन् ।

(ई) केटीहरूले गाईको कथा सुनाए ।

(उ) बाले भाउजूलाई लुगा किनिदिनुभयो ।

(ग) तलका वाक्यको पुरुष परिवर्तन गर्नुहोस् :

(अ) म जुम्ला गएर डाँफे लेक हेर्छु ।

(आ) तँ अलैंची टिप्छस् ।

(इ) ऊ अकबरे खुर्सानी बेच्न फिक्कल जान्छ ।

(घ) कोष्ठकमा दिइएका निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

१. तिमी देवकोटाका कविता पढ्छौ । (प्रथम पुरुष)

२. उनी मकै कुरुमकुरुम खान्छिन् । (पुलिङ्ग)

३. हामी मिहिनेत गरी पढ्दै छौं । (तृतीय पुरुष)

४. उनी सधैं विद्यालय जान्छन् । (द्वितीय पुरुष) ।

५. उनीहरू राम्रोसँग पढ्छन् । (प्रथम पुरुष)

६. केटाहरू विद्यालय आएछन् । (एकवचन)

७. मेरा मामाको छोरो आयो । (बहुवचन) ।

८. उनीहरू कविता लेख्छन् । (द्वितीय पुरुष).

९. ऊ निबन्ध पढ्छ । (सामान्य आदर)

१०. मेरो भाइ सधैं विद्यालय जान्छ । (बहुवचन)

११. तिमी राम्रा कविता लेख्छौ । (उच्च आदर)

१२. कविले राम्रा कविता लेखे । (स्त्रीलिङ्ग)

१३. उनी भात खान्छन् । (स्त्रीलिङ्ग)

१४. उनी गीत गाउँछिन् । (पुलिङ्ग)

१५. ऊ खाइलाग्दो र रातोपिरो देखिन्थ्यो । (बहुवचन)

(ङ) तृतीय पुरुष, एकवचन, पुलिङ्गी क्रियापद प्रयोग गरी तपाईंको साथीको वर्णन गर्नुहोस् ।

(च) तलका शब्द प्रयोग गरेर सरल वाक्य निर्माण गर्नुहोस् :

बहिनी, गुरुमा, खेताला, तपाईं, गाई, कमिलो, जुम्रो

(छ) पुलिङ्गी क्रियापद प्रयोग गरी पाँचओटा, स्त्रीलिङ्गी क्रियापद प्रयोग गरी तीनओटा, प्रथम पुरुषको एकवचन र बहुवचनमा गरी दुईओटा वाक्य निर्माण गरी पदसङ्गतिबारे कक्षामा छलफल गर्नुहोस् ।

कथामा चरित्रचित्रण

उपन्यासको तुलनामा कथा लघु आकारको हुने भएकाले यसमा पात्रहरू पनि ज्यादै सीमित सङ्ख्यामा हुने गर्दछन् । कथामा कि त पात्रहरूले घटनाको सिर्जना गर्दछन्, अथवा कि त घटनाले पात्र वा पात्रहरूको सिर्जना गर्दछ । तसर्थ पात्र र शृङ्खलाबद्ध घटनाको आपसी सम्बन्धबाट एउटा कथा तयार हुन्छ । यसबाट के पुष्टि हुन्छ भने कथामा पात्रको ठूलो भूमिका रहन्छ । कथाबाट पात्रहरूलाई अलग्याउनेबित्तिकै घटना निरर्थक हुन्छ । यसको अर्थ के हो भने कथालाई सजीव र आकर्षक बनाउने काम नै पात्रहरूले गर्ने गर्दछन् । अब प्रश्न उठ्दछ - पात्र भन्नाले के बुझिन्छ ? कथामा पात्र भन्नाले सामान्यतया मानिस भन्ने नै बुझिन्छ जब कि मानिसभन्दा अन्य जीवजन्तु वा जड वस्तुहरू पनि पात्रका रूपमा कथामा आउन नसक्ने भन्ने छैन । सामान्यतया लोककथा वा पौराणिक वा धार्मिक कथाहरूमा मानिसबाहेक चराचुरुङ्गी र पशुहरूका अतिरिक्त देवदेवी, राक्षस वा भूतप्रेतहरू पनि पात्रका रूपमा आउने गर्दछन् । ढुङ्गा एउटा प्राण नभएको जड वस्तु हो, तर परिकथाहरूमा यस्तो वस्तु पनि मान्छेझैं बोलेको हामीले सुनेका वा पढेका छौं । बालुवाको कण पनि कथाको पात्र हुन सक्छ तर यी सबै कुराहरू भए पनि पात्र भन्नाले सामान्यतया नरनारी वा जोसुकै व्यक्ति भन्ने बुझिन्छ ।

पात्रलाई चरित्र पनि भनिन्छ । चरित्र मानवीय र मानवेतर हुन्छन् । यस संसारमा अथवा हामी बसेको समाजमा जसरी विभिन्न स्वभाव वा प्रकृति भएका ठूलासाना मानिसहरू हुन्छन्, त्यसरी नै कथा तयार पार्दा कथाकारले विभिन्न प्रकारका मानिसहरूलाई पात्रका रूपमा राखेर तिनीहरूको चरित्रमा पाइने विशेषताहरूको चित्रण गर्ने गर्दछन् । मानिसहरू कोही उदारवादी हुन्छन् भने कोही सङ्कीर्णतावादी, कोही कट्टर राष्ट्रवादी हुन्छन् भने कोही राष्ट्रघाती, त्यसरी नै कोही चाहिँ मानवतावादी, सामाजिक र नैतिकतावादी पनि हुन्छन् । यसरी कुनै खास व्यक्तिको आन्तरिक परिचय जे हो, त्यसलाई त्यही रूपमा कथामा प्रस्तुत गर्ने विधि वा कलालाई नै चरित्रचित्रण भनिन्छ । चरित्रचित्रण गर्ने विधि दुई प्रकारका छन्; ती हुन्:

१. प्रत्यक्ष विधि २. नाटकीय विधि

प्रत्यक्ष विधिअनुसार कथामा पात्रबारे स्वयम् कथाकारले नै भनिदिएको हुन्छ अथवा कुनै पात्र कस्तो स्वभाव वा प्रवृत्तिको व्यक्ति हो भन्ने प्रश्नको उत्तर कथाका अनुच्छेदहरूमै लेखिएको हुन्छ । उदाहरणका रूपमा गुरुप्रसाद मैनालीको 'परालको आगो' कथाका यी वाक्यहरूलाई लिन सकिन्छ, जसमा प्रत्यक्ष विधिद्वारा गौंथली भन्ने नारी पात्रको चरित्रचित्रण गरिएको छ, "चामेकी स्वास्नी गौंथली सारै मुखाले थी । राम्रा मुखले बोल्यो भने पनि बाङ्गाबाङ्गा कुरा झिकेर निहुँ खोज्थी ।"

नाटकीय विधिअनुसार कथामा कुनै पात्रबारे कुनै अनुच्छेदमा पनि केही भनिएको हुँदैन । पात्रको क्रियाकलाप व्यवहार, सोचाइ वा चिन्तन, बोलीवचन, मिजास आदिका आधारमा स्वयम् पाठकले नै त्यस पात्रको चरित्रबारे मूल्याङ्कन गर्नुपर्ने हुन्छ । प्रत्यक्ष रूपले नभनी घुमाउरो किसिमले पात्रको चरित्रलाई कथामा प्रस्तुत गरिने हुँदा नै यस विधिलाई नाटकीय विधि भनिएको हो । यस विधिको सफल प्रयोग हामी गुरुप्रसाद मैनालीको सहिद कथामा भएको पाउँछौं । यस कथाको वीरबहादुर भन्ने पात्र परम देशभक्त र राष्ट्रवादी, इमानदार तथा उदार हृदयको भन्ने कुरो उसको कार्यशैली, विचार व्यवहारबाट स्पष्टसँग हामी थाहा पाउन सक्छौं । पात्रबारे सोच्न पाठकवर्गकै जिम्मा छोड्ने यो विधि निकै लोकप्रिय छ ।

पाठ ३

निबन्ध

जय भोलि !

❑ भैरव अर्याल

हाम्रा आदिकवि भानुभक्त आचार्यले लेखेका थिए, "भोलि भोलि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।" एउटा मुद्दाको सिलसिलामा तारिख खेप्दाखेप्दा हत्तुहैरान भएका ती बिचरा कविलाई अड्डाअदालतका कारिन्दाहरूले भोलिका भोलि भनी पन्छाएर दिनुसम्मको दुःख दिएका थिए । कविजीको मात्र के कुरा ! यहाँ प्रत्येक क्षेत्रमा प्रत्येक मान्छे यही भोलिबाट सताइएको हुनाले नेपालीमा भोलिवाद भन्ने नयाँ शब्द नै निर्माण भइसकेको छ । साँच्चै नै यो भोलिवाद के हो ? निबन्धकार भैर व अर्याल व्यङ्ग्य गर्दै भन्छन्, "भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो ।" प्रस्तुत निबन्ध यही भोलिवादका बारेमा लेखिएको एउटा मीठो व्यङ्ग्य हो ।

भैरव अर्याल (वि.सं. १९९३- २०३३) एक प्रसिद्ध हास्यव्यङ्ग्य निबन्धकार हुन् । उनले पद्यहरू पनि लेखे तर खास गरेर हास्यव्यङ्ग्य निबन्धमा उनको विशेष सिद्धहस्तता रह्यो । *काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री* र *दसऔंतार* उनका हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहरू हुन् । उनले आफ्ना निबन्धहरूमा मानिसका कुप्रवृत्ति एवम् सामाजिक कुरीतिहरूको भन्डाफोर गरेका छन् । आजका स्वार्थी र बर्बर मानिस तथा अव्यवस्थित समाजभित्रका विकृतिको पर्दाफास गर्दै उनले *महापुरुषको सङ्गत, जयभुँडी, ब्रह्माजीको प्रयोगशालाबाट, आलुजस्ता* निबन्धहरू लेखेका छन् । राष्ट्रियअन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा लेखिएका उनका निबन्धहरूमा विषयको गहनतालाई व्यङ्ग्यद्वारा रोचक बनाइएको छ । च्वास्स मुटुमा बिझ्ने मीठो शैलीमा शिष्ट भाषा प्रयोग गरेर व्यङ्ग्यको तीखो वाण प्रहार गर्नु उनको विशेषता हो । प्रस्तुत जय भोलि निबन्धमा पनि हामी मानिसको खराब बानीको भन्डाफोर गरिएको पाउँछौं । भैरव अर्याल हाकाहाकी यसो भन्छन् : "साँच्चै नै यो प्रख्यात भोलिवाद कति असामाजिक छ त ?"

१. पर्सिको हिजो र हिजोको पर्सिलाई 'भोलि' भन्दछन् । समयको **अनन्त** गतिमा यसरी भूत भविष्य दुवैतिर उस्तै सन्धि **नातो लाउने** हुनाले आजभन्दा भोलि ज्यादै जनप्रिय छ । **भोलानाथ**को झोली जस्तो भोलिको आशामा मानिस बाँच्छ, केही गर्छ र भोलिको निम्ति केही साँचेर मात्र मर्न चाहन्छ । आज थाकेको मानिस अनेक थरी सपना **तुन्दै** भोलिको निम्ति निदाउँछ, तर भोलिपल्ट बिउँझँदा उसको भोलि आज बनेको हुन्छ, फेरि ऊ अर्को भोलिको निम्ति दगुर्छ । मानिस जतिजति दिनका पत्र पल्टाउँछ, उतिउति उसको भोलि सर्दैसर्दै पर जान्छ र आखिर भोलिलाई नभेट्तै मानिस मर्छ । त्यसैले भोलि साँच्ची नै एउटा ईश्वर हो, जसलाई मान्छे पछ्याउँदै जान्छ, ऊ चाहिँ परपर तर्कँदै जान्छ तर ऊ जतिसुकै पन्छिए पनि मानिस भोलिको भक्त छ । उसको मुखमा 'रामरामझैं सधैं झुन्डिइरहेको हुन्छ भोलि । त्यसैले आजको काम भोलिलाई **थाती राख्नु** हाम्रो संस्कृति हो । आफ्नो संस्कृतिलाई **उल्लङ्घन गर्न** कसले सक्छ ?

अनन्त	- कहिल्यै नटुङ्गिने; अन्त नहुने	तुन्नु	- गाँस्नु
नातो लाउनु	- सम्बन्ध गाँस्नु	थाती राख्नु	- साँचेर राख्नु
भोलानाथ	- शिवजी; महादेव	उल्लङ्घन गर्नु	- नाघ्नु; नमान्नु

२. साँच्ची भनूँ भने पूर्वीय दर्शनको सबैभन्दा ठूलो विशेषता हो भोलिवाद । हाम्रो दर्शन आज (बाँचुन्जेल) दुःख गर, भोलि (मरेपछि) **मुक्ति** पाउँछौ भन्छ तर दर्शनको भनाइ र मानिसको गराइमा कहाँनेर फरक पर्छ भने दर्शन भोलिको निम्ति आज गर भन्छ, मानिस **डेढ अक्कल लगाइदिन्छ** भोलिको निम्ति गर्ने भएपछि आज किन गरिरहनु, भोलि नै गरे भइहाल्छ नि ! अनि निस्कन्छ आधुनिक भोलिवाद, जसका **अनुयायी** तपाईं हामी सबै छौं ।

३. भोलिवादको **श्रीगणेश** कुन वेला कसको पालादेखि कसले सुरु गऱ्यो त्यो **किट्न** सकिन्न, तर हेरिल्याउँदा नेपाली समाजमा भानुभक्तभन्दा अघिदेखि नै यसले **खुट्टो घुमाए**को बुझिन्छ । उनले एकपटक साह्रै दिक्दारिएर भनेका थिए, "भोलि भोलि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।" कसो हामी भाग्यमानी रहेछौं र हाम्रा आदिकविलाई झोली बोकेर वनतिर पस्नुपरेनछ । उनको यो घुर्कीबाट हामी बुझ्न सक्छौं भोलिवादी सिद्धान्तका **प्रणेता** कुनै **महर्षि** वा **आचार्य** थिएनन् । यो त **निसाफ**का ठूलो घरमा बसेर **बेहिसाब** गर्न खोज्ने उहिलेका जरसाहेब, काजीसाहेब, हजुरियासाहेब जस्तै कुनै फर्सीटाउके साहेबसाहेबनीहरू हुँदा हुन्; हुन सक्छ, **सरस्वतीको तानाबाना** बोकेर दक्षिणा फकाउँदै दुनियाँ छकाउने गुरुजी, पण्डितजी, वैद्यजी इत्यादि 'जी' हरूमध्ये नै कुनै थिए कि ?

४. हाम्रा **जिबा** भन्नुहुन्थ्यो- उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे । लाग्नासाथ **घरबेटी**ले **थरी**लाई **पुकारेछ** । थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकाले थरिनीले भनिछिन्, "भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला ।" भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारीकन थरीजी पुलिसचौकीमा पुगेछन् । तर चौकीका हवलदार छुट्टी लिएर घरतिर हिँडिसकेछन् । सिपाहीले सोही बेहोरा बताई थरीलाई भोलि आउने आज्ञा दियो । भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो । ठानाले **गोस्वारा**लाई, गोस्वाराले **हजुरिया**लाई खबर गर्दागर्दै **श्री ३ महाराज**कहाँ तीन महिना तीन दिनपछि तात्तातो बिन्ती चढ्यो, "फलाना ठाउँमा आगो लाग्यो ।" तेह्रजना **सुसारे**हरूबाट घेरिएका श्री ३ ज्यूले "लौ भोलि सम्झाउनू" भन्ने हुकुम दिए । भोलिपल्ट **मुखारी**को मौका पारी हजुरियाले डराईडराई बिन्ती बिसायो, "सरकार फलाना ठाउँमा **आगाले सिध्याएछ** । काखीमा **अत्तर** छर्कन लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो, "लौ भोलि नै निभाउन लगाइदिनू ।"

मुक्ति	- छुटकारा	**घरबेटी**	- घरधनी; घरको मालिक
डेढ अक्कल लगाउनु	- अनावश्यक चलाखी देखाउनु	**थरी**	- गाउँको मुख्य मानिस
अनुयायी	- अनुसरण गर्ने	**पुकार्नु**	- बोलाउनु; गुहार्नु
श्रीगणेश	- थालनी; आरम्भ	**गोस्वारा**	- जिल्लाको तत्कालीन मुख्य प्रशासनिक कार्यालय
किट्नु	- तोक्नु; निश्चित गर्नु		
खुट्टो घुमाउनु	- प्रभाव जमाउनु	**हजुरिया**	- राजामहाराजको नजिक रहने प्रमुख कर्मचारी
प्रणेता	- निर्माता; आरम्भकर्ता; सुरु गर्ने		
महर्षि	- ठूला ऋषि; श्रेष्ठ ऋषि	**श्री ३ महाराज**	- राणाकालीन प्रधानमन्त्रीको पद
आचार्य	- विशिष्ट विद्वान्	**सुसारे**	- सेवामा खटिएकी आइमाई
निसाफ	- न्याय	**मुखारी**	- मुख धुने काम
बेहिसाब	- मनलागी; अन्याय	**आगाले सिध्याउनु**	- आगलागी हुनु
सरस्वतीको तानाबाना	- सरस्वतीले प्रयोग गर्ने गरेका सामान	**अत्तर**	- मगमग बास्ना आउने वस्तु;खुस्बु
जिबा	- हजुरवा; बाजे		

५. हिजोआज जस्तो टेलिफोनको व्यवस्था त्यतिखेर पनि भएको भए त्यस्तो हुँदैनथ्यो कि भन्नुहोला, तर मानिसलाई भोलिवादले छोएपछि टेलिफोनका बाबुको पनि केही लाग्दो रहेनछ । अस्तिमात्रको एउटा कुरो सुन्नोस्, मेरी एउटी नातेदार महिलाज्यूलाई हिक्का छुट्ने व्यथाले अँठ्याएछ । तपाईंलाई थाहा होला नि, त्यस्ता मान्छेलाई समयमै उपचार पुगेन भने सोझै परमधाम पुग्छन् भन्ने कुरो । त्यसमाथि पनि यिनी त थिइन् ज्यादै दुब्ली । त्यसैले अस्पताल नपुऱ्याई त कुरै थिएन । हत्त न पत्त छिमेकीको टेलिफोनमा गएर रिसिभर उठाएको त रिरिभरको तारमात्र तन्द्रङतुन्द्रुङ हल्लियो, घन्टी गएन ! फोन धनीले भने, "लाइन बिग्रेको तीन दिन भयो, भोलि भन्दाभन्दै बनिसकेको छैन, कृपया भोलि एकपल्ट पाल्नुहोस् न ।" लौलौ भन्दै कुदें अस्पतालतिर ।

६. अस्पतालमा एउटी युवती नर्सले सबै **बेलिबिस्तार** सुनिन् र मधुर मुस्कानसाथ भनिन्, "आज सिट पनि खाली छैन, सुपरिटेन्डेन्ट साहेब बाहिर जानुभा'छ, कृपया भोलि पाल्नुहोस्, **याम्बुलेन्स कार**को ब्रेक पनि भोलि बनिसक्छ ।" हुन्न भनेर पो के गर्नु र ? दसतिर हल्लिएपछि लुत्रे कान लगाएर दुईतीन घन्टापछि उनकहाँ पुगें, धन्न उनको हिक्का बन्द भएछ र बोल्न सक्ने भइछिन् । अब तपाईं नै भन्नोस्, भोलिवाद हटाउन फोनका बाबुको तागत चल्दो रहेछ त ! काम छिटो होस् भनेर दिनप्रतिदिन वैज्ञानिक चमत्कारहरू बढ्दै छन् । न्युयोर्कमा बोलेका कुरा न्युरोडमा सुनिने भयो । प्यारिसमा हात चलाए काठमाडौंमा **टेलिप्रिन्ट** हुने भयो, तर राजर्षि महाराजका पालादेखि झन्नै आजसम्म भोलिवादमा कुनै प्रभाव परेको देखिँदैन । मैले हाम्रो सिंहदरबारलाई 'भोलि दरबार' भन्ने नाम राखेको छु, किनभने त्यहाँका एकएक तला, एकएक कोठा, एकएक कुना, एकएक टेबुल, तपाईं जहाँ जस्तो काम लिएर पुग्नुहोस्, भोलिको निम्तो नपाई छाड्नुहुन्न । जागिर माग्नेदेखि लिएर **तारिख** माग्नेसम्म सबै भोलिवादले ग्रसित छन् ! सिंहदरबार होस् कि स्यालदरबार, भोलिवादलाई **शिरोधार्य** नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्टाउनुजस्तो गाह्रो भइसक्यो अब ।

७. सरकारी क्षेत्रको मात्रै हो र, असरकारी क्षेत्रको पनि **गति** उही हो । भोलि दिउँला भनी **पैंचो** लगेको पैसाले ५०० भोलि **बुत्याइदिन्छ** । पसलेहरू 'आज नगद भोलि उधारो' भनिरहून् उधारो नदिई उनीहरूले सुखै पाउँदैनन् । ग्राहकलाई उधारो तिर्ने चाहिँ भोलि आउँदै आउँदैन । कुनै मालिकले नोकरलाई ५० रुपियाँ तलबका निम्ति ५० भोलि कुदाउँछन् । कुनै **हितैषीले** तीन मिनेटको कुरालाई तीन वर्षसम्म भोलिभोलि भनी **गनाउने चोक** कुराउँछन् । ऋण लिन जाँदा साहु भन्छ भोलि, लेख लिन जाँदा लेखक भन्छ भोलि, तारिख लिन जाँदा बहिदार भन्छ भोलि, तलब लिन जाँदा **तहबिलदार** भन्छ भोलि । "लुगा सिइसकियो ?" भन्दा **सूचीकार** भन्छ भोलि, चोक बढारिदे न भन्दा **कुचीकार** भन्छ भोलि । हुँदाहुँदा लोग्नेस्वास्नीमा पनि भोलिवादी **भाकाले** एकअर्कालाई पर्खाउने बानी बसिसकेको छ अचेल । लोग्नेले टोपी धोइदेऊ न भन्यो भने स्वास्नी भोलि धोइदिउँला भन्दाभन्दै सात दिन बिताइदिन्छे । स्वास्नीले नुन खाँचै छ भनी भने भोलि ल्याइदिउँला भन्दाभन्दै लोग्नेले पर्खाइदिन्छ छसात दिन ।

बेलिबिस्तार - वृत्तान्त
याम्बुलेन्स कार - बिरामी ओसारपसार गर्ने गाडी, एम्बुलेन्स
टेलिप्रिन्ट - विनातार सन्देश छापिने क्रिया
तारिख - अड्डाअदालतले झगडियालाई तोकिएको समयमा उपस्थित हुनु भनी दिने आदेश
शिरोधार्य - स्वीकार
गति - अवस्था
पैंचो - सापटी
बुत्याउनु - खानु; बिताउनु
हितैषी - हित चिताउने
गनाउने चोक - फोहोरबाट दुर्गन्धित बन्न पुगेको ठाउँ
तहबिलदार - आर्थिक हिसाबकिताब राख्ने कर्मचारी
सूचीकार - लुगा सिउने व्यक्ति, दर्जी
कुचीकार - बढार्ने वा कुचो लगाउने मानिस
भाका - म्याद

८. वातावरण नै सबै भोलिवादी भएपछि मान्छेको **मनोवृत्ति** स-साना कुरामा पनि भोलिवादी नभई छाड्दो रहेनछ । इमानजमान नछाडीकन भनिदिऊँ भने भोलिभोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई पनि झुलाइरहेको हुन्छ । अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत **निष्क्रियता**तिर घचेटिरहेको हुन्छ । पढ्नु थियो भोलि पढूँला, जानु थियो भोलि जाउँला, गर्नु थियो भोलि गरुँला भन्दाभन्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाका गाह्राले भोलि गरौँला भनी सुतिदिन्छन् कैयौँ ठिटाठिटीहरू ।

भोलिको **अपवाद** के छ भने खानलाई चाहिँ मान्छे सकेसम्म भोलिको भाका राख्तैन । भोलि दुःख पर्ला कि भन्ने डर पनि नमानी 'रात रहे **अग्राख** पलाउँछ' भन्दै भएभरको आजै बुत्याउन ऊ तम्सन्छ । उदाहरणको निम्ति एउटा छोटो कुरा सुनाइहालूँ ।

९. एकपटक काठमाडौँको ठूलो होटलमा **बफे डिनर** थियो । त्यहाँ कहिल्यै कतै नहिँड्ने एकजना जरसाहेब पनि आएका रहेछन् । उनले खाएपिएको देख्ता म छक्कै परेँ, झन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकैजनाले बुत्याइदिए । आखिरी, खसखस थाम्न नसकेर मैले सोधेँ, होइन, जरसाहेबलाई आराम नहोला नि ! उनले सजिलैसित भने, "आराम नभए भोलि औषधी खाउँला ।" उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ-मान्छे सबै कुरामा भोलिवादको **अनुसरण** गरे पनि खान भने भोलिलाई पर्खँदैन, यो उसको ठूलो गुण हो ।

१०. यसबाहेक अरू सबै हाम्रा **क्रियाकलाप**हरू भोलिवादी छन् । भालिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैँ जेलिइरहन्छ । हरेक कामकुरामा भोलि भन्दाभन्दै भानुभक्तले भनेझैँ पर्सि हामी सबैले "बम भोलेनाथकी जय" भन्दै झोली बोकेर डाँडैडाँडा कुद्नु त नपर्ला ? के बेर ? आज गरे हुने कामलाई भोलि पर्खेपछि

मनोवृत्ति - मनको स्वभाव; मानसिकता
निष्क्रियता - कामप्रति चासो नराख्ने प्रवृत्ति
अपवाद - नियमभित्र नपर्ने कुरा
अग्राख - चुरो पसेको सालको काठ
बफे डिनर - चाहिएजति आफैँले लिएर खाइने भोजको प्रकार
अनुसरण गर्नु - अपनाउनु; देखासिकी गर्नु
क्रियाकलाप - कामकुरा

त्यही हिसाबले यसपालिका सारा काम **आधाँ** पन्छन के बेर ? यस **दशक**का काम अर्को दशकलाई थन्कन के बेर ? अनि बिसौं **शताब्दी**का सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्काइसौं शताब्दीका लागि **'डिपोजिट'** रहन के बेर ? यसो हुँदाहुँदै कतै पृथ्वी भोलि घुमौंला भनेर आराम नगरिदेओस्, हावाले भोलि डुलौंला भनेर विश्राम नगरिदेओस्, जय भोलि !

आधाँ	- आउँदो वर्ष	**शताब्दी**	- सय वर्षको अवधि
दशक	- दस वर्षको अवधि	**डिपोजिट**	- सञ्चित

अभ्यास

१. **तलका प्रश्नहरूको एकएक वाक्यमा उत्तर दिनुहोस् :**

(क) 'भोलि' जनप्रिय बन्नुको कारण के हो ?

(ख) आधुनिक भोलिवादका अनुयायी कोको हुन् ?

(ग) नेपाली समाजमा भानुभक्तभन्दा पहिलेदेखि नै केले खुट्टो घुमाएको बुझिन्छ ?

(घ) आजको कामलाई भोलि भनेर मानिसले कसलाई झुलाउँछ ?

(ङ) के कुरामा भालिवादको अपवाद पाइन्छ ?

२. **तलका शब्दहरूको अर्थ भन्नुहोस् :**

अक्कल, अग्राख, अनुसरण, उपचार, ठाना, प्रणेता, महर्षि, विशेषता, विश्राम, हितैषी

३. **तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

उधारो, तन्द्रयाङतुन्द्रुङ, तात्तातो, थोत्रो, निष्क्रियता, बिउँझँदा, मनोवृत्ति, शिरोधार्य, श्राद्ध, संस्कृति

४. **अर्थ स्पष्ट हुने गरी मिश्र वाक्यमा प्रयोग गर्नुहोस् :**

जनप्रिय, मुक्ति, खुट्टो घुमाउनु, हुकुम दिनु, चमत्कार, झुलाउनु, भाका, खसखस, शङ्का, कर्तव्य

५. **तलको गद्यांश सच्याएर कापीमा सार्नुहोस् :**

शिहं दरवार होस् कि स्याल दरवार भोलीबादलाई सिरोधार्य नगर्ने अडाअधालत पाउनू प्याझ नखाने बाहुन भेटाउनु जस्तो गारो भइ सक्यो अब !

६. **पाठको पहिलो अनुच्छेद सस्वरवाचन गरी त्यसको भावार्थ वा आशय भन्नुहोस् ।**

७. **पाठको चौथो अनुच्छेद पढी 'स' र 'म' वर्णबाट बनेका पाँचपाँच शब्दहरू टिप्नुहोस् र ती टिपिएका शब्दहरूमध्ये नामजतिलाई मात्र प्रयोग गरी एउटा सान्दर्भिक अनुच्छेद तयार पार्नुहोस् ।**

८. **पाठको नवौं अनुच्छेदलाई सङ्क्षेपीकरण गर्नुहोस् ।**

९. **पाठको अनुच्छेदबाट मुख्यमुख्य कुरा नछुटाई चार बुँदा टिप्नुहोस् ।**

१०. **पाठको दोस्रो अनुच्छेदबाट 'ईय', 'इक' र 'आइ' प्रत्यय लागेर बनेका शब्दहरू टिपी तिनको प्रकृतिप्रत्यय छुट्याउनुहोस् र प्रत्येकमा त्यस्तै पाँचपाँचओटा शब्दहरू बनाउनुहोस् ।**

११. **पाठको दसौं अनुच्छेदमा प्रयुक्त अव्ययशब्दहरू कुनकुन वर्गमा पर्दछन्, लेख्नुहोस् ।**

१२. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) 'जय भोलि !' निबन्धले समयको महत्त्वलाई कुन रूपमा प्रस्तुत गरेको छ ?

(ख) 'जय भोलि !' निबन्धमा भोलिवादी प्रवृत्तिप्रति निबन्धकारको धारणा कस्तो पाइन्छ ?

(ग) मान्छेको मनोवृत्तिमा भोलिवादको प्रभाव पर्नाका कारण के हुन् ?

(घ) जय भोलि निबन्धको मूल व्यङ्ग्य के हो ?

१३. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निष्क्रियतातिर घचेटिरहेको हुन्छ ।

(ख) भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो ।

१४. **'जय भोलि !' निबन्धले हाम्रो समाजमा विद्यमान कस्ता सामाजिक बेथितिमाथि व्यङ्ग्य गरेको छ ?**

१५. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

अर्काको तपाईंत्व स्वीकार नगरेर 'म' कै महिमाको मादल बजाउनु मपाईं बन्नु हो । सभ्यताको जतिजति विकास हुँदै आयो, उतिउति मपाईंत्व प्रवृत्ति पनि **विष्णुमतीको मुला मौलाएझैं** मौलाउँदै आएको छ । त्यसैले प्रत्येक व्यक्ति आफूलाई हात्ती सम्झन्छ, अरूलाई बोका । अब समाज हात्तीहात्तीको हो वा बोकैबोकाको हो, कसले छुट्याइदिने ! अर्को शब्दमा मपाईंत्व एक नसा हो, यसले लठ्याएपछि **कक्टेल पार्टी**का श्रीमान्हरूझैं सब मपाईंहरू एकअर्काका बीच ठक्कर खान र चर्किन थाल्दछन् । सम्झनुभएन ? राम र रावणको मपाईंत्व बजारिएर लङ्का डढ्यो; भीम र दुर्योधनको मपाईंत्व चर्केर कुरुक्षेत्र बन्यो ।

प्रश्नहरू

(क) मपाईं बन्नु भनेको के हो ?

(ख) के कुरा विष्णुमतीको मुला मौलाएझैं मौलाएको छ ?

(ग) हरेक व्यक्तिले आफूलाई र अरूलाई केके सम्झेको हुन्छ ?

(घ) मपाईंत्वले लठ्याएपछि मानिसहरू के गर्न थाल्छन् ?

(ङ) कसकसको मपाईंत्वले लङ्का र कुरुक्षेत्रमा लडाइँ भयो ?

(च) गाढा अक्षरका पद र पदावलीको अर्थ के हो ?

सिर्जनात्मक अभ्यास

(क) तपाईं बसेको समाजको एकजना अत्यन्त कन्जुस मानिसको व्यवहार र क्रियाकलाप चित्रण गर्दै एउटा व्यङ्ग्य लेख तयार पार्नुहोस् :

(ख) निम्नलिखितमध्ये आफूलाई मन पर्ने शीर्षकमा निबन्ध लेख्नुहोस् :

(अ) नेपालका प्राकृतिक सम्पदा

(आ) मलाई मन पर्ने साहित्यकार

(इ) विद्यार्थी जीवनमा अनुशासनको महत्त्व

(ई) शान्ति र देशविकास

(उ) जेष्ठ नागरिकप्रति मेरो कर्तव्य

(ऊ) समावेशीकरण

व्याकरण

धातु

मूल धातु

बस्+नु = बस्नु खेल्+नु = खेल्नु हिँड्+नु = हिँडनु गर्+नु = गर्नु

डुल्+नु = डुल्नु दि+नु = दिनु खा+नु = खानु भन्+नु = भन्नु

नामधातु

वर्ग	शब्द	प्रत्यय	नामधातु
नाम	रोग +	आउ =	रोगाउ + नु = रोगाउनु
	मुन्टो +	इ =	मुन्टि + नु = मुन्टिनु
	कुम्लो +	याउ =	कुम्ल्याउ + नु = कुम्ल्याउनु
विशेषण	मोटो +	आउ =	मोटाउ + नु = मोटाउनु
	पहेँलो +	इ =	पहेँलि + नु = पहेँलिनु
	चिसो +	याउ =	चिस्याउ + नु = चिस्याउनु
अव्यय	बरबर +	आउ =	बरबराउ + नु = बरबराउनु
	भित्र +	इ =	भित्रि + नु = भित्रिनु
	पछि +	याउ =	पछ्याउ + नु = पछ्याउनु

प्रेरणार्थक धातु

मनाउ + नु = मनाउनु गराउ + नु = गराउनु बसाउ + नु = बसाउनु

पढाउ + नु = पढाउनु चढाउ + नु = चढाउनु खेलाउ + नु = खेलाउनु

लेखाउ + नु = लेखाउनु सिकाउ + नु = सिकाउनु देखाउ + नु = देखाउनु

- नु प्रत्यय लागेर क्रिया बन्ने मूल रूपलाई धातु भनिन्छ ।
- नाम, विशेषण, र अव्यय आदि नजोडिई बनेका क्रियाका मूल रूप नै मूल धातु हुन् ।
- नाम, विशेषण र अव्ययमा आउ, इ, याउ प्रत्यय लागेर नामधातु बन्छन् ।
- बस्, खेल् आदि मूलधातुमा आउ प्रत्यय लागेर बन्ने धातु प्रेरणार्थक धातु हुन् ।

व्याकरण अभ्यास

(क) तलका क्रियापदमा धातु पत्ता लगाउनुहोस् :

पढ्यो, गएछ, धोला, खान्छ, जाओ, पढाउनुहुन्छ, लोभियो, हुनेछ, हसाउँछ, लजाइछ

(ख) तलका क्रियाहरूमा मूल धातु, नामधातु र प्रेरणार्थक धातु छुट्याउनुहोस् :

होच्याउनु, रुवाउनु, हाँस्नु, रमाउनु, कज्याउनु, बसाउनु, दुखाउनु, उड्नु, पढाउनु, खुवाउनु

(ग) पाठको पाँचौं अनुच्छेदमा प्रयुक्त क्रियापदहरूका धातु र प्रत्यय छुट्याउनुहोस् ।

(घ) 'खा' धातुबाट बन्ने वर्तमान कालका क्रिया प्रयोग गरी आफ्नो दिनचर्याको वर्णन गर्नुहोस् ।

(ङ) प्रेरणार्थक धातुबाट बन्ने क्रिया प्रयोग गरी आमाले छोरीलाई सिकाउने कुनै कामको वर्णन गर्नुहोस् ।

(च) मूल धातु, नामधातु र प्रेरणार्थक धातुका बीचको भिन्नतालाई उदाहरणसमेत दिई प्रस्ट पार्नुहोस् ।

विशेष ज्ञानका लागि थप सामग्री

प्रतीकार्थक शब्दहरू

इतिहास, पुराण र सामाजिक जीवनबाट लिइएका विशेष अर्थ हुने प्रतीकार्थक शब्द भनिन्छ । ज्यादै लोकप्रिय बनिसकेका त्यस्ता शब्दहरूले लाक्षणिक अर्थमात्र होइन व्यङ्ग्यार्थ पनि जाहेर गर्दछन् । यस्ता केही विशेष शब्दहरू यसप्रकार छन् :

अगस्ती	: घिचुवा; खन्चुवा	आँखो	: तारो; लक्ष्य
पानी	: तागत; बल	आकाश	: शून्य; रित्तो; विशाल
महाभारत	: लडाइँझगडा	मुनि	: सज्जन, साधु
कालो	: विरोध; अपशकुन	राक्षस	: बदमास
कुम्भकर्ण	: सुताहा	रातो	: क्रान्ति; सौभाग्य
खोस्टो	: बिनाकामको; मूल्यहीन	लक्ष्मणरेखा	: सीमा; मर्यादा
गङ्गा	: पवित्रता	गौप्राणी	: सोझोसीधा
गधा	: मूर्ख	चन्द्रमा	: शीतलता
गोरु	: एकोहोरो, सुझबुझ नभएको	चमेरो	: जता पनि ठिक्क हुने
विदुर	: विवेकी; ज्ञानी; विद्वान्	सुँगुर	: फोहोरी; अल्छे
सकुनी	: कपटी; षड्यन्त्रकारी	हंस	: आत्मा
सागर	: विशाल	हिमालय	: अटल
दुर्वासा	: रिसाहा	दधिची	: त्यागी
देउता	: भद्र, सज्जन	महाभारत	: कलह; झगडा
नारद	: कुरौटे	हनुमान	: भक्त

तपाईंको स्थानीय क्षेत्रमा यी बाहेकका प्रतीकार्थक शब्द प्रयोग हुन्छन् भने ती शब्द टिप्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

पाठ ८

जीवनी

जयपृथ्वीबहादुर सिंह

नेपाली वाङ्मयमा मात्र नभएर समाजसेवाका क्षेत्रमा समेत अविस्मरणीय बन्न पुगेका मानवतावादी विचारक जयपृथ्वीबहादुर सिंहको व्यक्तित्वका विविध आयाम र उनका योगदानमा आधारित यस जीवनीले विद्यार्थीहरूलाई विशेष प्रेरणा प्रदान गर्दछ । यसका साथै विद्यार्थीहरूमा भाषिक सीपको विकास गर्ने तथा भाषा तत्त्वका बारेमा पनि जानकारी बढाउने उद्देश्यबाट प्रस्तुत जीवनी शिक्षण सिकाइका लागि प्रस्तुत गरिएको छ ।

१. जयपृथ्वीबहादुर सिंहको जन्म सेती अञ्चलअन्तर्गतको बझाङ जिल्लाको चैनपुरमा बझाङ्गी राजा विक्रमबहादुर सिंहकी पत्नी रुद्रकुमारी देवीको गर्भबाट वि.सं. १९३४ भाद्र ७ गतेका दिन भएको थियो । उनको बाल्यकाल राजसी सुखसयलमा बितेको थियो । उनी सानैदेखि दयालु र उदार स्वभावका थिए । उनी आफ्ना पिताको धार्मिक क्रियाकलापबाट अत्यन्त प्रभावित थिए । यसैबाट उनले धार्मिक एवम् आध्यात्मिक चिन्तन र व्यवहारको विकास गरी क्रमशः आफूमा मानवीय गुणहरू बढाउँदै गए ।

२. त्यतिखेर राणाशासन भएकाले नेपालको शैक्षिक स्थिति ज्यादै दयनीय थियो । धनीका छोराहरूले पढ्न पाए पनि सर्वसाधारण जनताका लागि भने शिक्षा प्राप्त गर्नु असम्भव नै थियो । जयपृथ्वीबहादुर सिंहलाई पाँच वर्षको उमेरदेखि घरमै शिक्षा आरम्भ गराइयो । उनी सानैदेखि प्रतिभाशाली थिए । उनी आठ वर्षका भएपछि उनकी आमाले उनलाई पढाउन काठमाडौं ल्याइन् । उनले काठमाडौंको थापाथली दरबार पाठशालामा प्राथमिक शिक्षा प्राप्त गरे । त्यसपछि उनी दरबार हाइस्कुलमा माध्यमिक शिक्षाका लागि भर्ना भए । त्यतिखेर नेपालमा प्रवेशिका परीक्षा दिने व्यवस्था थिएन । उनले वि.सं. १९५१ मा कलकत्ताबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे । यसपछि उनी प्रयाग (इलाहाबाद)को एउटा कलेजमा उच्चशिक्षा अध्ययन गर्नका लागि भर्ना भए । त्यहाँ एक वर्ष पढेपछि उनको औपचारिक शिक्षा रोकियो ।

जयपृथ्वीबहादुर सिंह

जयपृथ्वीबहादुरले आफ्नो जीवनको धेरै समय ज्ञान लिने र दिने क्रममा व्यतीत गरे, यसका साथै उनले **समाजशास्त्र**, **राजनीतिशास्त्र**, विज्ञान, कानुन, **दर्शन**, साहित्य आदि धेरै विषयको गहन अध्ययन पनि गरेका थिए । उनले आई.ए. सम्मको अध्ययन गरे पनि उनको ज्ञानको क्षितिज भने निकै फराकिलो थियो ।

समाजशास्त्र - समाज र यसका संरचनाबारे सैद्धान्तिक अध्ययन गर्ने विद्या

राजनीतिशास्त्र - राजनीतिका दर्शन र सिद्धान्तबारे सम्पूर्ण व्याख्या, विवेचना गरिने सामाजिक विज्ञान

दर्शन - प्रकृति; ईश्वर; ज्ञान; विज्ञान; वस्तु; जीवन र चेतनाबारेको विवेचन एवम् विश्लेषण गरिने विद्या

क्षितिज - पृथ्वी र आकाश जोडिएको जस्तो देखिने स्थान वा गोलो परिधि

त्यसैले उनी नेपालका एक विशिष्ट बुद्धिजीवीका रूपमा स्थापित भए। आफ्नो जीवनकालमा **भारदारी अड्डा**को सदस्य, कलकत्तामा नेपालको तर्फबाट **बकिल** र भारतका लागि कूटनीतिक प्रतिनिधिसमेत भएर उनले आफ्नो राष्ट्रिय व्यक्तित्वको परिचय दिएका थिए। उनको यसै व्यक्तित्वबाट प्रभावित भएर बेलायतकी महारानीले उनलाई कर्नेल पदबाट सम्मानित गरिन्।

३. जयपृथ्वीबहादुर सिंह देश र जनताको उन्नतिमा सदा चिन्तनशील रहन्थे। आफ्नो अध्ययन सकेपछि उनले बझाङको आर्थिक, सामाजिक, शैक्षिक आदि स्थितिको राम्रो अध्ययन गरी सुधार गर्ने प्रयत्न गरे। कुनै पनि देशमा शिक्षा र स्वास्थ्यको स्थिति **सुदृढ** नभएमा त्यस देशको विकास हुन सक्दैन भन्ने उनको धारणा थियो। तसर्थ उनले सातआठजना मानिसहरूलाई काठमाडौंमा नै लगेर विभिन्न विषयमा अध्ययन गराई तालिमसमेत दिने व्यवस्था गरे। जनस्वास्थ्यलाई ख्याल गरी उनले त्यहाँ एउटा आयुर्वैदिक औषधालयको स्थापना गरे। उनले धार्मिक एवम् सामाजिक क्षेत्रमा विभिन्न सुधारकार्यहरू गरे। यसका साथै उनले मानिसलाई विभिन्न प्रकारका तालिमको व्यवस्था गरी उनीहरूको सीप विकास गर्नमा **पहल गरे**। स्थानीय जनताको गिर्दो आर्थिक अवस्थालाई उकास्ने उद्देश्यले उनले विभिन्न घरेलु इलमहरू खोल्न जनतालाई प्रोत्साहन गरे। यति मात्र नभएर **भूमिसुधार**को माध्यमबाट गरिब किसानहरूलाई **मोहियानी हक** दिलाउने जस्तो क्रान्तिकारी कदमद्वारा उनले आफ्नो मानवतावादी विचारलाई मूर्त रूप दिए। यसै क्रममा बझाङभित्र यातायातलाई सुगम बनाउन उनले विभिन्न ठाउँमा गोरेटो र घोडेटो पनि बनाउन लगाए। जनतालाई सुविधा दिने उद्देश्यले उनले हाटबजारको नियमित व्यवस्था गरे। स्थानीय स्रोत र साधनलाई परिचालन गर्न खानीसमेत खोल्न लगाई त्यस ठाउँको चौतर्फी विकासमा उनले महत्त्वपूर्ण योगदान दिएका थिए।

४. जयपृथ्वीले काठमाडौंको आफ्नै दरबारमा 'सत्यवादी प्राथमिक पाठशाला' खोली चार कक्षासम्मको पढाइ सञ्चालन गरे। यसका लागि उनले आफैं पाठ्यपुस्तकहरू लेखे, अरूलाई पनि लेख्न लगाए। राणा शासकहरू भने नेपालमा शिक्षाको विकास भएको हेर्न चाहँदैनथे। जनताहरू शिक्षित भए भने उनीहरू चेतनशील हुन्छन् र आफ्नो **करतुत** खुल्न गई सत्तावाट च्युत हुनुपर्छ भन्ने मानसिकता राणा शासकमा थियो तर देवशमशेर भने यसका **अपवाद** थिए। उनको छोटो शासन अवधिमा नेपालमा निकै सुधारका कार्यहरू भए। पाठशालाहरू खोल्न र नागरिक चेतना अभिवृद्धि गर्नमा जयपृथ्वीले उनलाई ठूलो सहयोग गरे। देवशमशेरको यस्तो सुधारवादी नीतिबाट रुष्ट भएर चन्द्रशमशेरले उनलाई सत्ताच्युत गरे। आफू श्री ३ महाराज बनी उनले देवशमशेरका सम्पूर्ण सुधार योजना र खोलिएका पाठशाला तथा अस्पतालहरूसमेत बन्द गरे। यो देखेर देश र जनताको भलाइमा समर्पित भएका जयपृथ्वी निराश एवम् चिन्तित हुन पुगे तर हिम्मत नहारीकन उनले काठमाडौंमा आफूले स्थापना गरेको प्राथमिक पाठशालालाई तुरुन्तै बझाङमा सारे अनि डोटी, डडेलधुरा र अछाममा समेत पाठशाला र अस्पतालहरू खोल्ने योजना बनाए।

भारदारी अड्डा - उच्च राजकर्मचारीहरूको सभा
बकिल - राजप्रतिनिधि; कानुन व्यवसायी
सुदृढ - बलियो
पहल गर्नु - कोसिस गर्नु
भूमिसुधार - जग्गाजमिनको न्यायपूर्ण वितरण
मोहियानी हक - जग्गा कमाएबापत मोहीले पाउने आंशिक अधिकार
करतुत - खराब काम
अपवाद - नियमभित्र नपर्ने

५. जयपृथ्वीबहादुर सिंह नेपाली भाषा र साहित्यका **उपासक** थिए । नेपाली भाषाका माध्यमबाट जनतालाई शिक्षा दिइनुपर्छ भन्ने सोचाइमा उनी सदा दृढ रहे । उनको यस सोचाइको **कदर गर्दै** तत्कालीन राणा प्रधानमन्त्री देवशमशेरले नेपाली भाषाकै माध्यमबाट शिक्षा दिने निर्णय गरेका आधारमा नेपाली भाषामा उनले विभिन्न विषयका पाठ्यपुस्तकहरू तयार पारे । उनी नेपाली भाषामा पाठ्यपुस्तक लेख्ने नेपालका पहिला व्यक्ति हुन् । उनले कलकत्ताबाट आफैंले हाते प्रेस किनेर ल्याई आफ्नै देशमा पुस्तक प्रकाशन गर्ने व्यवस्था पनि मिलाए । उनले आफ्नो जीवनमा दुई दर्जन जति पुस्तकहरू लेखेका थिए । तीमध्ये 'अक्षराङ्क शिक्षा' (वि.सं. १९५८), व्यवहारमाला, भूगोल विद्या, पदार्थ तत्त्वविवेक, स्रेस्ता बोध, शिक्षा दर्पण, प्राकृत व्याकरण आदि मात्र प्रकाशित छन् । नेपाली भाषामा कुनै व्याकरण नलेखिएको अवस्थामा 'प्राकृत व्याकरण' लेख्ने उनी पहिला व्याकरणकार पनि हुन् । आकारका दृष्टिले सानो भए पनि नेपाली भाषाको पहिलो व्याकरण भएकाले यसको विशेष महत्त्व रहेको छ । उनी नेपालमा बालसाहित्यका क्षेत्रमा पनि कलम चलाउने पहिला व्यक्ति हुन् । उनका कृतिहरू व्यवहारोपयोगी छन् र तिनमा नैतिक शिक्षामाथि विशेष जोड दिइएको छ । यसरी उनी नेपालको शैक्षिक इतिहासमा राष्ट्रिय शिक्षा व्यवस्थाका जनकका रूपमा अमर रहेका छन् ।

जयपृथ्वीबहादुर सिंहको प्रतिमा

६. बहुआयामिक व्यक्तित्वका धनी जयपृथ्वीबहादुर सिंह एक कुशल पत्रकार पनि थिए । उनले नेपालको पत्रकारिताका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेले । देवशमशेरको पालामा प्रकाशित भएका 'गोरखापत्र' (वि.सं. १९५८) नेपालकै जेठो अखबार हो । उनले वि.सं. १९५८ देखि १९७३ सम्म यस पत्रिकाको **प्रधान सम्पादक** एवम् **व्यवस्थापक** भई सेवा गरे । उनको कार्यकालमा यस पत्रिकामार्फत् नेपाली वाङ्मयका विविध विधाले फस्टाउने मौका पाए । आफ्ना ससुरा तत्कालीन श्री ३ चन्द्रशमशेरसँग वि.सं. १९६५ मा पहिलोपटक जयपृथ्वीबहादुर सिंह युरोपेली राष्ट्रहरूको भ्रमणमा गएका थिए । त्यहाँको विकास र प्रजातान्त्रिक **परिपाटी**बाट प्रभावित भई तत्कालीन शासन व्यवस्थाको विरुद्धमा **निर्भीकता**का साथ उनी कलम चलाउन थाले । आत्मविश्वास र पवित्र धारणा राख्ने भएकाले उनी सत्य कुरा व्यक्त गर्न कहिल्यै डराउँदैनथे । त्यसैले यो कुरा उनका ससुरा श्री ३ चन्द्रशमशेरलाई पचेन । आफ्नै जुवाइँ भएर पनि राणा शासनको विरोध गरेकाले चन्द्रशमशेरलगायत धेरै राणाहरू उनीबाट रुष्ट हुँदै गए । उनलाई यसो नगर्न अनेकौं प्रलोभन देखाइयो र धम्की पनि दिइयो । देश र जनताको कल्याणमा लाग्ने मानिस सानोतिनो प्रलोभन र धम्कीमा परेर कहाँ आफ्नो **स्वाभिमान** गुमाउन चाहन्छ र ! उनले आफ्नो व्यवहारमा अलिकति पनि परिवर्तन ल्याएनन् । परिणामस्वरूप उनलाई गोरखापत्रको सम्पादक पदबाट मात्र होइन देशबाटै

उपासक	- भक्त;उपासना गर्ने व्यक्ति	**प्रधान सम्पादक**	- मुख्य सम्पादक
कदर गर्नु	- सम्मान गर्नु; आदर गर्नु	**व्यवस्थापक**	- प्रबन्धक
व्यवहारोपयोगी	- व्यवहारमा काम लाग्ने	**परिपाटी**	- प्रणाली, पद्धति
बहुआयामिक	- बहुमुखी	**निर्भीकता**	- भयरहित अवस्था
पत्रकारिता	- आमसञ्चारसम्बन्धी क्रियाकलाप	**स्वाभिमान**	- आत्मगौरव

निकाल्ने स्थितिको सिर्जना गरियो । अन्ततः उनी बझाङको **राजपाट**समेत भाइलाई सुम्पेर भारतको बङ्गलोरमा गएर बस्न थाले । त्यहाँ गएर बसे पनि स्वदेशप्रतिको आफ्नो दायित्वलाई उनले कहिल्यै बिर्सेनन्; यसलाई निरन्तरता दिइरहे । बङ्गलोरमा 'मानवतावादी सङ्घ' (वि.सं १९९१) खोली आफ्ना विचार र मानवतावादी सिद्धान्तको प्रचारप्रसार गरेर विश्वशान्ति, **भ्रातृत्व** र मानवताको उत्थानमा उनी मन, वचन र कर्मले लागे । मानवतावादी विचारधाराबाट प्रेरित भएर उनले आध्यात्मिक जीवनशैली र विश्वशान्तिलाई महत्त्व दिंदै इजिप्ट, स्विट्जरल्यान्ड, जर्मनी, फ्रान्स, अमेरिका, जापान, चीन आदि धेरै देशहरूको भ्रमण गरे । उनले भारतमा मानवतावादसम्बन्धी 'द ह्युम्यानिस्ट' नामक मासिक पत्रिकाको प्रकाशन सुरु गरे भने म्यान्मार (बर्मा) मा "जे.पी. इन्स्टिच्युट" नामक संस्थाको स्थापना पनि गरे । यसरी विश्वमै एक मानवतावादी विचारकका रूपमा उनले आफ्नो देशको गरिमा बढाए ।

७. एउटा सम्पन्न परिवारमा जन्मेर र **भौतिक** सुखसयलमा हुर्केर पनि आफ्नो ऐसआराम, **राज्यवैभव**समेत त्यागी देश, जनता, विश्वबन्धुत्व र शान्तिका लागि प्रयत्नरत रहने जयपृथ्वीबहादुर सिंह एक महान् व्यक्तित्व हुन् । उनी जातजाति, धर्म, **सम्प्रदाय**बाट माथि उठेका थिए । परोपकार र समाजसुधारका लागि सदा समर्पित जयपृथ्वीबहादुर सिंहले आफ्नो सम्पूर्ण धन परसेवामा नै लगाए । उनका लागि विश्व नै एक घर थियो भने सारा मानिस **बन्धुबान्धव** थिए । उनी कुनै पनि शक्तिशाली राज्यले कमजोर राज्यमाथि आक्रमण गरेको मन पराउँदैनथे । एकपटक इटाली जस्तो शक्तिशाली देशले अबिसिनिया जस्तो अतिकमजोर राज्यमाथि आक्रमण गर्दा त्यहाँ गई उनले पीडित मानिसहरूको सेवा गरे । थिए । यसै क्रममा उनी बन्दी पनि बनाइए । पछि अङ्ग्रेजहरूको **मध्यस्थता**बाट उनी मुक्त भए । यसरी उनी आफ्नो ज्यानको समेत बाजी थापेर मानवताको सेवामा जुट्ने साहस र त्यागका ज्वलन्त उदाहरण बने । लडाइँमा भएको बमवर्षाको असरले गर्दा उनलाई हृदय रोगले आक्रमण गऱ्यो । उनी त्यहाँबाट बङ्गलोर आए । त्यतिखेर भारतमा अङ्ग्रेज शासनको विरुद्धमा आन्दोलन चल्दै थियो । त्यस आन्दोलनलाई समर्थन गरेकाले उनलाई एक वर्षसम्म बङ्गलोरमा **नजरबन्द** गरियो ।

८. जयपृथ्वीबहादुर सिंह 'आफ्नो मुलुकको भलाइ र उन्नति गर्नु सबै नागरिकको धर्म हो' भन्ने विचार राख्थे । असल काम गर्नु सबैको भलो चिताउनु हो, सत्यबाट सन्तोष पाइन्छ, खराब विचार र घृणाबाट दुःख हुन्छ, राम्रो काम गरे मात्र सन्तोष मिल्छ भन्ने उनका उच्च मानवतावादी विचारहरू आज पनि हाम्रा लागि **मार्गदर्शक** बनेका छन् । स्वदेश तथा विदेशमा रही त्यस्तो **विषम परिस्थिति**मा पनि मानवसेवा, राष्ट्रसेवा तथा विश्वशान्तिको **महायज्ञ**मा जुट्ने जयपृथ्वीबहादुर सिंहको देहावसान वि.सं. १९९७ आश्विन १ गतेका दिन ६३ वर्षको उमेरमा बङ्गलोरमा भयो ।

९. सादा जीवन र उच्च विचारमा सदा आस्था राख्ने, मानव जातिको हकहितका लागि मरिमेट्ने र मानवतावादको सिद्धान्तद्वारा विश्वमा शान्ति, समानता र भ्रातृत्वको भावना फैलाउने एक कर्मठ अग्रणी विचारकका रूपमा उनी नेपालको इतिहासमा अमर छन् ।

राजपाट - राज्य सञ्चालनको सम्पूर्ण काम; राजकाज
भ्रातृत्व - सबै मानिस दाजुभाइ हुन् भन्ने भावना
भौतिक - धनदौलत आदिद्वारा प्राप्त हुने
राज्यवैभव - राज्यबाट प्राप्त हुने विशिष्ट सम्मान वा सम्पत्ति
सम्प्रदाय - खास विचारधारामा आबद्ध वर्गविशेष
बन्धुबान्धव - दाजुभाइ
मध्यस्थता - दुई थरीका बीचमा रही निर्णय गर्ने वा विवाद मिलाउने काम
नजरबन्द - निस्किन नपाउने गरी कुनै निश्चित ठाउँमा बन्द गरिएको
मार्गदर्शक - अगुवा
विषम परिस्थिति - जटिल अवस्था; कठिन स्थिति
महायज्ञ - ठूलो काम; महान् कार्य; ठूलो यज्ञ

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) जयपृथ्वीबहादुर सिंहको जन्म कहाँ भएको थियो ?

(ख) जयपृथ्वीबहादुर सिंहले कतिसम्म औपचारिक शिक्षा हासिल गरे ?

(ग) जयपृथ्वीबहादुर सिंहको स्वाध्ययनले कुनकुन विधालाई छोएको थियो ?

(घ) अध्ययन सकेपछि जयपृथ्वीबहादुर सिंहको ध्यान कतातिर गयो ?

(ङ) 'प्राकृत व्याकरण' ले कस्तो स्थान ओगटेको छ ?

(च) जयपृथ्वीबहादुर सिंहलाई किन बङ्गलोरमा नजरबन्द गरियो ?

(छ) बेलायतमा जयपृथ्वीबहादुर सिंहलाई कसद्वारा कुन पद प्रदान गरिएको थियो ?

(ज) गोरखापत्रको प्रकाशन कहिलेदेखि सुरु भएको हो ?

२. **पाठको दोस्रो अनुच्छेद सुनी तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) राणाशासनमा नेपालको शैक्षिक स्थिति कस्तो थियो ?

(ख) जयपृथ्वीबहादुर सिंहलाई कति वर्षको उमेरमा शिक्षारम्भ गराइयो ?

(ग) उनले कहाँबाट माध्यमिक शिक्षा हासिल गरे ?

(घ) जयपृथ्वीबहादुर सिंहले कति सालमा म्याट्रिक उत्तीर्ण गरे ?

(ङ) बेलायतकी महारानीले उनलाई कुन पदले सम्मानित गरिन् ?

३. **तलका शब्दहरूको उच्चारण गर्नुहोस् :**

प्रयत्न, सुदृढ, आयुर्वैदिक, रुष्ट, मूर्त, निरङ्कुश, सत्ताच्युत, व्यवहारोपयोगी, प्रजातान्त्रिक, कसिङ्गर

४. **अर्थ भन्नुहोस् :**

सपूत, दर्शन, हिमायती, हिम्मत हार्नु, जनक, परिपाटी, विधा, राजपाट, मार्गदर्शक, देहावसान

५. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कूटनीतिक (२), ख्याल गर्नु (३), नजरबन्द गर्नु(७), विषम परिस्थिति (८)

६. **तलका वाक्य सच्याएर कापीमा सार्नुहोस् :**

उनी आफ्नो पिताको धार्मीक कृयाकलाप बाट अत्यन्त प्रभावित थिए । यसैबाट उनले धार्मीक एवम आध्यात्मीक चिन्तन र व्यबारको विकाश गरी क्रमस आफुमा मानविय गुणहरू बढाउदै गएँ ।

७. पाठको चौथो अनुच्छेद पढी 'ई' प्रत्यय र **'निर्' उपसर्ग लागेका दुईदुईओटा शब्द भन्नुहोस् र त्यस्तै** अरू थप तीनतीनओटा शब्दनिर्माण गरी **तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

८. **पाठको छैटौं अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) नेपालको पहिलो पत्रिका कुन हो र यसमा जयपृथ्वीको संलग्नता कहिलेदेखि कहिलेसम्म रहेको थियो ?

(ख) बेलायतबाट आएपछि जयपृथ्वीबहादुर सिंहमा कस्तो व्यावहारिक परिर्वतन आयो ?

(ग) राणा शासकहरू जयपृथ्वीबहादुर सिंहसँग किन असन्तुष्ट भए ?

(घ) 'मानवतावादी सङ्घ' कहाँ र किन खोलिएको थियो ?

(ङ) 'प्रलोभन देखाउनु' पदावलीको अर्थ के हो ?

९. **विद्यार्थीले आफ्नो नाम कमाउन कस्ताकस्ता प्रयासहरू गर्नुपर्ला, सामूहिक रूपमा कक्षामा छलफल गरी मुख्यमुख्य बुँदाहरू टिप्नुहोस् ।**

१०. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) जयपृथ्वीबहादुर सिंहका स्वभावगत विशेषताहरू केके थिए ?

(ख) जयपृथ्वीबहादुर सिंहले गरेका सुधारका कार्य केकस्ता थिए ?

(ग) विश्वशान्तिका लागि जयपृथ्वीबहादुर सिंहले गरेका प्रयत्नहरू केके थिए ?

(घ) "जयपृथ्वीबहादुर सिंह नेपाली भाषाका एक सच्चा सेवक थिए" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ङ) जयपृथ्वीबहादुर सिंहको जीवनीबाट पाइने प्रेरणा के हो ?

११. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) देश र जनताको कल्याणमा लाग्ने मानिस सानोतिनो प्रलोभन र धम्कीमा परेर कहाँ आफ्नो स्वाभिमान गुमाउन चाहन्छ र !

(ख) सत्यबाट सन्तोष पाइन्छ, खराब विचार र घृणाबाट दुःख हुन्छ ।

१२. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) नेपालको शिक्षा र पत्रकारिताको विकासमा जयपृथ्वीबहादुर सिंहको योगदान कस्तो थियो ?

(ख) "जयपृथ्वीबहादुर सिंह एक सुधारवादी र मानवतावादी व्यक्ति थिए" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) जयपृथ्वीबहादुर सिंहलाई बहुआयामिक व्यक्तित्वका धनी भनेर किन भनिएको हो ?

सिर्जनात्मक अभ्यास

(क) तलको अनुच्छेदको एकतृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् :

भाग्य जीवनरूपी रथको सारथी हो । सारथीले रथलाई जताजता लान्छ रथ त्यतैतिर गए जस्तो भाग्यले मानिसलाई जता डोऱ्याउँछ मानिसले त्यतै जानुपर्छ, यो शाश्वत सत्य हो । भाग्य जीवनको भविष्य हो । कसैले पनि आफ्नो भविष्यलाई चाहेर पनि बिर्सन सक्दैन; जीवनको अन्त्य संगै भाग्यको पनि अन्त्य हुन्छ । भाग्य जीवनको रश्मि हो, क्रान्ति हो । यो जीवनरूपी वृक्षको जरा हो, जीवनरूपी फूलको सुगन्ध हो । मानिसको मूल्य र महत्ता उसको भाग्यमा आधारित हुन्छ । सामाजिक प्रतिष्ठा, वैभव र मर्यादा पनि भाग्यकै देन हुन् । पसिना बगाउँदैमा, परिश्रम गर्दैमा सबै सम्पन्नताको शिखरमा पुग्छन्, उनीहरूको

जीवन बसन्तमय हुन्छ भन्ने धारणा राख्नु साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भन्नु जस्तै हो । जसको परिस्थिति प्रतिकूल छ त्यसले जतिसुकै परिश्रम गरे पनि सफलता पाउन सक्दैन । परिस्थिति भन्नु नै अर्को अर्थमा भाग्य हो । अनुकूल परिस्थिति सौभाग्य हो भने प्रतिकूल परिस्थति दुर्भाग्य हो । यो वास्तविकता हो कि संसारमा कसैले पनि आफ्ना सम्पूर्ण इच्छा वा मनोरथ पूरा गर्न सक्दैन । परिश्रम गर्दैमा मानिसका सारा आकाङ्क्षा पूरा हुने भए संसार अर्कै हुने थियो तर भाग्य नै एक यस्तो रहस्यमय कुरा हो कि जसले मानिसलाई उन्नति र अवनतिको पराकाष्ठामा पुऱ्याउन सक्छ । यसैले सफल जीवनका लागि परिस्थिति र परिश्रम जीवनरूपी रथका दुई पाङ्ग्रा हुन् ।

(ख) तलका बुँदाका आधारमा सिद्धिचरण श्रेष्ठको जीवनी लेख्नुहोस् :

नाम	: सिद्धिचरण श्रेष्ठ
जन्मस्थान	: ओखलढुङ्गा
जन्ममिति	: वि.सं. १९६९ ज्येष्ठ शुक्ल पञ्चमी
पिता	: विष्णुचरण श्रेष्ठ
माता	: नीरकुमारी
शिक्षा	: औपचारिक शिक्षा ८ कक्षासम्म मात्र तर प्रशस्त स्वाध्ययन
साहित्यिक प्रवृत्ति	: नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधाराको सहप्रवर्तन
पुरस्कार तथा सम्मान	: युगकवि उपाधिले सम्मानित, विद्रोही स्वभावका कवि, प्रकृतिप्रेमी तथा राष्ट्रप्रेमी कवि
कृतिहरू	: उर्वशी, मेरो प्रतिबिम्ब, कुहिरो र घाम, कोपिला, आँसु, सिद्धिचरणका प्रतिनिधि कविता आदि ।
मृत्यु	: वि.स.२०४९ काठमाडौं

व्याकरण

वाक्य परिवर्तन

काल	पक्ष				
	सामान्य	अपूर्ण	पूर्ण	अज्ञात	अभ्यस्त
वर्तमान	मीना पढ्छे ।	मीना पढ्दै छे ।	मीनाले पढेकी छ ।		
भविष्यत्	मीना पढ्ने छे ।	मीना पढ्दै हुने छे ।	मीनाले पढेकी हुने छे ।		
भूत	मीनाले पढी ।	मीना पढ्दै थिई ।	मीनाले पढेकी थिई ।	मीनाले पढिछ	मीना पढ्थी ।

माथि विभिन्न काल र पक्षका वाक्य दिइएका छन् । एउटा कालको वाक्यलाई अन्य कालमा र एउटा पक्षको वाक्यलाई अन्य पक्षमा परिवर्तन गर्न सकिन्छ । यसरी गरिने वाक्य परिवर्तनलाई काल र पक्षका आधारमा गरिने वाक्य परिवर्तन भनिन्छ ।

व्याकरण अभ्यास

(क) पाठबाट वर्तमान काल र भूत कालका दसदस वाक्य टिप्नुहोस् र ती वाक्यलाई भविष्यत् कालमा बदल्नुहोस् ।

(ख) तलका वाक्यलाई वर्तमान कालका अन्य पक्षमा बदल्नुहोस् :

(अ) डम्बर काका चिया रोप्छन् ।
(आ) अर्जुन अदुवा बेच्छन् ।
(इ) याचु विद्यालय जान्छिन् ।
(ई) इलाममा पर्यटक आउँछन् ।
(उ) अब्दुल कुरान पढ्छन् ।

(ग) तलका वाक्यलाई भूतकालका अन्य पक्षमा बदल्नुहोस् :

(अ) रामबृक्ष प्रथम भयो ।
(आ) आङदावा सोलुखुम्बु गयो ।
(इ) पूर्णिमाले कथा लेखी ।
(ई) कृष्णबहादुर राजनीतिमा लाग्यो ।
(उ) मानबहादुरले मिठाई बेच्यो ।

(घ) तलका वाक्यलाई भविष्यत् कालका अन्य पक्षमा परिवर्तन गर्नुहोस् :

(अ) ऊ पोखराबाट पाल्पा जाने छ ।

(आ) रमेश बढिमालिका पुग्ने छ ।

(इ) सुनीता चन्दननाथको दर्शन गर्ने छ ।

(इ) अष्टलक्ष्मी लुम्बिनीबाट फर्किने छ ।

(उ) सुर्वण सुपारी रोप्ने छ ।

(ङ) कोष्ठकको सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :

१. मेरो भाइ आज चाँडै.....(सुत्: अज्ञात भूत)

२. सुनीता नेपाली मिहिनेत साथ .....(पढ्: अभ्यस्त भूत)

३. शैलेन्द्र सिंह पाल्पा.....(जा: अपूर्ण वर्तमान)

४. रामनिवास ठाकुरले मीठो गीत .....(गाउ: पूर्ण भूत)

५. पासाङ नोर्के काठमाडौं .....(पुग्: अज्ञात भूत)

६. विद्यार्थीहरूले परीक्षाको राम्रो तयारी .....(गर्: अज्ञात भूत)

७. सरिता राम्रो लोकगीत .....(गाउ: अभ्यस्त भूत)

८. बाली लगाउने समयमा पानी .....(पर्: पूर्ण भविष्यत्)

९. पारिजातद्वारा लेखिएको उपन्यास मैले .....(किन्: पूर्ण वर्तमान)

१०. रूपलाल विश्वकर्मा चिकित्सा विज्ञान .....(पढ्: अपूर्ण भूत)

११. सानो भाइ दिनभरि .....(रु: अज्ञात भूत)

१२. सपना वादविवादमा सधैं प्रथम.....(हु: अभ्यस्त भूत)

१३. हामी विद्यालय .....(जा: अपूर्ण भविष्यत्)

१४. उनी मुनामदन .....(पढ्: अपूर्ण वर्तमान)

१५. विमला विराटनगरबाट .....(आउ: सामान्य वर्तमान)

१६. रमा राम्ररी.....(नाच्: अभ्यस्त भूत)

१७. हाम्रो कक्षामा सरला प्रथम .....(हु: अज्ञात भूत)

१८. हामीले सबै काम .....(गर्: सामान्य भूत)

१९. श्रीहरिले राम्रो चित्र .....(बनाउ: पूर्ण भूत)

२०. कवि भूपीले राम्रा कविता .....(लेख्: सामान्य भूत)

२१. नोर्बुले त्रिपिटक .....(पढ्: सामान्य भविष्यत्)

(च) सङ्केतका आधारमा तलका वाक्यलाई बदल्नुहोस् :

(अ) म राम्रा अक्षर लेख्छु । (अभ्यस्त भूत)

(आ) हाकिमले कारिन्दालाई हकारे । (अज्ञात भूत)

(इ) उनी केश कोर्दै छिन् । (पूर्ण भविष्यत्)

(ई) उमाकान्त सहर जाँदै थिए । (सामान्य वर्तमान)

(उ) लोकनाथ छापाखाना पुगेका छन् । (अपूर्ण भूत)

(ऊ) उमा गोसाईकुण्ड पुगेकी थिई । (अपूर्ण भविष्यत्)

(ऋ) आकाशमा चरा उड्दै छन् । (पूर्ण वर्तमान)

(ए) उनीहरू घर फर्कंदै थिए । (सामान्य भविष्यत्)

(ऐ) भाइहरू काम गर्दै छन् । (अपूर्ण वर्तमान)

(ओ) आमा आउनुभएको हुने छ । (सामान्य भूत)

(छ) अपूर्ण वर्तमान कालका क्रियापदको प्रयोग गरी आफ्नो कक्षाको वर्णन गर्नुहोस् ।

(ज) तलको जस्तो तालिका बनाई उपयुक्त वाक्यहरू लेख्नुहोस् :

काल	पक्ष			
	सामान्य	अपूर्ण	पूर्ण	अज्ञात अभ्यस्त
वर्तमान				
भविष्यत्				
भूत				

विशेष ज्ञानका लागि सन्दर्भ सामग्री

सङ्क्षेपीकरण

दिइएको गद्यांशबाट पूर्णता झल्कने गरी मुख्य सार निकालेर छोटकरीमा प्रस्तुत गर्नुलाई सङ्क्षेपीकरण भनिन्छ । यसका लागि विद्यार्थीहरूले दिइएको गद्यांशलाई बारम्बार दोहोऱ्याई तेहेऱ्याई पढ्नु आवश्यक छ । पढ्दा मुख्यमुख्य कुरा पत्ता लगाउनुपर्दछ । ती कुरा नै सङ्क्षेप अंशमा समावेश भएको हुनुपर्दछ । सङ्क्षेपीकरण गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्दछ :

१. सङ्क्षेपीकरण गर्दा भाषा शुद्ध, स्पष्ट र सरल हुनुपर्दछ । नबुझिने र कठिन शब्दहरू प्रयोग गरेर र जटिल किसिमका वाक्यहरू बनाएर उत्तरलाई अस्पष्ट बनाउनु हुँदैन ।

२. सारांश मूलभाव झल्कने गरी तीन भागको एक भाग (एकतृतीयांश) शब्दमा तयार पार्नुपर्दछ । त्यसैले उत्तरमा उखान वा कसैको भनाइका साथै प्रत्यक्ष कथनको पनि कटौती गर्नुपर्छ । उदाहरणहरू दिने, भूमिका बाँध्ने र व्याख्या वा विश्लेषण गर्ने काम पनि आवश्यक पर्दैन ।

३. सारांश तयार पारिसकेपछि त्यसलाई एउटा सुहाउँदो शीर्षक पनि दिनुपर्दछ । शीर्षक बढीमा दुईतीन शब्दसम्मको सरल एवम् आकर्षक हुनुपर्दछ ।

काम खोज्दै जाँदा

अज्ञान मानिसको ठूलो कमजोरी हो । एकजना मानिसले आवेशमा आएर आफूले घरमा पालेको न्याउरीलाई मार्दा पश्चात्तापको आगोमा पिल्सिनुपरेको थियो । अज्ञानले मानिसमा भ्रम उत्पन्न गर्छ । न्याउरी मार्ने त्यस मानिसलाई यथार्थ कुरो समयमै थाहा भएको भए त्यस प्राणीलाई स्याबासी दिएर आफू कृतज्ञ बन्थ्यो होला तर अज्ञानले उसलाई छोप्यो र पछि उसले पछुताउनुपर्‍यो ।

हामी जीवनमा अनेकौं भुल गर्दछौं र तिनको पीडा भोग्नुपरेपछि पछुताउँछौं । हिजोआज वैदेशिक रोजगारका लाममा कतिपय हाम्रा युवायुवती बत्तीमा पुतली होमिएझैं होमिई ठूलो विपत्ति भोगिरहेका छन् । अज्ञानले गर्दा तिनीहरू आज अर्काको देशमा दुःख पाई पछुताइरहेका छन् । त्यसकारण मानिसले यसबाट भविष्यका लागि पाठ सिकेर जीवनलाई सार्थक बनाउन सक्नुपर्दछ । अङ्ग्रेजी साहित्यका महान् नाटककार सेक्सपियरले भनेका छन्, "पश्चात्ताप हृदयको वेदना हो र स्वच्छ जीवनको उदय पनि हो ।"

स्थान : सुत्ने कोठा

समय : राति ९:३० बजे

पात्र : सन्तमान

(साउदी अरेबियाको रियाद सहरको एउटा सानो घरको भुइँ तलाको एउटा कोठामा एउटा खाट, एउटा सानो टेबल र दुइटा कुर्सी छन् । कोठामा पङ्खा घुमेको छ र बत्ती बलेको छ । खाटमा कपडा अव्यवस्थित छन् । टेबलमाथि पुराना र मैला लुगा कोचेर राखेको एउटा झोला छ । कोठाको ढोका बन्द छ र झ्याल चाहिँ खुलै छ । रातको समय झ्यालबाट सहरमा बलेका बत्तीहरू देखिन्छन् र सवारी साधनको आवाज पनि स्पष्ट सुनिन्छ ।

*सन्तमान भुइँमा पल्टेको छ । ऊ एक **मध्यम वर्गीय** युवक हो । उसले माध्यमिक शिक्षासम्म पढेको छ । भएभरको सम्पत्ति खर्च गरी छ महिनाअघि ऊ यहाँ आइपुगेको हो । यतिका दिनसम्म प्रयास गर्दा पनि काम नपाएपछि ऊ भोलि नै आफ्नो घर फर्किंदै छ । रात निकै जाँदासम्म पनि आज उसलाई निद्रा लाग्दैन, त्यसैले सन्तमानको मन विभिन्न कुराले पिरोलिन्छ ।)*

१. विदेश गएपछि त रूखबाट पात टिपेझैं पैसा सोहोर्न सकिन्छ जस्तो लाग्थ्यो तर यो कुरा आफैंले बेहोर्दा बल्ल थाहा हुँदो रहेछ । आफू नमरी स्वर्ग देखिँदैन भनेझैं यहाँको पीडा त भोग्नेले मात्र थाहा

मध्यम वर्गीय : औसत जीवनस्तरभन्दा केही माथिल्लो वर्ग

पाएका हुन्छन् । वैदेशिक रोजगारको व्यवस्था मिलाइदिन्छौं भन्ने कम्पनीहरूको पनि के भर हुँदो रहेछ र ! विदेशमा काम मिलाइदिन्छौं भनेर पैसा हात पारेपछि उनीहरूको काम सकिँदो रहेछ । विदेशमा आइपुगेपछि मात्र उनीहरूका कुरा झुट्टा रहेछन् भन्ने थाहा पाइने रहेछ । यस्ता नक्कली कम्पनीहरूको जालमा परेर बिदेसिएका कति युवायुवतीहरूले यहाँ अलपत्र पर्नुपरेको, कतिले अपाङ्ग बन्नुपरेको र कैयौंले मृत्युको मुखमा पर्नुपरेको तथ्य वैदेशिक रोजगारको भूत चढेका अहिलेका सबै युवायुवतीलाई के थाहा ?



ओहो ! गर्मी पनि कस्तो भएको होला ! बोतलको पानी अलिकति पिउनुपर्‍यो । *(पानी खान्छ ।)*

२. अब म यहाँका यी दुःखका दिनहरू सम्झिन्न । सम्झिन्न भनेर पनि के गर्नु र ? यिनै कुराहरू मात्र झलझली मनमा आइरहन्छन् । मरुभूमिमय अरबको भतभती पोल्ने गर्मी अनि पानीको हाहाकार, तिर्खाएका बेला धित मरुन्जेल पिउन पनि नपाइने पानी । हाम्रो देशको त्यो चिसो पानी कहाँ पाउनु र, यहाँ ! यता दौड्यो, उता दौड्यो, दसतिर भौंतारियो, केही काम पाइएको होइन । भाषा पनि नबुझेर झन् बढी समस्या भयो ।

३. आफूले धेरै पढेको पनि होइन । *(उठेर यसो झ्यालबाट बाहिरतिर हेर्छ , अनि फेरि साबिकको रूपमा ओछ्यानमा पल्टिन्छ।)* मनोज भने बी.ए. पास गरेर गाउँकै हाइस्कुलमा शिक्षक बन्यो । ऊ अब आफ्नै गाउँका भाइबहिनीहरूलाई पढ्न लेख्न सिकाएर ज्ञानको ज्योति प्रदान गर्दछ । ऊ आफ्नै गाउँमा बस्छ, रुक्खा सुक्खा जे छ त्यही खान्छ । दिनभरि विद्यालय गए पनि बिहानबेलुका आफ्नो खेतीपाती हेर्छ, व्यवहार मिलाउँछ । उसको जीवन कति सुखी ! त्यस्तो भए पो । आफूले त पढ्नै सकिएन ।

४. न केही काम गरेर नै सम्पत्ति कमाउन सकियो न त पढ्न नै सकियो । भएभरको सम्पत्ति पनि स्वाहा भइहाल्यो । *(लामो सास फेर्छ ।)* अर्काको देशमा सबै पराइ, सबै बिराना हुने रहेछन् । आफ्नो समस्या कसैले सुल्झाइदिएन, पीडा र मर्म कसैले बुझिदिने होइन । काम खोज्दाखोज्दा हैरान हुनुपर्‍यो । म

रोजगार	- काम धन्दा, व्यवसाय, पेसा	मरुभूमिमय	- जतातते मरुभूमि भएको
मृत्युको मुखमा पर्नु	- मर्नु	ज्ञानको ज्योति	- शिक्षा
भूत चढेका	- एकोहोरिएका	हैरान	- थकित



जस्तालाई कसले पो राम्रो काम खोजिदिन्थ्यो र ! काम पाइहाले पनि कुखुरा भुत्ल्याउने, जुठा भाँडा माझ्ने, चिहान खन्ने, चर्पी सफा गर्ने जस्ता तुच्छ किसिमका काम मात्र पाइने रहेछन् । मसँगै आएको साथीले खर्च सकिएपछि चिहान खन्ने काम गऱ्यो । चिहान खन्ने मात्र कहाँ हो र ! गनाएका लासहरू पनि आफैँले खाल्टामा हालेर पुर्नुपर्ने रे ! छिः मलाई त सम्झिँदा पनि घिन लाग्छ । *(फोहोर फाल्ने बाल्टिनमा थुक्छ ।)* जीवनमा कहिल्यै नगरेका काम गर्दा उसलाई पनि हुनसम्म **आत्मग्लानि** भएको छ । खानु न पिउनु ताता घाममा खलखली पसिनाले निथ्रुक्क भिज्ने गरी काम गऱ्यो । बिहानबेलुका खान पुग्ने **पारिश्रमिक** पनि नपाइने । धत् ! यस्तो काम गरेर पनि सम्पत्ति कमाइन्छ ! कामदारप्रतिको दृष्टिकोण नै **हेय** र तुच्छ हुँदो रहेछ । यहाँ बितेका दिनहरू सम्झिँदा त कताकता रुन मन लाग्छ । आफ्नो खल्ती रित्तो भएपछि पेट पाल्नका लागि रेस्टुरेन्टमा जुठा भाँडा माझ्नै पऱ्यो । हेला गरेर दिएको आधा पेट खानेकुरा खाएर दिनभरि अरूका जुठा भाँडा माझ्दा घरमा आमाले माया गरेर खान बोलाउनुभएको सम्झना झलझली आउँदो रहेछ । आमाले त मलाई यता हिँड्न लागेको वेलामा "म बूढीलाई नबिर्सीकन चाँडै फर्किनू है बाबु" भन्नुभएको थियो । आमाका वचनलाई आदर नगर्ने म जस्ताको के भलो हुन्थ्यो र ? गाउँकै त्रिवेणी मेला, साथीभाइ, आहा ! पर्सि त म पनि पुगिहाल्छु नि, *(घडी हेर्छ)* ओहो, बाह्र ! बज्न लागेछ । मनमा कुरा खेलाएर मात्र के हुने हो र ! अब त सुत्नुपर्छ । *(फेरि अर्कापट्टि फर्किन्छ ।)*

आत्मग्लानि - पछुता

पारिश्रमिक - श्रम गरेबापट पाइने ज्याला

हेय - नराम्रो; छुद्र



अब अरूको यस्तो लहैलहैमा लागेर यसरी किन विदेश पसुँला र ! विदेशको ठाउँ, चिनेजानेका कोही छैनन् । पेटका लागि नै भने पनि जस्तोसुकै काम गर्नुपर्ने रहेछ । रेस्टुरेन्टको मालिकले महिनाभरि काम गराएर पूरा तलब नै नदिई लखेट्ता त झन् जिउँदै मरे जस्तै अनुभव भयो । परदेशको ठाउँ कहाँ गएर उजुर गर्नु ? छिः यसरी अपमानित भएर विदेशमा आपनो **स्वाभिमान** गिराउनुभन्दा त एक घान मकै खाएर गौरवपूर्वक आपनै देशमा बस्नु कहाँ हो कहाँ उत्तम ।

मेरा गाउँका साथीहरू विनोद, चेतमान, लीला, आशा सबैले मैले जस्तो अपमान सहनुपरेको छ र ? ज्या ! झ्याल त बन्द गर्नै बिर्सेछु ! (*उठेर झ्याल बन्द गर्छ* ।) घरमा भाइबहिनीहरू झोला खोल्न आउलान् । बाआमाले छोराले "के ल्याइदियो होला ?" भनेर आस गर्नुहोला । गाउँका साथीहरूले विदेशबाट धेरै सम्पत्ति लिएर आयो भन्ने ठान्लान् । यस्तो अवस्थामा रित्तै घर फर्किनु के **मरेको जुनी** भएन र ?

५. "जीवनमा कसलाई दुःख पर्दैन र ! जीवन भनेकै दुःख र सुखको **सम्मिश्रण** त हो, दुःख पऱ्यो भनेर आत्तिनु हुँदैन, **धैर्यधारण** गर्नुपर्छ" सोमनाथ गुरु भन्ने गर्नुहुन्थ्यो । मेरो के पो बिग्रेको छ र ! मानिसलाई ऋण लागोस्, **दिन नलागोस्** भन्छन् । आपनै घरमा जान्छु । मर्दापर्दा साथ दिने दाजुभाइ, गाउँले इष्टमित्रहरू छँदै छन् । उनीहरूसँगै हातेमालो गर्दै म पनि काम गर्छु, आपना **हातका नङ्ग्रा खियाउँछु** । आपनै गाउँमा **सीप खन्याउँछु** र सिँगार्छु । बरु अरूको लहैलहैमा लागेर बिदेसिने मेरा

स्वाभिमान	- गौरव; प्रतिस्ठा	**धैर्यधारण**	- सहनु
मरेको जुनी	- उन्नति गर्न नसकेको जीवन	**दिनलाग्नु**	- नराम्रा दिन आउनु; दशा लाग्नु
सम्मिश्रण	- मिसावट	**हातमा नङ्ग्रा खियाउनु**	- परिश्रम गर्नु
आत्तिनु	- अत्तालिनु	**सीप खन्याउनु**	- जानेको सीपको उपयोग गर्नु

साथीभाइ र युवायुवतीलाई बिदेशको यो दुःख सुनाएर आफ्नो श्रम, सीप र पसिनाले आफ्नै गाउँको विकास गर्न अभिप्रेरित गर्छु । (*कोल्टो फर्किन्छ ।*) यी सबै कुरा पहिले नै सोच्न सकेको भए यत्तिको हन्डर खानै पर्ने थिएन । अब बितिसकेका कुरा मनमा खेलाएर मात्र के हुने हो र ? अब त यो अनुभवबाट पाठ सिकी अघि बढ्नु नै राम्रो होला । अब त निदाउनुपर्छ । (*ओड्ने ओढेर गुटुमुटु परी सुत्छ ।*)

पसिना	- मिहिनेत	हन्डर खानु	- दुःख पाउनु
अभिप्रेरित	- प्रेरणा दिने काम		

अभ्यास

१. **तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) सन्तमानले कुन तहसम्मको पढाइ पूरा गरेको छ ?

(ख) सन्तमान कामको खोजीमा कहाँ गएको थियो ?

(ग) सन्तमान किन मनोज जस्तो हुन सकेन ?

(घ) दुःखमा धैर्यधारण गर्नुपर्छ भनेर कसले भनेको हो ?

(ङ) सन्तमानले बिदेशमा कामको खोजीमा कति समयसम्म बितायो ?

२. **उच्चारण गर्नुहोस् :**

आधापेट, इष्टमित्र, हुङ्गा, दृष्टिकोण, पारिश्रमिक, पीडा, भाँडा, मातृभूमि, वातावरण, स्वस्थकर, ज्योति, स्वाभिमान, भौंतारिनु, अङ्गभङ्ग

३. **पाठबाट 'बि' उपसर्ग एवम् 'इक' र 'इत' प्रत्यय लागेका दुईदुईओटा शब्द टिप्नुहोस् ।**

४. **पाठबाट 'ब' र 'व' प्रयोग भएका पाँचपाँचओटा शब्द टिप्नुहोस् ।**

५. **अर्थ स्पष्ट हुने गरी संयुक्त वाक्यमा प्रयोग गर्नुहोस् :**

आफ्नो गाउँलाई पसिनाले भिजाउनु, खानु न पिउनु, गुटुमुटु, झलझली, देशलाई सिँगार्नु, पुर्खाको धरोहर, पेट पाल्नु, बल्लतल्ल, बिदेश पस्नु, सर्वस्व सुम्पनु

६. **सच्याएर लार्नुहोस् :**

बिदेस गएपछि त रूखबाट पाट टिपे झैं पेशा शोर्न सकिन्छ जस्तो लागथियो ।

७. **तलका उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) आफू नमरी स्वर्ग देखिँदैन
(ख) नजिकको तीर्थ हेला
(ग) ऋण लागोस् तर दिन नलागोस्
(घ) आकाशको फल आँखा तरी मर्
(ङ) अड्को पड्को तेलको धूप
(च) नमच्चिने पिङको सय झड्का
(छ) तातै खाऊँ जली मरूँ
(ज) नाच्न नजान्ने आँगन टेढो
(झ) देख्नेका आँखा फुटे सुन्नेको सही

८. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) सन्तमान सुतेको कोठालाई कुन रूपमा चित्रण गरिएको छ ?

(ख) सन्तमानलाई अबेरसम्म निद्रा नलाग्नुको कारण के हो ?

(ग) वैदेशिक रोजगार कम्पनीप्रति सन्तमानको केकस्तो दुखेसो छ ?

(घ) सन्तमानले विदेशमा भोग्नुपरेको दुःखका अनुभूतिहरू केके हुन् ?

(ङ) सन्तमान अन्त्यमा आफ्नो मनलाई कसरी सम्झाउँछ ?

९. **'काम खोज्दै जाँदा' मनोवादको सारांश लेख्नुहोस् ।**

१०. **व्याख्या गर्नुहोस् :**

(क) जीवन भनेकै सुख र दुःखको समिश्रण त हो

(ख) बितिसकेका कुरा मनमा खेलाएर मात्र के हुने हो र ?

सिर्जनात्मक अभ्यास

तलका प्रश्नहरूमध्ये आफूलाई मन परेका विषयमा मनोवाद लेख्नुहोस् :

(क) एसएलसी परीक्षाको पहिलो दिनको परीक्षाको कल्पना गरी मनोवाद लेख्नुहोस् ।

(ख) आफूलाई मन पर्ने साथी रिसाउँदा आफ्नो मनमा उत्पन्न विचार र भावनालाई समेटी मनोवाद तयार पार्नुहोस् ।

(ग) जिल्लास्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम हुँदा आफ्नो मनमा खेलेका अनुभव समेटी मनोवाद लेख्नुहोस् ।

(घ) अस्पतालमा आफ्नो अभिन्न मित्रको शल्यक्रिया हुँदै गरेको अवस्थामा प्रतीक्षा गर्दाको अनुभव समेटी मनोवाद लेख्नुहोस् ।

(ङ) आफू जन्मेको ठाउँ छोडेर अन्यत्र पढ्न जाँदा आफ्ना मनमा उठेका भाव समेटी मनोवाद लेख्नुहोस् ।

(च) विदेशमा खर्च सकिँदा परेको सङ्कटको अनुभव समेटी मनोवाद लेख्नुहोस् ।

(छ) आफ्ना नेपाली पढाउने शिक्षक खुसी हुँदा आफ्ना मनमा उठेका भावहरू समेटी मनोवाद तयार पार्नुहोस् ।

व्याकरण

भावका आधारमा वाक्य परिवर्तन

अर्थ	उदाहरण	स्पष्टीकरण
सामान्यार्थ	• म परीक्षा दिन्छु । • म परीक्षा दिँदै छु । • मैले परीक्षा दिएको छु । • मैले परीक्षा दिएँ । • म परीक्षा दिँदै थिएँ । • मैले परीक्षा दिएँछु । • म परीक्षा दिन्थेँ । • म परीक्षा दिने छु । • म परीक्षा दिँदै हुने छु । • मैले परीक्षा दिएको हुने छु ।	सबै काल र पक्षका वाक्य
आज्ञार्थ	• तँ पढ् । • तिमी पढ । • तपाईं पढनुहोस् ।	द्वितीय पुरुषका वाक्य मात्र
इच्छार्थ	• म पढूँ । • हामी पढौँ । • तैंले पढेस् । • तिमीले पढे । • उसले पढोस् । • उनले पढून् ।	सबै पुरुषका इच्छा जनाउने वाक्य
सम्भावनार्थ	• हरि जाला । • उनीहरू आउलान् । • उमा पढ्दै होली ।	कामको सम्भावना जनाउने वाक्य
सङ्केतार्थ	• पानी पाए खान्छु । • तिमी आए जाउँला । • पैसा भेटे खर्च गर्थेँ ।	एउटा कामका आधारमा अर्को काम हुने अवस्था सङ्केत गर्ने वाक्य

एउटा अर्थ प्रकट गर्ने वाक्यलाई अर्को अर्थ जनाउने वाक्यमा परिवर्तन गर्नुलाई भावका आधारमा वाक्य परिवर्तन भनिन्छ ।

व्याकरण अभ्यास

(क) पाठबाट आज्ञार्थ र सम्भावनार्थ जनाउने वाक्य टिपी छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

(ख) तलका वाक्यलाई इच्छार्थमा परिवर्तन गर्नुहोस् :

(अ) युवायुवतीले काम पाए ।
(आ) ऊ भाइबहिनीलाई पढ्न सिकाउँछ ।
(इ) म राम्रो काम खोज्छु ।
(ई) हामी जुठा भाँडा माझ्दैनौं ।
(उ) उनीहरू डुल्न जान्छन् ।

(ग) कोष्ठकमा दिइएको सङ्केतअनुसार खाली ठाउँ भर्नुहोस् :

(अ) मैले परीक्षा.....(दि:सामान्यार्थ)
(आ) तिमी कक्षाबाहिर .....(जा: आज्ञार्थ)
(इ) तिमी इन्जिनियर .....(बन् : इच्छार्थ)
(ई) दाउरेले दाउरा .....(काट्: सम्भावनार्थ)
(उ) तिमी नआए म .....(खेल्: सङ्केतार्थ)

(घ) कोष्ठकमा दिइएका सङ्केतअनुसार परिवर्तन गर्नुहोस् :

(अ) तिमी आउँछौ । (आज्ञार्थ)
(आ) उनीहरू भ्रमण गर्छन् । (इच्छार्थ)
(इ) गाईवस्तु चर्दै थिए । (सम्भावनार्थ)
(ई) आज दिनभरि पानी पर्ला । (सङ्केतार्थ)
(उ) तिमी असल मान्छे बन । (सामान्यार्थ)

(ङ) इच्छार्थक क्रियाको प्रयोग गरी तपाईंको मनको इच्छा वर्णन गर्दै एक अनुच्छेद लेख्नुहोस् ।

(च) "मैले झ्याल बन्द गर्न बिसँछु ।" यस वाक्यलाई सम्भावनार्थ, सङ्केतार्थ र इच्छार्थमा बदल्नुहोस् ।

मनोवाद र यसको शैली

कुनै व्यक्ति विशेषले खास विषयमा आफैँसँग एक्लै गरेको एकोहोरो कुराकानीलाई मनोवाद भनिन्छ । यसलाई एकालाप वा स्वगतकथन पनि भनिन्छ । यो एक किसिमको रूपकीय अभिव्यक्ति हो । यसमा एकजना मात्र पात्र हुने भएकाले संवादमा झैँ दोहोरो कुराकानी हुँदैन । यसमा एक्लो पात्रका मनका कुरा (स्मृति, कल्पना, पश्चात्ताप, द्विविधा, खुलदुली, सङ्कल्प आदि) को अभिव्यक्ति हुन्छ । मनोवाद लेख्दा सामान्यतया निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्छ :

(क) सबैभन्दा पहिले शीर्षक दिनुपर्दछ ।

(ख) शीर्षक उल्लेख गरिसकेपछि त्यसैको केही तल स्थान, समय र पात्रको जानकारी दिनुपर्दछ ।

(ग) एकालाप प्रस्तुत गर्नुभन्दा पहिले सम्बन्धित विषयको पृष्ठभूमि, घटना र पात्रको परिवेशका बारेमा कोष्ठकमा जानकारी दिनु राम्रो हुन्छ ।

(घ) मनोवादात्मक अभिव्यक्तिको आरम्भमा पात्रको नाम उल्लेख गरी कोष्ठकमा 'मनमनै' लेखी उसका मानसिक कथनलाई प्रस्तुत गर्नुपर्दछ ।

(ङ) विषय र प्रस्तुतिअनुरूप कुनै एक वा तीनै काल (भूत, वर्तमान र भविष्यत्) का क्रियापदको मिश्रित प्रयोग पनि यसमा गर्न सकिन्छ ।

(च) नाटकीय एकल अभिव्यक्ति भएकाले यसको शैली प्रथम पुरुषप्रधान हुनुपर्छ ।

(छ) एकोहोरो अभिव्यक्ति दिक्कलाग्दो नबनोस् भनेर बीचबीचमा पात्रका मनोभावका उतारचढावलाई हाउभाउका रूपमा कोष्ठकमा उल्लेख गर्नुपर्छ ।

पाठ ६

कविता

वैशाख

❑ माधवप्रसाद घिमिरे

यस धरतीमा प्रकृतिको विराट् रूप देख्न सकिन्छ । मरुभूमिको भन्दा ध्रुवीय प्रदेशहरूको प्रकृति भिन्न हुन्छ । पहाडी क्षेत्रको प्रकृति र तराई क्षेत्रको प्रकृति एउटै हुँदैन । महासागरको बीचमा कुनै जहाजबाट चारैतिर प्रकृतिलाई हेरौं र मरुभूमिको बीचमा ऊँट चढेर चारैतिर प्रकृतिलाई हेरौं । पानी नै पानी वा बालुवामा प्रकृतिको रूपलाई फरकफरक देख्न सकिन्छ । लेकमा लालीगुराँस ढकमक्क फुलेको हुन्छ जुन तराईमा कहीँ कतै ढकमक्क फुलेको देख्न पाइन्न । धान सबै ठाउँमा फल्दैन । चियाखेती सबै ठाउँहरूमा हुँदैन । यस धरतीमा कहीँ हिउँ नै हिउँ मात्र छ भने कहीँ पानी नै पानी । कतै पहाडहरू उठेका छन् भने कतै समथल जमिनका फाँटहरू छन् । नदीनालाको वेगहरू पनि सबै ठाउँमा एकनास छैन । प्रत्येक ऋतुमा प्रकृतिको रूपरङ फेरिन्छ । आँप, सुन्तला, लिची, आलुबखडा आदि फल्न पनि निश्चित महिना पर्खनुपर्दछ । यसरी सम्पूर्ण प्रकृति आफ्नै अनुशासन र नियममा चलेको छ जुन कहिल्यै भङ्ग हुँदैन । प्रकृति विश्वका सबै ठूलासाना मुलुकहरूमा भिन्नभिन्न रूपरङमा व्याप्त छ जसको प्रत्यक्ष अवलोकनका लागि प्रकृतिले समेटेको दिन र काललाई मानिसहरूले वसन्त, शरद् आदि भनेर पनि नाम दिएका छन् । वैशाख वसन्त ऋतुमा पर्ने महिनाको नाम हो । यो पनि प्रकृतिकै एक रूप हो । माधवप्रसाद घिमिरे प्रकृतिका यी विविध पक्षलाई समेटेर 'वैशाख' का रूपमा प्रस्तुत गर्न खप्पिस देखिन्छन् ।

माधवप्रसाद घिमिरे (वि.सं. १९७६) को जन्म गण्डकी अञ्चलको लमजुङ जिल्लाको पुस्तुन भन्ने गाउँमा भएको हो । उनले गाउँमै प्राथमिक शिक्षा हासिल गरे र पछि १७ वर्षको उमेरमा काठमाडौंमा आई सर्वदर्शनमा स्नातक उपाधि प्राप्त गरे । उनी राष्ट्रकवि हुन् । उनी नेपाली भाषा प्रकाशिनी समितिका जागिरे, गोरखापत्रको सहायक सम्पादक र नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपतिसम्म भए । उनका मुख्यमुख्य कृतिहरू हुन् : *गौरी, राजेश्वरी, राष्ट्रनिर्माता, पापिनी आमा, किन्नरकिन्नरी, शकुन्तला, मालतीमङ्गले* आदि । उनी शास्त्रीय छन्दमा कविता लेख्ने प्रसिद्ध कवि हुन् । आफ्ना कोमल भावहरूलाई उनले सुन्दर ढङ्गमा व्यक्त गरेका छन् । उनका कृतिहरूमा कतै नेपालको मनोरम प्रकृतिको चित्रण पाइन्छ भने कतै देशभक्तिको भावना अभिव्यक्त भएको हुन्छ । उनी राष्ट्रवादी कवि तथा गीतकार हुन् । उनले मानवमनका मसिना अनुभूतिलाई प्रेमको प्रसङ्ग मिलाएर आफ्ना गीतहरूमा प्रकट गरेका छन् । मन्दाक्रान्ता छन्दमा रचना गरिएको यस कवितामा माधवप्रसाद घिमिरेले वैशाख शीर्षक दिएर वसन्त ऋतु वर्णनको गर्दै प्रकृतिको सुन्दर चित्रण गरेका छन् । यस कवितामा राष्ट्रिय भाव पनि पाइन्छ । यस कविताको रचनामा उनले सामाजिक सन्दर्भ र मानवीय जीवन दर्शनलाई पनि सामान्य रूपमा उल्लेख गरेका छन् । कविको कारुणिक तथा कलात्मक स्वरूप सङ्गीत बनेर कवितामा मुखरित भएको छ । कविमा भएको प्रकृतिप्रेमको प्राचुर्यले नै यस किसिमको सरल, सरस, सुमधुर कविताको सिर्जना हुन सकेको हो भन्न सकिन्छ ।

डाँडाकाँडा **चहुर** हरिया देखिए **पालुवाले**
बोकी ल्यायो **बकुल** वनको वास मीठो हवाले ।
डाकी मौरी **मधुर रसमा लेक** पाक्यो **गुहँली**
गोठालाले वनवन डुली हाल्न थाल्यो सुसेली ॥ ४

लाऊँ कानैतिर भनि टिपिन् **गुर्सिनीले** गुराँस
नेवार्नीले **मधुसुमनले जेल्दिइन् केशपाश** ।
भोटेनीले मगमग **बुकीफूल** बाँधिन् तुनामा
क्वैली बोल्यो वनवन नयाँ प्रीतिको सम्झनामा ॥ ८

आए पाखा वन चहुरमा फूल लाखौं पलाई
को भन्देला **सकल** यिनको नाम मीठो मलाई ।
मेरै धौलागिरि शिखरमा छैन मैले पुगेको
नेपालीको दिल छुन अझै छैन मैले सकेको ॥ १२

मीठो वास्ना **मधुपवन**मा आज आइरहेछ
यौटा थुङ्गा वनतिर कतै मुस्कुराइरहेछ ।
कोहो कोहो भनी वनवनै क्वैलि गाइरहेछ
नौलो मान्छे **कुसुमपथ**मा हेर आइरहेछ ॥ १६

चौतारीमा वरपिपलको बोट नौलो लगाऊँ
छाहारीको तलतिर बसी गीत यौटा म गाऊँ ।
आई कैल्यै पनि नसकिने चैतवैशाख मेरा
लाई कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा ॥ २०

चहुर - चौर, दूबो वा घाँस उम्रेको मैदान
पालुवा - मुना; रूखमा पलाएका नयाँ र कोमल पात
बकुल - स-साना पात हुने, हावामा उड्ने, सेतोसेतो, नीलो रङको सुगन्धी फूल; मौलासिरी
मधुर रस - स्वादिलो रस
लेक - पहाडको माथिल्लो भाग; शिखर
गुहँली - एक प्रकारको जङ्गली फूल
गुर्सिनी - गुरुङसेनी; गुरुङजातिकी महिला
मधुसुमन - मीठो फूल; सुन्दर फूल
जेल्दिइन् - जेलिदिइन्; बाँधेर सजाइन्
केशपाश - चुल्ठो
बुकीफूल - हिमाली पाखामा पाइने सेतो नरम फूल
सकल - सबै; सम्पूर्ण
मधुपवन - वसन्तको हावा; चैतवैशाखमा चल्ने हावा
कुसुमपथ - फूलैफूलले ढाकेको बाटो

वैली जान्छन् कुसुमहरू यी जेठको घाम ओढी
क्वैली जान्छे कुन बिरहमा माइती देश छोडी ।
हाँसी खेली दुइदिन, कहाँ जान्छ यो जिन्दगानी
को लैजाला अमरपुरमा फूलको यो जवानी ॥ २४

बोक्रा फेरीकन समयले घाउ सारा पुरिन्छन्
मौरी आई मधुपवनमा सुन्तलामा धुरिन्छन् ।
कस्तूरीले गिरिवन घुमी खोज्छ आफ्नै सुगन्ध
हुन्नन् कैल्यै कुसुम वनमा प्रीतिका गीत बन्द ॥ २८

बिरह - वियोग, बिछोड अमरपुर - स्वर्ग

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) डाँडाकाँडा किन हरिया देखिएका हुन् ?
(ख) गुहेँली कहाँ र कसरी पाकेको छ ?
(ग) गुरुङसेनी, नेवार्नी र भोटेनीले टिपेका फूल कुनकुन हुन् ?
(घ) कविले गर्न नसकेका कुरा केके हुन् ?
(ङ) कस्तूरीले सुगन्ध कसरी खोज्छ ?
(च) चैत्र र वैशाख कुन ऋतुमा पर्ने महिना हुन् ?

२. **'वैशाख' कविता गति, यति र लय मिलाएर वाचन गर्नुहोस् ।**

३. **तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

गुहेँली, गुर्सिनी, गुराँस, नेवार्नी, क्वैली, प्रीति, बोक्रा

४. **तलका शब्दको अर्थ भन्नुहोस् :**

पालुवा, बकुल, सुसेली, मधुसुमन, केशपाश, तुना, सकल, मधुपवन, गिरिवन, कस्तूरी

५. **तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

डाँडाकाँडा, गोठाला (४), क्वैली (८), शिखर (१२), कुसुमपथ (१६), चौतारी, छाहारी (२०), अमरपुर (२४)

६. **कविताको १ देखि ८ हरफबाट 'ब' र 'म' वर्णबाट बनेका शब्दहरू टिपी तिनलाई वर्णानुक्रमअनुसार राख्नुहोस् ।**

७. **तलका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् :**

वन, हावा, केश, शिखर, प्रीति, देश, जिन्दगानी, सुगन्ध

८. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) 'वैशाख' कवितामा प्रकृतिको कस्तो वर्णन पाइन्छ ?

(ख) 'वैशाख' कवितामा सौन्दर्यको अनुभूतिलाई कविले कसरी प्रस्तुत गरेका छन् ?

(ग) 'वैशाख' कवितामा नेपाली समाजको कस्तो चित्र उतारिएको छ ?

(घ) गुरुङसेनी, नेवार्नी र भोटेनीले केके गरे ?

(ङ) "परिवर्तन प्रकृतिको नियम हो" भन्ने भनाइलाई कविताको आधारमा स्पष्ट पार्नुहोस् ।

(च) 'वैशाख' कविताको मूल भाव के हो ?

९. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) मेरै धौलागिरि शिखरमा छैन मैले पुगेको
नेपालीको दिल छुन अझै छैन मैले सकेको ।

(ख) आई कैल्यै पनि नसकिने चैत वैशाख मेरा
लाई कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा ।

१०. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) 'वैशाख' कवितामा कविले प्रकृति र मानवको सम्बन्धलाई कसरी चित्रण गरेका छन्, स्पष्ट पार्नुहोस् ।

(ख) 'वैशाख' कविताका आधारमा कविलाई सौन्दर्यप्रेमी र आशावादी कविका रूपमा चिनाउनुहोस् ।

११. **नेपालको प्राकृतिक सौन्दर्यका बारेमा कक्षामा छलफल गरी प्रकृतिको संरक्षण र सदुपयोग भन्ने विषयमा १०० शब्दमा नघटाई आफ्नो विचार लेखेर शिक्षकलाई देखाउनुहोस् ।**

सिर्जनात्मक अभ्यास

'परिवर्तन' शीर्षकमा कविता रची कक्षामा सुनाउनुहोस् ।

व्याकरण

प्रेरणार्थक वाक्यान्तरण

सामान्य वाक्य	प्रेरणार्थक वाक्य
विद्यार्थी पाठ पढ्छ ।	शिक्षक विद्यार्थीलाई पाठ पढाउनुहुन्छ ।
गायक गीत गाउँछ ।	गायिका गायकलाई गीत गाउन लगाउँछे ।
हरिशङ्कर पढाउँछ ।	शिवशङ्कर हरिशङ्करलाई पढ्न लगाउँछ ।

आफूले नै काम नगरेर अन्यबाट काम गर्न लाउने सन्दर्भमा प्रयोग हुने वाक्यलाई प्रेरणार्थक वाक्य भनिन्छ ।
प्रेरणार्थक वाक्यमा प्रेरणात्मक धातुबाट बनेका क्रियापदको प्रयोग हुन्छ ।
यस आधारमा सामान्य वाक्य र प्रेरणार्थक वाक्य गरी वाक्यलाई दुई रूपमा लिन सकिन्छ ।

माथिका उदाहरणमा वाक्यलाई प्रेरणार्थक वाक्यमा बदलिएको छ ।

सामान्य वाक्यलाई प्रेणार्थक वाक्यमा बदल्ने ढाँचा

सामान्य वाक्यमा प्रयोग भएको समापिका क्रियाको धातुमा 'आउ' थप्ने
सुरुमै 'आउ' प्रत्यय लागेका वा दि, जा जस्ता धातुमा 'न+लगाउ' थप्ने
सामान्य वाक्यको क्रियाको कालअनुसार रूपावली मिलाउने
सामान्य वाक्यको कर्तामा 'लाई' थपी कर्म बनाउने
मानवीय प्रेरक कर्ता थपी सङ्गति मिलाउने

व्याकरण अभ्यास

(क) तलका वाक्यलाई प्रेरणार्थक बनाउनुहोस् :

(अ) ऊ कुर्सीमा बस्छ ।
(आ) भगतसिंह ढोलक बजाउँछ ।
(इ) पूर्णसिंह डोको बुन्छ ।
(ई) अनिता टाइप गर्छे ।
(उ) एलिसा खेतमा काम गर्छे ।
(ऊ) म असल मान्छे बन्छु ।
(ऋ) प्रतीक्षा कविता लेख्छे ।
(ए) डकर्मी घर बनाउँछ ।
(ऐ) नानी कोक्रामा सुत्छ ।
(ओ) किसान हलो जोत्छ ।

(ख) तलका प्रेरणार्थक क्रियालाई वाक्यमा प्रयोग गर्नुहोस् :

खेलाउनु, घुमाउनु, कुदाउनु, नचाउनु, सुताउनु, पढाउनु, बसाउनु, लेखाउनु, चुठाउनु

(ग) तलका क्रियालाई प्रेरणार्थक क्रियामा बदल्नुहोस् :

खानु, गाउनु, घोक्नु, देख्नु, बन्नु, गर्नु, लाग्नु

(घ) तलका प्रेरणार्थक वाक्यलाई सामान्य वाक्यमा रूपान्तरण गर्नुहोस् :

(अ) किसानले हलीलाई खेत जोताउँछ ।
(आ) देबु भरियालाई भारी बोकाउँछ ।
(इ) साथी अरूलाई हसाउँछ ।
(ई) महेश साथीलाई भारी बिसाउन लाउँछ ।
(उ) गुरु सबै विद्यार्थीलाई पढाउनुहुन्छ ।
(ऊ) घरधनीले खेतालालाई घर छाउन लगायो ।
(ऋ) आमाले छोरालाई बिस्कुन सुकाउन लाउनुभयो ।

शब्दहरूको शुद्ध रूप

भाषाको प्रयोग कथ्य र लेख्य गरी दुई किसिमबाट हुने गर्छ। कथ्य भाषाको निश्चित नियम हुँदैन भने लेख्य भाषा व्याकरणद्वारा निर्देशित हुन्छ। दैनिक व्यवहारमा प्रयोग गरिने कथ्य भाषा लेख्य भाषाको नियमअनुसार हुँदैन। हाम्रा कतिपय सार्वजनिक क्षेत्रमा कथ्य भाषाको प्रभाव परी त्यसैअनुरूप भाषिक प्रयोग गर्दा सर्वसाधारणमा भाषिक अशुद्धिको असर देखिनु अस्वाभाविक होइन। यस किसिमका अशुद्ध उच्चारण गर्ने पारिपाटी राम्रो होइन। यसबाट विद्यार्थीवर्ग पनि सचेत हुनुपर्छ। यहाँ केही त्यस्ता अशुद्ध शब्दहरू दिई तिनको शुद्ध रूप समेत दिइएको छ :

अशुद्ध रूप	शुद्ध रूप
सौहार्द्रता	सौहार्द
कवियत्री	कवयित्री
मृतु	मृत्यु
स्वाध्यायन	स्वाध्ययन
अत्यान्त	अत्यन्त
विधुवी	विधवा
रचियता	रचयिता
नामाकरण	नामकरण
साहेता	सहायता
सामाग्री	सामग्री
साहारा	सहारा
चाहाना	चाहना
माहाकवि	महाकवि
माहान	महान्
निपुर्ण	निपुण
आवशेक्ता	आवश्यकता
व्यवहारिक	व्यावहारिक
व्यवसायिक	व्यावसायिक
विध्यालय	विद्यालय
अत्याधिक	अत्यधिक
आत्मसाथ	आत्मसात
दुरावस्था	दुरवस्था
अविभावक	अभिभावक
उद्धेश्य	उद्देश्य
उपरोक्त	उपर्युक्त

दोषी चस्मा

❑ विश्वेश्वरप्रसाद कोइराला

यी प्रश्नहरूको जवाफ चिह्न लगाई दिनुहोस् :

- *आफूलाई पटक्कै मन नपर्ने कुरा गर्नुपऱ्यो भने तपाईँलाई रिस उठ्छ ?* ☐
- *ज्यादै खुसीको खबर सुन्नुभयो भने तपाईँ हाँस्नुहुन्छ ?* ☐
- *सपनामा तपाईँले कुनै डरलाग्दो जङ्गलमा एउटा ठूलो बाघ तपाईँतिरै आइरहेको देख्नुभयो भने तपाईँलाई डर लाग्छ ?* ☐
- *प्राकृतिक प्रकोपबाट जनधनको ठूलो क्षति भएको देख्दा तपाईँलाई दुःख लाग्छ ?* ☐
- *फतफती कुहिएको दुर्गन्धित लास देखेर तपाईँलाई घिन लाग्छ ?* ☐

मानिस भएपछि परिस्थिति विशेषमा कहिले रिस उठ्नु त कहिले हाँस्नु, कहिले डर मान्नु त कहिले दुःख मान्नु अनि कहिले घिन मान्नु स्वाभाविकै कुरा हो । मनोविज्ञानको भाषामा रिसाउनु, हाँस्नु, डराउनु, दुःखित हुनु, घिनाउनु आदिलाई संवेग भनिन्छ । यस्ता मानवीय संवेगहरू अरू पनि छन् । उत्तेजित हुनु, झोक्किनु, निराश हुनु, फुर्किनु वा सर्किनु, मक्ख पर्नु, खिन्न हुनु आदि मानवीय संवेग हुन् । प्रस्तुत दोषी चस्मा कथाका पात्र केशवराजका यस्तैयस्तै संवेगहरूबाट तयार पारिएकाले नै प्रस्तुत कथालाई मनोवैज्ञानिक कथा भनिएको हो ।

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१ – २०३९) नेपाली साहित्यका एक प्रसिद्ध मनोवैज्ञानिक कथाकार हुन् । कानुन विषयमा स्नातक उपाधि प्राप्त गरिसकेपछि दार्जिलिङमा उनले वकालती कार्य प्रारम्भ गरे । त्यहीँ रहँदाबस्दा स्व. सूर्यविक्रम ज्ञवालीको प्रेरणा पाएर उनले नेपालीमा कथाहरू लेख्न थालेका थिए । त्यसभन्दा अघि उनले हिन्दीमा फाट्टफुट्ट कथाहरू लेखिसकेका थिए । हालसम्ममा उनका दोषी चस्मा र श्वेतभैरवी दुई कथासङ्ग्रहहरू प्रकाशन भएका छन् जसमा मानिसको मनका विभिन्न स्थितिहरूको चित्रण गरिएको छ । विशेष गरेर यौन तथा नर र नारीबीचको प्रेमाकर्षणसम्बन्धी मनोविज्ञानलाई आधार बनाएर उनले उत्कृष्ट कथाहरू लेखेका छन् । यौन असन्तुष्टि वा यौनभावको दमनबाट उत्पन्न हुने समस्या वा विकृतिहरूलाई विषयवस्तु बनाएर उनले *कर्नेलको घोडा, श्वेतभैरवी, मधेशतिर, पवित्रा* जस्ता कथाहरू लेखेका छन् । सिग्मन्ड फ्रायडका मनोविश्लेषणसम्बन्धी सिद्धान्तको अनुसरण गर्ने भएकाले उनलाई फ्रायडवादी कथाकार भन्ने गरिन्छ । प्रस्तुत दोषी चस्मा कथा एउटा यस्तो मनोवैज्ञानिक कथा हो जसमा प्रचलित नेपाली उखान 'वनको बाघले खाओस् कि नखाओस्, मनको बाघले खानु' लाई बडो सुन्दर ढङ्गबाट पुष्टि गरिएको छ ।

१. केशवराजको चस्मा दोषी थियो । अलिक टाढाको मानिस उनी चिन्न सक्तैनथे । किताब पढ्दा उनको आँखालाई निकै बल पर्थ्यो । चस्माको पावर उनका आँखाका लागि कम भएछ । धेरै दिनदेखि उनी अर्को चस्मा लिने विचारमा थिए, तर अझै अनुकूल परेको थिएन ।

२. केशवराज **जर्साबकहाँ चाकरी** गर्न जान्थे । एकदिन सधैंको जस्तो चाकरीमा गएका थिए, तर ५:३० बज्दा पनि जर्साबको सवारी भएन । आज सवारी हुँदैन कि ? सारा चाकरिया निराश भएर आज सवारी हुँदैन भन्ने निश्चय गरी फर्के तर उनी महलको अगाडिको चौर रिक्त भएपछि पनि धेरै बेरसम्म आशाले बसिरहे । साँझ पर्न लागेको थियो । सूर्यलाई पश्चिमतिरको पहाडले ढाकिदिएको हुनाले पृथ्वी त अँध्यारिँदै आएको थियो; तर आकाशतिर सूर्यका लामा **रश्मि** तेर्सिरहेका थिए । साथीभाइसँग छुट्टिएका, बाटो बिराएका, एकदुई बादलका टुक्रा आकाशमा **रङमङिदै** थिए । उनलाई यस दृश्यले लोभ्यायो । उनी पनि आज जर्साबको सवारी हुँदैन भन्ने निश्चय गरेर बाटो लागे । अरू दिन भएको भए जर्साबको चाकरी नपाउँदा उनी कति दुःखित हुन्थे; तर आज उनलाई बडो उत्साह थियो । फुर्तीसँग **डेग** बढाउँदै धानको लहलहाउँदो खेतबाट आएको सुगन्धी वायुलाई स्वादसँग फोक्सोभित्र भर्दै उनी आइरहेका थिए । त्यो टाढाको कालो वस्तु ढुङ्गा हो कि मुढो हो कि, भैंसी हो कि, मानिस नै हो; यो उनले ठम्याउन सकेनन् । चस्मा कस्तो बेकामको भएछ, उनले फेरि सम्झे । तर यो विचारले उनलाई धेरै बेर चिन्तित पारेन । त्यसै बखतमा पछिल्तिरबाट 'भौं, भौं' गर्दै एउटा मोटर आयो । मोटरको नम्बर हेरेर **'स्वस्ति'** गर्नुपर्ने हुनाले, चस्माको घेरालाई देब्रे हातको बूढी र चोर औंलाले समातेर उनले मोटरको नम्बरप्लेटलाई **गौर गरे** । "धत्, यस चस्माबाट ठ्याम्मै काम नचल्ने भयो" मोटरको नम्बर उनले पढ्न सकेनन् । त्यसै बखतमा मोटर हर्र गयो, अनि पो मोटरलाई र मोटरमा **राज भएका** जर्साबलाई उनले चिने र हतपताउँदै स्वस्ति

जर्साब - रथीवृन्दलाई बुझाउने सैनिक पद; जर्नेल साहेबको छोटकरीरूप
चाकरी - कसैलाई खुसी पार्न गरिने कार्य
रश्मि - किरण; प्रकाश; ज्योति
रङमङिनु - रुमल्लिनु; भौंतारिनु
डेग - पाइला; फड्को
स्वस्ति - नुहेर विशेष किसिमबाट विशिष्ट व्यक्तिहरूलाई गरिने एक परम्परागत शैलीको अभिवादन
गौर गर्नु - ध्यान दिएर हेर्नु
राज हुनु - बस्नु

गरे । चस्माले यहाँ पनि धोका दियो । "चस्माको पावर ठीक भएको भए म स्वस्ति गर्न पाउँथें, चाकरी पुग्थ्यो ।" उनी हतोत्साहित भए । धेरै दिनदेखि आँखा जँचाई नयाँ चस्मा लिने उनले विचार गरेका थिए; कुनै काम गर्ने निश्चय गरेपछि गरिहाल्नू भन्ने उपदेशको महत्त्व उनले आजै बुझे । चस्मा नफेरी त उनलाई धरै थिएन । फेर्नु त परिहाल्थ्यो र उनले फेर्ने निश्चय पनि गरेका थिए । उनले पहिले नै फेरेका भए आजको घटना हुन पाउने थिएन ।

३. केशवराजलाई मर्का पर्ने त एउटा अर्को कुरो छ । जर्साबले उनलाई निश्चय पनि नजर भयो होला । उनी ठिङ्ङ मोटरतिर फर्किरहे, स्वस्ति गरेनन् । यो नटेरेको हुन्छ । उहाँबाट नटेरेकै हो भन्ने ठानियो होला । यत्तिका दिन चाकरी गर्दा पनि केही बन्दोबस्त जर्साबबाट नहुँदा उनले यस्ता जर्साबलाई के टेर्नु भनेर नटेरेको भन्ने जर्साबका मनमा पऱ्यो होला । ठूला मानिसहरू इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म पनि सम्झिरहन्छन् । उनलाई बडो गाह्रो पऱ्यो । उनका सारा आशाभरोसा जर्साब हुनुहुन्थ्यो । त्यसैले उहाँले यस्तो गलत धारणा मनमा लिनुभयो भने त उनको बासै उठ्थ्यो ।

४. यो कुरा विचार गर्दै केशवराज घर पुगे । साँझ झमक्क परिसकेको थियो । घर पुग्दा उनलाई रिस उठ्न थालिसकेको थियो । सबैभन्दा पहिले त उनको रिस चस्मामाथि खनियो, "यो ठाँडो ··· ।" त्यसपछि आफूमाथि खनियो, "यो मूर्ख, काम पहिले बिगारेपछि आँखा देख्ने, ··· दैलो देख्यो ···!" कोठामा पुगेर उनले लुगा फुकाल्न थाले । टिमिक्क परेको सुरुवाल उनको गोडाबाट हत्तपत्त निस्कन खोजेन, त्यसमा उनको क्रोधको मात्रा झन् बढ्यो र जब सुने भातमा केही बिलम्ब छ, उनको क्रोधको सीमा रहेन । उक्लँदै, फलाक्दै, उनी बुईंगलमा पुगे जहाँ दिउँसो राम्ररी नहेरेर किनेको चिसो दाउरालाई फूफू गरी बाल्ने प्रयत्नमा उनकी धर्मपत्नी लागेकी थिइन् । "बडो सिपालु म छु आफूलाई भन्छे, घमण्ड छ यसलाई, आफ्नो पोईलाई टायममा भातसम्म खुवाउन पनि सक्तिन । ए मोरी, के गरिरहेकी थिइस् यत्तिका बेर ? दुई घडी रात गएपछि चुलो फुक्न लागिरहिछस् ? काममा बाहिर गयो, लखतरान भई घर फर्क्यो र अब गाँस टिप्न पाइएला भन्यो त यहाँ ··· ।" र अरू केके फलाकिरहे । यो अचानकको क्रोध देखेर उनकी स्त्री डराउनुको सट्टा छक्क परिन् ।

५. भात खाएर सुत्दा केशवराजलाई निद्रा परेन । उनी रातभरि "हँहँ !" गर्दै बिछ्यौनामा छटपटाइरहे । उनीबाट निश्चय नै ठूलो अपराध भएको छ ! आफ्ना अन्नदाता अगाडि देखिनु, आफूले नटेरेर अभिवादनसम्म पनि नगर्नु, यो त निमकहरामी हो, एउटा पाप पनि हो । तर उनले आफ्नो त चित्त बुझाए ।

हतोत्साहित - उत्साह सेलाएको; आँटजाँगर मरेको
बन्दोबस्त - जीविकाका लागि जागिर, धनसम्पत्ति आदिको व्यवस्था
इखालु - अपमानलाई मनमा लिने; ईर्ष्यालु
आशाभरोसा - विश्वास; आड
ठाँडो - कुनै पनि वस्तुलाई रिसमा अपमान गरेर भनिने शब्द
बिलम्ब - अबेला; ढिलो; अबेर
बुईंगल - परम्परागत घरको सबैभन्दा माथिल्लो तला; खानामुनिको तला
चुलो फुक्नु - आगो बाल्नु; खाना पकाउनु
लखतरान हुनु - ज्यादै थाक्नु
गाँस टिप्नु - खानु
फलाक्नु - चर्को स्वरले बोल्नु; भट्याउनु
क्रोध - रिस
अन्नदाता - खान दिने वा पालनपोषण गर्ने व्यक्ति
अभिवादन - ढोग; नमस्कार
निमकहरामी - नुनको सोझो नगर्ने

उनले जानीजानीकन नटेरेको होइन । उनको हृदय पवित्र छ; अन्धाले देखेन भनेर कसैले रिसाउनुहुन्छ ? उनको यसमा केही अपराध छैन । केवल एउटा सानो **बिराम** छ, पहिले नै चस्मा नसाट्नु । यद्यपि उनको केही अपराध छैन तर जर्साबको दिलमा त नराम्रो पऱ्यो होला । जर्साबको मनमा मैले नटेरेको भन्ने भावना त पर्न दिनुहुँदैन । उनले त्यो भूल **निवारण गर्ने** कुनै **युक्ति** देखेनन् ।

६. ननिदाएर छटपटाएको देखेर केशवराजकी पत्नीले सोधिन्, "किन निद्रा परेन ? केको दुःख छ ? मर्जी होस् न !" पहिले त उनलाई यस प्रश्नले रिस उठायो, काम न काज सबै कुरो जान्न खोज्छे । तर उनले आफ्नो क्रोधलाई **काबु**मा राखेर केवल "केही होइन" भन्ने मात्र उत्तर दिए । आफ्नी पत्नीबाट यस विषयमा केही सल्लाह मिल्न सक्छ भन्ने उनलाई आशा नै थिएन । यत्रो ठूलो कुरा ! त्यसो हुनाले पत्नीलाई केही भन्न उनलाई मन लागेन । तर तिनले ढिपी गर्दा त्यो विशेष घटनालाई नभनेर **गोलबोली**मा कुरो गरे, "मबाट एउटा **कसुर** भयो । एउटा ठूलो मानिसलाई मैले नटेरेको जस्तो गरें । अब के उपाय गर्ने ? उहाँ रिसाउनुभयो भने त बडो बरबाद भयो ।"

७. केशवराज आत्तिएका थिए । पत्नीले सजिलैसँग उत्तर दिइन्, "गएर माफी माग्नुहओस् न । भइहाल्छ नि ।"

८. केशवराजलाई आफ्नी पत्नीको युक्ति मन पऱ्यो र उनले भोलि बिहानै गई माफी माग्ने निश्चय गरे । अब त उनलाई निद्रा चाहिएन; तर कहिले बिहान होला भन्ने **ध्याउन्न**ले उनले बाँकी रहेको रात उपयोगमा ल्याउन सकेनन् र झिसमिसेमै उठेर लुगा लगाएर जान तयार परे । केवल घडीले अबेर गरिदियो ।

९. अझै आठ बज्न तीन घन्टा बाँकी छ । आठ नबजी जर्साबको तल सवारी हुँदैन । चाकरीबाजको टायमै त्यही हो । पर्खंदापर्खंदा उनले सम्झे आफ्नो घरमा पर्खनुभन्दा त **ढोका** नै **कुर्नु** असल हो नि भनेर छ बजे उनी जर्साबकहाँ जान भनी हिँडे । साइत नपरेको होइन **खर्पन**भरि दहीका **कहतरा** देखिए, काम सिद्ध हुने भयो ।

बिराम - भूलचुक; काम कुरामा हुने कसुर
निवारण गर्नु - हटाउनु
युक्ति - समस्या समाधान गर्ने उपाय; जुक्ति
काबु - नियन्त्रण; वश
गोलबोली - समग्र भनाइ
कसुर - गल्ती; भुल
ध्याउन्न - सोचाइ; चिन्ता
ढोका कुर्नु - केही पाउने आशाले कसैको प्रतीक्षा गर्नु वा चाकरी गर्नु
खर्पन - बाँस वा काठका दुवै छेउमा डालाजस्ता फलामका भाँडा झुन्ड्याई मालसामान बोक्ने साधन
कहतरा - आरीको जस्तो आकारको माटाको भाँडो; कतारो

१०. दुई घन्टा ढोका कुरेपछि विस्तारविस्तार चाकरीबाज आउन थाले र दरबार अघिल्तिरको चौर मान्छेले भरियो । **निन्याउरो** मुख लाएर केशवराज छुट्टै बसेका थिए । छुट्टै बस्नाको उनको खास उद्देश्य के थियो भने घुइँचोमा कसलाई **नजर हुन्छ**, कसलाई हुँदैन, थाहा पाइँदैन; राम्रो चाकरी पाइन्छ र एकान्तको मौका पऱ्यो भने माफीको कुरो पनि **बिन्ती गर्न** पाइन्छ ।

११. पर्खालभित्रबाट घोडाको टापको सङ्गीत सुन्न भनी **उत्सुक** भइरहेका केशवराजका कानमा जर्साबको **क्रुद्ध वाणी** पऱ्यो ।

१२. कुन्नि के काम बिगार्दा जर्साब **सइसमाथि रिसानी भइरहेको** थियो । उहाँको शान्त स्वभावको विषयमा सबैको एकमत छ । उहाँ रिसाएको कसैले देखेको छैन, सुनेको छैन । आज किन रिसानी भयो त ? उहाँको क्रोध शब्दका रूपमा पर्खाल छेडी बाहिरसम्म आइरहेको थियो ।

१३. केशवराजले उहाँको रिस थाहा पाए । हिजोको कुराले उहाँलाई निकै चोट परेछ । चोट पर्ने कुरै थियो । ठूला मानिसको **अहङ्कारमा** धक्का दिनु उनीहरूको सबैभन्दा कोमल स्थानमा स्पर्श गर्नु हो । उनीहरू यस्तो कुरा सहन सक्तैनन् । अँहँ, यो क्रुद्ध अवस्थामा उनले माफी माग्नु उचित हुँदैन । कहीँ क्रोधको धारा आफ्नै टाउकामाथि बग्न गयो भने ? उनी घरतिर फर्के ।

१४. बाटामा केशवराजमाथि **नाताकतको दौडाहा भयो** । हिजो राती उनले भात पनि राम्ररी खाएका थिएनन्; निद्रा त पटक्क लागेको थिएन र आफूले गरेको बिरामको कुरा मनमा खेलाउँदा उनी बिरामीजस्ता भए । एक डेग हिँड्दा पनि तिनको **दम फुल्न** थाल्यो । आफ्नो यो अवस्था देखेर उनलाई आफूमाथि नै दया लाग्न थाल्यो र नबुझेर सानो कुरामा रिसाउने जर्साबसँग रिस उठ्न थाल्यो । "मेरो कुन ठूलो अपराध हो र ? चस्माले भेट्टाएन, चिन्न सकिनँ, त्यसो हुनाले स्वस्ति गरिनँ । सधैँ त बिहानबेलुका गई ढोका कुरी बसिहालेको छु नि । मेरो **मनसुबा** उहाँलाई नटेर्ने भएको भए यसरी किन चाकरी गर्थें ? त्यत्ति पनि त बुझिदिनुपर्छ । उहाँबाट विनाकारण ममाथि रिसानी हुन्छ भने के लाग्यो ! मलाई पनि खाँचो छैन । आफूले मर्नुहुँदैन ।" तर घर पुग्दानपुग्दै उनको यो विचार हरायो र पहिलेकै विचार मनमा आउन थाल्यो । "जसले चाकरीकै भरमा दुई साँझ गाँस टिप्छ, ऊजस्ता **झुत्रेले टेक राख्ने** र । टेक राखेर के ? जर्साबको के बिग्रन्छ ? के उहाँको **भ्रम** निवारण हुन्छ ? आफैँ भोको मर्नुपर्छ । हामीजस्ताले त्यस्ता ठूलासँग टेक राख्ने रे ! अँहँ, एउटा भुललाई अर्को भुलले सच्याउन सक्तैन । गएर माफी माग्नै पर्छ ।

१५. फेरि क्षमायाचनाका निमित्त केशवराजले ढोकातिर प्रस्थान गरे । जर्साब घोडामा सवारी भयो । केशवराज डरले थरथर कामिरहेका थिए । भनेजस्तो एकान्तको मौका पाएर डरले भकभकाउँदै उनले बिन्ती गरे, "प्रभु ! चस्माको दोष .... माफ पाऊँ ।"

निन्याउरो	- मलिन	**नाताकत**	- दुर्बलता; कमजोर
नजर हुनु	- देख्नु; हेर्नु	**दौडाहा हुनु**	- पिरोलो हुनु
बिन्ती गर्नु	- निवेदन गर्नु	**दम फुल्नु**	- सास बढ्नु
उत्सुक	- इच्छुक	**मनसुबा**	- मनसाय; विचार
क्रुद्ध वाणी	- रिसाएको बोली	**अहङ्कार**	- अभिमान; सेखी
सइस	- घोडाको रेखदेख गर्न खटिएको व्यक्ति	**झुत्रे**	- थाङ्ने; झुत्रो लगाउने; निर्धन
रिसानी हुनु	- रिसाउनु	**टेक राख्नु**	- अडान लिनु
		भ्रम	- शङ्का; सन्देह

१६. जर्साबले घोडा रोकेर नबुझी सोध्नुभयो, "के भन्यौ ? केको माफी ?"

१७. केशवराजको **सातो गयो** । "जर्साब कति रिसाउनुभएको रहेछ ! माफीसम्म दिन खोज्नुहुन्न ।" उनले चारैतिर अँध्यारो देख्न थाले । काम्न लागेको गोडाले भर दिएन । दुवै हातले कपाल समातेर उनी थुचुक्क बसे । जर्साबले धेरै **खोजीनिती** नगरी घोडा बढाउनुभयो । घोडाको **टाप**ले उडाएको धुलाले सडकको एक कुनामा कपाल समातेर बसेका केशवराजलाई पुरै ढाक्यो ।

१८. केशवराज एक्कासि ५० वर्षका बूढाजस्ता देखिन थाले । हिँड्दा कम्मरमा हात लाउनुपर्ने भयो, लट्ठीको आवश्यकता परेको उनले थाहा पाए । उनको कल्पना सत्य निस्क्यो । जर्साब त अघोरै रिसानी भएछ । उनी निराश भएर घर पुगे र आफूले लगाएको कुनै लुगा नफुकाली बिछ्यौनामा पल्टिए । त्यसपछि उनले आफ्नी पत्नीलाई "खान्न" भनेर समाचार पठाए ।

१९. केशवराजको बाँच्ने प्रेरणा जागृत भयो । उनले यसरी **खुट्टा छोड्न** हुँदैन । उनले जर्साबलाई बुझाउनै पाएनन् । राम्ररी बुझाएको भए जर्साबले निश्चय नै माफी दिनुहुन्थ्यो । उहाँ दयाको सागर हुनुहुन्छ । आफैं आत्तिएर वाक्यै ननिकाल्ने ? सोझै "माफ पाऊँ" भनेर माफी पाइन्छ ? घटनाको सबै इतिहास, चस्माले दिएको धोका, पछि स्वस्ति त गरेको, तर मोटरको **'क्यारेज बक्स'**लाई इत्यादि सब **खुलासा** गरे पो माफी पाइन्छ । भोलिपल्ट बिहान उठेर उनी फेरि ढोकामा गए र जर्साबलाई आदिदेखि अन्त्यसम्मका कुरा सुनाए । जर्साबबाट मर्जी भयो, "बुझैं, बुझैं, म त्यति पनि बुद्धिनैं र ? तिमी त बडा अनौठाका मानिस रहेछौ ! यस्तो **जाबो** कुरामा .... ।"

२०. केशवराज निर्धक्क भए । जर्साबबाट बडो **करुणा** राखी माफी भयो । उहाँ कति दयालु हुनुहुन्छ । यी सबै गुण भएर त लक्ष्मी पनि यहाँ बास गर्छिन्; कत्रो सुख छ । यी सबै कुरा हिजै बिन्ती चढाएको भए उनलाई यत्तिको मानसिक चिन्ता खप्नै पर्ने थिएन । उनको मन प्रसन्न भयो ।

सातो जानु	- होसहवास हराउनु	**क्यारेज बक्स**	- मोटरको पछाडिपट्टिको सामान राख्ने खण्ड
खोजीनिती	- चासो; सोधखोज	**खुलासा**	- खुलस्त; स्पष्ट
टाप	- खुर	**जाबो**	- नगन्य; मामुली; तुच्छ
खुट्टा छोड्नु	- निराश हुनु; लत्तो छाड्नु	**करुणा**	- दया; माया

२१. हिजोको चिन्ताले र तीन छाक भात नखाएको हुनाले केशवराजलाई निकै गालेछ । सिँढी चढ्दा दुईचोटि बिसाउनुपर्‍यो । थाकेको हुनाले कोठामा पुगेर उनी बिछ्यौनामा पसारिए । बुइँगलमा नअटाई, माथि जाने बाटो नपाई भान्साघरको धुवाँ उनको कोठामा रङमङिइरहेको थियो । उनले सुतीसुती चिच्याए, "कत्ति धुवाँ पारेको ?" उनकी पत्नीले माथिबाट कुन्नि के भनिन्, केशवराजले सुनेनन् र सुन्न पनि खोजेनन् । चिच्याउँदा बल परेर उनी स्वाँस्वाँ गर्न थाले । असाध्य नाताकत भएछ । उनको मनमा हिजोको विचार खेल्न थाल्यो । अहिले बिहान जर्साबसँग माफी मागेको दृश्य आँखाका समक्ष झलझल नाच्न थाल्यो । "बुझें, बुझें, म त्यति पनि बुद्दिनँ र, तिमी त बडा अनौठाका मानिस रहेछौ । यस्तो जाबो कुरामा ....।" धुवाँको एउटा मुस्लो सिँढीमा लडीबुडी खेल्दै एउटा डल्लो भएर उनको कोठामा आई फुट्यो । कोठा अँध्यारो भयो, तर केशवराज प्रसन्न थिए । माथि 'बूढी' लाई दाउरा नबलेर कति कष्ट होला । बिचरीले यसै गरी दुःखसँग जीवन बिताउनुपर्छ । उनले भान्सेबाहुन वा बाहुनीसम्म पनि राख्न सकेका छैनन् ।

२३. आफैं पनि केशवराजले सुख पाए र ? पत्नी घरको दुःख खेप्छिन्; उनी बाहिरको बिहान चाकरीमा दगुर्नुपर्छ; दिउँसो दुई बजेदेखि फेरि चाकरीमा गयो । अरू केही काम छैन । चाकरीको घोडेजात्रा छ ।

२४. कहिले त 'जर्साब' नजरसम्म पनि हुन्न ..... केशवराजलाई ग्लानि भयो ।

अभ्यास

१. **तलका प्रश्नहरूको एकएक वाक्यमा उत्तर दिनुहोस् :**

(क) केशवराज प्रत्येक दिन बिहान कहाँ जान्थे ?

(ख) केशवराजले जर्साबको मोटरको नम्बर पढ्न नसक्नुको कारण के थियो ?

(ग) केशवराजले जर्साबलाई कति वेला चिने ?

(घ) निराश भएका केशवराजले घर पुगेर के गरे ?

(ङ) केशवराजले जर्साबको स्वस्ति गर्न नसकेकामा उनकी पत्नीले समाधानको कस्तो उपाय बताइन् ?

(च) जर्साबसँग पहिलोपल्ट माफी माग्दा केशवराजको किन सातोपुत्लो उड्यो ?

(छ) केशवराजलाई पछि कुन कुरामा पछुतो भयो ?

(ज) कथाको सन्दर्भमा चाकरी गर्नु भन्नाले के बुझिन्छ ?

२. **कथाको दोस्रो र तेस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।**

३. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

करुणा, क्रुद्ध वाणी, टाप, ठ्याम्मै, धारणा, निर्धक्क, फुर्ती, बखत, स्पर्श, हतोत्साह

४. तलका शब्दहरूको अर्थ भन्नुहोस् :

उत्साह, क्षमायाचना, क्रोध, घुइँचो, बन्दोबस्त, बेकामको, युक्ति, रश्मि, सारा

५. तलका शब्दहरूको प्रकृतिप्रत्यय छुट्याएर ती प्रत्ययबाट अन्य दुईदुईओटा शब्दनिर्माण गर्नुहोस् :

दोषी (१), चाकरिया (२), रिसानी (१४), राम्ररी (१९), मानसिक (२०), भान्से (२१)

६. तलका श्रुतिसमभिन्नार्थक शब्दको अलगअलग अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

तिर/तीर, फेरि/फेरी, गाह्रो/गारो, भरि/भरी, यस/यश, टाप/ताप, पूरा/पुरा, देखि/देखी

७. कथाको चौथो अनुच्छेदबाट 'क'वर्ण र पाँचौं अनुच्छेदबाट 'अ'वर्णबाट बनेका पाँचपाँच शब्द नदोहोऱ्याईकन टिप्नुहोस् र तिनीहरूमध्ये नाम, सर्वनाम र विशेषण शब्द छुट्याउनुहोस् ।

८. अर्थ स्पष्ट हुने गरी मिश्र वा संयुक्त वाक्यमा प्रयोग गर्नुहोस् :

इज्जत, आशा भरोसा (३), सीमा (४), अन्नदाता (५), उपयोग (८), रिसानी (१२), नाताकत (१४), थुचुक्क बस्नु (१७), इतिहास (१९), चिन्ता (२०)

९. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) 'दोषी चस्मा' कथाले कर्मचारीको सामान्य दिनचर्यालाई कसरी प्रस्तुत गरेको छ ?

(ख) केशवराज राति किन निदाउन सकेनन् ?

(ग) केशवराजका चारित्रिक विशेषता केके हुन् ?

(घ) चाकरी प्रथाबाट हुने मुख्यमुख्य तीन बेफाइदाहरू केके हुन् ?

(ङ) 'दोषी चस्मा' कथाको शीर्षकको सार्थकता देखाउनुहोस् ।

(च) 'दोषी चस्मा' कथाबाट पाइने सन्देश के हो ?

१०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) ठूला मानिसहरू इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म पनि सम्झिरहन्छन् ।

(ख) एउटा भुललाई अर्को भुलले सच्याउन सक्तैन ।

११. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) 'दोषी चस्मा' कथामा कथाकारले केशवराजको कस्तो मनस्थितिको विश्लेषण गरेका छन् ?

(ख) 'दोषी चस्मा' कथाले केशवराजका माध्यमबाट मानवमनको के कस्तो विश्लेषण गरेको छ ?

१२. **'दोषी चस्मा' कथाको सारांश लेखी कक्षामा सुनाउनुहोस् ।**

१३. **यदि जर्साबले केशवराजलाई माफी नदिएका भए कथाको अन्त्य कसरी गरिन्थ्यो होला ? यसबारे सम्भावित घटनाको कल्पना गरी कक्षामा सामूहिक रूपमा छलफल गर्नुहोस् ।**

सिर्जनात्मक अभ्यास

तलका बुँदाका आधारमा कथा लेखी शीर्षक दिनुहोस् :

गाउँमा एकजना मुखिया हुनु..... मुखिया घमन्डी हुनु ..... गाउँका सुख दुःखमा सहभागी नुहुनु ..... गाउँलेलाई आफ्ना प्रत्येक काममा बोलाएर दुःख दिनु ..... गाउँलेहरू रिसाउनु ..... मुखियालाई सहयोग नगर्ने निर्णय गर्नु ..... मुखियाकी पत्नी बिरामी पर्नु ..... गाउँलेले अस्पताल लान सहयोग नगर्नु ..... मुखियाले गाउँलेसँग माफी माग्नु

व्याकरण

करण अकरणका आधारमा वाक्य परिवर्तन

करण	अकरण
मदन भोलि जनकपुर जान्छ ।	मदन भोलि जनकपुर जाँदैन ।
हरिबहादुर क्रिकेट खेल्थ्यो ।	हरिबहादुर क्रिकेट खेल्दैनथ्यो ।
पानी परे बाली सप्रिन्छ ।	पानी नपरे बाली सप्रिँदैन ।
ऊ आइतबार गोगने जाला ।	ऊ आइतबार गोगने नजाला ।

करणलाई अकरण बनाउँदा समापिका क्रियाको सुरु, बीच वा अन्त्यमा 'न' थप्नुपर्छ । अकरण बनाउँदा अर्थ नमिले त्यस वाक्यमा प्रयोग भएको असमापिका रूपमा समेत 'न' थप्न सकिन्छ । असमापिका रूप नभएका वाक्यमा समापिका क्रियालाई अकरण बनाए पुग्छ । अकरण जनाउने वाक्यलाई पुनः करण बनाएमा वाक्य पहिलेकै रूपमा बदलिन्छ ।

व्याकरण अभ्यास

(क) 'दोषी चस्मा' कथाको अनुच्छेद ८ का वाक्यहरू करण भए अकरण र अकरण भए करणमा बदल्नुहोस् ।

(ख) कोष्ठकमा दिइएका निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

१. विद्यार्थी चौरमा खेलेछन् । (अकरण)

२. काजी शेर्पाले हिमाल चढ्न छाडेका छन् । (अकरण)

३. सोनामले सरितालाई जोमसोम बजार घुमाइदिएछन् । (अकरण)

४. हरीशकी बहिनी पोखराबाट आउलिन् । (अकरण)

५. उनी सधैं विद्यालय आउँदैनथे । (करण)

६. आज निकै जाडो छ । (अकरण)

७. बादल नलाग्दा पानी पर्दैन । (करण)

८. आमा घरमै हुनुहुन्थ्यो । (अकरण)

९. जहाँ शान्ति हुँदैन त्यहाँ विकास हुँदैन । (करण)

१०. रोपारहरू धान रोप्दै छन् । (अकरण)

११. काका फुटबल हेर्नुहुन्नथ्यो । (करण)

१२. उत्तीर्ण हुनु परेकाले पनि परीक्षा दिनुपरेको छ । (अकरण)

१३. रोजिला अल्छी नभए पनि दाजुले भनेको मान्दिन । (करण)

१४. पानी नपरे मकै फल्दैन । (करण)

१५. भाइले मलाई सबै कुरा भनेको थियो । (अकरण)

१६. लोग्ने स्वास्नीलाई कति पनि माया गर्दैनथ्यो । (करण)

(ग) तलका क्रियापदका रूप करण भए अकरणमा र अकरण भए करणमा बदल्नुहोस् :
पढ्छ, पढ्दैन, नपढ्ला, पढ्दैनथ्यो, खेल्दिन, खेलेनन्, नखेले, खेलेस्, खेल्थे,छैन, थिएनन्, खेलेनछौ

(घ) पाठको अनुच्छेद ६,१२,१४ र १९ मा प्रयुक्त निपातहरू टिपी वर्णानुक्रमअनुसार मिलाउनुहोस् ।

(ङ) तलका निपातलाई वाक्यमा प्रयोग गर्नुहोस् :
अँ, क्यारे, खै, नै, पो, ब्यारे, र, रे, ल, हँ

(च) उदाहरणसहित करण र अकरणबीचको भिन्नतालाई स्पष्ट पार्नुहोस् ।

अनुच्छेदमा सम्बद्धता

कुनै पनि सुगठित अनुच्छेदमा एकभन्दा बढी वाक्यहरू हुन्छन् र ती एकअर्कासँग अर्थतात्त्विक रूपले गाँसिएका हुन्छन्। एउटा अनुच्छेदमा एउटा विचार वा स्थितिविशेषको अभिव्यक्ति रहने हुनाले क्रमैसँग एउटा वाक्यको अर्थ अर्को वाक्यको अर्थसँग जोडिँदै गएर अन्तिम वाक्यमा पुग्दा त्यो पूर्वप्रसङ्ग टुङ्गिन्छ। त्यसकारण अघिपछिको प्रसङ्गसँग मेल नै नखाने असम्बद्ध वाक्यहरू कुनै पनि अनुच्छेदमा रहनु हुँदैन। अनुच्छेदमा यसरी वाक्यहरूको परस्पर क्रमबद्ध योगलाई नै सम्बद्धता भनिन्छ। सम्बद्धताको व्यतिक्रम (क्रम वा सिलसिला नमिलेको अवस्था) यस्तो हुन्छ :

१. टपक्क लाठो टिपेर दुई चोट के हानेको थियो भैंसी दाम्लो छिनाएर उफ्रँदै कोकलेका मकैबारीमा पस्यो।
२. पछि चामेलाई लात्तले हानेर बुरुक्क उफ्र्यो।
३. भैंसीलाई घाँस हालेर पाडो छोडिदियो।
४. चामे गोबरमा उत्तानु मऱ्यो।
५. भरखर गोडेका मकै सारा सोत्तर भए।
६. एकछिनपछि गबुवा लिएर दुहुन बस्यो।
७. चामेका इस्टकोट, कछाड सारा लुगामा गोबर लाग्यो।
८. पैले त दुईचार सिर्का दिएको थियो।
९. गबुरआ तीन हात पर पुग्यो।
१०. चामे चुचुचु गरेर समाउन खोज्थ्यो, भैंसी चाहिँ तर्सेर यो छेउबाट उ छेउ, उ छेउबाट यो छेउ गरेर कुद्न थाल्यो।
११. भित्तापा मुठीभरिको लाठो ठड्याइराखेको थियो।

(गुरुप्रसाद मैनालीको परालको आगो कथाबाट)

जम्मा एघारओटा वाक्यहरू भएको यस अनुच्छेदको सम्बद्धतालाई निम्नलिखित वाक्यक्रमअनुसार मिलाएर वाचन गर्दा एउटा पूर्ण अभिव्यक्ति तयार हुन्छ :

३ - ६ - ८ - २ - ४ - ९ - ७ - ११ - १ - १० - ५।

अब तपाईं आफैंले एउटा पूर्ण अनुच्छेदको सम्बद्धतालाई मिलाएर माथि दिइएझैं क्रमाङ्क तयार पार्नुहोस् :

१. बिचरा चामे केही बोलेन।
२. कोकलेको पोसाक देखेर भैंसी झन् ठाडो पुच्छर लाएर कुद्न थाल्यो।
३. चामेका गालामा कसेर दुई थप्पड लगायो।
४. कोकले मारुनीको लहँगैसित दौडँदै मकैबारीमा पुग्यो।
५. आधाराततिर बल्लबल्ल चारपाँचजना भएर भैंसी धपाएर ल्याए।
६. बाँकी रहेका दुईचार बोट मकै पनि स्वाहा भए।
७. मकै सोत्तर पारेको देखेर कोकले आगो भयो।

मिथिला चित्रकला

यस चक्रभित्र छओटा सांस्कृतिक प्रतीकहरू दिइएका छन् । हाम्रो सांस्कृतिक परम्पराअनुसार *स्वस्तिकले* शुभकामनालाई व्यक्त गर्दछ । यो शुभलाभ र शान्तिको प्रतीक हो । ॐकार शान्तिका साथै मृत्युसम्बन्धी भयबाट मुक्तिको चिह्न हो । *दीपशिखा* दीर्घायु, पापविनाश र शुभेच्छाको प्रतीक हो । *त्यस्तै कमल* वैभव, कीर्ति र विशुद्ध ज्ञानको प्रतीक हो । *कलश* चाहिँ शुभमुहूर्तको प्रतीक हो भने *शङ्ख* ज्ञानको प्रतीक हो । यसरी यी चिह्न वा प्रतीकहरूले सकारात्मक सन्देश व्यक्त गर्दछन् । मिथिला चित्रकलामा पनि यस्ता विभिन्न कलात्मक प्रतीक वा चिह्नहरूको प्रयोग भएको पाइन्छ । त्यसैले यी लोकचित्रहरूभित्र मैथिली समुदायको जीवनशैली र लोकपरम्पराबारे जानकारी पाइन्छ ।



१. प्राचीन कालमा मिथिला क्षेत्रअन्तर्गत कोसी र नारायणी नदीबीचको नेपालको तराई र भारतको **तिरहुत खण्ड**का भूभाग पर्दथे । यो क्षेत्र सीता, राजर्षि **जनक, याज्ञवल्क्य** र **गार्गी** जस्ता विद्वान् र **विदुषी**को जन्मभूमिका रूपमा प्रसिद्ध छ । आजको नेपालको मानचित्रअनुसार यस क्षेत्रभित्र सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरू पर्दछन् । प्राचीन कालमा मिथिला क्षेत्रको केन्द्र जनकपुर थियो । आज पनि जनकपुर क्षेत्र मैथिली संस्कृतिको केन्द्र मानिन्छ । चित्रकलाको मौलिक परम्परा आज पनि यहाँ कायमै छ ।

२. मिथिला चित्रकला नेपालको सांस्कृतिक सम्पदा हो । यसका सर्जकहरू मैथिल नारीहरू हुन् । चित्रको विषयवस्तु, **रङयोजना** र प्रयोजनबारे जानकारी गराउने काम उनीहरूलाई घरैमा गराइन्छ । यसरी औपचारिक शिक्षाको अभावमा पनि मैथिल नारीहरूले सहज ढङ्गबाट बडो अर्थपूर्ण र सुन्दर चित्र बनाउँछन् । उनीहरूले बनाएका हरेक चित्रहरूमा तिनीहरूको संस्कार व्यक्त भएको पाइन्छ ।

तिरहुत खण्ड- दरभङ्गा, मधुबनी, सीतामढी, समस्तीपुर, बेगुसराय, सहरसा, सुपौल, पूर्णिया र कटिहार जिल्ला मिली बनेको भूभाग

जनक - प्राचीन मिथिलाका राजा, अर्को नाम सीरध्वज

याज्ञवल्क्य - राजा जनकको दरबारका एक आत्मज्ञानी ऋषि

गार्गी - जनकको समयकी एक प्रख्यात विदुषी

विदुषी - विद्वान् स्त्री

रङयोजना - उचित रङको सार्थक प्रयोग गर्ने तरिका

यसको अर्थ के हो भने ती कलाकारहरूले आफ्ना शुभेच्छा र आकाङ्क्षालाई चित्रकलामा व्यक्त गर्दै आएका छन् । मैथिल नारीवर्गको यो कलासिर्जना नेपालको राष्ट्रिय संस्कृतिको अमूल्य **सम्पदा हो** ।

३. मिथिला चित्रकलामा स्थानीय स्रोत-साधन प्रयोग गरिन्छ । मैथिल नारीहरू चामलको पीठो, बेसार, आदि विभिन्न घरेलु सामग्री र वनस्पतिसँग सम्बन्धित रङहरू बनाउँछन् । यस चित्रकलामा सामान्यतया सात प्रकारका रङहरूको प्रयोग गरिन्छ; ती हुन्– सेतो, सिन्दूर, पहेँलो, निलो, रातो, कालो र हरियो । चामलको पीठोबाट सेतो रङ तयार पारिन्छ । बाखीको दूधमा सिन्दूर मिसाएर सिन्दूर रङ बनाइन्छ । पहेँलो रङका लागि बेसार प्रयोग गरिन्छ । **नील**बाट नीलो रङ निकालिन्छ । यसरी नै एक प्रकारको सागपात र फलबाट रातो रङ तयार पारिन्छ । ध्वाँसोमा गोबर र गुद मिलाएर कालो रङ बनाइन्छ । हरियो रङ चाहिँ सिमीको पातबाट तयार पारिन्छ । चित्रलाई चम्किलो बनाउनुपरेमा बेलको गुदी रङमा मिसाइन्छ । मैथिल नारीहरूले बाँसको कप्टेरामा कपास वा नरम कपडा बेरी वा आफ्ना औंलाहरू प्रयोग गरेर चित्र कोर्दछन् । यस्ता चित्र घरका भित्ता र भुइँका साथै घाँस र बाँसबाट बनाइएका सामानमा र सुती तथा रेसमी कपडामा बनाइन्छन् । खासखास पूजाआजा, विवाह, व्रतबन्ध आदि चाडपर्वमा बनाइने यस्ता चित्रहरू प्रायः क्षणिक नै हुन्छन् तापनि मैथिली नारी समुदायले एकपछि अर्को पुस्तालाई यो कला हस्तान्तरण गर्दै आएकाले यो परम्परा आज पनि मैथिली समाजमा जीवित रहेको छ ।

४. मिथिला चित्रकलाको प्रारम्भिक रेखाङ्कन कालो रङबाट गरिन्छ । त्यसपछि मात्र आवश्यकताअनुसार अरू रङहरू भरिन्छन् । यस चित्रकलामा **लौकिक** र **पारलौकिक** दुवै विषयको समावेश हुन्छ । लौकिक विषयअन्तर्गत मानिस, पशुपन्छी, फलफूल, रूख र पहाडका चित्रहरू अङ्कित हुन्छन् । पारलौकिक विषयअन्तर्गत काली, दुर्गा आदिका चित्रहरू अङ्कित गरिएका हुन्छन् । यिनका साथै मिथिला चित्रकलामा शिव, लक्ष्मी, सरस्वती, विष्णु, राम, सीता, राधा र कृष्णका चित्रहरू पनि अङ्कित हुन्छन् । मिथिला चित्रकलाको मौलिक विशेषता भनेको देवीदेवताहरूका चित्रमा पनि मानवीय भाव व्यक्त हुनु हो, त्यसैले देवीदेवताको अनुहारमा पनि मानवीय ममता र स्नेहको भाव झल्क्याइएको हुन्छ । तिनीहरूका पहिरन र गहनाहरूलाई पनि आफ्नै समाजका नारीहरूको जस्तो तुल्याइएको हुन्छ । यसरी सामाजिक धरातलमा बसेर मैथिल नारीहरूले आफ्नो धार्मिक भावनालाई कलामा सार्थक रूप दिएका हुन्छन् ।



अलौकिक चित्र

सम्पदा - सम्पत्ति, धनदौलत
नील - निलो रङ बनाउने एक प्रसिद्ध बोट
लौकिक - सांसारिक
पारलौकिक - यो संसारभन्दा परको; दैवी

५. मिथिला चित्रकलामा प्रशस्त मात्रामा प्रतीकहरूको प्रयोग भएको पाइन्छ । यस्ता प्रतीकहरू पुस्तौँपुस्तादेखि **जनमानस**मा स्थापित हुँदै आएका छन् । त्यसकारण पूजाआजा, चाडपर्व, विवाह, व्रतबन्ध आदि अवसरमा कुनकुन प्रतीकको प्रयोग गर्ने भन्नेबारे एउटा परम्परा नै बसेको छ । यस्ता प्रतीकहरूले एकातिर लोकको विचार र मङ्गल भाव व्यक्त गरेका हुन्छन् भने अर्कातिर चित्रमा स्वाभाविक ढङ्गले सुन्दरता प्रदान गरेका हुन्छन् । मिथिला लोकचित्रहरूमा यस्ता प्रतीकहरूको संयोजन अत्यन्त कलात्मक रूपमा गरिएको हुन्छ । यस्ता प्रतीकहरूको स्रोत प्रकृति हो; यसको आधारमा पशुपन्छी, जीवजन्तु तथा फूलहरूको चित्र बनाइएको हुन्छ । यस चित्रकलामा *हात्ती*लाई शुभ, वैभव र नारी जातिको प्रतीक मानिएको पाइन्छ । *घोडा*लाई बल र पुरुष जातिको प्रतीकका रूपमा लिइन्छ त्यसरी नै गाईलाई पवित्रता र मातृत्वको प्रतीक मानिएको पाइन्छ । *सुगा*लाई गुरु र मित्रताको, *माछा*लाई उत्पादन शक्ति र नारी जातिको प्रतीक पनि मानिएको पाइन्छ । अन्य जीवजन्तुहरूमा *कछुवा*लाई विष्णु एवम् पुरुष जातिको र *हाँस*लाई सौन्दर्य तथा विवेकको प्रतीक मानिन्छ । *कमलको फूल*लाई कोमलता, स्नेह, वैभव र नारीको तथा कदम्बको फूललाई प्रेमको प्रतीक मानिएको पाइन्छ । त्यसरी नै *बाँस*लाई पनि वंशवृद्धि र पुरुष जातिको प्रतीक मानी चित्रहरूमा अङ्कन गरेको पाइन्छ । यी प्रतीकहरू सामाजिक तथा सांस्कृतिक महत्त्वका छन् । समाजलाई एकतामा आबद्ध गर्न यो सांस्कृतिक कला निकै प्रभावशाली रहेको देखिन्छ ।



लौकिक चित्र

६. वर्षभरि मनाइने विभिन्न चाडपर्व, व्रतपूजा आदि अवसरहरूमा भिन्नभिन्न रूपमा मिथिला चित्रकला प्रस्तुत हुन्छ । कुनै चित्र भुइँमा गोबर र माटो लिपेर कोरिन्छ, जसलाई *भूमिचित्र* भनिन्छ । कुनै चित्र चाहिँ घरका भित्तामा कोरिन्छ जसलाई *भित्तिचित्र* भनिन्छ । यीबाहेक **डाली**, कलश, माटाको हात्ती र चकटी, पङ्खा, **सलहेस**को मूर्ति आदिमा पनि चित्रहरू कोर्ने गरिन्छन् । यीमध्ये *भूमिचित्र*का रूपमा कोरिने **अरिपन**लाई मिथिला कलाको उत्कृष्ट नमुना मानिन्छ । राजा जनकले आफ्नी छोरी सीताको विवाहका लागि अरिपनचित्र कोर्न लगाएदेखि नै यो आजसम्म पनि त्यस क्षेत्रमा लोकप्रिय हुँदै आएको मानिन्छ । यस चित्रकलाले शुभभाव व्यक्त गर्दछ । यसमा तान्त्रिक



अरिपन चित्र

जनमानस - लोकभावना
डाली - सानो डालो
सलहेस - मिथिला क्षेत्रको एक प्रसिद्ध ग्राम्यदेवता
अरिपन - भुइँमा कोरिने एक प्रकारको परम्परागत लोक चित्र

प्रभाव परेकाले शक्ति उपासना र आध्यात्मिक भाव पनि व्यक्त भएको पाइन्छ । *अरिपनपछि भित्तिचित्रहरूका* पनि आफ्नै विशेषता छन् । यस्ता चित्रहरूमा मैथिली जनजीवनका विविध पक्षहरू झल्केका हुन्छन् । मिथिला चित्रकलालाई समग्रमा हेर्दा यसको अलग्गै शैली रहेको पाइन्छ, जसलाई *मैथिली शैली* भनिन्छ । यस शैलीमा वस्तुका आकारहरूलाई सुकोमल बनाइन्छ । यसमा नर वा नारीका अनुहारको चित्र प्रायः पार्श्वमा देखाइन्छ । यसमा आँखालाई विशेष ठूलो र नाकलाई चुच्चो पारेर देखाइन्छ । यसका साथै यस शैलीमा नर वा नारीका दुवै गोडालाई फट्टाएको देखाइएको हुन्छ । मैथिली शैलीमा मानिसलाई प्रकृतिका माझमा राखेर देखाइने गरिन्छ ।

७. मिथिला चित्रकला गौरवमय मैथिली संस्कृति जत्तिकै पुरानो छ । मैथिल नारीवर्गले यसमा आफ्नो प्रतिभाद्वारा जातीय पहिचानलाई चित्रण गर्दै आएका छन् । यस सांस्कृतिक कलाबाट नेपालको छवि उच्च हुन पुगेको छ । मिथिला चित्रकलाले संस्कृतिको रक्षा मात्र गरेको छैन, यसले व्यावसायिक रूप लिएको छ । मिथिला चित्रकलाको देशबाहिर समेत बिक्री वितरण सुरु भएको छ भने विभिन्न ठाउँमा चित्रकला प्रदर्शनी हुन थालेका छन् । आज यसले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्धि पाएको छ । नेपालको राष्ट्रिय संस्कृतिका रूपमा रहेको यो चित्रकला आफ्नै प्रकारको मौलिक अस्तित्व कायम गर्न सफल भएको छ ।

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) मिथिला क्षेत्रअन्तर्गत नेपालको तराईका कुनकुन भागहरू पर्दछन् ?
(ख) मैथिल नारीहरूले मैथिली चित्रकला कसरी सिक्दछन् ?
(ग) मिथिला चित्रकलाका लागि रङहरूका स्रोत वस्तुहरू कुनकुन हुन् ?
(घ) मिथिला चित्रकलामा कुनकुन विषय समेटिएका हुन्छन् ?
(ङ) मिथिला चित्रकलामा कस्ता भावहरू व्यक्त भएका हुन्छन् ?
(च) मिथिला चित्रकलामा कुनकुन प्रतीकहरूको प्रयोग गरिन्छ ?
(छ) भूमिचित्र केलाई भनिन्छ ?
(ज) मिथिला चित्रकलामा नरनारीको अनुहारलाई कसरी देखाइएको हुन्छ ?
(झ) नरनारीको गोडाको चित्रण गर्दा कलाकारहरूले कस्तो शैलीको प्रयोग गर्दछन् ?

२. **उदाहरण हेरी तल दिइएका शब्दहरूको शुद्ध रूप लेखेर देखाउनुहोस् :**

उदाहरणः	अशुद्ध		शुद्ध
	माहाविध्यालए	-	*महाविद्यालय*
	व्यवहारिक	-	*व्यावहारिक*

माहाराज, अत्याधिक, दुरावस्था अध्यायन, सहास, नामाकरण, अनाधिकार, सामाग्री, व्याक्ति, धराशायी,

३. **तलको वाक्य सच्याएर सार्नुहोस् :**

वर्षभरी मनाईने विभिन्न चाडपर्व ब्रतपुजा आदि अवसरहरू मा भिन्न भीन्न रुपमा मीथिला चित्र कला प्रश्तुत हुन्छ ।

४. **उच्चारण गर्नुहोस् :**

जनघनत्व, रङयोजना, ध्वाँसो, शृङ्खला, पर्यटक, प्रलय, संसदीय, टङ्कारो, समृद्ध, महत्ता

५. **अर्थ भन्नुहोस् :**

सर्जक, गौरव, कप्टेरो, कुची, सलहेस, चित्राङ्कन, प्रतीक, छवि, वैभव

६. **मूल शब्द र प्रत्यय छुट्याउनुहोस् :**

केन्द्रित, ज्यामितीय, खेलौना, घरेलु, हिमाली, लेकाली, पाल्पाली, सांस्कृतिक, गाउँले, चतुर्‍याइँ

७. **वाक्यमा प्रयोग गर्नुहोस् :**

प्राचीनकाल (१), विषयवस्तु (२) स्रोतसाधन, (३) रेखाङ्कन (४), सकारात्मक विचार, जनमानस, उत्पादन शक्ति, (५), भित्तिचित्र, शुभभाव (६), अन्तर्राष्ट्रिय क्षेत्र (७)

८. **पाठको तेस्रो अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।**

९. **पाठको पहिलो र दोस्रो अनुच्छेदबाट जातिवाचक नामपदहरू टिप्नुहोस् ।**

१०. **तल दिइएका शब्दहरूलाई नाम भए विशेषण र विशेषण भए नाम बनाउनुहोस् :**

संस्कृति, भौगोलिक, जीव, लोक, शक्ति, कागजी, देव, तन्त्र, रूढि, आकाशे, कोमलता, शरीर, नैतिक, रेखा

११. **निम्नलिखित अनुच्छेद पढी अन्तमा सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

शान्तिको बाटो निकै कठिन हुन्छ । हिंसात्मक भावनाले सिर्जिएको शान्ति दीर्घजीवी हुँदैन । स्वार्थ, अत्याचार र हिंसाको छाया परेको हुन्छ । त्यसकारण सर्वप्रथम यस संसारबाट हिंसा, प्रतिहिंसा जस्ता महान् रोगहरूको उपचार गर्न हामी तम्सिनुपर्छ । सानातिना कुराका निमित्त झगडा हुनुहुँदैन । आफ्नो स्वार्थलाई हितमा राखेर हामीले कुनै पनि काम गर्नु हुँदैन । हामीमा जाति, रङ, उचनीचको भावना आउनु हुँदैन । यसको विपरीत 'वसुधैव कुटुम्बकम्' को महान् आदर्शलाई हृदयङ्गम गरेर संसारमा मानवप्रति मानवको प्रेम जगाउनुपर्छ । मानिसले एकअर्कालाई निर्धन, अर्को आदर्शको, अर्को जातिको भनेर घृणा गर्नु बुद्धलाई बिर्सेर युद्धलाई प्रोत्साहन दिनु बराबर हुन्छ । त्यसकारण विश्वभरका मानिसहरू एक भएर आपसआपसमा उब्जने वैमनस्य आपसी समझदारीले हटाउनुपर्छ । हिंसा र प्रतिहिंसाको भावनालाई आफ्नो अन्तस्करणदेखि नै निकालेर फ्याँक्नुपर्दछ र बुद्धको आदर्शरूपी पञ्चशीललाई हामीले व्यवहारमा ल्याउन कोसिस गर्नुपर्दछ किनभने आज समस्त मानवसमाजका युद्ध र आतङ्कको छायाले त्रस्त छ । त्यसकारण साधुको मात्र होइन, दुर्जनको पनि रक्षा गरेर शान्तिको बाटोमा हिँडाउनुपर्दछ । आफू पनि बाँच्नु र अरूलाई पनि बचाउनु मानवताको पहिलो आदर्श हो र शान्ति आजको युगको प्रमुख माग पनि हो ।

प्रश्नहरू

(क) हिंसात्मक भावनाले सिर्जिएको शान्ति किन चिरस्थायी हुँदैन ?

(ख) केकस्ता कुराले शान्ति स्थापनामा बाधा पुर्‍याउँछ ?

(ग) वास्तविक शान्ति स्थापनाका लागि के गर्नुपर्दछ ?

(घ) मानवताको आदर्श र आजको युगको माग के हो ?

(ङ) माथिको अनुच्छेद कुन विषयसँग सम्बन्धित छ ?

१२. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) मिथिला चित्रकलाको विकास कसरी भएको हो ?

(ख) मिथिला चित्रकलामा रङ संयोजनको व्यवस्था कसरी गरिन्छ ?

(ग) मैथिल नारीहरूले कुनकुन अवसरमा कहाँकहाँ चित्रहरू बनाउने गर्दछन् ?

(घ) मिथिला चित्रकलामा लौकिक र पारलौकिक विषयअन्तर्गत केकेका चित्रहरू बनाइन्छन् ?

(ङ) नेपालको राष्ट्रिय संस्कृतिको संवर्धनमा मिथिला चित्रकलाको भूमिका कस्तो रहेको पाइन्छ ?

(च) मिथिला चित्रकलामा प्रयोग गरिने प्रतीकहरू केकस्ता छन् ?

(छ) मिथिला चित्रकलाका मौलिक विशेषताहरू केके हुन् ?

१३. **पाठको पाँचौं अनुच्छेद पढी त्यसका मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।**

१४ **व्याख्या गर्नुहोस् :**

(क) मिथिला चित्रकला नेपालको सांस्कृतिक सम्पदा हो ।

(ख) मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोग प्रशस्त मात्रामा पाइन्छ ।

१५. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) मिथिला चित्रकलामा केकस्ता मौलिक स्वरूप र विशेषता रहेको पाइन्छ, स्पष्ट पार्नुहोस् ।

(ख) मिथिला चित्रकलालाई राष्ट्रिय चित्रकलाको महत्त्वपूर्ण अङ्गका रूपमा कसरी प्रस्तुत गर्न सकिन्छ, स्पष्ट पार्नुहोस् ।

(ग) "मिथिला चित्रकलाले संस्कृतिको रक्षा मात्र गरेको छैन, यसले व्यवसायिक रूप पनि लिएको छ ।" पुष्टि गर्नुहोस् ।

सिर्जनात्मक अभ्यास

आफ्नो समुदाय वा क्षेत्रमा प्रचलित संस्कृति वा पर्वका बारेमा एउटा निबन्ध लेख्नुहोस् ।

व्याकरण

वाच्यपरिवर्तन

कर्तृवाच्य	कर्मवाच्य	भाववाच्य
भाइ गृहकार्य गर्छ ।	भाइद्वारा गृहकार्य गरिन्छ ।	
भाइ रुन्छ ।		भाइद्वारा रोइन्छ ।
बहिनी चिठी लेख्छे ।	बहिनीद्वारा चिठी लेखिन्छ ।	
बहिनी हाँस्छे ।		बहिनीद्वारा हाँसिन्छ ।

एउटा वाच्यमा प्रयोग भएको वाक्यलाई अर्को वाच्यमा परिवर्तन गर्न सकिन्छ । कर्तृवाच्यमा सकर्मक क्रिया प्रयोग भएमा कर्मवाच्यमा र अकर्मक क्रिया प्रयोग भएमा भाववाच्यमा परिवर्तन गरिन्छ । कर्मवाच्य र भाववाच्य कर्तृवाच्यमा मात्र परिवर्तन हुन्छन् । कर्तृवाच्यलाई कर्म वा भाववाच्यमा परिवर्तन गर्दा कर्तामा 'द्वारा/बाट' थपी कर्तालाई गौण बनाइन्छ भनें क्रियाका धातुमा 'इ' थपिन्छ । कर्मवाच्य र भाववाच्यलाई कर्तृवाच्यमा परिवर्तन गर्दा धातुमा जोडिएको 'इ' हटाई कर्ताअनुसार क्रियाको रूप मिलाइन्छ ।

व्याकरण अभ्यास

(क) पाठको तेस्रो र छैटौँ अनुच्छेद पढी कर्मवाच्य र भाववाच्यका वाक्यहरू टिपोट गर्नुहोस् ।

(ख) कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाच्यपरिवर्तन गर्नुहोस् :

१. पुलिसले चोरलाई लखेट्यो । (कर्मवाच्य)

२. आकाशमा जून र तारा देखिए । (कर्तृवाच्य)

३. म त पढ्दापढ्दै निदाएँछु । (भाववाच्य)

४. हामी परिश्रम गर्छौँ । (कर्मवाच्य)

५ नारायण गोपालले राम्राराम्रा गीत गाएका छन् ? (कर्मवाच्य)

६. तपाईंले यो किताब पढ्नुभयो त ? (कर्मवाच्य)

७. छोरीले आरु, मेवा, केरा र कागती किनी । (कर्मवाच्य)

८. आमाले मलाई बोलाउनु हुने छ । (कर्मवाच्य)

९. सपनामा म खुब रोएँछु । (भाव वाच्य)

१०. तिमी रुवाउँछौ पनि । (भाववाच्य)

११ मैले कन्याममा साथीहरू भेटें । (कर्मवाच्य)

१२. प्रहरीद्वारा आज थुपै मानिसहरू समातिए । (कर्तृवाच्य)

१३. कमजोर रूखहरू भाँचिए । (कर्तृवाच्य)

१४. रेडियोबाट सूचना प्रसारण गरियो । (कर्तृवाच्य)

१५. हामीले नेपालीको परीक्षा दियौँ । (कर्मवाच्य)

१६. म त यतै बस्छु । (भाववाच्य)

१७. अब हिँडिन्छ । (कर्तृवाच्य)

१८ यो काम आजै गरियोस् । (कर्तृवाच्य)

१९. मेरा दाजु नेपालटार जानुहुने छ । (भाववाच्य)

२०. भबाट नेपाली र अङ्ग्रेजीका किताब पढिए । (कर्तृवाच्य)

२१. कविद्वारा कविताहरू लेखियून् । (कर्तृवाच्य)

२२. तिमी किताबहरू पढ । (कर्मवाच्य)

२३. रफिद बाटामै भेटिने छ । (कर्तृवाच्य)

(ग) कर्मवाच्यको प्रयोग गर्दै पाँच वाक्यमा तपाईँले हिजो गरेका कामको वर्णन गर्नुहोस् ।

(घ) पाठबाट कर्तृवाच्य र भाववाच्यका पाँचपाँचओटा क्रिया टिप्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(ङ) कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका वाक्यहरू अलगअलग रूपमा समावेश गरी एउटा तालिका बनाउनुहोस् र त्यसका आधारमा कक्षामा वाच्यसम्बधी विषयलाई लिएर छलफल गर्नुहोस् ।

(च) उदाहरणसहित कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य बीचको अन्तर केलाउनुहोस् ।

विशेष ज्ञानका लागि थप सामग्री

बोध

कुनै अनुच्छेदमा व्यक्त गरिएका विचारहरू ठीकठीक रूपमा बुझ्न सक्नुलाई नै 'बोध' भनिन्छ । यसका दुई उद्देश्यहरू हुन्छन्; ती हुन्: (१) ज्ञानको स्तर जाँच्ने, र (२) भाषागत सीपको परीक्षण गर्ने । त्यसैले दिइएको गद्यांशलाई पटकपटक सावधानीपूर्वक पढ्नुपर्छ । गद्यांशको अन्त्यमा दिइएका प्रश्नहरूको आशयलाई राम्ररी बुझ्नु पनि त्यत्तिकै आवश्यक छ । प्रश्नहरूको उत्तर दिइएको गद्यांशमै भेटिने भएकाले प्रश्न नम्बरअनुसार उत्तरहरू कुनकुन हुन् भन्ने कुरा थाहा पाइराख्न अनुच्छेदमा रेखाङ्कन गर्नुपर्दछ । प्रश्नको उत्तर लेख्दा निम्नलिखित कुरामा ध्यान दिनुपर्छ :

(क) उत्तर सङ्क्षिप्त, स्पष्ट र सरल हुनुपर्दछ । यसको अर्थ के हो भने उत्तर अस्पष्ट, बुझ्न कठिन पर्ने खालको हुनुहुँदैन । लामो व्याख्या तथा विश्लेषण गरेर उत्तर लेख्नुहुँदैन ।

(ख) उत्तरमा विद्यार्थीको आफ्नै भाषाको प्रयोग भएको हुनुपर्दछ । दिइएको गद्यांशका वाक्यवाक्य जस्ताको तस्तै सार्ने काम गर्नु हुँदैन ।

(ग) दिइएको गद्यांशभित्रै सीमित रहेर उत्तर दिनुपर्दछ । गद्यांशभित्रका कुनै कुराको आलोचना वा खण्डन गर्ने वा टीकाटिप्पणी गर्ने काम गर्नुहुँदैन ।

(घ) सकेसम्म क्रमैअनुसार प्रश्नको उत्तर लेख्नुपर्दछ । क्रमलाई तलमाथि पारेर उत्तर लेख्नु राम्रो होइन ।

(ङ) भाषा र व्याकरणसँग सम्बन्धित प्रश्नहरूका उत्तरहरू दिइएको अनुच्छेदमा नपाइने भएकाले यसका निम्ति आफ्नो पूर्वज्ञानको आधारमा नै उत्तर दिनुपर्दछ ।

व्यापारिक चिठी

"अब कुनै व्यक्ति, संस्था वा कार्यालयले कहीँ पनि पत्र पठाउनुपर्दा हुलाकअड्डा धाउनुपर्दैन सुन्दा किंवदन्ती वा दन्त्यकथा जस्तो लाग्ला तर यो कुरा सत्य साबित भइसकेको छ । उहिलेउहिले चिठीपत्र ओसारपसार गर्ने काम परेवाहरूले गर्थे रे । पछि विश्वभरि नै हुलाक प्रणालीको विकास भयो । मानिसले मात्र होइन मोटर, रेल, हवाईजहाज र पानीजहाजहरूले पनि यस्ता चिठीपत्रहरू ओसारपसारको काम गर्न लागे र हालसम्म गरेकै पनि छन् तर सूचना प्रविधिका क्षेत्रमा आएको ठूलो परिवर्तनले आमसञ्चार माध्यमलाई निकै विकसित तुल्याइसकेको छ । 'फ्याक्स', 'इमेल' र 'इन्टरनेट' जस्ता प्रणाली यस कुराका ज्वलन्त प्रमाण हुन् ।



फ्याक्स मेसिन

'फ्याक्स' भनेको के हो ?

टेलिफोन नेटवर्कद्वारा चिठीपत्र मात्र नभएर कुनै पनि लिखित सामग्री एक ठाउँबाट अर्को ठाउँमा पठाउन सकने प्रविधिलाई नै 'फ्याक्स' भनिन्छ । यस प्रणालीअन्तर्गत एउटा यन्त्रको माध्यमद्वारा सूचना पठाउने वा प्राप्त गर्ने काम तुरुन्तै गर्न सकिन्छ । टेलिफोनको सुविधा भएका नेपालका कतिपय ठाउँहरूमा यो सुविधा उपलब्ध छ ।

'इमेल' भनेको के हो ?

'इमेल' भनेको विद्युतीय हुलाक हो । यसका लागि कम्प्युटरको आवश्यकता पर्दछ । यसका आफ्नै वैज्ञानिक प्रविधिहरू छन् जसअनुसार 'मोडेम' भन्ने एउटा संयन्त्र कम्प्युटरमा जडान गरिन्छ । 'इमेल केन्द्र' बाट यसको सञ्चालन गरिन्छ । चिठीपत्र, सूचना, निवेदनपत्र अथवा कुनै पनि लिखित सामग्री विश्वका जुन ठाउँमा पठाउनु छ, त्यसलाई सर्वप्रथम कम्प्युटरमा हालिन्छ । विशेष प्रकारको वैज्ञानिक प्रविधिद्वारा पठाइएको सामग्री तुरुन्तै प्रापककहाँ पुग्दछ । फ्याक्समा जस्तै यसमा पनि मूल सामग्री नै प्रापककहाँ पुग्ने होइन, तर त्यसको हुबहु नक्कल मात्र चमत्कारी ढङ्गबाट पुग्दछ ।

कम्प्युटर

'इन्टरनेट' भनेको के हो ?

विश्वभरिका कम्प्युटरहरूको सम्पर्कबाट जहाँसुकै पनि सूचना वा सन्देश पठाउन सकिने सञ्चार माध्यमलाई 'इन्टरनेट' भनिन्छ । यसबाट विश्वका कुनै पनि ठाउँमा घटेका घटनाहरू घरमै बसीबसी कम्प्युटरको पर्दामा पढ्न सकिन्छ ! यति मात्र नभएर अचेल यसबाट टेलिफोन सम्पर्क पनि गर्न सकिन्छ ।

हाम्रो देशमा यी अत्याधुनिक साधनहरू सर्वत्र उपलब्ध छैनन् तापनि उद्योगव्यवसाय, व्यक्तिगत वा संस्थागत सुविधाका लागि भविष्यमा यस्ता साधनहरूको उपयोग गर्नुपर्ने स्थिति नपर्ला र ? पत्राचारका लागि हुलाक मात्रले भोलिको आवश्यकतालाई थेग्ला तर जेजस्तो भए पनि हाम्रो जस्तो अविकसित मुलुकले भने आज पनि पत्राचारका लागि हुलाककै भर पर्नुपरेको छ ।

पञ्चकन्या बुक्स सेन्टर

फुडलिङ ४, ताप्लेजुङ
मेची अञ्चल

मिति: २०६५/१/१५

१. विषय: पुस्तकहरू उपलब्ध गराइदिनेबारे ।

२. श्रीमान् महाप्रबन्धक,
साझा प्रकाशन,
पुल्चोक, ललितपुर

३. महोदय,

४. वर्तमान पाठ्यक्रमअनुसार नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा १० का अनिवार्य विषयका निम्नलिखित पुस्तकहरू यथाशीघ्र उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ :

१.	नेपाली	५०० प्रति
२.	अङ्ग्रेजी	५०० प्रति
३.	गणित	५०० प्रति
४.	विज्ञान	५०० प्रति
५.	सामाजिक शिक्षा	५०० प्रति
६.	स्वास्थ्य, जनसङ्ख्या र वातावरण शिक्षा	५०० प्रति
	जम्मा	३,००० प्रति

५. उल्लिखित पुस्तकहरूको **भुक्तानी**का लागि त्यस कार्यालयको नाममा **पेस्की**स्वरूप रु. ५०,०००/- (पचास हजार रुपियाँ मात्र) को **बैङ्क ड्राफ्ट** यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । बाँकी रकम पुस्तकहरूका साथै **बिल** प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध छ ।

६. धन्यवाद !

७. भवदीय

... ...

(प्रो. भरतबहादुर थेवे)

भुक्तानी - मूल्य चुक्ता गर्ने काम
पेस्की - मूल्यको अग्रिम भुक्तानी दिइने केही अंश; बैना ।
बैङ्क ड्राफ्ट - रकम भुक्तानीका लागि बैङ्कले लेखिदिएको आदेशपत्र
बिल - सामानको परिमाण र मूल्य खुलाई लेखिने चिर्कटो; मूल्य पत्र, रसिद

खामको नमुना



अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) व्यापारिक चिठीको आदि, मध्य र अन्त्यमा केके कुरा लेखिन्छन् ?

(ख) व्यापारिक चिठी र घरायसी चिठीमा केकस्ता भिन्नताहरू हुन्छन् ?

२. (क) पाठमा दिइएको व्यापारिक चिठीअनुसार साझा प्रकाशन, केन्द्रीय कार्यालयले पञ्चकन्या बुक्स सेन्टर ताप्लेजुङलाई लेख्ने चिठी लेख्नुहोस् ।

(ख) धवलागिरि पुस्तक पसल, बागलुङले रेसुङ्गा पुस्तक भण्डार, काठमाडौँलाई भर्खरै प्रकाशित सन्दर्भपुस्तकहरू अविलम्ब पठाइदिनु भन्ने व्यहोराको एउटा चिठी तयार गर्नुहोस् ।

(ग) शान्ति, सहअस्तित्व, आपसी समझदारी र मेलमिलाप आजको आवश्यकता हो भनेर प्रस्ट पार्दै गाउँको आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

(घ) छोरीलाई शिक्षा दिनुपर्छ भन्ने सल्लाह दिँदै रोल्पाका मानबहादुरलाई नेपालगञ्जका मोहम्मदले लेख्ने चिठी तयार पार्नुहोस् ।

(ङ) जाडोमा सुइटर किन्न सहरको छात्रावासमा बस्ने विद्यार्थीले आफ्ना अभिभावकलाई लेख्ने चिठी तयार पार्नुहोस् ।

३. **वाक्यमा प्रयोग गर्नुहोस् :**

यथाशीघ्र (४), भुक्तानी, पेस्की, रकम, बिल (५)

४. **तलका संयोजक र नामयोगी शब्द राखेर वाक्य निर्माण गर्नुहोस् :**

संयोजक : र, अनि, कि, तर, किनभने, वा, अथवा,

नामयोगी : तिर, सम्म, माथि, तर्फ, सित, भित्र, नजिक, पछि, मुन्तिर

५. **तलका शब्दबाट क्रियायोगी, निपात र विस्मयादिबोधक शब्दलाई छुट्याई तालिका बनाउनुहोस :**

राम्ररी, हिजो, झट्ट, बेसरी, पारि, तल, अहिले, कहिले, पढन, त्यहाँ, अहो, खै, लौ, नि, ऐया, स्याबास, छि, धत्, धिक्कार, हरे

सिर्जनात्मक अभ्यास

(क) तलका पत्रहरू पढ्नुहोस् र त्यसअनुसारको पत्र तपाईं पनि तयार पार्नुहोस् :

१.

श्री .....

निमन्त्रणा

हाम्रा आयुष्मती सुपुत्री छविकला विश्वकर्माको श्री हरिहर विश्वकर्मा तथा सुनीता विश्वकर्माका चिरञ्जीवी सुपुत्र श्री सुलभ विश्वकर्माका साथ हुने शुभविवाहमा यहाँको उपस्थिति प्रार्थनीय छ ।

विवाह कार्यक्रम	दर्शनाभिलाषी	प्रार्थी
जन्ती पर्सिने : २०६५/१/१७ गते	रमेश विश्वकर्मा	भुवनलाल विश्वकर्मा
समय : बिहान १० बजे	राधा विश्वकर्मा	सुनमाया विश्वकर्मा
भोज : २०६५/१/१७ गते	एवम्	
समय : बेलुका ४ बजे	विश्वकर्मा परिवार	
स्थान : निजी निवास		
आचार्य वाडा -४ जुम्ला		

२.

शुभकामना

नयाँ वर्ष २०६५ को उपलक्ष्यमा शान्ति, उन्नति र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

तोयानाथ सापकोटा
प्रधानाध्यापक
एवम्
भाग्योदय माध्यमिक विद्यालय परिवार

(ख) तपाईंका दाजु, दिदी वा छरछिमेकका कसैको विवाहका लागि निमन्त्रणा पत्र बनाई शिक्षकलाई देखाउनुहोस् ।

(ग) तपाईंले मनाउने कुनै चाडको उपलक्ष्यमा आफ्ना साथीलाई दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।

(घ) निमन्त्रणा पत्र लेख्दा केके कुरामा ध्यान दिनुपर्ला, त्यो पनि लेख्नुहोस् ।

प्रतिवेदन लेखन

विशेष उद्देश्य लिएर कुनै ठाउँ विशेषको शैक्षिक भ्रमण गर्दा होस् वा विद्यालय वा कहीं कुनै किसिमको कार्यक्रम आयोजना गर्दा होस् वा कुनै भयावह दुर्घटना नै कहीं कतै भएको किन नहोस् यस्ता विषयमा एउटा लिखित कागजात तयार पार्ने कामलाई 'प्रतिवेदन लेखन' भनिन्छ। यसको अर्थ प्रतिवेदन सदैव समसामयिक विषयमा नै तयार पार्ने गरिन्छ। पुरातात्त्विक वा ऐतिहासिक महत्त्वका स्थान वा वस्तुबारे पतिवेदन तयार पार्दा पनि वर्तमान दृष्टिकोण र मूल्यलाई महत्त्व दिइन्छ। यसमा निम्नलिखित कुराहरू हुनु आवश्यक छ :

१. तथ्य
२. तथ्य प्राप्तिका स्रोतहरू
३. ती तथ्यहरूको महत्त्व
४. सुझाव
५. निष्कर्ष

प्रतिवेदनमा तथ्यकै मात्र प्रधानता हुन्छ। वास्तवमा प्रतिवेदन भनेकै तथ्यहरूको सङ्क्षिप्त अभिलेख हो। यसमा आधारहीन, तथ्यहीन र भावुकतापूर्ण वा काल्पनिक कुराहरूको कुनै स्थान रहन्न। विद्यालयमा 'भानुजयन्ती' मनाउन विद्यार्थीहरूको एउटा सानो आयोजक समिति गठन गरिन्छ र त्यसले काम सम्पन्न गरिसकेपछि प्राचार्यले सो कार्यक्रमबारे एउटा लिखित प्रतिवेदनको माग गर्दछन्। प्रतिवेदन तयार पार्ने व्यक्तिविशेष वा समूहले सो कार्यक्रम सफल भए नभएको कुरा थाहा पाउन विभिन्न स्रोतहरूबाट तथ्यहरू सङ्कलन गर्दछ। त्यसपछि ती तथ्यहरूको निष्पक्ष विश्लेषण गरेर निष्कर्ष निकालिन्छ। यति मात्र नभएर यस्तो कार्यक्रमलाई अर्को वर्ष अझ प्रभावकारी वा त्रुटिहीन बनाउन केके गर्नुपर्दछ भन्ने सुझावहरू पनि दिइन्छन्।

'प्रतिवेदन' तयार पार्दा सर्वप्रथम जसका निमित्त सो प्रतिवेदन तयार पारिएको हो त्यस व्यक्तिलाई औपचारिक ढङ्गले सम्बोधन गरिन्छ। त्यसपछि सो प्रतिवेदनलाई निम्नलिखित तीन खण्डमा प्रस्तुत गरिन्छ :

१. **परिचय** : यस खण्डअन्तर्गत प्रतिवेदनको विषयबारे जानकारी दिई प्रतिवेदन तयार पार्नुको उद्देश्यमाथि प्रकाश पारिन्छ।

२. **मुख्य भाग** : यस खण्डमा विषयगत तथ्यको विश्लेषण र तात्पर्य निकाली यथार्थ सूचना दिने काम गरिन्छ।

३. **निष्कर्ष र सुझाव** : अन्त्यमा अध्ययन, अवलोकन वा परीक्षणको निर्क्योल गरी व्यावहारिक र सम्भाव्य सुझावहरू प्रस्तुत गरिन्छ।

प्रतिवेदन तयार गरिसकेपछि अन्त्यमा तयार गर्ने व्यक्ति वा समितिका सदस्यहरूको हस्ताक्षर गरिन्छ। यसरी प्रतिवेदन सदैव सूचनाप्रद वा जानकारीमूलक मात्र होइन भविष्यका लागि मार्गदर्शकसमेत हुनु आवश्यक छ।

जीवनी

इमानसिंह चेमजोङ

नेपाल प्रकाशले हलाक टिकटमा चित्राङ्कन गरेका निम्नलिखित व्यक्तित्वहरूको सांस्कृतिक योगदान अत्यन्त ठूलो छ । ती व्यक्तित्वहरूको सङ्क्षिप्त परिचय यसप्रकार छ :

सिरिजङ्गा

सिरिजङ्गा: जीवनकाल वि.सं (१७६१ - १७९८) किराती लिपिका पुनरुत्थापक र प्रचारक; भाषा, धर्म र संस्कृतिका उत्थापक; जातीय अस्तित्वका रक्षक; महान् उपदेशक र ज्ञानका पुञ्ज; अध्यात्मवादी समाज सुधारक ।

महागुरु फाल्गुनन्द

फाल्गुनन्द: जीवनकाल वि.सं (१९४२ - २००५) किराती सभ्यता र संस्कृतिका सुधारक; नारी समानताका पक्षधर; अहिंसाका परम अनुयायी; किराती भाषा र लिपिका संरक्षक र पुनरुत्थापक; शिक्षा र सापका प्रचारक; सब प्राणीहरूलाई आत्मीय ठान्ने एक आदरणीय मानवतावादी विचारक ।

सांस्कृतिक व्यक्तित्वका रूपमा यी दुईको छवि जति उच्च छ, त्यति नै उच्च इमानसिंह चेमजोङको पनि छ । उनी हाम्रो राष्ट्रिय सास्कृतिका एक स्तम्भ हुन् । 'अनेकतामा एकता' को मूलमन्त्रलाई साकार रूप दिन किरात क्षेत्रबाट उनले गरेको योगदान अमूल्य छ ।

१. नेपाल सांस्कृतिक विविधता भएको एक समृद्ध मुलुक हो । विभिन्न जातिको सांस्कृतिक मेलबाटै नेपाली संस्कृतिको निर्माण भएको छ । यस देशका विभिन्न जातजातिहरूले आ-आफ्ना भाषा, धर्म र संस्कृतिलाई संरक्षण गरी अन्ततः राष्ट्रिय एकताको भावनालाई जीवन्त पारेका छन् । नेपालका विभिन्न संस्कृतिमध्ये किराती संस्कृति पनि एक प्राचीन संस्कृति हो । यस संस्कृतिको उत्थान र पुनर्जागरण गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने इमानसिंह चेमजोङ नेपालका एक सांस्कृतिक योद्धा तथा अग्रणी व्यक्तित्व हुन् । उनको पैतृक थलो पूर्वी नेपालको पाँचथर भए पनि उनका मातापिता आजीविकाको क्रममा दार्जिलिङको कालेजुङमा गएकाले त्यहीं नै सन् १९०४ जनवरी १ तारिखका दिन उनको जन्म भएको थियो । पिता मेघवरसिंह र माता दावापुका उनी छैटौं पुत्र थिए । सानैदेखि उनी गम्भीर, चिन्तनशील एवम् सरल र मिलनसार प्रकृतिका थिए । गाउँकै स्थानीय स्कुलबाट **म्याट्रिकुलेसन** उत्तीर्ण गरी उनी उच्च शिक्षाका लागि कलकत्ताको सेन्ट जेभियर **कलेज**मा भर्ना भए ।

म्याट्रिकुलेसन - एसएलसी वा प्रवेशिका सरहको परीक्षा

कलेज - महाविद्यालय

त्यहाँबाट आई.ए. पास गरेर उनले बी.ए. पढ्न थाले तर अचानक पिताको देहावसान भएकाले आफ्नो अध्ययनलाई अधुरै छाडी उनी घर फर्कन बाध्य भए । त्यसपछि उनले जीवन निर्वाहका क्रममा सुकेपोखरीको एउटा विद्यालयमा प्रधानाध्यापक भई कार्य गर्न थाले । त्यसैवेला उनले अमृता नाम गरेकी एउटी महिलासँग वैवाहिक सम्बन्ध गाँसे । सन्तानका रूपमा उनका दुई छोरा र तीन छोरी भए ।

२. इमानसिंहले एकदिन विद्यालयमा किरातहरूको संस्कृति विषयमा चर्चा गरेको सुने छन् । त्यसपछि उनने घरमा आएर आफ्ना पितासँग यसबारे सोध्दा किरातीहरूको पनि आफ्नै मौलिक भाषा, लिपि र संस्कृति रहेको कुरा थाहा पाएछन् । उनले किराती लिपिको एउटा पुरानो हस्तलिखित ग्रन्थ पनि हात पारेछन् । यहींदेखि उनी किराती संस्कृतिका क्षेत्रमा जागरुक देखिन थाले । सन् १९२५ देखि उनी निकै सक्रिय रूपले यससम्बन्धी खोज, अनुसन्धानमा लाग्न थाले । कलेजमा अध्ययनरत रहँदा उनी आफ्नो जाति, भाषा, सभ्यता, संस्कृति, लिपि र इतिहासका बारेमा ज्यादै चासो देखाउँथे र यससम्बन्धी विभिन्न ग्रन्थहरू खोजीखोजी पढ्ने गर्दथे । यसै क्रममा उनले अङ्ग्रेज विद्वान्का ग्रन्थहरू पढी यस विषयमा धेरै कुरा थाहा पाए । अङ्ग्रेजहरूले धेरै वर्ष पहिले किरातीहरूका घरघरमा गएर तिनको भाषा र बोलीको सङ्कलन गरी पुराना हस्तलिखित ग्रन्थहरूसमेत बेलायत लगेको कुरा पनि उनले पत्ता लगाए । यस कुराबाट प्रेरित भएर उनले आफ्नो घरमा भएका र भेटे जति पुराना हस्तलिखित कागजपत्रहरूको सङ्कलन गरी तिनको अध्ययन एवम् विश्लेषण गर्न थाले । किरात-लिम्बू भाषाको प्रचारप्रसार, लिपिको पुनरुत्थान र संस्कृतिको विस्तार गर्नुलाई नै उनले जीवनको एकमात्र लक्ष्य बनाए । यही महान् कार्यमा मन, वचन र कर्मले उनी तल्लीन हुन थाले ।

इमानसिंह चेमजोङ

३. इमानसिंह चेमजोङ आफ्नो मातृभाषा र लिपिका एक सशक्त अन्वेषक हुन् । उनले नेपाल र भारतका विभिन्न ठाउँहरूको स्थलगत भ्रमण गरी आफ्नो भाषा, लिपि र संस्कृतिको विस्तृत खोज र प्रचारप्रसार गरे । नेपालबाहिर जन्मेर पनि उनले आफ्नो कर्मथलो भने नेपाललाई नै बनाए । सन् १९५३ मा भारतको सिक्किमबाट पूर्वी नेपालको **लिम्बूवान** क्षेत्रमा आई उनले त्यहाँ 'लिम्बूवान सुधार सङ्घ' गठन गरे । त्यसको अध्यक्ष भएर उनले आफ्नो परम्परागत रीतिस्थिति, संस्कृति र सभ्यताको संरक्षण र संवर्धन गरी जनचेतना बढाउने कार्य गरे । आफ्नो भाषा र संस्कृतिको **अस्तित्वरक्षा**का लागि केही मागहरू लिएर उनी लिम्बूवान क्षेत्रको **प्रतिनिधि मण्डल**को नेतृत्व गरी काठमाडौँ गएका थिए । यसबाट आफ्नो सनातन संस्कृतिप्रति उनको गहिरो लगाव वा अनुराग रहेको कुरो स्पष्ट हुन्छ ।

४. इमानसिंह चेमजोङ लिम्बूवान र **खम्बूवान** क्षेत्रका प्रत्येक गाउँगाउँमा डुलेर किराती भाषा, इतिहास, धर्म र संस्कृतिको खोजी गर्ने कार्यमा लाग्न थाले । करिब दस वर्षसम्म ती क्षेत्रमा रहेर सामाजिक कुरीतिको उन्मूलन गरी समाजसुधारका साथै शिक्षाको प्रचार गर्ने कार्यमा उनी लागे । अनुसन्धान कार्यमा तल्लीन

लिम्बूवान - प्राचीनकालदेखि लिम्बू जातिको स्थायी वसोवास भएको कोसी र मेची अञ्चलका पहाडी क्षेत्र
अस्तित्वरक्षा - अस्तित्व जोगाउने वा संरक्षण गर्ने काम
प्रतिनिधि मण्डल - कुनै सङ्घसंस्थाको नेतृत्व लिने व्यक्तिहरूको समूह
खम्बूवान - सुनकोसीपूर्व र अरूणपश्चिमको राई जाति बसोबास गर्ने पहाडी क्षेत्र

हुनुपरेकाले उनले घरपरिवारलाई बढी समय दिन सकेनन्। आफ्नो संस्कृतिको अस्तित्वरक्षा गरी त्यसलाई जीवन्त बनाउनु नै उनको जीवनको लक्ष्य थियो। यही लक्ष्य प्राप्तिका लागि उनी रातदिन निद्रा, भोक, थकाइ केही नभनी क्रियाशील हुन थाले। उनी आफ्नो **सनातन** धर्मप्रति खुबै आस्था राखी दैनिक पाठपूजा र जपध्यान गर्थे। उनी सत्यको पक्ष लिने एक कर्मयोगी थिए। उनले जीवनका धेरै वर्ष शिक्षण पेसामा बिताए पनि उनको व्यक्तित्वको महत्त्वपूर्ण पाटो भने किराती **वाङ्मय** र संस्कृतिको सुदृढीकरण गर्नु नै थियो।

५. इमानसिंह चेमजोङले लिम्बूवान र खम्बूवान क्षेत्रका प्रत्येक ऐतिहासिक, **पुरातात्त्विक** र सांस्कृतिक महत्त्वका स्थलहरूको भ्रमण गरी सामग्री सङ्कलन र अध्ययन गर्ने काम गरे, तर उनले यी सामग्रीहरूलाई व्यवस्थित रूप दिई प्रकाशन गर्ने काम त्यहाँ बसेर सम्भव हुने देखेनन्। तसर्थ यसका लागि उनी काठमाडौँ बस्न थाले। त्यहाँ बसेर उनले भाषा, संस्कृति, इतिहास, धर्म र अन्य साहित्यिक रचनाहरूको सिर्जना गरी प्रकाशन गर्न थाले। यसै सिलसिलामा उनको प्रतिभाको कदर गर्दै त्रिभुवन विश्वविद्यालयले उनलाई किराती वाङ्मय र संस्कृति विषयको विशेषज्ञका रूपमा नियुक्त गऱ्यो। करिब पन्ध्र वर्षसम्म नेपाल र एसियाली अनुसन्धान केन्द्रमा रही उनले आफ्नो अध्ययन क्षेत्रलाई अझ विस्तार गरे। हरेक सभ्य जातिको अस्तित्वलाई जीवन्त राख्न त्यस जातिको वाङ्मयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। कुनै पनि वाङ्मयलाई जीवन्त राख्न त्यस भाषाको व्याकरण, शब्दकोश र साहित्यको सर्वाधिक महत्त्व रहेको हुन्छ। यसै महत्त्वलाई बुझेर उनले लिम्बूभाषा, व्याकरण, लिपि, संस्कृति, धर्मदर्शन र इतिहासका सम्बन्धमा विभिन्न खोजमूलक ग्रन्थहरू प्रकाशन गरे। तीमध्ये केही प्रमुख कृतिहरू यसप्रकार छन्: *किरात मुन्धुम* (वेद), किरात इतिहास, किरात साहित्यको इतिहास, *किरात दन्त्यकथा, लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश, किरात मुन्धुम खाहुन् (शिक्षा), किरात इतिहास तथा संस्कृति (अङ्ग्रेजी भाषामा), किरात दर्शनको सारांश, लाप्चे-नेपाली-अङ्ग्रेजी शब्दकोश, किरातकालीन विजयपुरको सङ्क्षिप्त इतिहास* आदि। यसका अतिरिक्त उनले लिम्बूभाषामा प्रशस्तै पाठ्यपुस्तकहरू पनि लेखेको पाइन्छ। यसरी उनले मातृभाषामा पाठ्यपुस्तकहरू तयार पारी जातीय एकताका निमित्त किराती वाङ्मय तथा संस्कृतिलाई नेपाल बाहिरसमेत प्रचार गर्नमा ठोस योगदान पुऱ्याए। उनले लिम्बू भाषामा साहित्यिक रचनाहरू पनि गरेको देखिन्छ। उनका केही कृतिहरू अझै अप्रकाशित अवस्थामै छन्। उज्यालो आत्मा भनेको ज्ञानबुद्धि हो। ज्ञान बुद्धिबाट शक्ति प्रकट हुन्छ। उज्यालो आत्माले उज्यालो दिन्छ। उज्यालो र अँध्यारो कहिल्यै पनि मिल्दैन। उज्यालो आएपछि अँध्यारो आफै भाग्छ। सभ्यता आएपछि असभ्यता आफै हराउँछ। मानिस जातिलाई नष्ट गर्ने आत्मा नै ताम्फुङ्ना अर्थात् अज्ञानको आत्मा हो। बुझ्ने शक्ति छैन भने राम्रो कुरा पनि बुझ्न सकिँदैन। आफू बाँच्ने हो भने

सनातन - पुरानो; धेरै अघिदेखि चलिआएको

वाङ्मय - कुनै भाषाका शास्त्र; ग्रन्थ, लेख रचना आदि लाई जनाउने समूह वाचक शब्द

पुरातात्त्विक - पुराना कलासँस्कृति र इतिहाससम्बन्धी

अरूलाई पहिला बचाउनुपर्छ । आफू उठ्न मन भए पहिला अरूलाई उठाउनुपर्छ । आफूले आफूलाई बुझ्न सके अरूलाई पनि बुझ्न सकिन्छ । बुझ्ने ज्ञान ठूलो शक्ति हो भन्ने जस्ता गहन उक्ति भएको मुन्धुम किरातीहरूको धर्मकर्मको मूल आधार हो ।

७. साठी वर्षसम्म किराती वाङ्मय तथा संस्कृतिका क्षेत्रमा अनवरत रूपले काम गरी विशिष्ट योगदान दिने अमर साधक इमानसिंह चेमजोङले झन्डै लोप हुन लागिसकेको आफ्नो जातीय इतिहासलाई पुनर्जीवित तुल्याई स्पष्ट दिशा प्रदान गरे । उनले अनुसन्धान वा खोज गर्नुभन्दा अघि किराती भाषा, लिपि र संस्कृतिका बारेमा कसैले पनि चासो देखाएका थिएनन् । उनले आफ्नो जीवन यसै क्षेत्रमा समर्पित गरेर हामी सबैलाई आफ्नो जातीय तथा राष्ट्रिय सभ्यता र संस्कृतिको संरक्षण र संवर्धनमा लाग्ने प्रेरणा दिएका छन् । उनको यस किसिमको राष्ट्रिय योगदानको सम्मान गर्दै नेपाल सरकारले उनको **चित्राङ्कित** हुलाक टिकट पनि प्रकाशन गरेको छ । किराती भाषा र संस्कृतिका क्षेत्रमा काम गर्दागर्दै सन् १९७५ मा उनको देहावसान भयो । भाषा र संस्कृतिप्रतिको **निष्ठा** तथा महान् कार्यले उनलाई **जीवन्त** पारेको छ । उनी हाम्रा लागि एक **अनुकरणीय** व्यक्तित्वका रूपमा सदा अमर भएका छन् ।

इमानसिंहको चित्राङ्कित हुलाक टिकट

चित्राङ्कित	-	फोटो वा चित्र राखिएको	जीवन्त	-	जीवित
निष्ठा	-	आस्था, श्रद्धा	अनुकरणीय	-	नक्कल वा अनुकरण गर्न योग्य

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) नेपालीहरू कसरी राष्ट्रिय एकतामा आबद्ध भएका छन् ?

(ख) नेपाली संस्कृतिको निर्माण कसरी भएको छ ?

(ग) इमानसिंह चेमजोङको जन्म कहाँ र कहिले भयो ?

(घ) इमानसिंह चेमजोङले कति पढेका थिए ?

(ङ) किराती भाषा र संस्कृतिका क्षेत्रमा उनी कहिलेदेखि सक्रिय रूपमा लागे ?

(च) इमानसिंह चेमजोङले आफ्नो जीवनको लक्ष्य के बनाए ?

(छ) इमानसिंह चेमजोङ लिम्बूवानमा गएर के गर्न थाले ?

(ज) इमानसिंह चेमजोङ लिम्बूवानबाट काठमाडौँ आएर बस्नुको उद्देश्य के थियो ?

२. **तलका शब्दहरूको उच्चारण गर्नुहोस् :**

निर्माण, पुनर्जागरण, म्याट्रिकुलेसन, पुनरुत्थान, अनुसन्धानात्मक, पुनर्जीवित, अस्थायी, कर्तव्य, द्रव्य, प्रगति, स्नान

३. **अर्थ भन्नुहोस् :**

समृद्ध, योद्धा, साधक, सभ्यता, लिपि, अन्वेषक, विशेषज्ञ, सिर्जना, सशक्त, संवर्धन

४. **तलका शब्दबाट उपसर्ग र प्रत्यय छुट्याउनुहोस् :**

ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक, साहित्यिक, वैवाहिक, अनुराग, किराती, कर्मयोगी, राष्ट्रिय, जातीय, प्रचार, अनुसन्धान, संरक्षण, अनुकरणीय, अतिरिक्त

५. **अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

बाध्य हुनु (१), जागरुक देखिनु, तल्लीन हुनु (२), क्रियाशील हुनु (४), नियुक्त गर्नु (५), दिशा प्रदान गर्नु, समर्पित हुनु , चासो देखाउनु (६)

६. **पाठको दोस्रो अनुच्छेदबाट अज्ञात भूतका वाक्यहरू खोजेर भन्नुहोस् ।**

७. **पाठको सातौं अनुच्छेद पढी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) इमानसिंह चेमजोङले कुन क्षेत्रमा विशेष कार्य गरे ?

(ख) किराती भाषा र संस्कृतिको विकासमा चेमजोङले कस्तो कार्य गरे ?

(ग) इमानसिंह चेमजोङबाट कस्तो प्रेरणा पाइन्छ ?

(घ) पुनर्जीवित, निष्ठा, चित्राङ्कित र अनुकरणीय शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(ङ) प्रकाशित र अनुकरणीय शब्दका प्रकृतिप्रत्यय छुट्याउनुहोस् ।

८. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) इमानसिंह चेमजोङ कसरी किराती भाषा र संस्कृतिका क्षेत्रमा लागे ?

(ख) लिम्बूवानमा रहेर चेमजोङले कस्ताकस्ता कार्यहरू गरे ?

(ग) "इमानसिंह चेमजोङ एक सांस्कृतिक योद्धा हुन्" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(घ) इमानसिंह चेमजोङले किराती भाषा र संस्कृतिको उत्थानमा के कस्तो योगदान दिएका छन् ?

(ङ) इमानसिंह चेमजोङको जीवनीबाट कस्तो प्रेरणा लिन सकिन्छ ?

९. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) आफ्नो संस्कृतिको अस्तित्वरक्षा गरी त्यसलाई जीवन्त बनाउनु नै उनको जीवनको लक्ष्य थियो ।

(ख) हरेक सभ्य जातिको अस्तित्वलाई जीवन्त राख्न त्यस जातिको वाङ्मयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

१०. **व्याख्या गर्नुहोस् :**

नेपाल सांस्कृतिक विविधता भएको एक समृद्ध मुलुक हो ।

११. **विवेचनात्मक उत्तर दिनुहोस् :**

इमानसिंह चेमजोङले किराती भाषा र संस्कृतिको उन्नतिमा दिएको योगदानबारे चर्चा गर्नुहोस् ।

सिर्जनात्मक अभ्यास

तल दिइएका बुँदाहरूका आधारमा युवाकवि मोतीराम भट्टको सङ्क्षिप्त जीवनी लेख्नुहोस् :

- जन्म : वि.सं. १९२३ भाद्र कुसेऔंसी
  काठमाडौं, भोसिको टोल
- पिता : दयाराम भट्ट
- माता : रिपुमर्दिनी देवी

जीवनका प्रमुख घटना र विशेषताहरू

- छ वर्षको उमेरमा आफ्नी आमासँग काशी प्रस्थान
- आठ वर्षको उमेरमा व्रतबन्ध
- बनारसमा रही संस्कृत र फारसी भाषाको अध्ययन, गायन र वाद्यवादनको शिक्षा ग्रहण
- वि.सं. १९३८ पौष महिनामा काशी गई अङ्ग्रेजी स्कुलमा भर्ना
- नेपाली भाषामा पुस्तकहरू छापी प्रकाशित गर्ने उद्देश्यले बनारसमा 'भारतजीवन' नामक प्रेस खोली आफू त्यसको व्यवस्थापक बनेर उक्त प्रेसबाट भानुभक्तीय रामायणको 'बालकाण्ड' का साथै 'गोरखा भारतजीवन' भन्ने पहिलो नेपाली भाषाको पत्रिका प्रकाशन
- नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय प्रतिभा
- प्रथम नेपाली गजलकार, कवि, नाटककार, जीवनीकार, समालोचक, अन्वेषक, पत्रकार आदि बहुमुखी व्यक्तित्वका धनी
- भाषाप्रेमी, देशप्रेमी, सौन्दर्य प्रेमी प्रसिद्ध कवि
- क्रमशः बनारस र काठमाडौंमा रहँदा 'मोतीमण्डली' को स्थापना गरी नवोदित प्रतिभाहरूका लागि उपयुक्त साहित्यिक वातावरणको सिर्जना

प्रमुख कृतिहरू

- प्रह्लादभक्ति कथा, पीकदूत, उषाचरित्र, गजेन्द्रमोक्ष, मनोद्वेगप्रवाह, भ्रमरगीत, कविसमूह वर्णन, प्रियदर्शिका नाटिका, शकुन्तला (नाटक), भानुभक्तको जीवनी आदि ।
- मृत्यु : वि.सं. १९५३, भाद्र कुसे औंसी

व्याकरण

कारक र विभक्ति

उदाहरण	कारक र विभक्तिको नाम
इमानसिंहले मुन्धुम लेखे ।	(इमानसिंह कर्ता कारक; ले- प्रथमा विभक्ति)
कमला पाठ पढ्छे । रमला कमलालाई बोलाउँछे ।	(पाठ, कमला - कर्म कारक; लाई- द्वितीया विभक्ति)
ऊ कलमले लेख्छ ।	(कलम- करण कारक; ले-तृतीया विभक्ति)
सानुले नानुलाई पैसा दिई ।	(नानु- सम्प्रदान कारक; लाई- चतुर्थी विभक्ति)
बागलुङबाट बस छुट्यो /आइतबारदेखि छुट्टी हुन्छ ।	(बागलुङ, आइतबार-अपादान कारक;बाट,देखि पञ्चमी विभक्ति)
रमाकी बहिनी आई ।	(की-षष्ठी विभक्ति)
घरमा कुकुर पालिएको छ ।	(घर-अधिकरण कारक; मा सप्तमी विभक्ति)

- वाक्यको मुख्य क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नाम वा सर्वनाम कारक हुन् ।
- कारकसँग जोडिएर वाक्यको अर्थ स्पष्ट पार्ने वा पूर्वापर सम्बन्ध दर्साउने चिह्न चाहिँ विभक्ति हुन् ।
- षष्ठी विभक्ति (को, का, की, रो, रा, री, नो, ना, नी)लागेका पदले भेदक विशेषणको पनि काम गर्छन् ।

व्याकरण अभ्यास

(क) पाठबाट सबै प्रकारका कारक र विभक्तिका एकएक उदाहरण खोजेर लेख्नुहोस् ।

(ख) तल दिइएका वाक्यमा रेखाङ्कन गरिएका पदहरूको कारक छुट्टयाउनुहोस् :

(अ) पोखराबाट काठमाडौँ आएका आफ्ना दाइलाई शिवानीले किस्तीमा राखेर उपहार दिइन् ।

(आ) बुबाले बजारबाट भाइलाई कलम ल्याइदिनुभयो ।

(इ) उनले झटाराले हानी रूखबाट नास्पाती झारे ।

(ई) चेतनले रूखमा फलेका फल लट्ठीले हानेर भुइँमा खसाल्यो ।

(उ) किसानले इनारबाट बाल्टिनले पानी झिकी तरकारीबारीमा सिँचाइ गऱ्यो ।

(ऊ) दाइले हिजो बेलायतबाट कान्छा भाइलाई भनी जहाजमा सामान पठाउनुभयो ।

(ग) **तल दिइएका वाक्यमा रेखाङ्कन गरिएका विभक्तिको नाम लेख्नुहोस् :**

(क) उमाले सुमालाई पैसा दिई र दराजमा राख् भनी ।

(ख) पहाडमा बस्ने भरियाले खच्चडद्वारा भारी बोकाई गाँउमा पठाउँछन्

(ग) रामको भाइ भोकले रोयो अनि मैले उसलाई कचौरामा हाली दूधभात दिँए ।

(घ) दिदीले भाइका आँखामाथि उडेको भुसुनालाई हातले धपाइरहँदा पुनमले लेख्नलाई समय नै पाइन ।

(ङ) हातमा किताव बोकेर घरवाट विद्यालय गइरहेको रफिदलाई कुकुरले एक्कासि टोक्न खोज्दा उसले ढुङ्गाले हिर्कायो ।

(घ) **सबै प्रकारका कारक र विभक्तिको प्रयोग गर्दै तपाईँको विद्यालयको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।**

(घ) **सबै प्रकारका कारक र त्यसअनुसारका विभक्ति चिह्नको प्रयोग गरी माथिको जस्तै तालिका बनाएर कक्षामा छलफल गर्नुहोस् ।**

(ङ) **तलका विभक्ति चिह्नहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

ले, लाई, द्वारा, देखि, बाट, को, का, की, रो, रा, री, नो, ना, नी, मा

विशेष ज्ञानका लागि सन्दर्भ सामग्री

टिप्पणी लेखन

कुनै पनि चर्चित विषयका दोषगुण वा राम्रानराम्रा दुवै पक्षबारे आफ्नो मन्तव्य र सुझावसमेत व्यक्त गर्ने लेखन कलालाई 'टिप्पणी लेखन' भनिन्छ । निबन्धमा जस्तो यसमा सामान्य विषय दिइँदैन । यसमा यस्तो विषय दिइन्छ जुन विवादास्पद वा समस्यायुक्त भएर वर्तमानमा चर्चित भएको हुन्छ; जस्तो 'भ्रष्टाचार', 'राजनीतिक अपराध' 'सांस्कृतिक सङ्कट', 'अनुशासनको सङ्कट' र सामाजिक क्षेत्रमा देखिएको अन्योल' आदि । त्यसैले टिप्पणी लेखन एकप्रकारको लेख नै भए तापनि यसमा सुझाव अनिवार्य हुन्छ । दिइएका सुझावबाटै विद्यार्थीहरूको प्रतिभाको जाँच गरिन्छ । त्यसैले यो लेख्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्दछ :

१. टिप्पणी एउटै अनुच्छेदमा तयार पार्नुपर्दछ । यो लेख्दा सुरुमा विषयको परिचय, त्यसपछि त्यस विषयको दोषगुणबारे निष्पक्ष र सन्तुलित विचार र अन्त्यमा सुझावका रूपमा समस्या समाधानका उपायहरू प्रस्तुत गर्नुपर्दछ । यसरी यी कुराहरू क्रमैसँग समावेश गरेर छोटो अनुच्छेदमा एउटा सुन्दर अभिव्यक्ति तयार पार्नुपर्दछ ।

२. खास गरेर सुझावहरू समयसापेक्ष, व्यावहारिक वा लागू गर्न सकिने खालका हुनु आवश्यक छ । ठूलाठूला आदर्शले भरिएका सुझावहरू दिनुहुँदैन ।

३. आफ्नो अहम् वा घमन्डी स्वभावलाई कहीँ पनि प्रदर्शन गर्नुहुँदैन । त्यसकारण यसमा प्रथम पुरुष सर्वनामहरूको प्रयोग गर्नु राम्रो मानिँदैन । प्रथम पुरुष सर्वनामहरू भनेका 'म, मेरो, मलाई, हामी, हाम्रो' आदि हुन् ।

भाग्यभन्दा परिश्रम ठूलो

वादे वादे जायते तत्त्वबोधः
(वादविवादबाट नै सार कुरा निस्कन्छ ।)

प्राचीन समयमा प्रकाण्ड विद्वान्हरूका बीचमा कुनै पनि गम्भीर विषयहरूमा शास्त्रार्थ हुने गर्दथ्यो । घन्टौंसम्म चल्ने यस्ता बौद्धिक कार्यक्रमहरूमा विद्वान्हरूले वेद, उपनिषद्, पुराण, दर्शन आदिका अनेक रोचक र ठोस प्रमाणहरू दिएर आफ्नो प्राज्ञिक उच्चताको परिचय दिन्थे । तिनीहरूले दिएका तर्कहरू वेदका वाक्य जस्ता हुन्थे । त्यसैले यस्तो शास्त्रार्थ सुन्न श्रोतावर्गको ओइरो लाग्दथ्यो । केही भिन्न रूपमा यद्यपि त्यो परम्परा कायमै छ ।

परस्परमा विचारको मन्थनबाट नै एउटा ठोस निष्कर्षमा पुग्न सकिन्छ । अचेल त अन्तरक्रियाको महत्त्व झन्झन् बढ्दो छ । गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमहरू आधुनिक जीवनका अङ्ग जस्तै भइसकेका छन् । शैक्षिक क्षेत्रमा विद्यार्थीहरूको तार्किक अभिव्यक्ति तथा बोलाइ सीपको अधिकाधिक विकासका लागि वक्तृता मात्र नभएर वादविवाद कलालाई पनि सहकार्यकलापका रूपमा सञ्चालन गरिन्छ । त्यसैले यस्तो कार्यक्रमको स्वरूप कस्तो हुन्छ, यसबाट के जानिन्छ, यसको उपादेयता के हो जस्ता प्रश्नहरूका उत्तर जान्नु आवश्यक छ ।

(विद्यालयको वार्षिक कार्यतालिकाअनुसार वादविवाद प्रतियोगिताको आयोजना भएको छ । प्रतियोगितामा दसौं कक्षाका छात्रछात्राहरूको सहभागिता रहेको छ । त्यसै विद्यालयका प्रधानाध्यापकले सभाध्यक्षको आसन ग्रहण गर्नुभएको छ । तीन सदस्यीय निर्णायक मण्डल र समयपालकलाई दर्शकदीर्घाको अघिल्लो पङ्क्तिमा राखिएको छ । शिक्षक तथा विद्यार्थीवर्गको ठूलो उपस्थिति रहेको छ । कार्यक्रम सञ्चालक ललिता चौधरी कार्यक्रम सुरु गर्दै उद्घोषण गर्दछिन्।)

१. आजको वादविवाद प्रतियोगिताको विषय छ - भाग्यभन्दा परिश्रम ठूलो । यस वादविवादको पक्षमा परिश्रम र विपक्षमा भाग्य विषय रहेका छन् । पक्षतर्फ कक्षा दसका प्रकृति सुवेदी र पराक्रम बस्नेत तथा विपक्षतर्फ कक्षा दसकै आकाश हिराचन र रजनी छेत्रीले भाग लिँदै छन् । कार्यक्रम सुरु गर्नुभन्दा अघि म सहभागीहरूले पालना गर्नुपर्ने नियमहरू सुनाउँछु :

(क) प्रत्येक वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेट भएपछि जनाउ घन्टी बजाइने छ र अन्तिम घन्टी बजेपछि वक्ताले आफ्नो भनाइलाई टुङ्ग्याउनुपर्ने छ ।

(ख) कुनै व्यक्ति, वर्ग, जाति वा समुदायमाथि कुनै किसिमको आक्षेप लाग्ने कुराहरू कुनै वक्ताले पनि बोल्न पाउने छैन । यसै गरी परस्परमा जातीय विभेद ल्याउने, साम्प्रदायिक भावना फैलाउने र लैङ्गिक समताको भावनालाई उपेक्षा गर्ने किसिमका कुनै पनि सन्दर्भहरू ल्याउन पाइने छैन ।

(ग) निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

अब हामी कार्यक्रम सुरु गर्दै छौँ । सर्वप्रथम म पक्षतर्फबाट बोल्न प्रकृति सुवेदीलाई आमन्त्रण गर्दछु । *(प्रकृति सुवेदी आफ्ना तर्क राख्न माइकनेर जान्छिन् ।)*

२. आदरणीय सभाध्यक्षज्यू, निर्णायक मण्डल, गुरुवर्ग, प्रतियोगी एवम् अन्य साथीहरू !

३. 'भाग्यभन्दा परिश्रम ठूलो' भन्ने विषयमा हुन लागेको यस वादविवाद प्रतियोगितामा म पक्ष अर्थात् 'परिश्रम ठूलो' भन्ने विषयका तर्फबाट आफ्ना तर्कहरू प्रस्तुत गर्दै छु । भाग्यको भरोसामा रहनेहरू जीवनमा सधैँ पछाडि पर्छन्; उनीहरूको उन्नति र प्रगतिको द्वार नै बन्द हुन्छ । यस सन्दर्भमा एक जना कविले भनेको कुरा यहाँ उल्लेखनीय छ -

भाग्यकै भरमा जो छ उसले दुःख पाउँछ
डोकामा गाईको दूध दुही को खान पाउँछ ?

सभाध्यक्ष महोदय ! भाग्यलाई ठूलो मानेर कर्महीन बन्नु र पुरुषार्थ नगर्नु जीवनमा सफलताबाट हात धुनु हो । भाग्यको पछि लाग्ने मानिसले यस लोकमा मात्रै नभएर परलोकमा पनि दुःख पाउँछ । सबै मानिस भाग्यमै विश्वास गर्ने भएका भए आजको यो संसार यति सुन्दर र विकसित कहाँ हुन सक्थ्यो र ? मेरा विचारमा भाग्यको भरोसामा बाँच्नु भनेको आफ्नो जीवन र राष्ट्रको भविष्यलाई अन्धकारतिर घचेट्नु हो, मानव सभ्यतालाई पुनः जङ्गल र गुफातर्फ लैजानु हो । 'भाग्यमा त्यसले मात्र भरोसा राख्छ जसमा पौरुष हुँदैन' भन्ने **प्रेमचन्द**को भनाइबाट पनि भाग्य भनेको अल्छी र कातरहरूको जीवन सहारा हो भन्ने कुरा स्पष्ट हुन्छ । बुद्धिमान् र उत्तम चरित्र भएका मानिसहरू **पुरुषार्थ**लाई ठूलो मान्दछन्, तर जसले पुरुषार्थ गर्न सक्दैन त्यस्तो लाछी व्यक्ति भने सबै कुरा भाग्यमा नै छ भन्दछ ।

प्रेमचन्द - हिन्दी साहित्यका ठूला कथाकार तथा उपन्यासकार **पुरुषार्थ** - पौरख

४. परिश्रम जीवनको पूजा हो, मानवीय उन्नति र प्रगतिको कारक हो । परिश्रमी मानिसको हातलाई ईश्वरले पनि चुम्दछन् । परिश्रमीले समयमाथि विजय पाउन सक्छ, भाग्यलाई चुनौती दिन सक्छ, मानवीय सभ्यतामा नयाँ आयाम थप्न सक्छ । विपन्नताबाट सम्पन्नतामा पुग्न, अभावबाट पूर्णतातिर जान, असफलताबाट सफलताको शिखरमा पुग्न, आफ्ना महत्त्वाकाङ्क्षालाई मूर्तरूप दिन चाहने जोसुकैले पनि परिश्रम गर्नैपर्छ । परिश्रमबाटै मानिस सामान्यबाट विशिष्ट हुन्छ, ठूलाठूला पद र प्रतिष्ठा आर्जन गर्न सक्छ, विश्वविजयी बन्न सक्छ । आखिर परिश्रमीले के गर्न सक्तैन ? समुद्रमा बस्ती बसाउन सक्छ, अन्तरिक्षमा खेती गर्न सक्छ, पहाडलाई समथर मैदानमा परिणत गर्न सक्छ, मरुभूमिलाई हराभरा पार्न सक्छ, धर्ती फोरेर हीरा निकाल्न सक्छ, समुद्रको गहिराइमा पुगेर मोतीका दाना टिप्न सक्छ । सभाध्यक्ष महोदय, परिश्रमीहरू नै महान् वैज्ञानिक, साहित्यकार, कलाकार, विचारक, कुशल प्राध्यापक, प्रशासक र राजनीतिज्ञ हुन्छन् । परिश्रमबाटै एउटा भिखारी करोडौँको मालिक हुन सक्छ, जीवनमा ठोस उपलब्धि हासिल गर्न सक्छ । परिश्रम गर्नेहरू महावीर हुन्छन्, **नेपोलियन बोनापार्ट** बन्छन् र विश्वविजेता **सिकन्दर** बन्छन् । परिश्रमीहरू नै सेक्सपियर, न्युटन र आइन्स्टाइन बन्छन्, भानुभक्त, लेखनाथ र देवकोटा बन्छन् । परिश्रमबाटै गार्गी, **जुनको ताबेई**, पारिजात र पासाङ ह्लामु जस्ता नारीहरू इतिहासमा अमर भएका छन् । परिश्रमीका लागि असम्भव भन्ने कुरा केही पनि छैन । "जहाँ इच्छा त्यहाँ उपाय" भनेझैँ उनीहरू आफ्नो इच्छा शक्तिलाई मूर्त रूप दिन निरन्तर क्रियाशील रहन्छन् । परिश्रमबाटै हिरोसिमा र नागासाकी जस्ता ध्वस्त सहरहरू पुनः सुन्दर र आकर्षक हुन्छन् । अतः परिश्रममा विश्वास गर्ने मुलुकहरू जापान, अमेरिका, बेलायत र जर्मनी बन्छन्, विकास र उन्नतिको चरम शिखरमा पुग्छन् ।

५. परिश्रमबाटै मौरीले मह बनाउँछ, किसानले बाँझो धर्तीलाई हराभरा पार्छ, एउटा मूर्तिकारले ढुङ्गालाई कुँदेर सुन्दर मूर्ति तयार पार्छ । हामी जस्तो कर्म गर्छौँ, त्यस्तै फल पाउँछौँ । ठग्ताले पनि पुरुषार्थी वा उद्यमीलाई नै मन पराउँछन्, भाग्यवादीलाई होइन । परिश्रम नै सृष्टिको आधार हो, **सौरभ** हो । वर्षाका लागि बादल, फूलका लागि सुगन्ध, जीवनका लागि चेतना र प्रकाशका लागि सूर्यको जुन महत्त्व छ, त्यही महत्त्व मानवजीवनका लागि परिश्रमको छ भन्ने म ठान्दछु । *(जनाउ घन्टी बज्छ ।)*

६. मेरा विचारमा श्रम एक यस्तो ईश्वर हो जो चतुर्मुख ब्रह्मा, **चतुर्भुज** विष्णु र **त्रिनेत्रधारी** शिवभन्दा पनि शक्तिशाली छ । हाम्रो सम्पूर्ण अस्तित्वको आधार नै परिश्रम हो । **उपनिषद्**मा परिश्रमबाटै ईश्वरले यो सृष्टि रचेको कुरा बताइएको छ । हाम्रो सभ्यता र संस्कृति पनि परिश्रमकै उपज हो । परिश्रम नगरी कसैको पनि उन्नति हुँदैन । त्यसैले परिश्रम गर्नु हाम्रो धर्म हो । परिश्रमीले प्रकृतिमाथि पनि विजय पाउन सक्छ । परिश्रम हाम्रो सर्वाङ्गीण व्यक्तित्वविकासको आधार हो । मानवजीवनको महत्त्व परिश्रममा निहित छ; जीवनको सार्थकता भन्नु नै परिश्रम हो । परिश्रमबाट व्यक्ति, समाज, राष्ट्र र अन्ततः विश्व नै लाभान्वित हुन्छ । परिश्रमलाई उपेक्षा गरेर उन्नति गर्ने त कुरै छाडौँ, मानवीय

नेपोलियन बोनापार्ट - फ्रान्सका एक प्रसिद्ध सम्राट्
सिकन्दर - मेसेडोनियाका राजा; प्रसिद्ध सैनिक विजेता
जुनको ताबेई - सगरमाथा आरोहरण गर्ने प्रथम जापानी महिला
सौरभ - सुवास
चतुर्भुज - चार हात भएको; विष्णु
त्रिनेत्रधारी - तीन आँखा भएको; शिव
उपनिषद् - आत्मा र परमात्माबारे निरूपण गर्ने आर्यहरूको प्राचीन शास्त्र

अस्तित्वलाई पनि जोगाउन सक्दैनौं । हामीले परिश्रमरूपी फूल जति धेरै फुलाउन सक्छौं, हाम्रो जीवन र यो धर्ती त्यति नै सुवासित र आकर्षक हुन्छ । त्यसैले भाग्यको भरमा नबसी दसनङ्ग्रा खियाएर पसिना बगाई जीवन सार्थक पारौं भन्ने म आग्रह गर्दछु । अन्त्यमा कुनै पनि दृष्टिकोणले भाग्यभन्दा परिश्रम नै ठूलो हुन्छ भन्ने विचार व्यक्त गर्दै आफ्नो भनाइ यहाँ रोक्ने अनुमति चाहन्छु । धन्यवाद ! *(घन्टी बज्छ ।)*

७. उद्घोषक :

प्रकृति सुवेदीलाई म धन्यवाद दिन्छु । अब विपक्षका तर्फबाट आफ्ना तर्कहरू प्रस्तुत गर्न आकाश हिराचनलाई निम्त्याउँदछु । *(आकाश हिराचन आफ्ना तर्कहरू प्रस्तुत गर्न माइकनेर पुग्छन् ।)*

८. यस सभाका आदरणीय सभाध्यक्षज्यू, निर्णायक मण्डल, गुरुवर्ग तथा उपस्थित सम्पूर्ण साथीहरू !

९. आजको वादविवाद प्रतियोगितामा म विषयको विपक्ष अर्थात् परिश्रमभन्दा भाग्य ठूलो हुन्छ भन्ने पक्षमा आफ्ना विचारहरू प्रस्तुत गर्न यहाँहरूसामु उपस्थित भएको छु । भर्खरै पूर्ववक्ता साथीले भाग्यभन्दा परिश्रम ठूलो भन्ने पक्षमा आफ्ना **मनगढन्ते** र **भ्रामक** तर्कहरू प्रस्तुत गरेर जानुभयो । उहाँका ती तर्कहरूसँग बिलकुलै सहमत हुन सकिन्न । भाग्यलाई जतिसुकै नकारे पनि आजसम्म उहाँले हासिल गर्नुभएका उपलब्धिहरू भाग्यकै वरदान हुन् । परिश्रमबाटै सबै कुरा सम्भव हुन्छन् भन्नु बालुवाको महल बनाउन खोज्नु मात्रै हो । भाग्यभन्दा बढी यो संसारमा कसैले केही पनि पाउँदैन । भाग्य मानवजीवनको आधार हो; भाग्यकै जगमा सुखी जीवनको महल बनाउन सकिन्छ । आफ्नो भाग्य आफैँसँग छ भन्ने कुरालाई कदापि नकार्न सकिँदैन । भाग्य भनेको दैवी विधान हो, यसलाई कसैले पनि मेट्न सक्दैन । भाग्यमा जे छ, जति छ त्यसलाई कसैले पनि हर्न सक्दैन, खोस्न सक्तैन । भाग्यमा भए थलैमा' कहाँ त्यसै भनिएको हो र ! भाग्यमा छ भने थोरै परिश्रम, थोरै लगानीबाट पनि ठूलो उपलब्धि हासिल गर्न सकिन्छ । भाग्यमा छैन भने जतिसुकै परिश्रम गरे पनि, टाउकै फोरे पनि सफलता प्राप्त गर्न सकिन्न । हाम्रो नीतिमा पनि 'भाग्यं फलति सर्वत्र' अर्थात् भाग्यमा भए जहाँसुकै सफलता प्राप्त हुन्छ भनिएको छ ।

१०. सभाध्यक्ष महोदय ! भाग्यमा सुख पाउन लेखेको छ भने उसले पक्कै सुख पाउँछ, यदि दुःख पाउन लेखेको भए त्यसलाई भावीले पनि मेटाउन सक्दैन । आयु, कर्म, धन, विद्या र मरण गर्भअवस्थामै निश्चित हुन्छन् भन्ने कुरा नीतिशास्त्रमा लेखिएको छ जसलाई भाग्यकै संज्ञा दिन सकिन्छ । सम्पत्ति, सन्तति र सांसारिक सुख भाग्यकै देन हुन् । परिश्रमबाट मात्रै व्यक्ति सुखी र सम्पन्नशाली हुन्छ भन्ने पूर्ववक्ता साथीको तर्क युक्तिसङ्गत छैन । परिश्रमबाटै सम्पूर्ण सभ्यता र संस्कृति निर्माण भएको ठान्ने मेरा पूर्ववक्ता साथीलाई मिश्र, चीन आदि देशहरूमा संस्कृतिको विकास त्यहाँका दासहरूको शोषणबाट भएको कुरा राम्ररी थाहा हुनुपर्ने हो ! संसारमा जन्मिएका सबै व्यक्ति परिश्रम गर्दैमा महान् हुन सक्दैनन्, विद्वान् र धनाढ्य बन्न पनि सक्दैनन् । यो सब भाग्यकै खेल हो । अभागीलाई कहीँ न कहीँ भाग्यमानीलाई जहींतहीं भनेझैं भाग्यमानीलाई जताततै फलिफाप हुन्छ । परिश्रम गर्दैमा सबै मानिस सुखी र सम्पन्न हुने भए मजदुर, भरिया वा श्रमजीवी मानिसहरूको जिन्दगी किन त्यति दुःखी हुन्थ्यो ? भाग्यमानीहरू त घरमै बसीबसी मीठो खान्छन्; सुकिलो लगाउँछन्, आरामको जिन्दगी

मनगढन्ते - काल्पनिक ; आधारहीन **भ्रामक** - भ्रम सिर्जना गर्ने

बाँच्छन् । भाग्यमानीको भूतै कमारो भन्ने उक्ति हाम्रा पूर्वजहरूले उसै कहाँ भनेका हुन् र ! त्यसैले भाग्यबाट अलग्गिएर सुखी जीवनको कल्पना गर्नु त आकाशको फल आँखा तरी मर मात्रै हो । *(जनाउ घन्टी बज्छ ।)*

११. मेरा विचारमा भाग्यलाई बेवास्ता गरेर, भाग्यलाई उपेक्षा गरेर कुनै पनि मानिसले जीवनमा लक्ष्य प्राप्त गर्न सक्दैन, गन्तव्यलाई भेट्न सक्दैन । 'हुने बिरुवाको चिल्लोपात भनेझैं ' भाग्यमानी व्यक्ति सानैदेखि सुखी हुन्छ । भाग्यमा छ भने गरिब परिवारमा जन्मिएका अब्राहम लिङ्कन पनि अमेरिका जस्तो देशको राष्ट्रपति बन्न पुग्छन् । यसबाट पनि भाग्यमा भए तालुमा आलु फलेरै छोड्छ भन्ने कुरा सत्य हो । अघि नै पनि मैले भनिसकें - ईश्वरले नै मानिसलाई जन्मभन्दा पहिले नै सबै कुरा निश्चित गरेर संसारमा पठाएका छन् । लेखिएको भन्दा बढी कसैले केही पनि पाउँदैन । भाग्यमा भए धुरीबाटै बर्सन्छ, अन्यथा **भगीरथ प्रयत्न** गरे पनि हामीले केही पाउन सक्दैनौं । अनाथको सहाय दैव भने झैं आज सडकको पेटीमा मागेर जीवन गुजारा गर्ने व्यक्ति पनि भविष्यमा महान् हुन सक्छ । भाग्यलाई कसैले पनि नकार्न सक्तैन । जीवन रहस्यमय छ, रहस्य भन्नु नै अर्को अर्थमा भाग्य हो । भाग्य जीवनरूपी फूलको सुवास हो । जसरी फूलबाट बास्ना अलग हुँदैन, त्यसै गरी जीवनबाट भाग्य पृथक् रहन सक्दैन । त्यसैले मेरो विचारमा परिश्रमभन्दा भाग्य नै ठूलो हो । भाग्य नै सुखी जीवनको कारक हो; उन्नति र प्रगतिको **हेतु** हो । यति भन्दै मेरो भनाइ यहीं अन्त्य गर्दछु । धन्यवाद !*(अन्तिम घन्टी लाग्छ ।)*

१२. उद्घोषक :

आकाश हिराचनलाई म धन्यवाद दिन्छु र पक्षतर्फका अर्का वक्ता पराक्रम बस्नेतलाई आफ्ना तर्कहरू राख्न आह्वान गर्दछु । *(पराक्रम बस्नेत आफ्ना तर्कहरू प्रस्तुत गर्न माइकनेर उभिन्छन् ।)*

१३. श्रद्धेय सभाध्यक्ष, निर्णायक मण्डल,गुरुवर्ग तथा प्रतियोगी एवम् अन्य साथीहरू !

१४. आज भइरहेको यस वादविवाद प्रगतियोगितामा म पक्ष अर्थात् भाग्यभन्दा परिश्रम ठूलो भन्ने पक्षमा आफ्ना तर्कहरू राख्न मञ्चमा उपस्थित भएको छु । भर्खरै पूर्ववक्ता साथीले आफूलाई भाग्यवादी साबित गरेर जानु भए तापनि उहाँका ती **कपोलकल्पित** तर्कबाट म जस्तै सायद यहाँहरू पनि सन्तुष्ट हुनुहुन्न होला । उहाँले जतिसुकै भने पनि भाग्यको भरमा जीवन बाँच्न खोज्नु हुटिट्याउँले आकाश थाम्नु जस्तै हो । परिश्रम नगरी त भाग्य पनि बन्दैन भन्ने कुरा उहाँले किन बिर्सनुभएको हो कुन्नि ? भाग्यले नै सबै कुरा गर्छ भन्ने निराशावादी दृष्टिकोण अघि सार्नु आजको परिवेशमा कदापि सान्दर्भिक छैन । उहाँ जस्तै सबै भाग्यवादी हुने हो भने हाम्रो समाज झन् पतनतिर जान्छ, राष्ट्र **धराशयी हुन्छ** । एक्काइसौं शताब्दीमा प्रवेश गरिसकेर पनि पन्ध्रौं शताब्दीको मानसिकता र विचार राख्ने मेरा पूर्ववक्ता साथीलाई देख्दा मलाई त दया लागेर आयो । भाग्यको भरमा मात्र बाँच्ने मानिस त जिउँदै मरेतुल्य हुन्छ । हाम्रा आदिकवि भानुभक्त आचार्यले कहाँ त्यसै भनेका हुन् र -

ज्यूँदै मऱ्याको भनि नाउँ कस्को
उद्यमविना बित्तछ काल जस्को ।

भगीरथ प्रयत्न - कडा परिश्रम; कठिन प्रयास
हेतु - कारण
कपोलकल्पित - आधारहीन; मनगढन्ते
धराशयी हुनु - पतन हुनु, नष्ट हुनु
उद्यम - परिश्रम

१५. सभाध्यक्ष महोदय ! सच्चा उन्नति त्यसैको हुन्छ जो सदा प्रयत्नशील रहन्छ । भाग्यको भरोसामा बस्नेहरू त सदा दुःखी हुन्छन् । जस्तोसुकै विपत्तिमा पनि परिश्रम गर्न नछाड्नेहरू महापुरुष हुन्छन् । कर्महीनता नै मृत्यु हो भने गतिशीलता नै सच्चा जीवन हो । "भाग्यले जसलाई प्रेम गर्छ उसलाई मूर्ख बनाएरै छाड्छ" भन्ने **बेकन**को भनाइ यहाँ स्मरणीय छ । पुरुषार्थ गर्न डराउनेहरूले नै भाग्यको सहारा लिन्छन् । परिश्रमीहरू कर्मयोगी हुन्छन्, उनीहरू त **हिटलर**ले जस्तै आफ्नो भाग्यरेखा आफैँ कोर्छन् । वेदले हामीलाई परिश्रम वा कर्म गरेरै सय वर्ष बाँच्ने सन्देश दिएको छ । यो सृष्टि, यो प्रकृति, यो ब्रह्माण्ड सबै परिश्रमकै उपज हुन् । परिश्रम गर्ने मानिसको जीवन नै सर्वश्रेष्ठ हुन्छ । शारीरिक परिश्रम मानव मात्रका लागि अनिवार्य रहेको कुरा **टाल्स्टाय**ले बताएका छन् । परिश्रम नै हाम्रो ज्ञान, विज्ञान, नीति, धर्म, कला, साहित्य, जीवन र जगत् सबैको निर्धारक हो । परिश्रम नै जीवन हो, सृष्टि हो । परिश्रमबाटै मानिस स्वस्थ र दीर्घजीवी हुन सक्छ । हाम्रा शारीरिक र मानसिक ग्रन्थीहरू परिश्रमबाटै तन्दुरुस्त रहन्छन् । गीतामा सृष्टिविज्ञानको सम्पूर्ण रहस्य परिश्रम नै हो भन्ने कुरा बताइएको छ । संसारका यावत् प्राणी, पशुपन्छी श्रम नगरी रहन जान्दैनन् । **पञ्च महाभूत** सदैव श्रमरत छन् । नदीहरू बगिरहन्छन्, हावा कहिल्यै आराम गर्दैन, सूर्य कहिल्यै रोकिँदैनन् । सम्पूर्ण ग्रहहरू गतिमान् छन् । श्रम नै सृष्टिको सबैभन्दा ठूलो सत्ता हो । श्रम सर्वविजयी छ । श्रम नै जीवन हो, श्रम नै भगवान् हो । मनुष्य स्वयम् आफ्नो भाग्यको निर्माता हो, विधाता हो । स्वार्थ, परार्थ र परमार्थ सबका लागि पुरुषार्थ वा परिश्रम अनिवार्य छ । परिश्रमले नै व्यक्ति र समाजलाई जोड्ने काम गरेको छ । जीवनको अर्को नाम नै कर्म हो र कर्म भन्नु नै परिश्रम हो । त्यसैले हामीले निरन्तर परिश्रम गर्नुपर्छ । परिश्रमले नै जीवनलाई पवित्र र गतिशील तुल्याउँछ । हाम्रो जीवनको एक पल पनि कर्म वा परिश्रमले खाली छैन । परिश्रमरूपी नदीमा पानी बग्न छोड्यो भने हाम्रो जीवन मरुभूमि हुन्छ, हामी उजाड र उदास हुन्छौँ भन्ने मेरो विचार छ ।

१६. इलमीको भागमा माछा र मासु अल्छीको आँखामा सधैँ आँसु भने झैँ पुरुषार्थी मान्छे जीवनका हरेक क्षेत्रमा सफलताको **सोपान** चढ्दै शिखरमा पुग्छ भने भाग्यको भरमा रहने मानिस आफ्नो भाग्यलाई सरापेर पश्चात्तापको आगोमा पिल्सिने गर्छ । हाम्रा सबैभन्दा असल साथी हाम्रै पाखुरी हुन् । दस नङ्ग्रा खियाएर परिश्रमको फल खानु अमृतपान गर्नु बराबर हो । महान् कवि होमरले कहाँ त्यसै भनेका हुन् र "परिश्रम सबैमाथि विजयी हुन्छ" भनेर । परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ किमार्थ अघि बढ्न सक्दैन । मानिसले इच्छा गरेर मात्र कहाँ हुन्छ र ! इच्छालाई मूर्तरूप दिन क्रियाको आवश्यकता पर्दछ । क्रिया भन्नु नै परिश्रम हो । सुतिरहेको सिंहको मुखमा आहारा कसले पो हालिदिन्छ र ? यसका लागि उसले मिहिनेत त गर्नैपर्छ । तसर्थ परिश्रम नगरी कसैले केही पनि पाउन सक्दैन । *(जनाउ घन्टी बज्छ ।)*

१७. परिश्रमी जीवन नै पूज्य हुन्छ, उदाहरणीय हुन्छ । जसरी घोटिँदा घोटिँदा नदीको ढुङ्गो गोलो हुन्छ, त्यसैगरी परिश्रम गर्दागर्दा जीवनले नयाँ रूप धारण गर्दछ । उद्योगीले जोगी हुनुपर्दैन भन्ने लोकोक्तिले पनि हामीलाई परिश्रम गर्ने सन्देश दिएको छ । हरेक क्षेत्रमा परिश्रमको ठूलो महत्त्व छ । यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी बन्ने होइन, कर्मवादी बन्नुपर्छ, पुरुषार्थी हुनुपर्छ । धर्म, अर्थ, काम र

बेकन - एक प्रसिद्ध अङ्ग्रेजी निबन्धकार
हिटलर - जर्मनीका एक निरङ्कुश शासक
टाल्सटाय - रुसका एक प्रसिद्ध साहित्यकार
पञ्च महाभूत - पृथ्वी, जल, तेज, वायु र आकाश - पाँच तत्त्वहरू
सोपान - सिँढी, भऱ्याङ

मोक्ष गरी हाम्रा चार पुरुषार्थ छन् । ती पुरुषार्थलाई प्राप्त गर्न निरन्तर साधना वा परिश्रमको खाँचो अत्यावश्यक छ । भाग्यवादी भएर बस्नु भनेको आफ्नो परिश्रमरूपी ऊर्जाको दुरुपयोग गर्नु हो । परिश्रम जीवनको पूजा हो, समाज र राष्ट्रको सेवा हो । निरन्तर साधनारत रहेर परिश्रम गरेमा सिद्धार्थ गौतमबाट गौतम बुद्ध हुन सक्छौँ । त्यसैले भाग्यभन्दा परिश्रम कहाँ हो कहाँ ठूलो हुन्छ भन्ने विचार व्यक्त गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ! *(घन्टी बज्छ ।)*

१८. उद्घोषक :

पराक्रम बस्नेतलाई म धन्यवाद दिन्छु र विपक्षतर्फकी वक्ता रजनी छेत्रीलाई आफ्ना तर्कहरू प्रस्तुत गर्न आग्रह गर्दछु । *(रजनी छेत्री आफ्ना तर्कहरू अघि सार्न माइकनेर पुग्छिन् ।)*

१९. आदरणीय सभाध्यक्षज्यू,निर्णायक मण्डल,गुरुवर्ग तथा उपस्थित सम्पूर्ण साथीहरू !

२०. म आज भइरहेको 'भाग्यभन्दा परिश्रम ठूलो' भन्ने वादविवादको विपक्ष अर्थात् परिश्रमभन्दा भाग्य ठूलो भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्न यहाँ उपस्थित भएकी छु । भर्खरै पूर्ववक्ता साथीले परिश्रमका बारेमा आफ्ना **अतिशयोक्ति**पूर्ण विचार व्यक्त गरेर जानुभयो । उहाँले जतिसुकै शास्त्रीय एवम् दार्शनिक तर्कहरू प्रस्तुत गरे पनि ती सबै उहाँका भावुक अभिव्यक्ति मात्र हुन् भन्ने म ठान्दछु । उहाँले सृष्टिको सम्पूर्ण रहस्य परिश्रमलाई मान्दैमा भाग्यको महत्त्व किमार्थ घट्दैन । भाग्यलाई अलग्याएर परिश्रम मात्रै सबै कुरा हो भन्नु त मेरो गोरुको बाह्रै टक्का भन्ने उखानलाई सार्थक पार्नु मात्रै हो । परिश्रम गर्दैमा सबै सुखी हुने भए यो संसारमा कोही पनि दुःखी हुने थिएनन्; सबै धनी र सम्पन्न हुने थिए । यो संसारमा धनी वर्गले भन्दा गरिब वर्गले नै बढी परिश्रम गरेको, बढी पसिना बगाएको पाइन्छ, तर ती बिचरा आफ्नो दैनिक गुजारा गर्न पनि राम्ररी सक्दैनन् । के तिनले कम शारीरिक श्रम गरेका छन् ? बिहान उठेदेखि बेलुका नसुतेसम्म तिनीहरू काममा जोतिएका जोतियै हुन्छन्, तर साँझबिहान हातमुख जोड्न पनि तिनीहरूलाई **धौधौ पर्छ** । परिश्रमलाई ठूलो ठान्ने मेरा पूर्ववक्ता मित्रले यस्ता यथार्थलाई किन बुझ पचाउनुभएको हो कुन्नि ?

२१. सभाध्यक्ष महोदय ! मानिसको **ललाट**मा जे लेखिएको छ त्यो अकाट्य हुन्छ । भाग्यले धनीलाई निर्धन र निर्धनलाई धनी तुल्याउन सक्ने कुरा चाणक्य नीतिमा उल्लेख गरिएको पाइन्छ । जीवन भाग्यकै खेल हो । हाम्रो उन्नति, अवनति, सुख, दुःख, हर्ष, विस्मात्, संयोग, वियोग, प्राप्ति, अप्राप्ति, सफलता, असफलता आदि सबै कुरामा भाग्यकै हात छ । मर्यादा पुरुषोत्तम रामचन्द्रले चौध वर्ष वनवास भोग्नु, रावणद्वारा सीता हरिनु, दशरथले पुत्रवियोगमा मृत्युवरण गर्नु, पाण्डवहरूले घोर दुःख पाउनु, **बलि**को पाताल प्रवास हुनु, सत्यवादी **हरिश्चन्द्र**ले सर्वस्व गुमाएर मसानघाटमा मूर्दा पालेर बस्नु, **राहु**द्वारा चन्द्रमा पीडित हुनु, राजा भएर पनि धृतराष्ट्र अन्धा हुनु सबै भाग्यकै खेल हुन् भन्ने मलाई लाग्दछ । भावीले जसको भाग्यमा जे लेखेको छ त्यसलाई मेट्न कसैले पनि सक्तैन । भाग्य बलियो भए एउटै गर्भबाट जन्मिएका दुई भाइमध्ये एक सुखी र सम्पन्न हुन सक्छ भने अर्को दुःखी र विपन्न बन्न पुग्छ । कसको भाग्यमा के छ कसैलाई थाहा हुँदैन । हो, साथीहरू ! भाग्यले मानिसलाई केबाट के बनाउँछ । मानिसको भाग्यलाई दैवले त जान्न सक्तैन भने अरूको त के कुरा ! भाग्यको खेल बडो चमत्कारी हुन्छ,

---

अतिशयोक्ति - बढाईचढाई भनिएको कुरा
धौधौ पर्नु - कठिन हुनु
ललाट - निधार
बलि - दैत्यजातिका प्रतापी र दानी एक राजा
हरिश्चन्द्र - दानी र सत्यवादी सूर्यवंशी एक राजा
राहु - प्राचीन ज्योतिष मतअनुसार नवग्रहमध्ये एक

तिलस्मी हुन्छ । भाग्यमा भए आज झुपडीमा बस्ने मानिस भोलि महलमा बस्न सक्छ, आजको मूर्ख भोलि विद्वान् बन्न सक्छ, आजको दुःखी भोलि सुखी हुन सक्छ । एकपल्ट सबैको भाग्य पल्टन्छ भनेझैं सोच्दै नसोचेको, कल्पनै नगरेको कुरा उपलब्ध गराउँछ । भाग्यकै कारणले गर्दा मूर्ख कालिदास संस्कृत साहित्यका महाकवि भए, प्रह्लाद भगवान्का परमभक्त ठहरिए । ध्रुव कहिल्यै नअस्ताउने तारा भए, दासीपुत्र विदुर महाज्ञानी बन्न पुगे । जतिसुकै परिश्रम गरे पनि भाग्यमा भएको भन्दा बढी एक चिम्टी पनि कसैले केही पाउन सक्तैन भन्ने म ठान्दछु ।

२२. भाग्य जीवनरूपी रथको सारथि हो । सारथिले रथलाई जताजता लग्छ, रथ त्यतैतिर गए जस्तै भाग्यले मानिसलाई जता डोहोऱ्याउँछ मानिसले त्यतै जानुपर्छ, यो शाश्वत सत्य हो । भाग्य जीवनको छाया हो । कसैले पनि आफ्नो छायालाई चाहेर पनि छोड्न सक्तैन । जीवनको अन्त्यसँगै भाग्यको पनि अन्त्य हुन्छ । भाग्य जीवनको **रश्मि** हो, कान्ति हो । यो जीवनरूपी वृक्षको जरा हो, जीवनरूपी फूलको सुगन्ध हो । मानिसको मूल्य र महत्ता उसको भाग्यमा आधारित हुन्छ । सामाजिक प्रतिष्ठा, **वैभव** र मर्यादा पनि भाग्यकै देन हुन् । पसिना बगाउँदैमा, परिश्रम गर्दैमा सबै सम्पन्नताको शिखरमा पुग्छन्, उनीहरूको जीवन वसन्तमय हुन्छ भन्ने धारणा राख्नु साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भन्नु जस्तै हो । *(जनाउ घन्टी बज्छ ।)*

२३. जसको परिस्थिति प्रतिकूल छ त्यसले जतिसुकै परिश्रम गरे पनि सफलता पाउन सक्तैन । परिस्थिति भन्नु नै अर्को अर्थमा भाग्य हो । अनुकूल परिस्थिति सौभाग्य हो भने प्रतिकूल परिस्थिति दुर्भाग्य हो । यो वास्तविक हो कि संसारमा कसैले पनि आफ्ना सम्पूर्ण इच्छा वा मनोरथ पूरा गर्न सक्तैन । परिश्रम गर्दैमा मानिसका सारा आकाङ्क्षा पूरा हुने भए यो संसार अर्कै हुने थियो, तर भाग्य नै एक यस्तो रहस्यमय कुरा हो कि जसले मानिसलाई उन्नति र अवनतिको पराकाष्ठामा पुऱ्याउन सक्छ । कहिले हस्तिनापुरीको राज कहिले चपरी मुनिको बास भनेझैं भाग्यमानी व्यक्तिको जीवन समयको परिवर्तनसँगै **कायापलट** हुन सक्छ ।

२४. सभाध्यक्ष महोदय !

यस संसारमा मानिसको सङ्गति र दुर्गति हुनुमा भाग्य नै प्रमुख कारण हो । आफ्ना सम्पूर्ण कौरव सेनाको पतन भएपछि राजा धृतराष्ट्रले **सञ्जय**लाई 'भाग्य मेटेर मेटिन्न क्यै गरे पनि सञ्जय' भनेको कुरा पनि स्मरणीय छ । महाभारतकै कुरा गर्दा त्यत्रा बलशाली महान् योद्धाहरू धेरै हुँदाहुँदै पनि अर्जुनले मात्र भगवान्को विराटस्वरूपको दर्शन पाउनु, सर्वश्रेष्ठ धनुर्धर र प्रमुख नायक पनि उनी नै बन्न पुग्नु पनि भाग्यकै खेल हो, भाग्यमा भए परीपरी आउँछ कहाँ त्यसै भनिएको हो र ! तसर्थ मेरो विचारमा परिश्रमभन्दा भाग्य नै ठूलो हो, यसलाई परिश्रमले कदापि जित्न सक्तैन भन्दै आफ्ना तर्कहरू यहीं अन्त्य गर्दछु । धन्यवाद ! *(घन्टी लाग्छ ।)*

२५. उद्घोषक:

आजको वादविवाद प्रतियोगितामा वक्ताहरूले बोल्ने क्रम यहीं नै टुङ्गिन्छ । निर्णायक मण्डलको निर्णय सुनिसकेपछि सभाध्यक्षको मन्तव्यसहित सभा विसर्जन हुने छ ।

तिलस्मी - जादुमय
रश्मि - किरण
वैभव - धन; सम्पत्ति
कायापलट - आमूल परिवर्तन; ठूलो परिवर्तन
सञ्जय - धृतराष्ट्रलाई महाभारत युद्धको प्रत्यक्ष वर्णन सुनाउने उनैका विश्वस्त सारथि; महाभारतका एक पात्र

अभ्यास

१. **पाठका सबै अनुच्छेद पालैपालो गरी सस्वरवाचन गरेर कक्षामा प्रस्तुत गर्नुहोस् :**

२. **उच्चारण गर्नुहोस् :**

प्रराक्रम, विश्वामित्र, अतिशयोक्ति, पुरुषार्थ, श्रद्धेय, मन्तव्य,

३. **अर्थ भन्नुहोस् :**

सौरभ, भ्रामक, आग्रह, आकर्षक, भाग्य, वरदान,परिश्रम, प्रतियोगिता, प्रधानाध्यापक, भावना, शाश्वत, गुजारा, कारक, खण्डन-मण्डन

४. **वाक्यमा प्रयोग गर्नुहोस् :**

उन्नति(३), समुद्र(४), सृष्टि(५), उपेक्षा(६), लगानी(९), अभागी(१०), विपक्ष(११), आहारा(१६)

५. **तलका शदहरूको विपरीतार्थ शब्द लेख्नुहोस् :**

उन्नति, रङ्क, धनी, सुख, हर्ष, संयोग, प्राप्ति, सफलता, जन्म, पाताल, बलियो, महल, मूर्ख, महाज्ञानी, बिहान, मित्रु, अन्य, उचित, असल

६. **पाठबाट सर्वनाम शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

७. **तल दिइएका उखान प्रयोग गरी आफ्नो अध्ययनको विषयमा एक अनुच्छेद लेख्नुहोस् :**

(क) इलमीको भागमा माछा र मासु अल्छीको आँखामा सधैँ आँसु

(ख) भाग्यमा भए लडी लडी आउँछ ।

(ग) जिते हस्तिनापुरको राज हारे चपरीमुनिको बास

(घ) साउनमा आँखा फुटेको गोरुले सधैँ हरियो देख्छ ।

(ङ) मेरो गोरुको ब्राहै टक्का

(च) हुने बिरुवाको चिल्लो पात

८. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) वादविवादमा सहभागी हुने व्यक्तिले बोल्दा केकस्ता कुरामा ध्यान दिनुपर्छ ?

(ख) पक्षतर्फका दोस्रा वक्ताले प्रस्तुत गरेका तर्कहरूमध्ये मुख्यमुख्य कुरालाई दस बुँदामा टिप्नुहोस् ।

(ग) विपक्षतर्फका वक्ताले प्रस्तुत गरेका तर्कहरूलाई आधार बनाएर एउटा अनुच्छेद तयार पार्नुहोस् ।

९. **कक्षाकोठामा तलका विषयहरूमा वादविवाद कार्यक्रमको आयोजना गर्नुहोस् :**

(क) सुखको स्रोत धनभन्दा मन नै हो ।

(ख) मानिसभन्दा प्रकृति बलियो हुन्छ ।

(ग) बेरोजगारीको मुख्य कारण व्यवस्थाभन्दा व्यक्ति हो ।

(घ) सैद्धान्तिक ज्ञान भन्दा व्यावहारिक ज्ञान राम्रो हो ।

सिर्जनात्मक अभ्यास

(अ) विपक्षीको मतको खण्डन गर्दै 'शस्त्र बलभन्दा नैतिक बल नै ठूलो' भन्ने वादविवादको शीर्षकमा पक्षको तर्फबाट आपना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(आ) "विज्ञान अभिशाप नभई वरदान हो" भन्ने वादविवादको विषयमा पक्ष र विपक्षबाट मुख्यमुख्य बुँदाहरू तयार पारी समूहगत रूपमा कक्षामा सुनाउनुहोस् ।

(इ) विलासी जीवनभन्दा सादा जीवन नै बेस भन्ने विषयको पक्षमा विपक्षका तर्कहरू खण्डन गर्दै आफ्नो मतको पुष्टि गनुहोस् ।

(ई) विपक्षका मतको खण्डन गर्दै धनभन्दा स्वास्थ्य नै ठूलो हुन्छ भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(उ) विपक्षका तर्कहरूको खण्डन गर्दै छोरीलाई पैतृक सम्पतिभन्दा शिक्षा दिनुपर्छ भन्ने विषयका पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

शब्दभण्डार

पारिभाषिक/ प्राविधिक शब्द

अवमूल्यन : कुनै वस्तुको मूल्य वा महत्त्वमा आउने कमी

तेस्रो विश्व : खास गरी ल्याटिन अमेरिका, अफ्रिका र एसिया महादेशका नेपाललगायत विकासोन्मुख देशहरू

निशस्त्रीकरण: हतियार कम गर्ने अन्तर्राष्ट्रिय अभियान

निलम्बन : कुनै कर्मचारीले अनियमितता वा भ्रष्टाचार गरेको सूचना पाएमा नियमानुसार छानबिन गर्न राखिने काम

निवर्तमान : तत्कालै बितेको समयको; पूर्व

पर्यावरण : वातावरण

भौतिक : पृथ्वी, पानी, तेज, वायु, आकाश पाँच तत्त्वबाट बनेको; पार्थिव

मौलिक हक : नागरिकलाई प्रदान गरिएका मूलभूत अधिकार; मौलिक अधिकार

विधेयक : संसद्मा पारित गर्नका लागि प्रस्तुत गरिने कानुनको मस्यौदा; ऐनको प्रारूप

संविधान : देशका सम्पूर्ण ऐनकानुनको मूल स्रोत; देशको मूल कानुन

मतदान : मन परेको उम्मेदार छनोट गर्न मतपत्रको माध्यबाट व्यक्त गर्ने आफ्नो मत वा विचार

परिभाषा दिएर अर्थ बताइने शब्दलाई पारिभाषिक शब्द र विज्ञानप्रविधि, कानुन आदि क्षेत्रमा प्रयोग गरिने शब्दलाई प्राविधिक शब्द भनिन्छ ।

शब्दभण्डार अभ्यास

(क) पाठमा प्रयोग भएका पारिभाषिक शब्द टिप्नुहोस् ।

(ख) तलका पारिभाषिक शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

अब्बल, अम्ल, अधिक वर्ष, ऐलानी,कुपोषण, गुल्म, छन्द, जीवाणु, तापक्रम, देशान्तर, ध्वनि, परिपत्र, भाषिका, भन्सार, भूक्षय, रस, शल्यचिकित्सा, हिमनदी,भाषा,व्याकरण, संस्कृति, नीति, रङयोजना, कार्यतालिका, लोकतन्त्र, आन्दोलन

वादविवाद कला

कुनै विषयका पक्षविपक्षमा छलफल गराउने क्रियाकलाप नै 'वादविवाद' हो। यस क्रियाकलापका लागि "हो-होइन" वा 'छ-छैन' बीचको द्वन्द्वलाई ध्यानमा राखिन्छ। "सूर्य पूर्वबाट उदाउँछ" जस्तो शाश्वत वा विवादरहित विषय यस्तो क्रियाकलापका लागि मान्य हुँदैन। तर्कवितर्क गर्न सकिने "सुखको स्रोत मन होइन धन हो" जस्ता विषय मात्र यसका लागि स्वीकार्य हुन्छ। यो एउटा कला भएको हुँदा यसबाट भाषण गर्ने सीपको विकास हुन्छ। जुन व्यक्ति भाषण गर्न डराउँछ वा हच्कन्छ, त्यस्तो व्यक्तिले वादविवादमा भाग लिएमा आत्मविश्वासका साथ निडर भई बोल्ने बानीको विकास हुन्छ। त्यसकारण यस क्रियाकलापले मानिसहरूलाई कुनै एक निश्चित विषयबारे ज्ञान आर्जन गरी लागेका कुराहरू व्यक्ति गर्न ठूलो सघाउ पुऱ्याउँछ।

वादविवादका निम्ति तयारी गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्दछ :

१. सर्वप्रथम पत्रपत्रिका, विश्वकोश, सामान्यज्ञान, वार्षिकी, सन्दर्भ पुस्तक आदिबाट चाहिँदा सामग्रीहरू सङ्कलन गर्नुपर्दछ।

२. सङ्कलित सामग्रीहरूको एउटा सूची बनाएर अर्को पक्षका तर्कहरू खण्डन गर्न सकिने बुँदाहरू पनि लेख्नुपर्दछ।

३. तयार पारिएको सूची वा बुँदाहरूको क्रम मिलाउनुपर्दछ। यसरी क्रम मिलाउँदा बुँदाबुँदाका बीच अन्तर्सम्बन्ध हुनुपर्दछ।

४. सङ्कलित तथ्य वा तथ्याङ्कहरू प्रामाणिकतामा आधारित भएनभएको रुजु गर्नुपर्दछ।

वादविवादमा वक्ताले ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् :

१. नियमहरूको पूर्ण पालना गर्नुपर्दछ।

२. मुख्य बुँदालाई समात्ने किसिमले द्वितीय पुरुष सर्वनामको प्रयोग गरी श्रोतावर्गको ध्यान आकर्षित गर्ने बोलचालको भाषा प्रयोग गर्नुपर्दछ।

३. अस्पष्ट र नबुझिने क्लिष्ट भाषाको सट्टा सहज र बुझिने भाषाको प्रयोग गर्नुपर्दछ।

४. बोल्दा गतिलाई ज्यादै छिटो पनि गर्नुहुँदैन र ज्यादै ढिलो पनि गर्नु हुँदैन, मध्यम मार्ग अँगालेर नियन्त्रित गतिमा अगाडि बढ्नुपर्दछ।

५. हँसाउने खालका टुक्रे कथा वा अरू पनि कुनै प्रकारका कथाहरू भन्नुहुँदैन। यसले दिइएको समयको सीमालाई असर पार्दछ।

६. अर्को पक्षका वक्ताहरूलाई लाजगालमा पार्ने, बदनाम गर्ने वा निन्दा गर्ने काम कदापि गर्नुहुँदैन। केवल विचारको युद्ध लड्नुपर्दछ, युक्तिपूर्ण तर्कहरू दिएर खण्डन-मण्डन गर्ने काम मात्र गर्नुपर्दछ।

७. पुनरुक्ति भएका र विरोधाभासपूर्ण कुराहरू पनि प्रस्तुत गर्नुहुँदैन।

८. कुनै टिपोट हेरेर बोल्न पाइँदैन।

सहिदहरूको सम्झनामा

❑ भूपी शेरचन

वि.सं. १९९७ माघ ६ गतेका दिन विशेष अदालतले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठमाथि राजद्रोह र देशद्रोहको अभियोग लगाई क्रमश सर्वस्वसहित मृत्युदण्डको फैसला सुनायो ।

वि.सं. १९९७ माघ ९ गते राति शुक्रराज शास्त्रीलाई टेकु पचलीको एउटा रूखमा झुन्ड्याई फाँसी दिइयो ।

वि.सं. १९९७ माघ ११ गते धर्मभक्त माथेसालाई सिफलको एउटा रूखमा झुन्ड्याई फाँसी दिइयो ।

वि.सं. १९९७ माघ १४ गते दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई शोभा भगवतीमा गोली ठोकी मारियो ।

यसरी राणा कालमै नेपाल आमाका चार सपूतहरू सहिद भए । वास्तवमा तीमध्ये कोही पनि राजद्रोही वा देशद्रोही नभएर आफ्नो प्यारो देश नेपाललाई तानाशाहको साङ्लाबाट मुक्त गराउन अघि सरेका वीर योद्धा थिए । तिनीहरूले देशका निमित्त आफूलाई बलिदान दिए । त्यसैले तिनीहरू देशको इतिहासमा अमर छन् । यी चार सपूतबाहेक पनि राणाकालपछि, पञ्चायत कालमा , २०४६सालको जनआन्दोलन ताका र २०६२-२०६३ को जनआन्दोलन तथा अन्य विभिन्न समयमा नेपाल आमाका अन्य धेरै सन्ततिहरू सहिद भइसकेका छन् । हरेक वर्ष माघ १६ गतेका दिन 'सहिद दिवस' मनाएर हामी तिनीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं । के यति मात्र पर्याप्त छ त ? के तिनीहरूका सपनालाई पूरा गर्नु हामी सबैको दायित्व होइन र ? हामी सबैले सोच्नु आवश्यक छ ।

भूपी शेरचन (वि.सं १९९३-२०४६) लोकप्रिय एवम् सशक्त कवि हुन् । उनका कविताहरूमा सर्वसाधारण जनताका दुःख र मर्मलाई सरल भाषामा व्यक्त गरिएको पाइन्छ । उनले गरिब वर्गमाथि हुने गरेको शोषण, अन्याय र अत्याचारको विरोध गरे । उनले ज्यादै स्पष्टवादी भएर व्यक्ति, समाज र राष्ट्रका कमजोरीहरूप्रति तीखो व्यङ्ग्य गरेका छन् । उनी एक विद्रोही कवि पनि हुन् । उनका कवितामा कल्पनाको सुन्दर प्रयोग पाइन्छ । उनका *'निर्झर'*, *'नयाँ झ्याउरे'* र *'घुम्ने मेचमाथि अन्धो मान्छे'* कविता सङ्ग्रहहरू प्रकाशित छन् । ती सङ्ग्रहका कविताहरूमध्ये *'हामी'*, *'घण्टाघर'*, *'घुम्ने मेचमाथि अन्धो मान्छे'*, *'मेरो देश'* *'सहिदहरूको सम्झनामा'* *'मैनबत्तीको शिखा'* आदि उत्कृष्ट मानिन्छन् । प्रस्तुत 'सहिदहरूको सम्झनामा' झ्याउरे लयमा रचिएको उत्कृष्ट कविता हो । उनले यस कवितामा सहिदहरूका त्याग र बलिदानलाई राष्ट्रिय सन्दर्भमा मूल्याङ्कन गरेका छन् । सहिदहरूप्रति हाम्रो कर्तव्य के हो, के गरेमा उनीहरू प्रसन्न हुन्छन्, जस्ता कुरामा कविले प्रकाश पारेका छन् । यसका साथै उनले राष्ट्रिय चेतना जगाउने भाव पनि यस रचनामा व्यक्त गरेको पाइन्छ ।

हुँदैन बिहान **मिर्मिर**मा तारा झरेर नगए
बन्दैन मुलुक दुईचार **सपूत** मरेर नगए २

ओठमा हाँसो गालामा लाली तब आउँछ जगत्को
देशको पीरले **भेटी** जब वीरले चढाउँछ रगतको
घाँटीमा **फाँसी**को माला गाँसी वीरले हाँस्ता
मातृभूमिको **चरण** ढोगी भाग्दछ दासता ६

उम्रन्न बोट कसैले बीउ छरेर नगए ७
हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फेर्ने प्रत्येक सासमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा छ **धड्कन** सहिदको
हाम्रो खुसीको प्रत्येक पलमा छ जीवन सहिदको ११
पाउने थिएनौँ खुसी तिनले छाडेर नगए १२

हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला
धर्तीले **मुख** लाजले छोप्ला आकाशले धिक्कार्ला १५
सहिद रोलान् हामीले उन्नति गरेर नगए १६

हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए
बन्दैन मुलुक दुईचार सपूत मरेर नगए । १८

(घुम्ने मेचमाथि अन्धो मान्छेबाट)

मिर्मिर - झिसमिसे
सपूत - असल छोरो
भेटी - सम्मानसाथ चढाएको कुरा, कोसेली
फाँसी - झुन्ड्याएर गराइने मृत्यु
चरण - पाउ; खुट्टा
धड्कन - मुटुको कम्पन; ढुकढुकी

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) के भएपछि बिहान हुन्छ ?

(ख) दासता के देखेर भाग्दछ ?

(ग) बोट उम्रन के गर्नुपर्दछ ?

(घ) हामीलाई कसले खुसी छाडेर गएका छन् ?

(ङ) हामीले के नगरेमा इतिहासले धिक्कार्छ ?

(च) हामीले सहिदलाई प्रसन्न पार्न के गर्नुपर्छ ?

२. **'सहिदहरूको सम्झनामा' कविता लय हालेर वाचन गर्नुहोस् ।**

३. **शुद्ध उच्चारण गर्नुहोस् :**

धिक्कार्ला, कर्तव्य, चरण, तारा, जगत्,बोट, मातृभूमि,

४. **तलका शब्दको अर्थ भन्नुहोस् :**

मिर्मिर, सपूत, भेटी, फाँसी, सहिद

५. **पर्यायवाची शब्द लेख्नुहोस् :**

उन्नति, उदार, विशाल, धर्ती, आकाश, मानिस, नारी, सूर्य, चन्द्र, नदी

६. **विपरीतार्थक शब्द लेख्नुहोस् :**

वीर, सपूत, स्वदेश, स्वर्ग, उर्वर, रात, अवनति, सङ्कीर्ण, स्थूल, उष्ण

७. **वाक्यमा प्रयोग गर्नुहोस् :**

मातृभूमि, दासता (६), थङ्कन (१०), धिक्कार्नु (१३), लाजले मुख छोप्नु (१५)

८. **कविताबाट 'ता' र 'ई' प्रत्यय लागेका शब्दहरू खोजी तिनको प्रकृति प्रत्यय छुट्याउनुहोस् ।**

९. **तलका क्रियापदलाई अकरणमा बदल्नुहोस् :**

आउँछ, चढाउँछ, भाग्दछ, छ, थियौँ, हुन्छ, रोलान्, धिक्कार्ला

१०. **सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) 'दुईचार सपूत नमरी मुलुक बन्दैन' भन्नाको तात्पर्य के हो ?

(ख) सहिदहरूप्रतिको हाम्रो कर्तव्य के हो ?

(ग) 'सहिदहरूको सम्झनामा' कवितामा कविले सहिदहरूप्रति कस्तो श्रद्धा व्यक्त गरेका छन् ?

(घ) 'सहिदहरूको सम्झनामा' कविताको मूल भाव के हो ?

११. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको ·
हाम्रो खुसीको प्रत्येक पलमा छ जीवन सहिदको ।

(ख) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला ।

१२. **व्याख्या गर्नुहोस् :**

उम्रन्न बोट कसैले बीउ छरेर नगए

१३. **विवेचनात्मक उत्तर दिनुहोस् :**

'सहिदहरूको सम्झनामा' कवितामा कविले सहिदहरूको बलिदान र मुलुकप्रति हाम्रो कर्तव्यलाई कुन रूपमा प्रस्तुत गरेका छन् ?

सिर्जनात्मक अभ्यास

मातृभूमि शीर्षकमा झ्याउरे लयमा कविता लेखी शिक्षकलाई देखाउनुहोस् ।

व्याकरण

वर्णविन्यास (हिज्जे)

- आजको कामले मलाई दिन बनायो ।
- उनी त्यहाँ **गइन** ।
- उसले रातो **फुल** टिपी ।
- उसले गोरूलाई जुवामा **नारी** दियो ।

माथिका वाक्यमा केही शब्दको वर्णविन्यास अशुद्ध छ । वाक्यमा गाढा अक्षरमा दिइएका शब्दको अर्थ क्रमश : दिवस, जाने काम गरिन, अन्डा र महिला हुन्छ । यस दृष्टिले वाक्य पढ्नुहोस्, वाक्य ठीक छ कि छैन ? अवश्य ठीक छैन, वर्णविन्यास भनेको वर्णहरूको ठीक रखाइ हो । वर्णविन्यास ठीक नभएमा अर्थको अनर्थ हुने भएकाले लिखित अभिव्यक्तिमा वर्णविन्यास मिलाउनुपर्छ ।

व्याकरण अभ्यास

(क) तलका शब्दलाई पदयोग र पदवियोगका दृष्टिबाट सच्याउनुहोस् :

(अ) राम ले भात खायो ।

(आ) भाइ हरू पाठ पढ्छन् ।

(इ) छाना माथि नचड ।

(ई) रिस उठ्दो कुरा न गर ।

(उ) न राम्रो नगर ।

(ऊ) गाई गोठ बनाऊ ।

(ए) हामीमाथि जान्छौं ।

(ऐ) रामरश्याम दाजु भाइ हुन् ।

(ओ) आमा मलाई माया गर्नु हुन्छ ।

(ख) तलका अनुच्छेदमा भएका गल्तीहरू सच्याउनुहोस् :

(अ) भुपि सेर्चन लोक् प्रीय कवी हून ? ऊनका कवीता मा जनता का दुख लाइ शरल भासामा बेक्तगरेको पाइन्छ । उनी येक बिद्रोही कवी पनी मानिन्छन् ।

(आ) एस सन्सारका बारेमा गम्भिर अध्ययन खोज एवम् अनुसन्धान गरी वैग्यानिक निष्कर्शमा पुग्ने काम तेते सजिलो छैन ।

(इ) विकाशको सिदान्तअनुसार कुनै जाती ओह्लो लागीरहेछन् कोही उकालो लागीरहेछन् !

(ई) हठात् उसको दृष्टी आफ्ना बाबुको पाखूराका लामा दागमा पर्योर सोद्यो 'वा यहा केभयो ह ' कृष्णबहादुरले भने, "शहरमा बस्नेले यस्तो भव्य महल् बनाएका छन् भने गाउँमा बस्नेले एक विता जमिन पनि पाएका छैनन् ।

(घ) तलका लेख्यचिह्न प्रयोग गरी नेपाली भाषाको विषयमा एक अनुच्छेद लेख्नुहोस् :

अल्पविराम	,	**अर्धविराम**	;	**पूर्णविराम**	।
प्रश्न	?	**उद्गार**	!	**उद्धरण**	" "
निर्देशक	:	**योजक**	—	**कोष्ठक**	( )

(ङ) तलका शब्दमा भएको अशुद्धिलाई शुद्ध गरी ती शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

नाती, पडाइ, पण्डित्याइ, माथी, केराऊ, वहीनि, तीमि, कमीलो, इस्वर, अतित, आत्मिय, आसिर्बाद, परिछया

(च) तलका वर्ण प्रयोग भएका पाँचपाँचओटा शब्द यस पुस्तकका विभिन्न पाठहरूबाट सङ्कलन गर्नुहोस् :

श, ष, स, व, ब, ओ, य, ए, क्ष, छ, ज्ञ, ऋ, ङ, ण, न, म,

(छ) तलका शब्दमा शिरबिन्दु र चन्द्रबिन्दु लगाई शुद्ध गर्नुहोस् :

ससार, सस्कृति, भनुला, अध्यारो, जाच, नाउ, अश, साराश, अखोरा, अजुली, सतोश, कश, हश, दुख, अत, वस्तुत, क्रमश, नि सन्देह ।

(ज) कुनै घटनाको वर्णन गर्दै तलका क्रियायोगी शब्द प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :

उहिले, असाध्यै, केवल, गरी, टुप्लुक्क, त्यसरी, बिहान, भित्र, माथि, मुसुक्क

(झ) 'सहिदहरूको सम्झनामा' कवितामा प्रयोग भएका क्रियायोगी शब्द टिपी तिनलाई वर्णानुक्रमअनुसार मिलाएर भन्नुहोस् ।

गद्य कविता

मुक्त लय (मुक्त छन्द) मा लेखिएको रचनालाई गद्य कविता भनिन्छ । यस परिभाषाअनुसार यसमा :

- तगण, मगण इत्यादिको प्रावधान हुँदैन ।
- यसमा गद्यात्मक स्वरूप झल्कने लामा छोटा पङ्क्तिहरू हुन्छन् ।
- यसमा लयात्मक पारामा गहिरो र खँदिलो भावलाई व्यक्त गरिएको हुन्छ ।

गद्य कविताको नमुना

सहिदहरूसित

गोपालप्रसाद रिमाल

आफूलाई बचाउन पनि बाँच्नै पर्‍यो,
जहान बच्चालाई बचाउन झन् चिरञ्जीवी हुनै पर्‍यो,
यो साझा फूलबारीको हरेक फूल चुस्नै पर्‍यो,
भोक र तिर्खा मेट्न यहाँ भोजमा चोक्टा चोक्टा लुछ्नै पर्‍यो,
माटो खाए माटो होइन्छ, मानिस खाए मानिस,
त्यसैले मान्छेलाई मान्छेले टोक्नै पर्‍यो,
मानिसहरू यो साझा फूलबारीमा निक्कै हुनै पर्‍यो,
त्यसैले सहिदहरूलाई सम्झनै पर्‍यो,
उनीहरूसित प्रेरणा लिनै पर्‍यो ।

(आमाको सपनाबाट)

न्यायको पक्ष

❑ बदरीनाथ भट्टराई

अनादि कालदेखि नै सत् र असत्का बीचमा द्वन्द्व चल्दै आएको छ। देव र दानवबीच होस् वा पाण्डव र कौरव तथा राम र रावणबीच नै किन नहोस्, जुन द्वन्द्वहरू भए ती सत् र असत्बीचकै द्वन्द्व थिए। असत्माथि विजय गर्नका लागि नै समयसमयमा ईश्वरका विभिन्न अवतारहरू भए। अँध्यारोलाई नाश गर्न उज्यालो चाहिए जस्तै अन्यायलाई निर्मूल पार्न न्याय नै चाहिन्छ। त्यस्तै आगो निभाउन पानी चाहिए जस्तै आक्रोशलाई शान्त पार्न शालीनता अपरिहार्य छ। यी अँध्यारो र उज्यालो, अन्याय र न्याय वा आगो र पानी मात्र होइनन्, दुःख र सुख, चिन्ता र हर्ष, जन्म र मृत्यु, उत्थान र पतन, उकाली र ओराली आदि सबै प्राकृतिक द्वन्द्वहरू हुन्। वास्तवमा मानव जातिको इतिहास भन्नु नै द्वन्द्वको उत्पत्ति र विकासको कथा हो। यस कथामा असत्माथि सत्ले विजय गरेको शाश्वत नियम भेटिन्छ। हामीले बुझ्नुपर्ने कुरो के छ भने सत् सदैव न्यायको पक्षमा हुन्छ।



बदरीनाथ भट्टराई (वि. सं. १९६५-२०५२) ले नेपाली कथाजगत्मा आफ्नै छुट्टै पहिचान कायम गरेका छन्। इतिहास, पुराण र वेदलाई कथाको भिन्नाभिन्नै क्षेत्र बनाएर उनले विगतका यथार्थभित्रका अमूल्य र रोचक तथ्यमाथि प्रकाश पारेका छन्। विगतका घटना, चरित्र र प्रवृत्तिलाई टिपेर पनि समसामयिक समाजका निमित्त ती कुराहरूलाई प्रेरणादायी बनाउन सक्नु उनको साहित्यिक प्रतिभाको खुबी हो। सामाजिक नीतिचेतना, सच्चरित्रता, देशप्रेम, मानवतावाद, तीव्र कर्तव्यबोध वा दायित्वबोध, सामाजिक सङ्गति आदि नै उनका ऐतिहासिक, पौराणिक र वैदिक कथाहरूका विषयगत परिधि हुन्।"न्यायको पक्ष" कथा महाभारतको वनपर्वमा आधारित छ। पाण्डवहरू वनवास गइसकेपछि राजा धृतराष्ट्रले विदुरलाई सल्लाहको निमित्त दरबारमा बोलाउँछन्। उनी राजासँग पाण्डवहरूलाई फिर्ता बोलाउनुपर्ने प्रस्ताव राख्दछन्, तर उनको यो प्रस्ताव स्वीकार्य हुँदैन। यसबाट अपमानित बनेका विदुर पाण्डवको आश्रम खोज्दै जान्छन् र बाटामा उनको धौम्य ऋषिसँग भेट हुन्छ। यसपछिको प्रसङ्गलाई कथा बनाएर कथाकारले सत्का पक्षधर विदुर प्रति झुकाव राख्दै "सत् नै न्याय हो" भन्ने विचार व्यक्त गरेका छन्।

१. सरस्वती नदीको किनार प्रकृतिको भण्डार भने हुन्छ । एक त लहलहाउँदो **काम्यक** वनको अपूर्व शोभा, उसमाथि चराचुरुङ्गीको मीठो तान, झन् त्यसमाथि बगिरहेको स्वच्छ पानीको कलकलले स्वर्गलाई समेत गिज्याइरहेको थियो ।

२. पाण्डवका पुरोहित **धौम्य** ऋषि पनि **मध्याह्नस्नान** गर्न भनेर त्यहीं आइपुगे । **विधिमुताबिक** नुहाएर धोती फेर्न लाग्दा उनले खुब लम्कँदै आएका **विदुर**लाई देखे । "यस्तो शान्त स्थानमा आएर पनि यिनी किन हड्बडाए जस्ता छन् ए !" भन्ने धौम्यको मनमा लाग्यो । राजनीतिको गहिराइसम्म पत्ता लगाइसकेका यस्ता गम्भीर मानिस एउटा कारण नपरी किन यसरी हाम्फाल्दै आउँथे भन्ठानी "ए विदुरजी, यता ! यता !!" धौम्यले बोलाएर हातले इसारा पनि गरे ।

३. हस्याङफस्याङ गर्दै अलि वर आएर विदुरले भने, "ओहो ! ढुङ्गा खोज्दा देउता भेट्टाएँ । तपाईंकै **आश्रम** नभेट्टाएर घुम्दाघुम्दा कत्रो हैरान ! खै, **पाण्डव**हरू कहाँ छन् ?"

४. धौम्य : उनीहरू त आश्रममा नै छन् । एकै छिन बसेर पसिना **ओबाउनोस्**, अनि सँगसँगै जाऔंला ।

५. विदुर : हैन मलाई ज्यादै हतपत छ । बरु बाटो बताइदिनुहोस्, हिँडिहाल्छु ।

६. धौम्य : तपाईं जस्तो **धीर** मानिस आज यसरी आत्तिएको देख्ता अचम्म लाग्यो । फेरि मुख पनि ज्यादै निन्याउरो छ, के भयो ? भन्न हुने भए भन्नुहोस् ।

७. विदुर : म त **द्वापरयुग** अझ बाँकी नै छ भन्ठान्यें तर **कलियुग**ले छोपिसकेछ, बुझ्नुभो ?

काम्यक - सरस्वती नदीको किनारामा रहेको एउटा ठूलो वन; पाण्डवहरू दोस्रोपटक वनवास जाँदा वास बसेको ठाउँ

धौम्य - पाण्डवहरूका पुरोहित

मध्याह्नस्नान - मध्य दिनमा नुहाउने काम

विधिमुताबिक - नियमअनुसार

विदुर - कृष्णद्वैपायनका पुत्र; कौरवहरूका मन्त्री; राजनीति, धर्मनीति र अर्थनीतिमा निपुण व्यक्ति

आश्रम - कुटी; जङ्गलमा बनाइएको आवास

पाण्डव - महाराज पाण्डुका रानीहरू कुन्ती र माद्रीको कोखबाट जन्मेका युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव

धीर - जस्तोसुकै विपद्मा पनि एक समान रहने, सहनशील

द्वापरयुग - पुराणअनुसारे ४ युगमध्ये तेस्रो युग जुन ८६४००० वर्षको हुन्छ ।

कलियुग - पुराणअनुसार चार युगमध्ये अन्तिम युग जुन भगवान् कृष्णको स्वर्गारोहणपछि आरम्भ भएको भन्ने कथन छ ।

८. धौम्य : किन, के भो र ?

९. विदुर : यहाँभन्दा के हुनु !

१०. धौम्य : धृतराष्ट्रले के पछुतो मानेनन् ? पाण्डवहरूलाई लिन तपाईंलाई पठाएका हुन् कि भन्ने पो ठानेको थिएँ ।

११. विदुर : त्यस्ता जालीले पछुतो मान्लान् क्या अब ?

१२. धौम्य : त्यसो भए तपाईं यहाँ किन आउनुभा'को ?

१३. विदुर : हरे शिव ! के भनौं, छोरो दुर्योधनका हातमा सारा राज्य परिहाल्यो, अब उनलाई मसँगको के मतलब ! कुरा बुझ्नुभो ?

१४. धौम्य : के उसो भए उनी मक्ख परेर बसेका छन् ?

१५. विदुर : किन पर्दैनथे भन्या ! मुसुमुसु हाँसेको देखेर मैले त साफसँग भनिदिएँ, "के तपाईंलाई मर्नुपर्दैन ?" अनि उनले भने, "जन्मेपछि मर्नु त अवश्य पर्छ तर मर्नुपर्छ भन्दैमा शासकले नीति त्याग्नुहुन्न ।"

१६. धौम्य : तपाईंले त्यसको के जवाफ दिनुभो त ?

१७. विदुर : यस्ता चाललाई त **पिशाचनीति** भन्छन् बुझ्नुभो ? यदि नीति छाड्नुहुन्न भने युधिष्ठिरलाई ल्याएर राजगद्दीमा राख्नोस् अनि अरू सारा भाइहरूलाई उनका **अनुयायी** बनाउनोस् भनेर मैले भनेपछि उनले भने, "तिमीले त **धर्मनीति**को पो कुरा गऱ्यौ । हो, तिम्रो चित्त शुद्ध छ, सके युधिष्ठिर पनि त्यस्तै होलान्, तर के भीमसेन र अर्जुन पनि त्यस्तै छन् ? जानीजानी आफ्नो छोराको तालु म आफैं कसरी खुइल्याऊँ ? तिमी नै भन न ।"

१८. "धृतराष्ट्र त भित्र पनि बाहिर पनि अन्धा रहेछन्" भनेर धौम्यलें **रातो मुख लगाए** ।

१९. आँखीभौं खुम्च्याएर विदुरले भने, "बुझ्नुभो धौम्य, त्यसपछि मैले साफसाफ भनिदिएँ, "हिउँले पोल्ला कि भन्ने शङ्का गर्नु कहाँसम्मको मुर्खता हो । हुन त तपाईं जस्ता अन्धाहरूले **बेली**को माला छुँदा सर्प भनेर तर्सिएको मैले देखेको छु ।" मेरो कुरा सुन्नासाथ त दाजु **आगो भइहाले**, अनि उनले भने, "भाते कहाँको ! मेरो अन्न खाएर तँ यत्रो भइस् । आज मलाई अन्धो भन्ने तँ नै हैनस् के ? तँलाई मैले खास आफ्नो भाइ ठानेर **मनपेट दिएको** थिएँ तर तँ ब्वाँसाको बाजे रै'छस्, दूध खाएर विष निकाल्ने सर्प रै'छस् । आज पाण्डवहरूतिर लागेर मेरो सन्तानको सत्यानाश गर्न खोज्ने तँ कहाँसम्मको **घुसघुसे** ।"

पिशाचनीति - अरूलाई दुःख दिने नीति वा काम; राक्षसी प्रवृत्ति
अनुयायी - अनुसरण गर्ने
धर्मनीति - व्यक्ति वा समाजको भलो हुने नीति
रातो मुख लगाउनु - रिसाएको अनुहार पार्नु
बेली - मसिनो पात भएको एक किसिमको लहरा
आगो हुनु - रिसाउनु
मनपेट दिनु - मनका कुरा कत्ति पनि नलुकाई भन्नु
घुसघुसे - बोल्दै नबोली भित्रभित्रै काम बिगार्ने

२०. विदुरले रातारातो आँखा लगाउँदै हात लम्काएर धृतराष्ट्रको **भाउ लाएको** देखेर धौम्यले भने, "दाजुको प्रचण्ड आकार देखी तपाईं जागेर आउनुभा'को हो कि कसो ?"

२१. "तिनीसँग मलाई केको डर ?" मैले झन् कड्केर भनिदिएँ, "बुझ्नुभो दाइ, म न पाण्डवसँग लाग्छु, न त **कौरव**तर्फ । म त न्यायको पक्ष लिन्छु, न्याय ! अहिले निर्धो देखियोस् या बलियो । परिणाममा न्यायीको नै जय हुन्छ भन्ने मलाई दृढ निश्चय छ । बुझ्नुभो, मुला काटिएझैं तपाईंका छोराहरू काटिने छन् अनि स्वाद पाउनुहोला" भनेर मैले धृतराष्ट्रलाई जवाफ दिएँ भनी विदुर चुप लागे ।

२२. उत्सुकताका साथ धौम्यले भने, "तपाईंका कुरा सुनेर धृतराष्ट्रले के भने त ?"

२३. मुखबाट थुकका छिटा निकाल्दै अलि छिटोछिटो विदुरले भने, "कहाँ भन्नुहुन्छ, त्यत्तिकैमा दुर्योधन आइपुग्यो, अनि धृतराष्ट्रतिर फर्केर भन्यो, "अब त विदुरलाई चिन्नुभो कि ! पाण्डवका **गुप्त दूत** हुन् भनेर त उहिल्यै मैले बिन्ती गरेको हुँ । कसो रे'छ ! अब पनि मेरो ज्ञानी भाइ भनेर **ओड ढाक्नु** भो भने त हाम्रो सत्य नाश हुन्छ ।" अनि मेरा कन्सिरी तातिहाले, त्यसपछि गर्जेर दुर्योधनलाई भनें "के कुरा गर्छस् **कुलाङ्गार** ! आफ्नो आङको भैंसी नदेख्ने, फेरि अर्काको आङमा भने नभएको जुम्रो पनि छ कि भन्ने शङ्का गर्ने ! हेर्, यदि तँ नजन्मेको भए अथवा जन्मनासाथ मरेकै भए ज्यादै बेस हुन्थ्यो, किनभने तँ अहिलेसम्म बाँचिरहेको हुनाले नै यो **प्रलयाग्नि** धुवाँइरहेको हो । हेर्, तँ कस्तोकस्तो कुकर्ममा पनि पछि हटिनस् आफैं सम्झी ।"

२४. निर्दोष भीमसेनलाई विष खुवाएर खोलामा बगाइदिएको कुरा तैंले बिर्सिस् होला । लाहाको घरमा आगो लगाइदिएर पाण्डवहरूलाई **स्वाहा पार्न** अँटिको कुरा याद छ ? यस्ता अपराध त तैंले हजारौं गरेको छस् । साँच्चिकै भनौं भने **प्रायश्चित**का निम्ति बाह्र वर्षसम्म वनवास त तँलाई पो पठाउनुपर्ने !

२५. भन्नसम्म भन्नुभएछ भनेर धौम्य खित्त हाँसे ।

२६. "त्यस्ता उल्लुलाई म किन बाँकी राख्थें भनी विदुरले फेरि उही **वृत्तान्त** सुरु गरे, "दुर्योधनले भन्यो वाह ! आज हाम्रो राज्यमा बसेर हामीलाई नै जथाभावी भन्ने ? म काकासाका भन्ने हैन । **मिति पुऱ्याइदिउँला** ।"

२७. मैले भनें, "तैंले मलाई के गर्न सक्छस् र ? खुब गरे जा भन्लास्, त्यत्ति न हो । म अब तेरो घरमा त के तेरो राज्यैमा बस्दिनँ । बुझिस्, बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ ।"

२८. "क्याबात् । खुब हुनुहुँदो रहेछ । जन्मभरमा यसरी **रन्केको** पहिला दिन नै यही हो कि कसो ?" भनेर धौम्यले विदुरको मुख पुलुपुलु हेरे ।

भाउ लाउनु	- अभिनय गर्नु	**प्रलयाग्नि**	- विनाशको आगो
कौरव	- चन्द्रवंशी राजा कुरुका वंशज; धृतराष्ट्रका १०० पुत्र	**स्वाहा पार्नु**	- खतम पार्नु
गुप्त दूत	- गोप्य रूपमा कुरा ओसार्ने व्यक्ति	**प्रायश्चित**	- पाप वा अपराधको दोष मेट्न गरिने कृत्य
ओड ढाक्नु	- छोपछाप पार्नु; पक्ष लिनु	**वृत्तान्त**	- विवरण; बेलीबिस्तार
कुलाङ्गार	- कुलको कलङ्क	**मिति पुऱ्याइदिनु**	- खत्तम पारिदिनु; मार्नु
		रन्कनु	- रिसाउनु

२९. खिसिक्क हाँसेर विदुरले भने कि त्यसपछि **लम्कीझम्की गर्दै** दुर्योधनले **दाह्रा किटेको** सुनेर मतिर फर्की धृतराष्ट्रले भने, "तँलाई मैले निकै बुद्धिमान् ठहराएको थिएँ, तर यहाँसम्मको धूर्त रहिछस्। पाण्डवको पक्ष लाग्ने हो भने ऐले नै निक्ली जा, उनीहरूकै पछिपछि लाग्।" अनि त के खोज्छस् काना आँखो भनेझैं भइहाल्यो मलाई, सरासर यतातिर आएँ।

३०. लामो सुस्केरा हालेर धौम्यले भने, "न्यायको पक्षको फल त तपाईंले देशनिकाला पो पाउनुभएछ, तर हेर्नोस्, सँगसँगै जाऔंला।"

३१. मनको **बह** धौम्यसँग पोखेपछि विदुरको आवेश अलिअलि शान्त भयो, अनि **सन्ध्यास्नान** सिध्याएर धौम्यसँग गुनगुन कुरा गर्दै आश्रमतिर हिँडे।

(पौराणिक कहानीबाट)

लम्कीझम्की गर्नु - लमकझमक गर्नु
दाह्रा किट्नु - रिसाउनु
बह - पिर
सन्ध्यास्नान - साँझमा नुहाउने कार्य

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) कुन ठाउँको सौन्दर्यले स्वर्गलाई पनि गिज्याइरहेको थियो ?
(ख) पाण्डवका पुरोहित को थिए ?
(ग) विदुरलाई कसले बोलाए ?
(घ) "ढुङ्गा खोज्दा देउता भेट्टाउनु" भनेको के हो ?
(ङ) ब्वाँसाको बाजे भनेको के हो ?
(च) दूध खाएर विष निकाल्नु भन्नुको तात्पर्य के हो ?
(छ) धौम्यले कसलाई भित्र र बाहिर दुवैतिर अन्धा रहेछन् भने ?
(ज) "म न्यायको पक्ष लिन्छु" भनेर कसले कसलाई भनेको हो ?
(झ) दुर्योधनले भीमसेनलाई के गरे ?
(ञ) धृतराष्ट्रले विदुरलाई कस्तो आरोप लगाए ?
(ट) विदुर किन दरबारबाट निस्किए ?
(ठ) यो कथा कुन ग्रन्थमा आधारित छ ?

२. **तलका शब्दको उच्चारण गर्नुहोस् :**

हस्याङफस्याङ, निन्याउरो, राजगद्दी, धौम्य, कन्सिरी, कुलाङ्गार, प्रायश्चित, आश्रय, लम्कीझम्की

३. **तलका शब्दको अर्थ भन्नुहोस् :**

गम्भीर, धीर, पिशाचनीति, सत्यानाश, प्रचण्ड, निश्चय, शङ्का, निर्दोष, वृत्तान्त, प्रायश्चित

४. **तलका शब्दको अनेक अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

तान, कल, सम्म, वर, तर, जाल, मुला, उल्लु, फल

५. **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

हस्याङफस्याङ गर्नु, ढुङ्गा खोज्दा देउता भेट्टाउनु, कलियुगले छोप्नु, मुसुमुसु हाँस्नु, रातो मुख लगाउनु, कन्सिरी तात्नु, मिति पुऱ्याइदिनु, के खोज्छस् काना आँखो, टालु खुइल्याउनु, सत्य नाश हुनु, पुलुपुलु हेर्नु, लम्कीझम्की गर्नु

६. **तलको वाक्य सच्याएर कापीमा सार्नुहोस् :**

तिमीसँग मलाइ के को डर मैले झन कड्किएर भनि दिए वुझ्नु भो दाई म न पान्डबसँग लाग्छु न त कौरब तर्फ ।

७. **तलका रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् :**

मनको बह धौम्यसँग पोखेपछि विदुरको आवेश अलिअलि शान्त भयो अनि सन्ध्यास्नान सिध्याएर धौम्यसँग गुनगुन कुरा गर्दै आश्रमतिर हिँडे ।

८. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) दुर्योधनलाई विदुरले के भनेर गाली गरे ?

(ख) विदुर किन धौम्य ऋषिको आश्रममा गएका थिए ?

(ग) न्यायको पक्ष कथाका आधारमा विदुर कस्ता पात्र हुन् ।

(घ) धौम्य ऋषि र विदुरका बीच कुन विषयमा संवाद भयो ?

(ङ) विदुर धृतराष्ट्रका विचारसँग सहमत नहुनाका कारण केके हुन् ?

(च) न्यायको पक्ष पौराणिक कथाले दिने सन्देश के हो ?

९. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) मर्नुपर्छ भन्दैमा नीतिलाई शासकले त्याग्नुहुन्न ।

(ख) अहिले निर्धो देखियोस् या बलियो, परिणाममा न्यायीको नै जय हुन्छ ।

१०. **व्याख्या गर्नुहोस् :**

(क) आफ्नो आङको भैंसी नदेख्ने फेरि अर्काको आङमा भने नभएको जुम्रो पनि छ कि भनेर शङ्का गर्ने !

(ख) बरु ज्यान गए जाला अन्यायतिर त म लाग्दिनँ ।

११. **"न्यायको पक्ष" कथाको सार लेख्नुहोस् ।**

१२. **विवेचनात्मक उत्तर दिनुहोस् :**

(क) "विदुर न्यायको पक्ष लिने एक कुशल राजनीतिज्ञ हुन्" यस भनाइको पुष्टि गर्नुहोस् ।

(ख) धृतराष्ट्र र विदुरका स्वभावको तुलना गर्नुहोस् ।

निर्जनात्मक अभ्यास

तल दिइएका बुँदाहरूका आधारमा एउटा कथा लेखी उपयुक्त शीर्षक राख्नुहोस् :

- एउटा जोगीले आफू धनी भएको भए माग्नेलाई थुप्रै दान गर्थें भनी भगवान्लाई सम्झनु
- जोगीको पुकार भगवान्ले सुन्नु
- भगवान्ले जोगीको परीक्षा लिने विचार गर्नु
- भगवान् रथ चढी त्यही बाटो आउनु
- भगवान्लाई नचिनी जोगीले तिनैसँग माग्ने विचार गर्नु
- रथ रोकी भगवान्ले नै जोगीसँग माग्नु
- जोगीले थैलोबाट मकैको सानो गेडो दिनु
- भगवान् बाटो लाग्नु
- जोगी निराश हुनु
- जोगीले नाङ्लामा भिक्षा खन्याउनु
- जोगीले सानो सुनको डल्ला पाउनु
- जोगीलाई ती मानिस भगवान् भएको विश्वास हुनु
- जोगीलाई पछुतो हुनु
- आफूले दान गरे मात्र आफूलाई केही मिल्नु

व्याकरण

वाक्यका प्रकार

सरल वाक्य	संयुक्त वाक्य	मिश्र वाक्य
• म इलाम जान्छु । • म चियाबारी हेर्छु । • म इलाम गएर चियाबारी हेर्छु ।	• म इलाम जान्छु र चियाबारी हेर्छु । • म कविता लेख्छु तर निबन्ध लेख्दिनँ । • ऊ प्रथम हुन्छ किनभने असाध्यै पढ्छ ।	• जहिले म इलाम जान्छु, तहिले चियाबारी हेर्छु । • जहाँ बाबुआमा बस्छन्, त्यहाँ केटाकेटी रमाउँछन् ।

- वाक्य सरल, संयुक्त र मिश्र गरी तीन प्रकारका हुन्छन् ।
- सरल वाक्यमा एउटा कर्ता र एउटा मात्र समापिका क्रिया हुन्छ ।
- संयुक्त वाक्यमा सबै मुख्य वाक्य मुख्य हुन्छन् र तिनलाई निरपेक्ष संयोजकले जोडेको हुन्छ ।
- मिश्र वाक्यमा एउटा मुख्य वाक्य र अरू आश्रित वाक्य हुन्छन् र तिनलाई सापेक्ष संयोजकले जोडेको हुन्छ ।
- संरचनाका आधारमा पनि एकप्रकारको वाक्यलाई अर्को प्रकारको वाक्यमा बदल्न सकिन्छ ।

व्याकरण अभ्यास

(क) पाठ पढेर त्यहाँ प्रयोग भएका सरल, संयुक्त र मिश्र वाक्य टिपोट गरी छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

(ख) तलका वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् :

(अ) मैले धृतराष्ट्रलाई जवाफ दिएँ भनी विदुर चुप लागे ।

(आ) जब उनी राजनीतिमा लागे तब उनको उन्नति भयो ।

(इ) ऊ प्रथम हुन्छ किनभने मिहिनेत गर्छ ।

(ई) ऊ आउँछ र गइहाल्छ ।

(उ) कैलाश पहिले पान खान्थ्यो तर अहिले खाँदैन ।

(ग) तलका वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् :

(अ) भाइले झोलाबाट कापी झिकेर खुरुखुरु लेख्न थाल्यो ।

(आ) आमाले बजारबाट तरकारी किनेर झोलामा हाली ल्याउनुभयो ।

(इ) जहाँ रवि पुग्दैनन्, त्यहाँ कवि पुग्छन् ।

(ई) जहिले यो पाखो हरियो हुन्छ, तहिले म गाउँ फर्कन्छु ।

(उ) मजदुरहरूले परिश्रम गरेर यो घर यति राम्रो बनाए ।

(घ) मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् :

(अ) धमिलो पानीमा माछा बस्दैनन् ।

(आ) पढ्न नसके घरै बसौंला ।

(इ) भुक्ने कुकुरले टोक्दैन ।

(ई) उसले स्वेटर किन्यो किनभने जाडो थियो ।

(उ) अपराधीका मनमा पाप हुन्छ ।

(ङ) पाठमा प्रयोग भएका पाँचओटा सरल वाक्य कापीमा टिपेर तिनलाई संयुक्त तथा मिश्र वाक्यमा बदल्नुहोस् ।

(च) मिश्र वाक्यको मात्र प्रयोग गरी तपाईंको पढ्ने कोठाको वर्णन गर्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

विशेष ज्ञानका लागि थप सामग्री

शब्दकोशको प्रयोग

'शब्दकोश' अध्ययनशील व्यक्तिको साथी हो । यसले स्वाध्ययनमा देखा परेका कठिन शब्दहरूको अर्थ स्वयम् पत्ता लगाई पढ्नका लागि सहयोग पुऱ्याउने गर्दछ । शब्दकोशको मद्दतबाट हामी आफ्नो शब्दभण्डार बढाउन सक्छौं, वर्णविन्यासस्मबन्धी द्विविधाको समाधान गर्न सक्छौं र शब्दका विविध अर्थहरू पत्ता लगाउन सक्छौं । शब्दकोशले हामीलाई शब्दहरूको पदवर्ग (कोटि) छुट्याउन मद्दत गर्दछ भने शब्दहरूको निर्माण प्रक्रिया तथा उत्पत्तिस्रोत थाहा पाउनसमेत सहयोग गर्दछ । शब्दकोशको पानाको सबैभन्दा माथि त्यस पानामा कुन शब्ददेखि कुन शब्दसम्मका शब्दहरू परेका छन् भन्ने सङ्केत शब्द दिइएको हुन्छ । सम्बन्धित पानामा आफूले खोजेको शब्द पर्छ कि पर्दैन भनेर पाना पल्टाउनेबित्तिकै थाहा पाउन सकिन्छ । शब्दकोशमा समावेश भएका शब्दहरू वर्णानुक्रम अनुसार (अ, आ, इ, ई, उ, ऊ ...औ र क, ख, ग, घ ...ह) राखिएका हुन्छन् । हामीले कुनै शब्दको अर्थ पत्ता लगाउनु परेमा सबैभन्दा पहिले शब्दकोशमा त्यो शब्द कुन ठाउँमा पर्छ भन्ने कुरा पत्ता लगाउनु पर्छ यसका लागि शब्दकोशमा प्रविष्टि हुने शब्दको क्रम थाहा हुनु आवश्यक छ । उदाहरणका लागि यहाँ केही शब्दको क्रम र अर्थ दिइएको छ ।

कँठिनी - /कँठिनि/[<काँठे + इनी] ना.१.कोठामा बस्ने स्त्री, काँठे आइमाई । वि. २ असभ्य वा अशिष्ट (स्त्री)

कंस - /कङ्स/ (तत्स.) ना.१ मथुराका राजा, कृष्णका मामा । वि.२. दुष्ट, अत्याचारी

ककडी - /ककडि/ना.प्रायः तराईतिर पाइने घिरौंलो जस्तो लामो हुने एक जातको काँक्रो

काँकरी - /काँकरि/[<काँक्रो + ई] ना.१.तराईतिर पाइने घिरौंलो जस्तो लामो र झिनो एक प्रकारको काँक्रो । २. सानो काँक्रो । 'काँकरीलाई थाँकरी त फर्सीलाई छानो '

कांस्य - (तत्स.) ना.१.ताँबा र राङ मिसाएर बनाइने सेतो टलक भएको एक प्रकारको धातु, काँस ,काँसो, चरेस । वि. २. काँसको, चरेसबाट बनेको (उदा.कांस्य पदक)

काइँकुइँ - (अमू.) द्वि[<कुइँ] ना.अप्ठेरो वा असजिलो मान्दा दर्साइने आनाकानी,अस्वीकृति,नाइँनास्ति । उसले खोलो तर्न काइँकुइँ गऱ्यो । तिम्रो प्रस्तावमा कसैले काइँकुइँ गरेनन् ।

किंकर्तव्यविमूढ - /किंकर्तव्यविमूढ/(तत्स)[किम् + कर्तव्य +विमूढ] वि.के गर्ने कसो गर्ने भनेर अलमलमा परेको , के गरौं कसो गरौं भएको , बिलखबन्द, रनभुल्ल ! प्रवेशिका उत्तीर्ण भएपछि के पढ्ने कहाँ पढ्ने भन्ने कुराले उ किकर्तव्यविमूढ छ ।

किक - /किक्/(आ.) ना.लात्ती,लात (उदा.किक मार्नु, किक हान्नु)

की - /कि/(अमू.) [<को + ई] विभ./ भेवि. सम्बन्ध जनाउन नामिक पदसँग जोडिएर आउने स्त्रीलिङ्गी विभक्ति, सम्बन्ध विभक्ति (उदा.रामकी आमा ,उसकी छोरी

कुँजिनु - (नाधा.) [कुँजो+ इ +(नु)] अक्रि. बाथ, पक्षाघात जस्ता रोगले शरीरका हातगोडा आदि अङ्ग खुम्चिनु,बाउँडिनु । जाडामा उसका हातखुट्टा बाथले कुजिन्छन् ।

कुइनाइन - /कुइनाइन्/(आ.)ना.१. ज्यादै तीतो स्वाद हुने औलोको ज्वरोको औषधी, ज्यादै तीतो

कूजन - /कुजन्/(तत्स)ना.[कूज् + अन] ना. पन्छीको मधुर स्वर, चराचुरुङ्गीको गुञ्जन

कृत्- /कृत्/(तत्स.)ना.धातुबाट नाम विशेषण क्रियायोगी बनाउँदा जोडिने व्युत्पादक प्रत्यय, कृत् प्रत्यय (उदा. भन्+ आइ > भनाइ,डुल् + उवा >डुलुवा, सुन् + एर >सुनेर ।

के - सर्व. कुनै वस्तु , विषय वा धारणाका बारेमा प्रश्न गर्दा प्रयोग हुने शब्द । झोलामा के छ ? तिमी के पढ्दै छौ ? ऊ के गर्दै छ ?

केंवरा - ना. लाम्चा ठूला र हरिया पात हुने टुप्पामा धोगो जस्तो भई पहेंलो वा सेतो फुल्ने एक जातको फूल

कैंची - /कैंचि/ (आ.) ना.१ कपडा कागज आदिलाई च्यापेर काट्ने दुई धार भएको हतियार, कतर्नो कैंचीले कपडा काटियो । २.एक प्रकारको चेपुवा वा बेरुवा साधन

कैकेइ- /कैकेइ/ (तत्स.) ना.१. रामकी सौतेनी आमा भरतकी आमा । वि.२. घर भाँड्ने दुष्ट (स्त्री)

कोइरालो- ना.(बहु./ ति.कोइराला) १. रातो र सेतो फूल फुल्ने कोपिला र फूलको तरकारी , अचार आदि खान हुने एक प्रकारको रूख वा त्यसको फूल (उदा.कोइरालाको अचार, कोइरालाको तरकारी) २. कोइरालाको फूल जस्तै (रातो- सेतो) रङको एक प्रकारको जङ्गली जन्तु ३. बाहुन छेत्रीको एक थर

कौच - /कौच्/ (आ.) ना.१. बाक्लो गद्दादार मेच, सोफा, कोच । बैठकमा कौचहरू सजाएर राखिएका छन् ।

क्या - विबो. आश्चर्य, खुसी, झर्की आदि भाव जनाउन प्रयोग हुने शब्द । क्या मीठो अचार ! यसले क्या झन्झट लगायो । आजको वनभोजमा क्या रमाइलो भयो ।

क्याँकक्याँक - /क्याँक्क्याँक्/(अमू) द्वि.[<क्याँक] ना.१.हाँस मजुर आदि कराउँदा आउने आवाज । हाँस क्याँकक्याँक गर्दै छ । २. कसैले घाँटी समाउँदा वा च्याक्दाको किसिम । उसको घाँटी क्याँकक्याँक पारियो ।

क्युरियो - (आ.) ना.१. मूर्ति कलाकृति, गहना, आदि सांस्कृतिक महत्त्वका वस्तु राखिएको ठाउँ वा त्यस्ता वस्तुको प्रदर्शन र बिक्री गर्ने ठाउँ (उदा. क्युरियो सामान, क्युरियो पसल)

क्रन्दन - /क्रन्दन् /(तत्स.) ना.रुवाइ, चिच्याहट । उसको करुण क्रन्दनले मेरो मन विह्वल भयो ।

क्लब - (आ.) ना.१. दौंतरी वा समवयीहरूले खोलेको एक प्रकारको सामाजिक संस्था(उदा. युवा क्लब, बाल क्लब) २.आमोदप्रमोद तथा मनोरञ्जनका लागि जमघट हुने समूह वा त्यस्तो ठाउँ

क्वथन - /क्वथन्/(तत्स.) [क्वथ् + अन] ना. उमाल्ने काम

क्षण - /छ्यण्/(तत्स.) ना.समयको ज्यादै सानो अंश वा परिमाण, छिन २. एक पटक आँखा झिम्क्याउँदा लाग्ने समय, निमेष ३.ज्यादै सीमित समय वा अवसर । एक क्षणमा नै आकाशमा बादल देखियो ।

(स्रोत : प्रयोगात्मक नेपाली शब्दकोश, पृ १४२-२०४)

पाठ १४

निबन्ध

यन्त्रमानव

हाटबजारमा मालतालको बेचबिखन भए जस्तै संसारमा कुनै वेला मानिसको बेचबिखन हुने गर्दथ्यो । युद्धमा हारेका वा किनिएका मानिसहरूलाई केवल भमका निमित्त बढीभन्दा बढी उपयोग गर्ने गरिन्थ्यो । घरभित्रका कामदेखि लिएर खेतीपाती र उद्योग-व्यवसायका काममा समेत त्यस्ता मानिसहरूलाई निर्दयताका साथ लगाइन्थ्यो । समयको परिवर्तनसँगै जब मानिसको विमागमा पुरानाको ठाउँमा नयाँ विचारले स्थान पाउन थाल्यो, यस्तो दासप्रथालाई मानवताका नाममा कलङ्क मान्न थालियो । सन् १८३३ मा अङ्ग्रेजहरूले यस्तो प्रथाको अन्त्य गरे । नेपालमा पनि वि.सं. १९८१ मा यस प्रथाको अन्त्य भएको थियो ।

यो त भयो मानव दासको कुरा । मानवताका नाममा कलङ्कका रूपमा होइन वरु गरिमाका रूपमा विश्वमा सर्वत्र स्वागत गरिएको यन्त्रदासको उपयोगिता र महत्त्वबारे के तपाईंलाई थाहा छ ? आधुनिक विश्वलाई शक्तिप्रदान गर्ने यो इमानदार दास हो 'रोबोट' अर्थात् 'यन्त्रमानव' जसलाई आज हामी वैज्ञानिक सभ्यताको एउटा उपहार ठान्दछौं ।



१. वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुनाकुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसीबसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसै गरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढाटाढाको गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिणामस्वरूप 'यन्त्रमानव' आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ ।

गन्तव्य - पुग्नुपर्ने ठाउँ आशातीत प्रगति - सोचेभन्दा बढी उन्नति

२. यन्त्रमानव भनेको मानिसले जस्तै काम गर्नसक्ने एउटा **स्वचालित यन्त्र** हो । यसले मानिसलाई वैज्ञानिक, औद्योगिक, घरायसी आदि विविध क्षेत्रमा सघाउने काम गर्दछ । मानिसले कुनै पनि काम निरन्तर रूपमा धेरै समयसम्म गर्न सक्तैन । थकाइ, निद्रा, भोक आदि विभिन्न कारणले मानिसलाई केही बेरको कामपछि आराम वा विश्रामको जरुरत पर्दछ । 'यन्त्रमानव' यस्तो यन्त्र हो जसले कुनै काम धेरै समयसम्म निरन्तर रूपमा गर्न सक्छ । यस यन्त्रले औद्योगिक क्षेत्रमा त **युगान्तकारी परिवर्तन** नै ल्याएको छ । दिइएको आदेश वा निर्देशनका आधारमा यसले घन्टौँसम्म काम गर्न सक्ने हुँदा मानवका लागि **दुःसाध्य** र कठिन मानिएका कामहरू पनि यसका लागि सहज र सरल बन्न पुगेका छन् ।

३. यन्त्रमानवको संरचना प्रक्रिया आफ्नै किसिमको हुन्छ । कामको प्रकृतिअनुसार यसमा मानिसका जस्ता **भुजा**, हत्केला र औँला जस्तै च्याप्ने र समात्ने अङ्गहरू हुन्छन् । काम हेरी यसमा उचाल्ने, थिच्ने, ठोक्ने, कस्ने आदि अङ्गहरू राखिएका हुन्छन् । यसमा जडान गरिएको सञ्चालक यन्त्रका माध्यमबाट यसले सीधा, घुमाउरा र बाङ्गाटिङ्गा जस्तासुकै कार्यहरू पनि सम्पादन गर्न सक्छ । यसका हातहरू कामका वेलामा आवश्यकताअनुसार लम्याउन र खुम्च्याउन सकिने गरी बनाइएका हुन्छन् । यस्तो कार्यप्रणाली सञ्चालन वा नियन्त्रण गर्ने बौद्धिक यन्त्र चाहिँ कम्प्युटर हो । कम्प्युटरमा कुनै सन्देश तुरुन्त पढ्ने, टङ्कण गर्ने, सम्झना गर्न सक्ने, हिसाब गर्ने र समुचित निर्णय लिनसक्ने क्षमता हुन्छ । यसैका माध्यमबाट यन्त्रमानवका कार्यहरू सुसञ्चालन हुने गर्दछन् । कम्प्युटरका अतिरिक्त यन्त्रमानवमा संवेदक यन्त्रहरू पनि जडान गरिएका हुन्छन् ।



४. कुनै वस्तु चिन्ने, दृश्य हेर्ने, गति, सङ्ख्या, परिणाम, तापक्रम आदि पत्ता लगाउने संवेदक यन्त्रका सहायताबाट यन्त्रमानवमाले कम्प्युटरद्वारा विद्युतीय तरङ्गका रूपमा प्राप्त हुने आदेशलाई कार्यरूपमा परिणत गर्दछ । यसरी एउटा यन्त्रमानवमा पनि मानवशरीरको जस्तै संरचनाप्रणाली रहेको हुन्छ । अहिले आएर वैज्ञानिकहरू यसमा सुँघ्ने, सुन्ने, स्पर्श गर्ने क्षमताका साथसाथै इच्छा एवम् भावना व्यक्त गर्ने जस्ता मानवीय प्रवृत्तिहरू पनि विकास गर्ने प्रयासमा लागेका छन् । यन्त्रमानव विभिन्न किसिमका हुन्छन् । कार्य सम्पादनका आधारमा यिनलाई सामान्यतः औद्योगिक, घरायसी आदि प्रकारमा बाँड्न सकिन्छ ।

स्वचालित यन्त्र	- आफैँ चल्ने यन्त्र	**दुःसाध्य**	- कष्टसँग मात्र गर्न सकिने
युगान्तकारी परिवर्तन	- युगलाई बदल्ने खालको परिवर्तन	**भुजा**	- हात

५. उद्योग वा कलकारखानामा सामान टिप्ने, उठाउने उत्पादित वस्तुलाई बाकसमा बन्द गर्ने, **सामान** गाडीमा चढाउने आदि काम गर्ने यन्त्रमानव औद्योगिक यन्त्रमानव हुन् । किलाकाँटी ठोक्ने, प्वाल पार्ने, कुनै वस्तुलाई अर्कोसँग गाँस्ने र पेचकिला कस्ने जस्ता काम पनि खुरुखुरु यस किसिमका यन्त्रमानवले गर्छन् । यसले औद्योगिक उत्पादनमा रङ्ग लगाउने, धातुका टुक्राटाक्रीलाई **वेल्डिङ गर्ने** जस्ता काम कुशलतापूर्वक सम्पन्न गर्छ । यसरी औद्योगिक यन्त्रमानवले विभिन्न क्षेत्रका उद्योगमा उल्लेखनीय भूमिका निर्वाह गर्न थालेको छ ।



६. उद्योगका अतिरिक्त घरेलु कार्य गर्न सक्ने घरायसी यन्त्रमानवहरू पनि बनेका छन् । यस्ता यन्त्रमानवले चेस, चेकर, टेबुलटेनिस जस्ता खेलहरू रोचक ढङ्गले प्रर्दशन गर्नुका साथै नाच्ने, हिँड्ने, गीत गाउने, रुने, हाँस्ने आदि क्रियाकलाप गरेर बालबालिकाहरूलाई प्रशस्त मनोरञ्जन प्रदान गर्दछन् । यसले घर, आँगन र चोक सफा गर्ने तथा पाहुनाको स्वागत सत्कारसमेत गर्दछ । पसलमा ग्राहकहरूलाई आकर्षण गर्ने यन्त्रमानवहरू पनि प्रशस्त पाइन्छन् । अहिले *बिग म्याक* नामक यन्त्रमानवले त गृहकार्य नगर्ने विद्यार्थीहरूका अभिभावकहरूलाई फोन गरेर सचेत तुल्याउने कार्यसमेत गर्न थालिसकेको छ । कृषि, विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्ने यन्त्रमानवको पनि अहिले विकास भइसकेको छ । यस्तो यन्त्रमानवले भेडा चराउने र भेडाको ऊन काट्ने काममा मानिसलाई सघाउने गर्दछ भने सुन्तला, स्याउ, नास्पाती जस्ता फलहरू मान्छेले जस्तै टप्पटप्प टिप्नेदेखि लिएर रूख काट्ने र काठहरू बटुल्ने काम पनि गर्न थालिसकेको छ । मानिसका लागि खतरा वा आपत्तिजनक ठानिएका आणविक भट्टी, गहिरा खानी र समुद्री सतहका कार्यहरू पनि यसबाट कुशलतापूर्वक सम्पन्न हुन थालेका छन् । यस्ता यन्त्रमानवले आगलागी नियन्त्रण गर्ने, भूकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपका समयमा राहत पुऱ्याउनेदेखि लिएर **अन्तरिक्ष**को खोज तथा अनुसन्धान कार्यमा पनि सहयोग पुऱ्याउने गर्दछन् । यस किसिमका यन्त्रमानवबाट मानिसलाई विकासनिर्माण र सुरक्षाका कामदेखि लिएर बिरामीको **शल्यक्रिया** गर्ने जस्ता संवेदनशील कार्यमा समेत सहयोग पुगेको पाइन्छ । यसले अपाङ्गहरूलाई खानेकुरा खुवाउने, अन्धाहरूलाई काममा वा सडक पार गर्नमा सहयोग गर्ने गर्दछ भने बम राखेको ठाउँ पत्ता लगाएर मानिसलाई ठूला दुर्घटनाहरूबाट बच्न पनि सहयोग गर्दछ । यसले **विकिरणयुक्त** स्थानमा काम गर्ने र वातावरणीय सन्तुलन कायम गर्न समेत सहयोग पुऱ्याउन सक्छ ।

७. दिनदिनै नयाँ कुराको खोज र अनुसन्धान गर्ने इच्छा राख्नु र नयाँ कुराको अनुभवमा रुचि लिनु मानिसको स्वभाव नै हो । मानवले युगौंदेखि **चमत्कारपूर्ण** तथा **रहस्यमय** कथाहरू र जादुमय क्रियाकलापहरू **रोचकता**साथ पढ्दै, सुन्दै र देख्दै आएको हो । आफूले आदेश दिनासाथ कुनै काम

वेल्डिङ गर्नु	- गाँस्नु	**चमत्कारपूर्ण**	- विस्मयपूर्ण; अचम्मलाग्दो
अन्तरिक्ष	- पृथ्वीको वायुमण्डलभन्दा बाहिरको क्षेत्र	**रहस्यमय**	- मर्म वा भित्री आशयले युक्त
शल्यक्रिया	- चिरफारद्वारा रोगको उपचार गर्ने काम	**रोचकता**	- चाख पैदा गराउने काम; रुचि जगाउने प्रक्रिया
विकिरणयुक्त	- विभिन्न असाधारण किरणहरू भएको		

तुरुन्त सम्पन्न हुन सकोस्; आफूलाई त्यसमा धेरै श्रम, सम्पत्ति र समय खर्च गर्नु नपरोस् भन्ने उसका युगौंदिखिका चाहना हुन्। औद्योगिक तथा अन्य क्षेत्रमा कहिल्यै नथाक्ने, विनाविरोध खुरुखुरु आफ्नो कर्तव्य पालन गर्ने, चौबिसै घण्टा काममा लागेर उद्योगलाई प्रगतिपथमा निरन्तर अग्रसर गराउने, दिएको काम ठीक समयमा अलिकति पनि गल्ती नगरी सम्पन्न गर्ने जस्ता विशेषताहरू हुनाले नै यन्त्रमानव आज हरेक क्षेत्रमा लोकप्रिय बन्न पुगेको छ। यसमा यो काम गर्ने कि नगर्ने, किन गर्ने, यो कामबाट केकस्ता लाभ वा हानि हुन्छन्, यस कामबाट मेरो भविष्य के होला भन्ने जस्ता **द्विविधात्मक मनस्थिति** नहुने हुँदा दिएको आदेश झर्को नमानी सम्पन्न गर्ने गर्दछ। त्यसैले यसको उपयोग धेरै बढ्न गएको हो। यसको प्रयोगबाट औद्योगिक वस्तुको लागतमा कमी आई थोरै लगानीबाट बढी वस्तुको उत्पादन गर्न सकिन्छ। मानिसलाई प्रदान गरिने सुविधाको तुलनामा यसको मरम्मत र सुधारका लागि न्यूनतम **व्ययभार** छुट्याए पुग्दछ। सामाजिक सुरक्षा, **क्षतिपूर्ति**, बिदा, औषधी उपचार खर्च, **सञ्चयकोष**, **उपदान**, **निवृत्तभरण** जस्ता आर्थिक समस्यामा उद्योगपतिहरूले अल्झिनुपर्दैन। निर्धारित समयमा दिइएको कार्यसम्पन्न गर्ने हुँदा औद्योगिक उत्पादनमा वृद्धि गर्न 'यन्त्रमानव' निकै उपयोगी साधन बन्न पुगेको छ। यसलाई सधैंभरि उपयोग गर्न सकिन्छ। यसले सुविधा वृद्धिका लागि विरोध कार्यक्रमबाट काममा विघ्नबाधा सिर्जना गर्दैन। **आज्ञाकारी अनुचर**झैं चाँडोभन्दा चाँडो काम गर्ने हुनाले मानिसले धेरै समय लगाएर सक्ने कामलाई यसले तुरुन्तै सम्पन्न गर्न सक्छ। मानिसले सम्पन्न गर्न कठिन काम, चर्को घाम र दनदनी आगो बलेको क्षेत्र, धुवाँ-धुलाले उकुसमुकुस वातावरण, गहिरो खानी, विषाक्त इलाका, हुरीबतास र हिमपात भएको ठाउँ, समुद्री सतह र अन्तरिक्षमा समेत यसले काम गर्न सक्ने हुनाले अहिले यसको लोकप्रियता बढ्न गएको हो। यसैले आर्थिक तथा अन्य विविध दृष्टिले चुनौतीपूर्ण बन्दै गएको आजको सन्दर्भमा यसको महत्त्व बढ्दै गएको पाइन्छ।



८. यन्त्रमानव प्रयोगमा आउनुभन्दा पहिले पनि यस किसिमका स्वचालित यन्त्रहरू नबनेका होइनन्। इसापूर्व चौथो शताब्दीमा ग्रिसका वैज्ञानिक आर्च्यातासले स्वचालित परेवा बनाएका थिए भने इसाकै आठौं शताब्दीमा चीनका वैज्ञानिकले माछा समात्ने काठका स्वचालित यन्त्र र बिरालो बनाएका थिए।

द्विविधात्मक	-	दुई किसिमको; सन्देहात्मक; अन्योलपूर्ण
मनस्थिति	-	मनको अवस्था; सोचाइ
व्ययभार	-	खर्चको भार
क्षतिपूर्ति	-	हानिनोक्सानी भएको वस्तु भराइ दिने काम
सञ्चयकोष	-	सेवारत कर्मचारीको मासिक तलबबाट निश्चित प्रतिशतका हिसाबले जम्मा गरिने बचत कम
उपदान	-	निवृत्तिभरण पाउने अवधि नपुग्दै सेवा छाडेका कर्मचारीले पाउने एकमुष्ट रकम
निवृत्तभरण	-	अवकाश प्राप्त कर्मचारीले नियमित रूपमा पाउने रकम; पेन्सन
आज्ञाकारी अनुचर	-	दिएको आदेश तुरुन्त मान्ने सेवक

तेह्रौं शताब्दीमा युरोपेली वैज्ञानिक अल्बर्ट मेंगानस (ई. १२०४-१२७२) ले बनाएको स्वचालित यन्त्रले ढोका खोल्ने र बन्द गर्ने जस्ता क्रियाकलाप गरेको उल्लेख भेटिन्छ । यसै गरी इटालीका वैज्ञानिक लिओनार्दो दा भिन्ची (ई. १४५२–१५१९) ले निर्माण गरेको यन्त्रले पाहुनाको स्वागत सत्कार गर्दथ्यो। उन्नाइसौं शताब्दीमा जापानका इगासिची लिजुले बनाएको स्वचालित खेलौना कसैको सहयोगविना नै बजारबाट सामान किनेर ल्याउने गर्दथ्यो । सन् १९२१ मा चेकोस्लोभाकियाका नाटककार कार्ल चापेकले आफ्नो यन्त्रमानव शब्दको प्रयोग सर्वप्रथम 'रोसम्य युनिभर्सल रोबोट' पुस्तकमा गरेको पाइन्छ। प्रसिद्ध विज्ञान कथाकार सर आइज्याक आसिभोभले यन्त्रमानवसम्बन्धी प्रशस्त कथाहरू लेखेका छन्। उनले आफ्ना कथाहरूमा यन्त्रमानवले मानिसलाई विभिन्न क्षेत्रमा सहयोग पुऱ्याएको वर्णन गरेका छन् । सन् १९६० को दशकमा अमेरिकाका कार्ल्स डिमोल र जोसेफ एङ्गलवर्गरले कम्प्युटरद्वारा निर्देशित यन्त्रमानवको सर्वप्रथम निर्माण गरेका हुन् । औद्योगिक क्षेत्रमा यसको उपयोग गर्न सकिन्छ भन्ने कुराको सार्वजनिक प्रदर्शन उनीहरूले नै गरेका थिए । यसको लगत्तै सन् १९६२ देखि संयुक्त राज्य अमेरिकाका औद्योगिक क्षेत्रमा व्यापक रूपमा यन्त्रमानवको प्रयोग हुन थालेको देखिन्छ । यसपछि क्रमशः युरोपेली देशहरू र जापानमा यसले लोकप्रियता **आर्जन गऱ्यो** । हाल औद्योगिक क्षेत्रमा जापान सर्वाधिक यन्त्रमानवको उपयोग गर्ने राष्ट्रको रूपमा रहेको छ। अहिले संसारमा यन्त्रमानवको सङ्ख्या सात लाखभन्दा बढी पुगेको अनुमान छ। जापान, संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, अस्ट्रेलिया, पोल्यान्ड, जर्मनी, स्विडेन, इटाली, रुस आदि देशले औद्योगिक तथा अन्य विविधक्षेत्रमा यन्त्रमानवबाट काम लिन थालिसकेका छन् ।



यन्त्रमानव

९. यन्त्रमानव मानिसको एक सहयोगी यन्त्र हो । यसको बहुउपयोगिताले मानवीय क्षमताको **अवमूल्यन भई** संसारमा मानवीय अस्तित्व नै सङ्कटमा पर्ने त होइन भन्ने शङ्का पनि उत्पन्न नहोला भन्न सकिँदैन। मानवनिर्मित यस यन्त्रले आफू स्वयम् सञ्चालित नभई मानव वा कम्प्युटरको निर्देशन प्राप्त भएपछि मात्र काम गर्ने हुनाले यन्त्रमानवसँगसँगै मानवको अस्तित्व पनि संसारमा अपरिहार्य रहने निश्चित छ । यन्त्रमानवले मानवको सहायक भएर सभ्यतालाई विकसित तुल्याउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसले मानिसलाई हानिनोक्सानी हुने काम नगरी संसारलाई

आर्जन गर्नु - कमाउनु

अवमूल्यन हुनु - महत्त्व घट्नु; मूल्य कम हुनु

अझै सुविधायुक्त तुल्याउन मानवप्रति आज्ञाकारिता प्रदर्शन गर्नुपर्छ । यस सन्दर्भमा विज्ञान कथाकार सर आइज्याक असिभोभले प्रतिपादन गरेका *यन्त्रमानव विज्ञान* विषयक तीन नियम निकै सान्दर्भिक मानिन्छन् । ती हुन् :

(क) यन्त्रमानवले कुनै मानिसलाई हानि पुऱ्याउनु हुँदैन र यो सञ्चालन भएको समयमा मानिसले उसलाई बाधा पुऱ्याउनु हुँदैन ।

(ख) यन्त्रमानव मानिसको आज्ञाकारी हुनुपर्छ ।

(ग) संसारमा यन्त्रमानवको अस्तित्व सुरक्षित हुनुपर्छ ।

१०. वैज्ञानिक, औद्योगिक र घरेलु उपयोगिताका दृष्टिले यन्त्रमानव आधुनिक युगका लागि वरदान सावित भएको छ । समय, श्रम र सम्पत्तिको बचत गरी ठूलठूला काम सम्पन्न गर्न यन्त्रमानवको भूमिका उल्लेखनीय रहेको छ । यो एक अविस्मरणीय यन्त्रको रूपमा सर्वत्र चर्चित छ । यसबाट बढीभन्दा बढी सहयोग लिनु नै समयको माग हो ।

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) यातायातका प्रमुख साधन केके हुन् ?

(ख) यन्त्रमानवका कार्यप्रणाली सञ्चालन वा नियन्त्रण गर्ने बौद्धिक यन्त्रलाई के भनिन्छ ?

(ग) यन्त्रमानवमा जडान गरिएका कस्ता यन्त्रलाई 'संवेदक यन्त्र' भनिन्छ ?

(घ) कुन यन्त्रमानवले गृहकार्य नगर्ने विद्यार्थीको घरमा फोन गर्दछ ?

(ङ) यन्त्रमानव आज हरेक क्षेत्रमा अत्यन्त लोकप्रिय बन्नुको मुख्य कारण के हो ?

(च) सबैभन्दा पहिले यन्त्रमानव शब्दको प्रयोग कसले कुन कृतिमा गरेका थिए ?

(छ) विज्ञान कथाका माध्यमबाट कसले यन्त्रमानवको प्रचार गरेका हुन् ?

(ज) यन्त्रमानवको अत्यधिक प्रयोगबाट मानिसमा के समस्या आउन सक्छ ?

२. **पाठको पहिलो अनुच्छेदबाट शब्दवर्गका आधारमा दसओटासम्म शब्द समाविष्ट हुने गरी पाँच समूह बनाउनुहोस् ।**

३. **यस पाठको छैटौँ अनुच्छेद शिक्षकको सहयोगमा श्रुतिलेखन गर्नुहोस् ।**

४. **पाठको दोस्रो र तेस्रो अनुच्छेदबाट 'इक' प्रत्यय लागेका शब्द सङ्कलन गरी तिनको प्रकृतिप्रत्यय छुट्याउनुहोस् ।**

५. **तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

अध्यवसाय, अन्तरिक्ष, आणविक, औद्योगिक, द्विविधात्मक, प्रगतिपथ, बाङ्गाटिङ्गा, युगान्तकारी, विद्युतीय, संरचनाप्रणाली

६. **अर्थ भन्नुहोस् :**

अविस्मरणीय, आशातीत, प्रक्रिया, भुजा, लोकप्रिय, शताब्दी, शल्यक्रिया, संवेदनशील, सहज, हिमपात

७. **अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

आशातीत प्रगति (१), युगान्तकारी परिवर्तन, दु:साध्य र कठिन (२), इच्छा एवम् भावना (३), प्राकृतिक प्रकोप (६), चमत्कारपूर्ण र रहस्यमय (७)

८. **पाठको आठौँ अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।**

९. **पाठको सातौँ अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदा टिप्नुहोस् ।**

१०. **पाठको छैटौँ अनुच्छेदलाई एकतृतीयांशमा छोट्याई मिल्दो शीर्षक पनि दिनुहोस् ।**

११. **सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) यन्त्रमानवको आविष्कार मानिसले कसरी सफलता हासिल गऱ्यो ?

(ख) यन्त्रमानवले मानिसलाई कुनकुन काममा सहयोग पुऱ्याउने गरेको छ ?

(ग) यन्त्रमानव विविध क्षेत्रमा लोकप्रिय बन्दै जानुका कारणहरू केके हुन् ?

(घ) यन्त्रमानव र मानवका काम गराइमा केकस्ता भिन्नता हुन्छन् ?

(ङ) मानिसले किन यन्त्रमानवले झैँ काम गर्न सक्तैन ?

(च) वर्तमान युगमा यन्त्रमानवको महत्त्व र उपयोगिता केकस्तो देखिन्छ ?

१२. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) यन्त्रमानवले मानवको सहायक भएर सभ्यतालाई विकसित तुल्याउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

(ख) समय, श्रम र सम्पत्तिको बचत गरी ठूलाठूला काम सम्पन्न गर्न यन्त्रमानवको सहयोग उल्लेखनीय रहेको छ ।

१३. **विवेचनात्मक उत्तर दिनुहोस् :**

वर्तमान युगमा यन्त्रमानवको महत्त्व र उपयोगिता के कस्तो देखिन्छ ?

१४. **विभिन्न क्षेत्रमा दिनानुदिन यन्त्रमानवको बढ्दो प्रयोगले के मानिसमा बेरोजगारी समस्या वृद्धि नहोला, कक्षामा छलफल गर्नका लागि आवश्यक बुँदाहरू तयार गर्नुहोस् ।**

सिर्जनात्मक अभ्यास

'घडीको प्रयोग र उपयोगिता' शीर्षकमा एउटा निबन्ध तयार पार्नुहोस् ।

व्याकरण

वाक्य संश्लेषण

सरल वाक्य	वाक्य संश्लेषण
• यन्त्रमानवले उद्योगमा काम गर्न सक्छ । • यन्त्रमानवले घरमा काम गर्न सक्छ । • यन्त्रमानवले युद्धग्रस्त क्षेत्रमा काम गर्न सक्छ । • यन्त्रमानवले धुवाँ र धुलोमा काम गर्न सक्छ । • यन्त्रमानवले निर्माण स्थलमा काम गर्न सक्छ ।	• यन्त्रमानवले उद्योग, युद्धग्रस्त क्षेत्र, घर, धुवाँ, धुलो तथा निर्माण स्थलमा काम गर्न सक्छ ।

माथि एकातिर पाँच सरल वाक्य दिइएका छन् र अर्कातिर तिनै पाँच सरल वाक्यलाई मिलाएर एक वाक्य बनाइएको छ । यसरी दुई वा सोभन्दा बढी सरल वाक्यलाई मिलाएर एक सरल वा संयुक्त वा मिश्र वाक्य बनाउनुलाई वाक्य संश्लेषण भनिन्छ । जस्तै :

छोरो पढ्छ । (सरल वाक्य)

छोरो लेख्छ । (सरल वाक्य)

छोरो पढ्छ र लेख्छ । (संयुक्त वाक्य)

जब छोरो पढ्छ तब लेख्छ । (मिश्र वाक्य)

व्याकरण अभ्यास

(क) तलका वाक्यलाई संश्लेषण गर्नुहोस् :

(अ) काजी शिखरमा पुग्छ । काजी शिखरबाट फर्कन्छ ।

(आ) किसानले धान फलाउँछ । किसानले भकारी भर्छ ।

(इ) हामीले वृद्धवृद्धाको सेवा गर्नुपर्छ । हामीले पुण्य कमाउन सक्नुपर्छ ।

(ई) हामीले सभ्यताको धज्जी उडाउनुहुन्न । हामीले मानवता गुमाउनुहुन्न ।

(उ) उनीहरू पाथीभरा जान्छन् । उनीहरू देवीको दर्शन गर्छन् । उनीहरू हाँस पोखरी झर्छन् । उनीहरू वनभोज खान्छन् । उनीहरू बुधबारे फर्कन्छन् ।

(ऊ) देवकोटाले महाकाव्य लेखे । देवकोटा महाकवि हुन् । देवकोटाले निबन्ध लेखे । देवकोटाले कथा लेखे । देवकोटाले उपन्यास लेखे ।

(ऋ) भीमसेनथापाले धरहरा बनाए । धरहरा १९९० सालको भूकम्पले भत्क्यो । काठमाडौँको आकर्षण धर हरा बनेको छ । धरहरा काठमाडौँको सुनधारामा छ ।

(ख) सरल मिश्र र संयुक्त तीनै किसिमका वाक्य प्रयोग गरी देवकोटा जयन्तीका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(ग) यन्त्रमानव पाठबाट मिश्र वाक्य सङ्कलन गर्नुहोस् ।

बुँदाटिपोट

कुनै विचार वा भावको सारांश झल्कने गरी अलगअलग बुँदाहरू तयार गर्नुलाई नै 'बुँदाटिपोट' भनिन्छ । अभिव्यक्तिको यो शैली झन्डैझन्डै सङ्क्षेपीकरणका लागि आधार हुन्छ, किनभने सङ्क्षेपीकरण गर्न मुख्यमुख्य बुँदाहरूबाट मद्दत पुग्न सक्छ । यी दुईमा फरक कति मात्र हुन्छ भने बुँदाटिपोटमा सार कुरालाई बुँदाबुँदामा राखिन्छ भने सङ्क्षेपीकरणमा तिनै बुँदाहरूलाई मिलाएर एउटा सानो एक तृतीयांश अनुच्छेद तयार पारिन्छ । बुँदाटिपोट गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्दछ :

(क) दिइएको अनुच्छेद वा मौखिक अभिव्यक्ति ध्यानपूर्वक पढी वा सुनी मुख्यमुख्य कुरा बुँदागत रूपमा टिप्नुपर्दछ ।

(ख) कुनै पनि लिखित अनुच्छेदमा शीर्षक वाक्य रहने हुँदा त्यसैलाई नं. १ बुँदा मानी त्यसलाई पुष्टि गर्ने अन्य बुँदाहरूलाई क्रमैसँग नं. २, ३, ४ आदि भनेर टिप्दै जानुपर्दछ ।

(ग) सबै बुँदाहरू टिपिसकेपछि तिनलाई आफ्नै भाषामा सरल र स्पष्ट रूपमा वाक्यांश असमापिका क्रियापदको प्रयोग गरी उत्तर तयार गर्नुपर्छ ।

बुँदाटिपोटको नमुना

मानव जीवन, समाज र प्रकृतिका वस्तुस्थिति, गतिविधि र प्रवृत्तिबारे अवगत गर्नु शिक्षाको उद्देश्य हो । मानिसले कि त शिक्षा संस्थाहरूमा भर्ना भएर निर्धारित पाठ्यक्रमका आधारमा शिक्षा ग्रहण गर्दछ, अथवा स्वाध्ययनद्वारा शिक्षा ग्रहण गर्दछ । दुवै प्रकारको शिक्षाले ज्ञानको अभिवृद्धि गराउँछ । यसले समाज र प्रकृतिका बारेमा सोच्ने शक्ति प्रदान गर्दछ । त्यसैले शिक्षा समाजको मार्गदर्शक र सभ्यताको चिह्न हो ।

बुँदाहरू

१. शिक्षाको उद्देश्य प्रकृति र मानवसमाजको ज्ञान

२. जुन तरिकाबाट शिक्षा हासिल गरे पनि यसको उद्देश्य ज्ञानको अभिवृद्धि

३. मानिसको सोच्ने शक्तिको विकास गर्नु नै शिक्षाको प्रमुख उद्देश्य

४. शिक्षा मानव सभ्यताको परिचायक

घरको माया

❑ भीमनिधि तिवारी

रामायणमा एउटा यस्तो रोचक प्रसङ्ग छ :

लङ्काका राजा रावणलाई परास्त गरिसकेपछि भाइ लक्ष्मणले दाजु रामचन्द्रलाई सुनैसुनको त्यो सुन्दर देशको राजा हुन आग्रह गरे । रामचन्द्रलाई त्यो प्रस्ताव स्वीकार्य भएन किनभने जस्तोसुकै भए पनि उनलाई आफ्नो मातृभूमि अयोध्या नै औधी प्यारो थियो । त्यसैले उनले भने, "जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी " अर्थात् जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन्छन् । यो थियो उनको घरको मायाको सच्चा नमुना । यस एकाङ्कीमा घरको–'आफ्नो जन्मभूमिको' र माया–'प्रेम वा अनुराग' भन्ने अर्थलाई सार्थक तुल्याएर देशभक्तिको भावनालाई व्यक्त गरिएको छ ।

भीमनिधि तिवारी (वि.सं. १९६८–२०३०) कवि, नाटककार, कथाकार, गजलकार, प्रबन्धकार तथा उपन्यासकार समेत हुन् । उनको जन्म काठमाडौँको डिल्लीबजारमा भएको थियो । उनले आई.ए.सम्म मात्र अध्ययन गरे र धेरै वर्षसम्म उनी सरकारी सेवामा कार्यरत रहे । वि.सं. २०१७ मा उनले आफ्नो *विस्फोट* कविता सङ्ग्रहका लागि मदन पुरस्कार प्राप्त गरे । सङ्ख्यात्मक हिसाबले उनले विभिन्न विधाका थुप्रै कृतिहरू प्रकाशन गरी नेपाली साहित्यमा कीर्तिमान कायम गरेको पाइन्छ । नाटकहरूमा *सहनशीला सुशीला, शिलान्यास, चौतारा लक्ष्मीनारायण, काशीवास, यशस्वी शव* आदि र कविता सङ्ग्रहहरूमा *कविताकुञ्ज, विस्फोट* आदि उनका प्रसिद्ध कृतिहरू हुन् । आफ्ना नाटकहरूका लागि उनले चयन गरेका सबै विषयहरू मानिसको सामाजिक नैतिकतामा बल पुऱ्याउने खालका छन् । नाटकहरूमा उनी आदर्शलाई मन पराउँछन् र यथार्थको साँचो जानकारी दिएर आफ्ना पाठकहरूलाई सचेत बन्न प्रेरित गर्दछन् । उनी मीठो व्यङ्ग्य पनि गर्दछन् र हास्यद्वारा अज्ञात वास्तविकताको रहस्य पनि खोल्दछन् । सरल भाषाको प्रयोग गर्नु उनको आफ्नो विशेषता हो जसले गर्दा पनि उनी नेपाली पाठकबीच लोकप्रिय भएका छन् । मञ्चनका दृष्टिले समेत उनका नाटकहरू सरल छन् ।

प्रस्तुत *घरको माया* एउटा ज्यादै संवेदनशील विषयमा आधारित उनको एउटा स्तरीय एकाङ्की हो । आफ्नो प्यारो जन्मभूमि नेपाललाई औधी माया गर्ने भीमनिधि तिवारीले नेपालबाहिर विदेशी भूमिमा केही नेपाली गाउँलेहरूलाई भेला गराएर तिनीहरूका बीच संवाद गराएका छन्, पढौँ :

पात्रहरूः जमानसिंह — स्थानः दरभङ्गा (बिहार)

लालबहादुर

कान्छो] दुई मीत — - गाउँले केटो

बतासे] दुई मीत — - अधबैंसे, गाउँले आइमाई

*(असार महिनाको बिहानीपख भए तापनि प्रचण्ड गर्मी छ । **प्लेटफर्म**मा लालबहादुर र जमानसिंह **अल्लारे** छाँटले हिँडिरहेका छन् । दुवैको एकनासे जिनको कट्टु र भिन्नाभिन्नै कपडाको **बाँकटे** कमिज छ । दुवै **गधेपच्चीसी** पार नगरेका, दुब्लादुब्ला, मझौला कदका, कालाकाला वर्णका छन् । लालबहादुरको मुख चेप्टो, जमानसिंहको नाक नेप्टोभन्दा बढ्ता विशेषता अरू केही छैनन् । दुवैका जुँगाका रेखी स्पष्ट देखिन्छन् ।)*

१. लालबहादुर : हैन त मीतज्यू, पहाडमै **बसिराख्या'** भए यस्तो देख्न सुन्न कहाँबाट पाइन्थ्यो । *(यत्तिकैमा **नेपथ्य**बाट कसिएको आवाजमा "ले पान, बिँडी, सिगरेट" "गरम गरम चाय", "**मुम्फली** मुम्फली" कराएको सुनिन्छ ।)* छोटो **कछाड** कस्यो, फाटेको ठुटे र भोटो लायो, भैँसीको **भकारो** सोहोऱ्यो, बस्यो ।

२. जमानसिंह : हो त नि मीतज्यू, खुबै **सोख** गरियो भने झुत्रो गुन्द्री, पिँढीमा बसेर पिच्चपिच्च सुर्तीको थुक आँगनमा थुक्नु, त्यत्ति न हो ।

३. लाल : म त सम्झन्नँ गाउँघर पनि, के सम्झनु छ र ? दुःखै सम्झनु त हो नि !

४. जमान : हो त नि, मेरा त झन् आमा छैनन्, बाबु छैनन्, तपाईं बाबुआमा भएकालाई त त्यस्तो भने मलाई झन् कस्तो ? के सम्झनु !

५. लाल : आमा **सखारै** उठ्ती हुन्, जाँतोमा **कोदो** पिन्दी हुन्, बाबु रातमा **मेला**बाट आएर अगेनाको छेउमा बसेर **काँचोपात** भुटेको तमाखु **सोते**मा खाँदा हुन्, त्यही त हो नि । त्यो गाउँ, त्यो ठाउँ, त्यो चाला, ती पाखेहरूलाई सम्झनुभन्दा बिर्सनु जाती । हैन त, मीतज्यू ?

६. जमान : हो त नि, जहाँ भए पनि काम नगरी खान पाइने हैन । देशमै बस्नु जाती नि । एउटा गर्मी भने चर्को यहाँको, तालु नै पोल्दो रहेछ । बिहानीपख नै यस्तो । *(पसिना पुछ्छ ।)* **दिन छिप्पे**पछि झन् के चाहियो र !

७. लाल : कुरो नगर्नोस्, उहाँ पनि उस्तै हो । वैशाखजेठको महिना, फाँटमा काम गर्दा कस्तो पार्थ्यो ? काँचो मेवा करमकरम चपाउँदा पनि आँत सुकेकोसुक्यै हुन्थ्यो । भारी बोकेर उकालो चढ्दा कस्तो पार्थ्यो ? बिर्सनुभो ?

८. जमान : त्यो त हो । तर जस्तै गर्मी भए पनि घाममा मात्रै हो नि ! पानी चिसो ! हावा चिसो ! यहाँ चाहिँ घाम पनि तातो, पानी पनि तातो, हावा पनि तातो । तीन तातोले त के चाहियो र, उखुमै पार्दो रहेछ ।

प्लेटफर्म - रेल्वे स्टेसनमा यात्रुहरूले रेल पर्खेर बस्ने फराकिलो पेटी
अल्लारे - बेकाममा यताउति हिँडिरहने
बाँकटे - आधा वा सिङ्गै बाउला नभएको
गधेपच्चीसी - सोह्र वर्षमाथि र २५ वर्ष मुनिका उमेर
बसिराख्या - बसिराखेको
नेपथ्य - पर्दापछाडीको नदेखिने ठाउँ
मुम्फली - बदाम
कछाड - छोटो धोती
भकारो - मल; गोबर
सोख - सुख; ऐस; आराम
सखारै - बिहानै; सबेरै
कोदो - तोरीको दानाजस्तै एक प्रकारको अन्न
मेला - खेतीको काम
काँचोपात - सुर्तीको हरियो पात
सोते - बाँसको हुक्का
दिन छिप्पनु - दिउँसो हुनु; दिन ढल्नु

९. लाल : उसो भए मीतज्यूलाई घरको माया लाग्यो कि त ?

१०. जमान : को छ र माया लाग्नु ?

११. लाल : मलाई त मीतज्यू, मरे पनि यही देशमै मरूँ ! पछि हंस पनि त्यो पाखामा नजाओस् जस्तो लाग्छ । *(यत्तिकैमा मैलो धोती, गन्जी र थोत्रो चप्पल लाएको* ***फेरीवाला*** *काठको तख्तामा मालसामान राखेर घाँटीमा त्यही झुन्ड्याएर "ले पान, बिँडी, सिगरेट" कराउँदै आउँछ । मुखभित्र पानको बुजो छ । लालबहादुर र जमानसिंह त्यतैतिर हेर्छन् ।)*

१२. फेरीवाला : ए साथी ! पान खाएगा ?

१३. जमान : हाम पान नहीं खाएगा, बिँडी खाएगा ।

१४. फेरीवाला : लो बिँडी (बिँडीको मुठो दिन्छ ।)

१५. जमान : बिँडी पनि हामै पासमा है ।

१६. लाल : लाओ पान । *(पैसा दिएर पान खान्छ । फेरीवाला उस्तै प्रकारले कराउँदै जान्छ ।)*

१७. मीतज्यू, देशमा त पान र पानी खुब खानुपर्छ ।

१८. जमान : मलाई त भन्नुहोला मीतज्यू, साँचो कुरा गरूँ भने, देशको सबै कुरा मीठो लाग्यो, पान र पानीचाहिँ रद्दी । यहाँ त सबैजना पानै खाने, जसको मुखमा हेर्‍यो पानैको **बुजो** । कस्तो न होला जस्तो लाग्यो मलाई, कहिले पान मुखमा नपरेको मान्छे म, एक बींडा किनेर कन्नो रहरले मुखमा हालेर के चपाएको मात्र थिएँ मेरो त सारा जिभ्रो चरचर, परपरपरपर, झमझमझमझम, रमरमरमरम, **पिर्रे**को पात खाएको जस्तो, काँचो टिम्मुर चपाएको जस्तो, केके भो केके भो । तैपनि पछिपछि मीठो स्वाद आउने पो हो कि भनेर चपाउँदै गएँ । के सकिन्थ्यो । घाँटी नै किक्लिक्कक्किक्लिक्क पार्लाजस्तो पो भएर आउन थाल्यो र **बलजफतैसित** थुकिदिएँ । जिभ्रो त सबै **पाछ्छ**, त्यस दिनदेखि पान खान दुरदुहाई !

देश	-	विदेश भन्ने अर्थमा	**बुजो**	-	मुखमा टम्म राख्ने काम; बिर्को
हंस	-	प्राण	**पिर्रे**	-	परपर्‍याउने झाम्टादार बिरुवा विशेष
फेरीवाला	-	मालसामान बिक्री गर्न यताउति घुमफिर गर्ने व्यक्ति;फिरन्ते	**बलजफतै**	-	जबरजस्ती; बलपूर्वक
			पाछ्नु	-	दर्फर्‍याउनु

१९. अनि पानी पनि नमीठो । पानी अमलाको झोल पिएकोजस्तो । स्वाद नै छैन, खल्लो । हाम्रो - उहाँ मूल रसाएर आएको कुवाको पानी ! ढुङ्गेधाराको पानी ! अहा कस्तो !!!

२०. लाल : मीतज्यू, तपाईं त फेरि पनि नेपालै सम्झन पो लाग्नुभो । कस्तो माया नगएको !

२१. जमान : केको सम्झन्थे नाइँ । माया लाग्ने भए के भनेर छाडेर आउँथे र ? कुरोमा कुरो चल्यो र कुरो गरेको सम्म पो !

२२. लाल : म त सपनामा पनि सम्झन्नँ त्यो गाउँ, त्यो ठाउँ, ती गाउँले, ती स्याउले ।

२३. जमान : म साँच्ची कुरा भनूँ त, मीतज्यू ?

२४. लाल : भन्नोस् न, के कुरा ? *(जमानसिंह अलि दुविधामा पर्छ ।)*

२५. किन अनकनाउनुभयो ? भन्नोस् न !

२६. जमान : फेरि तपाईंलाई मन नपर्ने हो कि ?

२७. लाल : कुरै सुन्न नपाईकन ..... ।

२८. जमान : बरु, बतासेलाई भने बराबर सम्झिरहन्छु । कति बिर्सन खोजें, बिर्सन सक्तिनँ ।

२९. लाल : को नि बतासे भनेको ?

३०. जमान : हाम्रो, गाउँकी एउटी ..... । उमेरमा त मभन्दा जेठी नै हुन् तर मुख हेर्दा मभन्दा कान्छीजस्ती देखिन्थिन् । पँधेरामा जाँदा दुवै कर्के आँखाले हेराहेर गर्थ्यौं । उनीसित त्यस्तै परेको थियो ।

३१. लाल : त्यस्तै परेको भनेको के नि ?

३२. जमान : अब आफैं विचार गर्नोस् न, त्यस्तै परेको क्या, के भनूँ ! *(हाँस्छ ।)*

(लालबहादुर पनि हाँस्छ, दुवै हाँस्छन् ।)

३३. लाल : उसो भए त बतासेको मायाले मीतज्यूलाई घरमै फर्काउँछ कि ? मलाई त शङ्का लाग्यो ।

३४. जमान : त्यस्तो के कुरा गर्नुभएको ! छाडेपछि छाडेँछाडें । एउटा सम्झन्छु भन्ने कुरोसम्म पो गरेको !

(लालबहादुर नेपथ्यतिर टाढा हेर्छ । जमानसिंह पनि हेर्छ ।)

३५. जमान : के हेर्नुभएको ?

३६. लाल : *(हेर्दै)* को त्यो ?

३७. जमान : *(हेर्दै)* को छ र ?

३८. लाल : *(हेर्दै)* देख्नुभएन ?

३९. जमान : *(हेर्दै)* के छ र ?

४०. लाल : *(हेर्दै)* देख्नुभएन ?

४१. जमान : *(हेर्दै)* हैन के ?

४२. लाल : *(हेर्दै)* अझ देख्नुभएन ? ऊ दौरा लाएको पहाडी केटो यतैतिर आउँदै छ । देख्नुभयो ? हामीसितै भेट्न आएको जस्तो छ ।

४३. जमान : ए, हो त नि । ए, त्यो त चिनेचिने जस्तो पो लाग्छ । हाम्रै कान्छा त हैन ? ए हो, लौ कान्छा नै हो । कताबाट आइपुगेछ यहाँ ! ऊ छोटो दौरा र कछाड, गरम भएर होला दौराको तुना फुकालेछ, टोपी फालेछ ।

दुविधा - टुङ्गामा पुग्न नसकेको अवस्था कर्के आँखा - छड्के आँखा

पँधेरो - पानीघाट; पानी लिन जाने धारो, कुवा आदि

४४. लाल : गर्मी भएरै होला नि !

४५. जमान : दुब्लाएछ बिचरो !

४६. हेर, हामीलाई देखेर आधार पाएको जस्तो गरेर आएको । साँझमा माऊलाई देखेर जसरी बाच्छो खुसी भएर नाच्तैनाच्तै आउँछ । बिचरो पन्धसोह्र वर्षको केटो एक्लै रहेछ, विरानो ठाउँ, आत्तियो होला । *(कराएर)* ए कान्छा ! क्या हो ? कहाँबाट आइपुगिस् ? *(दुवै जना **उत्कण्ठाले** उतैतिर हेरिरहेका हुन्छन् । यत्तिकैमा कान्छो आइपुगेर तिनीहरूको अगाडि उभिन्छ र **दौराको फेरले** पसिना पुछ्छ ।)*

४७. दुब्लाइछस् कान्छा, तँ त, के भो ? त्यस्ता **भकुन्डे गाला** त खै ! कहाँबाट आइपुगिस् ? किन गाउँ छाडेको ? एउटै छोरो, सारा खेतीपाती, घरधन्दा धान्नुपर्ने छोरो, लौ यसरी पो हिँडेछ ! उहाँ आमा कति रुँदी हुन् बालक छोरो, कहाँ गयो, के भयो भनेर !

४८. लाल : बेसै गरिस् कान्छा, त्यो पाखामा बसेको भए पाखे, **खरीगाँठे** हुन्थिस्, बुद्धि पुऱ्याइस् बेलैमा । हाम्रा उमेरमा त **बिजुली भइसक्छस्** । भाग्यमा भए धन पनि कमाउलास् ।

४९. कान्छो : जमान दाइ, म त भोकले भुतुक्क **भा'को** छु । दुई दिन **भो क्यै** खान नपाएको । उभिन पनि सक्तिनँ ।

५०. जमान : बिचरा ! पख् है त, म बदाम किनेर ल्याउँछु । धन्दा नमान्, अब त हामीलाई भेटिहालिस् नि । हाम्रो जे **गत**, तेरो त्यही गत । *(जान्छ)*

५१. लाल : आइज उता बेन्चमा गएर बसौँ । *(दुवै जना अलि पर **यात्रीबेन्चमा** गएर बस्छन् ।)*

५२. कान्छो : घरै जाऔँ लाल दाइ, यस्तो ठाउँमा यो गर्मी खाएर किन बस्नु ?

५३. लाल : के कुरा गर्छस्, कान्छा ? देश भनेको देशै हो । के छ र गाउँमा ? एक छाक मकै, एक छाक भोकै हुन जाने ?

५४. कान्छो : दुवै छाक भोकै **भे'र** भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । क्यै **नभे'** पनि चिसो बतास त छ कि ! यो बर्खामास **पन्चेबाजा बजा'र** वादकहरू **आली**मा बस्ता **हुनन्**, **रोपारहरू** धान रोप्ता हुनन्, **लाठेहरू बाउसे गर्दा** हुनन्, मेरो त मनै उहीँ **पुगिराख्या** छ । झलक्कझलक्क त्यहीँको रमाइलो सम्झन्छु, बोल्न पनि सक्तिनँ म त लाल दाइ, भोकले पो हो कि छिनछिनमा घाँटी नै प्याकप्याक्ती सुकेर आउँछ, थुकको थोपासम्म पनि जिभ्रामा छैन, सम्झन्छु, रोऊँरोऊँ जस्तो लाग्छ । के दशा लागेर अर्काको बहकाउमा परेर **आ'छु** नि जस्तो लाग्छ ।

उत्कण्ठा - उत्सुकता
दौराको फेर - दौराको छेउ
भकुन्डे गाला - पुक्क परेका गाला
खरीगाँठे - असभ्य; गँवार
बिजुली हुनु - जान्ने वा सिपालु हुनु
भा'को - भएको
भो - भयो
क्यै - केही
गत - अवस्था;गति
यात्रीबेन्च - यात्री बस्ने बेन्च
भे'र - भएर
नभे' - नभए
पन्चेबाजा - सनई, ट्याम्को, दमाहा, नरसिङ्ग र झ्याम्टा गरी पाँच किसिमका बाजा
बजा'र - बजाएर
आली - खेतको डिल
हुनन् - होलान्
रोपार - धान रोप्ने खेताला
लाठे - रोपाइँमा कोदालीको काम गर्ने
बाउसे गर्नु - रोपाइँ गर्दा खेतको हिलो सम्याउनु
पुगिराख्या - पुगिराखेको
आ'छु - आएछु

५५. लाल : धत्तेरी ! कान्छा, तेरा दुःखका दिन सकिएछन् । **सुदिनले** तँलाई डोऱ्याएर ल्यायो यहाँ । अब नोकरीसोकरी खोजौंला, **दरबान**मा तँ अलि सानो छस्, लिँदैनन्, सके हामीजस्तै **कुल्ली** होलास्, मोटर धुनेमा कसो होला, केही नभए पनि होटेलमा त पक्का ।

५६. कान्छो : होटेलमा रे ? यी साराका जुठा भाँडा माझेर बस्ने मैले ? इज्जत फालेर पैसा किन **कमौनुपऱ्या'छ** र ?

५७. लाल : कल्ले देख्ने हो र यहाँ ? पैलेपैले हामीले पनि त त्यसै गरेका हौं नि । ऐले पो बल्ल कुल्ली हुन पायौं ।

५८. कान्छो : अँहँ ।

(जमानसिंह बदाम लिएर आउँछ र कान्छालाई दिन्छ । ऊ छोडाएर खान थाल्छ तर निल्न नसकेर घाँटी किक्लिक्ककिक्लिक्क पार्छ ।)

५९. जमान : घाँटी त ज्यादै सुकेको पो रहेछ, निल्नै सकेन बिचराले ! पख्, पख् है त, म पानी लिएर आउँछु । *(जान्छ ।)*

६०. कान्छो : मलाई भोकले बोक्रैसमेत **चपा'र** निलूँ जस्तो **भ'को** छ ।

६१. लाल : ज्यादै भोकाइस् ।

६२. नेपाल फर्कने **मति** नलिएस् बाबै, **उँभो लाग्ने** छैनस् । मैले तँलाई बेलैमा भनिदिएको छु । तँ **काँचो** केटो, ऐले तँलाई भुटे पनि हुन्छ, पिने पनि हुन्छ । भुटे फूल उठ्लास्, पिने रोटी बन्लास्, गाउँमा गएर कुहिस् भने जाँड होलास्, डुङ्डुङ्ती गनाउने .... ।

(जमानसिंह पानी ल्याएर कान्छालाई दिन्छ । ऊ त्यो पानी एकै सासमा पिइसक्छ ।)

६३. कान्छो : पानी पनि के पिउनु छ र ? एक **भल्को उमाल्या'** जस्तो । हाम्रो घरको खोलाको क्या पानी, **दर्सुनढुङ्गा**सित लडीबुडीलडीबुडी खेलेर **आ'को** पानी ! *(कान्छो कुरुमकुरुम बदाम खाइरहन्छ । उनीहरू त्यसलाई केके मनले हेरिरहन्छन् ।)*

६४. जमान : त्यत्तिले नै अघाइस् त कान्छा ? आधा त राखिस् नि !

६५. कान्छो : खाऊँ भने त दुई माना पनि खान सक्छु नाइँ । मैलेमात्रै **खा'र भ'न**, उहाँ दिदी पनि मजस्तै भोकी छन् । उनलाई पनि त लगिदिनुपऱ्यो नि । *('दिदी' शब्द सुन्नासाथ जमानसिंह बसेको ठाउँबाट एक्कासि उठेर अत्यन्त आश्चर्य, हर्ष र **उत्सुकताले प्लावित** हुन्छ ।)*

६६. जमान : दिदी पनि आएकी छिन्, कान्छा ? हो कान्छा ? बतासे दिदी पनि ?

६७. कान्छो : हो ।

सुदिन	-	राम्रा दिन	**भल्को**	-	उम्लाइ ; भुल्को
दरबान	-	ढोके	**उमाल्या**	-	उमालेको
कुल्ली	-	ज्यामी; भरिया; मजदुर	**दर्सुनढुङ्गा**	-	साह्रो र सेतो रङको एक जातको ढुङ्गो दर्सिनढुङ्गो
कमौनुपऱ्या'छ	-	कमाउनु परेको छ	**आ'को**	-	आएको
चपा'र	-	चपाएर	**खा'र**	-	खाएर
भ'को	-	भएको	**भ'न**	-	भएन
मति	-	बुद्धि, सोचाइ	**उत्सुकता**	-	जिज्ञासा; जान्ने इच्छा; उत्कण्ठा
उँभो लाग्नु	-	उन्नति हुनु	**प्लावित हुनु**	-	उत्तेजित हुनु
काँचो	-	अपरिपक्व; कलिलै			

६८. जमान : बतासे दिदी पनि ?

६९. कान्छो : हो ।

७०. लाल : कहाँ छन् त ?

७१. जमान : कहाँ छन् त, कान्छा ? किन एक्लै छाडेर आइस् त ?

७२. कान्छो : उता पर भुइँमा **सुतिरा'की** छन् ।

७३. जमान : जाऔं न त कान्छा, हामी पनि उहीं ।

७४. कान्छो : म **हीं** डाकेर ल्याइहाल्छु नि !

७५. जमान : हामीले उहाँ जान हुँदैन र ?

७६. कान्छो : हीं आइहाल्छिन् नि, उनी पनि आधार **नपा'र बगराँ** पऱ्या डुङ्गाजस्तै चल्नै सकेकी छैनन् ।

७७. लाल : भैगो हामी यहीं बसौं न त । उसैले डाकेर ल्याइहाल्छ नि ।

७८. जमान : जा त जा कान्छा, झट्टै डाकेर ले । जा । *(कान्छो जान्छ । ऊ त्यसलाई टाढासम्म हेरिरहन्छ ।)*

७९. लाल : के त मीतज्यू, तपाईंलाई आफ्नो घरको भन्दा बढ्ता माया बतासेको लागेको थियो, उसैलाई सम्झिरहनुहुन्थ्यो, सपनामा पनि देख्नुहुन्थ्यो होला, अब त ऊ यहीं आइहाली । नेपाल त किन सम्झनुहोला, किन फर्कनुहोला र अब ?

८०. जमान : साँच्ची कुरा, अब त मभरिको सुन कसैले दिन्छ भने पनि त्यो पाखामा जान्नँ, गुन्द्रुक र ढिँडो खान्नँ ।

८१. लाल : उसलाई पनि यहीं राख्नुपर्छ अब । कतै नोकरी लगाइदिउँला । बतासे, तपाईंकी भन्नु कुन, मेरी भन्नु कुन, हामी **हित्तचित्त** मिलेका मीतमीत, हैन त मीतज्यू ? जमानसिंह सुनेकोनसुन्यै गर्छ र कट्टुको खल्तीबाट **बाटुलो** ऐना झिकेर आफ्नो मुख मुन्टो घुमाई हेर्छ । त्यस्तै सानो काँगियो झिकेर कपाल कोर्छ । **चिट्टे** चिम्टा झिकेर त्यही ऐनामा हेरीहेरी आनन्दको सुसेलीमा गीत गाईगाई दाह्रीका फाट्टफुट्ट रौं उखेल्न थाल्छ । लालबहादुर मुसुमुसु हाँसेर उसको चेहरा हेरिरहन्छ । ऊचाहिँ छिनछिनमा कान्छो गएको बाटोतिर पनि दृष्टि दिँदै गर्छ ।

(एक छिनपछि नेपथ्यतिर हेरेर)

८२. ऊ, ल्यायो कान्छाले । आई बतासे भन्ने, कस्ती अग्ली नि ! *(जमानसिंह पुलुक्क उतैतिर हेरेर ऐना, काँगियो, चिम्टा खल्तीभित्र राख्छ ।)*

८३. जमान : आइमाई भएरमात्रै अग्ली देखिएकी, मान्छे त हामीजत्रै हुन् ।

८४. लाल : पातलो जिउले पनि अग्ली भएकी होली नाइँ ।

८५. जमान : भो, अब चुप लागौं ।

८६. लाल : भोकाएकी भए पनि हाँस्तैहाँस्तै आएकी छ, आफ्नो मान्छेलाई भेट्टाएँ भन्ने खुसीले पो हो कि !

८७. जमान : भोभो अब चुप लागौं । *(दुवै जना उतैतिर हेरिरहन्छन् । बतासे र कान्छो आएर उनीहरूको नजिकै उभिन्छन् ।)*

८८. सन्चै छ बतासे दिदी ?

सुतिरा'की - सुतिरहेकी
हीं - यहीं
नपा'र - नपाएर
बगराँ - बगरमा
हित्तचित्त - दुई व्यक्तिका बीचको मिलिमतो
बाटुलो - गोलो आकारको
चिट्टे - सानो, छरितो

८९. बतासे : के दिदी भन्छौ ? बैनी भन न ।

९०. लाल : हो त नि आफूभन्दा कान्छीलाई केको दिदी भन्नु त नि ? अनुहारले नै बताउँछ, त्यस्तो कलिलो ! बस्नोस्, बस् न भाइ ! *(त्यही बेन्चमा जमानसिंह, लालबहादुर, कान्छो, बतासे लहरै बस्छन् । बेन्चको एक छेउमा जमानसिंह र अर्को छेउमा बतासे हुन्छन् ।)*

९१. जमान : हैन, कताबाट आयौ ? **कैले** आयौ ? किन आयौ ? कसरी आयौ ? **कल्ले** ल्याइदियो ?

९२. बतासे : त्यही मोरो, पापी पोक्चेले त हो नि । गाउँका सबैजना देश गइसके, हिँड जाऔं हामी पनि, यो पहाडमा दुःख पाएर किन बसिरहने भनेर मलाई फकायो, बहकायो । देश गए त केके न होला, सुनकै मान्छे होइएला कि भनिठानेर भएका **गहनापात** बेचबिखन गरेर उसैका साथ आयौं । बाटोभरि पनि हाम्रै **सामल** घिच्यो, यहाँ आइपुगेर त हामी दुवैलाई यसै छाडेर कहाँ भाग्यो कहाँ । दुई दिन भो हामी दिदीभाइ **अलपत्र परेका** । मर्न नसकेको मोरो ! *(फरियाको सप्कोले पसिना पुछ्छे ।)*

९३. कान्छो : **ऐले** गाली गछ्र्यौं ऊ वेला मलाई भन्दा बढ्ता माया गर्थ्यौं ।

९४. बतासे : *(हप्काएर)* चुप लाग् ।

९५. जमान : धामीको छोरो पोक्चे अब । गाउँभरको छदटु त्यो ।

९६. लाल : के भो त जाती नै भो, हामी सबै एकै ठाउँ, एकै डेरामा बस्न पायौं । दिदीभाइलाई नोकरी खोजौंला, के भो त ?

९७. बतासे : को बस्छ यस्तो ठाउँमा ? अघाइयो । मलाई त यहाँ जे पनि गन्हाउने पो हुन लाग्यो । खान थाल्यो **भुटुन** गनाउने, पिउन थाल्यो पानी गनाउने, रेल गनाउने, यो त ठाउँ नै गनाउने पो रहेछ । आफ्नो गाउँमा त भकारोकै छेउमा गुन्द्री हालेर सुत्ता पनि गनाउँदैनथ्यो, मलकै भारी बोक्ता पनि गनाउँन्नथ्यो । फेरि तातो पानी, तातो हावा, यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ? भोकै परे पनि बरु आफ्नै देशमा कुवाको चिसो पानी पिएर बरको चौतारीमा शीतल हावा खाएर सुतौंला नि । जमानसिंह दाइ, हिँड तिमी पनि, जाऔं आफ्नै घर, आफ्नै देश ।

९८. लाल : जानै भए किन आएकौं ? आइसकेपछि अब किन जाने ? अलि वर्ष नोकरी गरौं, धन कमाऔं, अनि जानुपरे पनि त्यसैबेला जाउँला ।

९९. जमान : हो त नि बतासे बैनी, बसौं न यहीं अलिक वर्ष ।

१००. कान्छो : जाऔं दिदी, जाऔं आफ्नै गाउँ जाऔं । म त **हयाँ** आएदेखि नै **निसास्या'** छु ।

१०१. बतासे : किन बस्ने यहाँ ? एक गाँस खानाको निम्ति **नोकरी गर्नुपरे** आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौंला । जति **पसिना बहाउनुपरे** पनि आफ्नै घरबारीमा बहाऔंला । एक गेडा मकै भए पनि आफ्नै **माटो**मा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्तिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा **लत्येर** बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको **कमारो** भएर बस्ने ?

१०२ जाऔं हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौंला, आफ्नै **भुइँ**मा लम्पसार परौंला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले **जलौंला** । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास

कैले	- कहिले	निसास्या	- निस्सासिएको
कल्ले	- कसले	नोकरी गर्नु	- जागिर खानु
गहनापात	- गरगहना; गहनाहरू	पसिना बहाउनु	- परिश्रम गर्नु
सामल	- बाटाको लागि बोकेको खाद्य वस्तु; बाटाखर्च	माटो	- खेतबारी; जमिन
अलपत्र पर्नु	- बेठेगानसँग रहनु	लत्येर	- लत्तिएर
ऐले	- अहिले	कमारो	- दास; नोकर
भुटुन	- तेल अथवा घिउ	भुइँ	- भूमि; मातृभूमि
हयाँ	- यहाँ	जल्नु	- दाह संस्कार गरिनु

हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौंला । आफ्ना **पुर्खाको धर्म थामौं** । जमान दाइ, जाऔं । आजै जाऔं । उठ, **ऐल्यै** जाऔं । गइहालौं । नबसौं ।

१०३.जमान : *(लालबहादुरतिर हेरेर)* मीतज्यू, *(लालबहादुर बोल्दैन)* मीतज्यू ! *(लालबहादुर उस्तै)* मीतज्यू, जाऔं ।

१०४.लाल : *(लामो सास फेरेर)* म त जान्नँ ।

१०५.जमान : मीतज्यू, जाऔं । हाँस्तैहाँस्तै, नाच्तैनाच्तै, पहराको फूलको माला गाँस्तैगाँस्तै जाऔं ।

१०६.लाल : *(सुइय्य: सुस्केरा हालेर)* म त जान्नँ । चुम्बकले फलामलाई तान्छ, तर सुनलाई खिच्न सक्तैन । तपाईंहरू नै जानोस् ।



१०७.जमान : मीतज्यू, चित्त दुखाउनुहुन्छ कि ?

१०८.बतासे : जाऔंजाऔं, सबै एकै **जहान** भएर जाऔं । कसैले कसैको चित्त दुःखाउने कुरा नै पर्दैन ।

१०९.लाल : म त जान्नँ , आएँआएँ, जानोस् तपाईंहरू नै ।

११०.बतासे : उठ् कान्छा, उठ जमान दाइ, *(आफू पनि उठ्छे ।)*

१११.जमान : जाऊँ है त मीतज्यू, फेरि आइयो भने भेटौंला नि ! *(लालबहादुर जमानसिंह र सबैलाई हेर्छ र **ठुस्केको मुद्राले** मुन्टो फर्काउँछ ।)*

११२.बतासे : *(गाएर)*
पसिना मेरो झट्टै पुछिदेला पीपल बरको छायाले,
वनका वस्तु साँझ फर्किहाले आफ्नै घरको मायाले ।

११३.लाल : *(भित्र **निमन्त्रणा** भएको जस्तो चेहराले हेरिहन्छ !!! र एकछिनपछि ....)*
मीत त दुईचार दिनमा घर पुगिहाल्लान् । **शमी**को शीतल बतास, **छहरा**को पानी, रोपाइँको रमाइलोले मलाई बिर्सिहाल्लान् । ममात्र उनलाई सम्झिरहने भएँ, फाँटमा अलमलिएको गोरुजस्तै पसिना चुहाईचुहाई बाटो नपाएर घुमिरहने भएँ, रुमल्लिरहने भएँ ।
(टाढाबाट कराएको आवाज सुनिन्छ, 'मीतज्यू ! आउनोस् सँगै आऔं ।') (उता हेर्छ, सोच्छ, फेरि उता हेर्छ, सोच्छ) (कराएर) मीतज्यू ! मीतज्यू ! आएँ । म पनि आएँ । सँगसँगै जान आएँ । घरको मायाले आएँ । *(विस्तारविस्तार जान्छ ।)*

पुर्खाको धर्म थाम्नु - बाबुबाजेले देखाएको बाटो हिँड्नु
ऐल्यै - अहिल्यै
जहान - परिवार
ठुस्केको मुद्रा - रिसाएजस्तो भाव
निमन्त्रणा - निम्तो
शमी - धार्मिक कार्यमा प्रयोग गरिने एकप्रकारको रूख
छहरा - छाँगो; झरना

अभ्यास

१. **तलका प्रश्नहरूको एकएक वाक्यमा उत्तर दिनुहोस् :**

(क) 'घरको माया' एकाङ्कीका एकाङ्कीकार को हुन् ?

(ख) लालबहादुरले आफ्नो गाउँलाई सम्झन नचाहनुको मुख्य कारण के थियो ?

(ग) जमानसिंहलाई किन विदेशका कतिपय कुराहरू साह्रै रद्दी लागेका थिए ?

(घ) जमानसिंहले बतासेलाई किन बिर्सन सकेको थिएन ?

(ङ) लालबहादुर र जमानसिंहले विदेशमा गरेका कामहरू केके थिए ?

(च) कान्छो र बतासेलाई कसले के प्रलोभन देखाई बहकाएर विदेश लगेको थियो ?

(छ) लालबहादुरलाई आफ्नो घरको मायाले किन तान्यो ?

२. **तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

उत्कण्ठा, गुन्द्रुक, ठुटे, डुङ्गा, ढिँडो, तातो, थोत्रो, प्लावित, भाँडा, हित्तचित्त

३. **तलका शब्दहरूको अर्थ भन्नुहोस् :**

एक्कासि, कछाड, कमारो, गुन्द्री, छट्टु, डेरा, दर्सनढुङ्गा, मति, शीतल, सामल

४. **अर्थ खुल्ने गरी संयुक्त वाक्यमा प्रयोग गर्नुहोस् :**

आँत सुक्नु (७), उखुम पार्नु (८), कुरामा कुरा चल्नु (२१), दुविधामा पर्नु (२४), घरधन्दा (४७), बिजुली हुनु (४८), एक छाक मकै, एक छाक भोकै (५३) बगरमा परेको डुङ्गाजस्तो (७६), हित्तचित्त मिल्नु (८१), अलपत्र पर्नु (९२)

५. **तलका समस्त शब्दको विग्रह गर्नुहोस् :**

दुईचार, काँचोपात, वैशाख जेठ, पन्चेबाजा, दाजुभाइ, घरबारी, तीर्थयात्रा, घरधन्दा, पन्ध्रसोह्र, ढुङ्गेधारा

६. **पाठको अठारौँ र चौवन्नौँ अनुच्छेदबाट अनुकरणात्मक शब्दहरू टिपी प्रत्येकलाई आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् ।**

७. **तलका शब्दको प्रचलित रूप लेख्नुहोस् :**

ह्याँ, भ'को, खा'र, सुतिरा'को, नपा'र, निसास्या, भा'को', भे'र, नभे, आ'छु, बगराँ

८. **शिक्षकको निर्देशनमा 'घरको माया' एकाङ्कीको हाउभाउसहित अभिनय गर्नुहोस् ।**

९. **तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) 'घरको माया' एकाङ्कीमा केकस्तो देशप्रेम देखाइएको छ ?

(ख) सपनामा पनि आफ्नो गाउँ फर्कन नचाहने लालबहादुरको मन अन्त्यमा किन परिवर्तन भयो ?

(ग) 'घरको माया' एकाङ्कीकी पात्र बतासेले आफ्नो गाउँघरप्रति कस्तो माया देखाएकी छे ?

(घ) 'चुम्बकले फलामलाई तान्छ, तर सुनलाई खिच्न सक्दैन' भन्नुको तात्पर्य के हो ?

(ङ) 'घरको माया एकाङ्कीले दिने सन्देश के हो ?

१०. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती ।

(ख) जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔंला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाऔंला ।

(ग) हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौंला । आफ्नो पुर्खाको धर्म थामौं ।

सिर्जनात्मक अभ्यास

'वैदेशिक रोजगारीप्रतिको आकर्षण' शीर्षकमा संवाद तयार गर्नुहोस् ।

व्याकरण

शब्द निर्माण

गर् + आइ = गराइ	धातुमा प्रत्यय लागी बनेको कृदन्त शब्द
घर + एलु = घरेलु	नाममा प्रत्यय लागी बनेको तद्धितान्त शब्द
उप + हार = उपहार	मूल शब्दमा उपसर्ग लागी बनेको व्युत्पन्न शब्द
रातमा अन्धो = रतन्धो	समास प्रक्रियाद्वारा बनेको समस्त शब्द

मूल शब्दमा प्रत्यय वा उपसर्ग लगाएर र समास प्रक्रिया प्रयोग गरेर शब्दनिर्माण गर्न सकिन्छ । यसरी बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ ।

व्याकरण अभ्यास

(क) पाठबाट उपसर्ग, प्रत्यय र समास प्रक्रियाद्वारा बनेका पाँचपाँचओटा शब्द टिपोट गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् ।

(ख) निम्नलिखित प्रत्यय लगाई दुईदुईओटा शब्द बनाउनुहोस् :

अन्त, अन्ते, अत, अक्कड, अ, आउ, आई, आइ, आन, आनी, आरो, आहा, आलु, आवट, ओट, औना इलो, अक, अनीय, इत, आडी, आली, इयार, इलो, ई, ए, एटो, औरो, ली, त, तव्य, ता, ति, य, इक, इया

(ग) निम्नलिखित उपसर्ग लगाई दुईदुईओटा शब्द निमार्ण गर्नुहोस् :

अ,अति, अधि, अभि, अनु, अप,अव, उत्, उप, दुर्, दुस, नि, निस्, परा, प्र, वि, सम्, कु, सु

(घ) समास भए विग्रह र विग्रह भए समास बनाउनुहोस् :

भोली पर्सि, पथभ्रष्ट, वनवास, पञ्च अमृतको समूह, सप्त कोसीको समूह, गुरुआमा, मखिबुँटे, चरिचुच्चे, भाइमारा, आमाबाबु, सुखदुःख, चन्द्रमुखी, पुजाको कोठा, नदीले काटेको, जेठो भएर पनि बाठो

(ङ) तलका शब्दको मूल रूप पहिचान गरी त्यसबाट उपसर्ग वा प्रत्यय छुट्याउनुहोस् :

सामाजिक, संयोजक, तेजिलो, दुर्गुण, अनुरूप, निराकार, प्राज्ञिक, गफाडी, अभिनेता, उद्घोषक, आजीवन, उपलब्धि, परिश्रम, खेलाडी, लेखनीय, औद्योगिक, मानवीय, सुकर्म, आतिथ्य, बोलक्कड

नाटकमा संवाद

एकभन्दा बढी पात्रहरूको परस्परको सिलसिलाबद्ध **संवाद**बाट नै नाटक तयार पारिएको हुन्छ । यसको अर्थ के हो भने नाटकमा विषयवस्तुको निर्माण नै **संवाद**बाट गरिएको हुन्छ र यस्तो महत्त्वपूर्ण मानिने **संवाद**का लागि पात्रहरूको आवश्यकता पर्दछ । कुनै पनि नाटकको प्रमुख तत्त्व भन्नु नै **संवाद** हो; अन्य तत्त्वहरू हुन्: कथावस्तु (विषयवस्तु) र पात्र । **संवाद**विना नाटक बन्नै सक्तैन ।

संवाद के हो ? वास्तवमा कुराकानीकै विशिष्ट रूप **संवाद** हो । हामी घर, टोलछिमेक, स्कुल, क्लबहरू वा आफन्तहरूकहाँ गएर जेजस्ता कुराकानीहरू गर्दछौं, ती सबैलाई टेप गरेर 'सुन्नुहोस् त, यही हो नाटक !' भन्न सक्तैनौं, किनभने त्यस्तो कुराकानीमा निश्चित विषयको क्रम तथा पात्रविन्यास मिलेको हुँदैन । नाटक एउटा कला पनि भएकाले यसमा एउटा निश्चित विषयको प्रस्तुतिका लागि उचित पात्र र स्थानको निर्धारण गरिएको हुन्छ । सामान्य कुराकानीमा यदाकदा र कहिले त पूरै विषयान्तर हुन सक्छ, तथा कुराकानीको निश्चित निष्कर्ष ननिकलन पनि सक्छ । सामान्य कुराकानी वास्तवमा अपरिष्कृत नै हुन्छ तर नाटकका लागि तयार पारिएको रचनामा विषयकेन्द्री **संवाद**हरूको एउटा लामो क्रम हुन्छ, जसले लेखकको मनसाय वा लक्ष्यलाई प्रस्तुत गर्दछ । कुराकानीकै परिष्कृत रूप **संवाद** भएकाले नाटकलाई यथार्थको नक्कल भनिएको हो ॥

नाटकमा रहने **संवाद**मा निम्नलिखित गुणहरू हुनु जरुरी छ :

- **संवाद**मा **निरन्तरता** हुनुपर्दछ । यसको अर्थ हो: एक पात्रको भनाइ र अर्को पात्रको भनाइमा सम्बद्धता वा परस्पर क्रम तथा सिलसिला मिलेको हुनुपर्दछ ।
- **संवाद**मा **अन्तरक्रिया**का लागि चाहिएजति मात्र पात्रको संलग्नता हुनुपर्दछ ॥
- **संवाद**मा **पात्रानुसार** भाषाको प्रयोग हुनुपर्दछ ॥
- **संवाद** **प्रत्युत्तरात्मक** वा **प्रतिक्रियात्मक** वा **अग्रगामी** हुनुपर्दछ ॥
- **संवाद** लामो नभएर **ठिक्क लमाइको** सटीक, रोचक र प्रभावकारी हुनुपर्दछ ॥

समग्रमा नाटकमा मञ्चनपक्ष पनि महत्त्वपूर्ण हुने भएकाले **संवाद**को सम्बन्ध अभिनेता अभिनेत्री (पात्रपात्रा) सँग मात्र नभएर दर्शक, निर्देशक र स्वयम् लेखकसँग पनि हुन्छ ॥

पाठ १६

जीवनी

नेल्सन मन्डेला

खानु, लगाउनु र बस्नु मानिसका आधारभूत आवश्यकताहरू हुन् । यसका साथै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार र रोजगारीका अवसर पनि मानिसका लागि अत्यावश्यक भइसकेका छन् । असल, उच्च वा आदर्श जीवन बिताउनका लागि यी कुराहरू मात्र पर्याप्त छैनन् । मानिसका निम्ति धैर्य, सहिष्णुता, मनोबल, आत्मविश्वास, अठोट, नेतृत्व शक्ति, मौलिक सोचाइ आदि आवश्यक पर्छन् । यी मानवीय गुणहरूले नै मानिसलाई महापुरुष बनाउँछन् ।

- *धैर्यले* नै मानिसलाई आत्मसंयमी बनाउँछ ।
- *सहिष्णुताले* मानिसभित्र शक्ति जम्मा गर्दछ ।
- *मनोबल* भएमा मात्र मानिसका पाइलाहरू दहा हुन सक्छन् ।
- *आत्मविश्वासद्वारा* नै कुनै पनि युद्ध जित्न सकिन्छ ।
- *अठोटले* मानिसलाई सदा आशावादी बनाउँछ ।
- *नेतृत्वशक्ति* समय र समाजलाई सही बाटोतर्फ हाँक्न सक्ने गुण हो ।
- *मौलिक* सोचाइद्वारा नै परिवर्तनको चाहनालाई पूरा गर्न सकिन्छ ।

राजनीतिका क्षेत्रमा ठूलो सङ्घर्ष गरेर आजको विश्वमा आफ्नो कीर्तिमान कायम गर्न सफल भएका अश्वेत नेता नेल्सन मन्डेला उपर्युक्त गुणहरूले गर्दा नै आज आदरणीय बन्न सकेका हुन् ।

१. देश र जनताको हकहितका लागि लामो समयसम्म सङ्घर्ष गरेर सफलताको शिखरमा पुगेका देशभक्त, जातिप्रेमी, **स्वाधीनताका सेनानी** र महान् राजनीतिज्ञ नेल्सन मन्डेलाको जन्म १८ जुलाई १९१८ मा दक्षिण अफ्रिकाको ट्रान्स्की क्षेत्रमा पर्ने उमटाटा भन्ने गाउँमा भएको हो । गोरालाई काखा कालालाई पाखा गर्ने सरकारी नीतिको विरुद्धमा धेरै वर्षसम्म सङ्घर्ष गरेर जनतालाई स्वाधीनताको अनुभूति दिलाउन सक्षम एक साहसी व्यक्तित्वका धनी मन्डेला दक्षिण अफ्रिकाका जननिर्वाचित प्रथम **अश्वेत** राष्ट्रपति हुन् । लामो समयसम्म कारावासको सजाय भोग्ने मन्डेला शोषण र **उत्पीडन**का विरुद्धमा सम्पूर्ण मानव जातिकै लागि सङ्घर्षका प्रतीक एवम् प्रेरणाका स्रोत बनेका छन् । "सङ्घर्ष नै मेरो जीवन हो, म स्वाधीनता प्राप्तिका लागि जीवनपर्यन्त सङ्घर्ष गरिरहन्छु" भन्ने दृढ अठोट व्यक्त गर्ने उनी एक स्वाभिमानी जननेता हुन् । काला र गोराबीचको भेदभावलाई अन्त्य गरी

स्वाधीनता - स्वतन्त्रता
सेनानी - नेतृत्व गर्ने प्रमुख व्यक्ति
अश्वेत - काला जातिका; हब्सी, निग्रो
उत्पीडन - सताउने काम; पीडा; कष्ट

समानताको अधिकार प्रदान गराउने **प्रतिबद्धता**का साथ सङ्घर्षलाई **वरण गर्ने** अथक राजनीतिक योद्धा मन्डेला रङ्गभेदी सरकारको पतन गराउन सफल प्रजातन्त्रप्रेमी कुशल शासक हुन् । आफ्नो व्यक्तिगत सुखसुविधालाई **तिलाञ्जली दिएर** सम्पूर्ण शोषित र पीडित जनतालाई नागरिक हक प्रदान गराउनमा निरन्तर सक्रिय रहेका मण्डेला दक्षिण अफ्रिकी जनताका ढुकढुकी हुन्, सङ्घर्ष, बलिदान, साहस र आत्मविश्वासका **प्रतिमूर्ति** पनि हुन् ।

नेल्सन मन्डेला

२. धेरै वर्ष पहिलेदेखि दक्षिण अफ्रिकामा अल्पसङ्ख्यक गोराहरूले शासनको **बागडोर** आफ्नो हातमा लिएका थिए । बहुसङ्ख्यक कालाहरूलाई पशुवत् व्यवहार गरिन्थ्यो । शिक्षा, स्वास्थ्य, रोजगार आदि विविध क्षेत्रमा काला र गोराबीचमा व्यापक असमानता थियो । मुलुकका सहर, बजार एवम् विकसित ठाउँहरूमा गोराहरूको बसोबास थियो भने कालाहरू पिछडिएका ग्रामीण क्षेत्रमा बस्न बाध्य थिए । सरकारी स्तरका उच्च तहमा गोराहरूकै **रजाइँ** थियो । कालाहरू श्रमिक, मजदुर आदि जस्ता निम्न तहमा काम गर्न विवश थिए । कालाहरूको योग्यता र सीपको कुनै कदर थिएन । राजनीतिक एवम् प्रशासनिक क्षेत्रमा पनि गोराहरूकै एकाधिकार थियो । गोरा र कालालाई पढ्नका लागि फरकफरक स्कुलहरू खोलिएका थिए । प्राविधिक शिक्षाबाट कालाहरूलाई वञ्चित गरिएको थियो । ठूलाठूला उद्योग, कलकारखाना, महत्त्वपूर्ण खानी, **उर्वरा भूमि** जस्ता महत्त्वपूर्ण क्षेत्रमा गोराहरूले एकाधिकार जमाएका थिए । कालाहरूलाई गोराहरूले ज्यादै **अभद्र** र **असभ्य** व्यवहार गर्ने गर्दथे । गोराको समाजमा कालाहरू उपेक्षित एवम् तिरस्कृत हुन्थे । कालाहरू पसिना बगाउँथे भने गोराहरू बसीबसी मोजमस्ती लुट्ने गर्दथे तैपनि कालाहरू नै सरकारी उत्पीडन र **यातना**का सिकार हुन्थे । यस्तो अमानवीय व्यवहार देखेर बालक मन्डेला अचम्ममा पर्दथे । उनले यस किसिमको सामाजिक असमानता र रङ्गभेदी नीतिको अन्त्य गर्ने सङ्कल्प पनि गरे । कालो वर्णको हुनु नै त्यहाँका मूल जातिका लागि **अभिशाप** मानिन्थ्यो । बाहिरबाट आएका गोराहरूलाई भने आफ्नो सेतो छालामा ठूलो गर्व थियो । कालाहरूलाई आफ्नो दास बनाउन पाएकामा उनीहरू मक्ख पनि थिए । त्यहाँका मूल जातिले यसरी गोराहरूको दास भएर बस्नुपरेकामा नेल्सन मन्डेला पटक्कै सन्तुष्ट थिएनन् । अतः उनले यसका लागि रङ्गभेदी सरकारको विरुद्धमा सङ्घर्ष गर्नैपर्ने अठोट गरे । उनले यस किसिमको शासनव्यवस्थाको अन्त्य नगरी विश्राम नलिने प्रतिज्ञा गरे ।

३. टेम्बु **कबिला**का सरदार वा मुखिया हेनरीका छोरा मन्डेलाको बाल्यकाल एक साधारण बालकझैँ बित्यो । उनले चाहेका भए आनन्दसँग बसीबसी अरूलाई कजाएर खान सक्थे, तर सबै मानिसलाई

प्रतिबद्धता	- कुनै विचार वा सिद्धान्तप्रतिको निष्ठा	**उर्वरा भूमि**	- धेरै उब्जाउ हुने जमिन
वरण गर्नु	- रोज्नु; छान्नु	**अभद्र**	- नराम्रो; अशिष्ट
तिलाञ्जली दिनु	- त्याग्नु	**असभ्य**	- राम्रो व्यवहार गर्न नजान्ने, जङ्गली
प्रतिमूर्ति	- प्रतिमा; कुनै वस्तु वा व्यक्तिको आकृतिको नक्कल	**यातना**	- सास्ती; दुःख
		अभिशाप	- कलङ्क, सराप
बागडोर	- शासनको अभिभारा वा नियन्त्रण	**कबिला**	- सिङ्गै एक जाति एक परिवारका रूपमा रहेको कुनै एक समुदाय
रजाइँ	- अधिकारको एकलौटी उपभोग		

समानताको दृष्टिले हेर्ने मानिस कसैले हड्डी घोटेको र कसैले मस्ती लुटेको हेर्न सक्दैन; समानता, स्वतन्त्रता र भ्रातृत्वमा विश्वास गर्ने मन्डेला आफ्ना दौंतरीहरूसँग गोठालो जान्थे, खेतबारीमा रमाईरमाई काम गर्थे। उनका बाबु आफ्नो छोरो पछि गएर आफूजस्तै मुखिया बनोस् भन्ने चाहन्थे। एउटा सिङ्गै स्वाधीन राष्ट्रको अधिकार लिएर देश र जनताको सेवा गरी बस्ने उच्च **महत्त्वाकाङ्क्षा** बोकेका मन्डेला एउटा सानो समूहको मुखिया भएर बस्न चाहेनन्। श्वेत सरकारको दास भएर एउटा कबिलाको सरदार बन्ने कुरा स्वाभिमानी मन्डेलाका लागि पटक्कै मान्य थिएन। तसर्थ उनले आफ्ना पिताको उक्त प्रस्तावलाई ठाडै अस्वीकार गरी देश र जनताका लागि सङ्घर्ष गर्ने निधो गरे। वयस्क भएपछि नेल्सन मन्डेला बिनी नोमजामो मादिकिजेलासँग वैवाहिक सूत्रमा **आबद्ध** भए।

४. टेम्बु कबिलामा शिक्षालाई त्यति महत्त्व दिइँदैनथ्यो तर मन्डेलामा शिक्षाप्रति ज्यादै अनुराग थियो। तसर्थ कबिलाका लागि बनाइएको मेथोडिस्ट स्कुलमा उनी प्रारम्भिक शिक्षा हासिल गर्नका लागि भर्ना भए। ज्यादै परिश्रमी र लगनशील छात्र मन्डेलाले उक्त स्कुलबाट प्रारम्भिक शिक्षा पूरा गरेपछि फोर्टहारे विश्वविद्यालयमा प्रवेश गरे। त्यहाँबाट स्नातक गरी वकिल बन्ने सपना देखेका मन्डेला विद्यार्थी प्रतिनिधि सभालाई बहिष्कार गरेबापत् विश्वविद्यालयबाट निष्कासित गरिए। केही वर्षपछि मात्र उनले जेलबाटै **पत्राचार शिक्षा**का माध्यमबाट बी.ए. परीक्षा उत्तीर्ण गरे। पेसाका हिसाबले उनी वकिल भए पनि उनको सम्पूर्ण जीवन राजनीतिमै व्यतीत भयो।

५. सन् १९४४ मा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको सदस्यता ग्रहण गरेपछि उनको औपचारिक राजनीतिक जीवन सुरु भयो। वाल्टर सिसलु, ओलिवर टाम्बो जस्ता राजनीतिज्ञहरूसँग मिलेर उनले आफ्नो राजनीतिक क्रियाकालापलाई अघि बढाए। युवाहरूलाई सङ्गठित गरी आन्दोलन गर्ने उद्देश्यले उनी यसै पार्टीको भ्रातृसङ्गठन **'युथलिग'**का संस्थापक सदस्य भए। उनले यस सङ्गठनको **घोषणापत्र** तयार गर्नुदेखि लिएर सङ्गठनविस्तार गर्ने काममा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरे। यस सङ्गठनको मुख्य उद्देश्य दक्षिण अफ्रिकी अश्वेतहरूको स्वाभिमानको रक्षा र तिनीहरूको नागरिक अधिकारका लागि सङ्घर्ष गर्नु थियो। सन् १९४८ मा यस सङ्गठनका महासचिव बनेका मन्डेला पछि गएर यसका अध्यक्ष भए। चाहे अफ्रिकी राष्ट्रिय काङ्ग्रेसमा आबद्ध भएर होस्, चाहे 'युथलिग' मा सङ्गठित भएर होस्, उनले श्वेत **उपनिवेशवाद**बाट देश र जनतालाई मुक्त गराई पूर्ण राजनीतिक एवम् सामाजिक स्वतन्त्रता प्रदान गराएरै छाडे। यसका लागि उनले निकै ठूलो सङ्घर्ष र त्याग गर्नुपर्‍यो। महान् लक्ष्य बोकेर अघि बढ्ने मानिसले आखिर विभिन्न बिघ्नबाधासँग **सिँगौरी खेल्नै**पर्छ। त्यसमा पनि जरो गाडेर बसेको **निरङ्कुशता**लाई उखेलेर फाल्ने काम कहाँ लरतरो हुन्छ र! जनताहरू

महत्त्वाकाङ्क्षा - ठूलो आकाङ्क्षा
आबद्ध - संलग्न
पत्राचार शिक्षा - शिक्षाको त्यस्तो प्रणाली जसअनुसार परीक्षार्थीहरूले टेलिभिजन, रेडियो आदिका साथै पत्राचार माध्यमबाट पाठ्यसामग्री प्राप्त गरी लिखित उत्तरहरू हुलाकबाट पठाई परीक्षा दिने व्यवस्था हुन्छ।
युथलिग - दक्षिण अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको भ्रातृसङ्गठन
घोषणापत्र - कुनै संस्था वा व्यक्तिको कुनै कुरामा उद्देश्य वा सत्यता र वचनबद्धता घोषित गर्ने दस्तावेज
उपनिवेशवाद - उपनिवेश बनाउने सिद्धान्त
सिँगौरी खेल्नु - भिड्नु, लड्नु
निरङ्कुशता - कुनै नियम वा संविधानको अधीनमा नरही आफ्नै हुकुमलाई सर्वोपरि महत्त्व दिने काम

सचेत नभई कुनै पनि देशमा राजनीतिक क्रान्ति सफल हुन नसक्ने भएकाले मन्डेला शोषितपीडित जनताहरूलाई चेतनशील पार्ने कार्यमा दत्तचित्त भएर लागे । सत्तारूढ पार्टी र सरकारी नीतिको विरोध गरेकाले उनी रङ्गभेदी सरकारको आँखी भए । जनताको मुक्ति र स्वाधीनताका लागि निरन्तर सरकारको विरोधमा लागेकाले उनलाई क्यौं पटक जेल सजाय र कठोर यातना दिइयो तर उनले हिम्मत हारेनन्, न त सरकारसँग सम्झौता नै गरे । पहाडझैं अटल व्यक्तित्वका धनी मन्डेलाले निरङ्कुश शासन एवम् रङ्गभेदवादी नीतिको विरोध गरी बहुसङ्ख्यक काला जातिमाथि गरिएको अमानवीय दमनको विरुद्धमा जनबल तयार गरी कहिले अहिंसात्मक त कहिले सशस्त्र क्रान्तिको नेतृत्व गर्न थाले । तसर्थ उनलाई राजद्रोहको अभियोगमा कानुनी कारवाही गर्न थालियो । सरकारी अत्याचारको विरोध गर्नेहरूलाई त्यतिखेर राजद्रोहीको संज्ञा दिइन्थ्यो । यसपछि उनी भूमिगत रूपमा आन्दोलन गर्न थाले । देशभरिका जनतालाई श्वेतसरकारको दमनको विरुद्ध गोलबन्द गराउनका लागि उनी देशका विभिन्न ठाउँहरूको भ्रमण गर्न थाले । पुलिसको नजरबाट आफूलाई जोगाउँदै उनी आन्दोलनमा सहभागी हुने गर्दथे । जताततै रङ्गभेदी निरङ्कुश शासनको विरुद्धमा हड्ताल एवम् विरोध कार्यक्रमहरू आयोजना हुन थाल्यो । यसबाट सरकारी दमन झन् चर्को भयो । फलत: धेरै निहत्था जनताहरू गोलीका सिकार भए । क्रान्तिको आगो झन्झन् बढ्दै गयो । अत्याचारी शासनको अन्त्य गर्न सम्पूर्ण काला जातिहरू एक ढिक्का हुन थाले । यसका लागि मन्डेलालाई राष्ट्रिय एवम् अन्तराष्ट्रिय समर्थन र सहयोग पनि प्राप्त हुन थाले । उनले लुकीछिपी देशभरिका श्रमिक, मजदुर, किसान, विद्यार्थी आदि सबैलाई राष्ट्रिय विरोध कार्यक्रममा सङ्गठित गराउँदै देशभरि क्रान्तिको बिगुल घन्काए । यत्तिकैमा सन् १९६२ मा उनी पुलिसद्वारा समातिए । अफ्रिकाका श्रमिकहरूलाई हडतालमा प्रेरित गराएको र अवैध ढङ्गले विदेश गएको आरोपमा उनलाई कानुनी कारवाही सुरु गरियो । परिणामत: उनलाई श्वेतसरकारको अदालतले दोषी प्रमाणित गरी पाँचवर्षको कारावास सजाय सुनायो । निरङ्कुश श्वेतसरकार मन्डेला जेलबाट मुक्त भएको देख्न पटक्कै चाहँदैनथ्यो । अत: षड्यन्त्रको जालो बुनी विभिन्न किसिमका आरोप लगाई उनलाई सन् १९६४ मा आजीवन कारावासको सजाय सुनाइयो ।

६. मन्डेलाको जेलजीवन निकै कष्टकर थियो । हुन त जेलजीवन कसको पो सुखद हुन्छ र ! त्यसमाथि पनि सरकारको विरोध गर्नेहरूलाई त झनै ठूलो सजाय दिइन्थ्यो । उनी त अश्वेत राजबन्दी न ठहरिए, सामान्य यातना मात्र दिने त कुरै थिएन । उनलाई त्यहाँ ढुङ्गा फोर्ने, गिट्टी कुट्ने, खानी खन्न लगाउने आदि कठिन र शारीरिक बल बढी पर्ने किसिमका कामहरू गराइन्थे । उनी जस्तोसुकै कठिन काम पनि हाँसीहाँसी पूरा गर्थे । उनी कहिल्यै जीवनदेखि थाकेनन्, सङ्घर्षदेखि विचलित भएनन् । उनको जीवन सङ्घर्षको पर्याय नै हो भने पनि फरक पर्दैन । पौष्टिक खानाको कमी र अव्यवस्थित र हनसहनले गर्दा उनको हृष्टपुष्ट शरीर क्रमश: घट्दै गयो । उनी शारीरिक रूपले अस्वस्थ हुँदै गए तर मनोबल उच्च राखेर उनले आफ्नो राजनीतिक चिन्तनलाई निरन्तरता दिइरहे । बिहान सबेरै उठ्ने, नित्य व्यायाम गर्ने, उपलब्ध भएसम्मका पत्रपत्रिका र पुस्तकहरू पढ्ने उनका दैनिक क्रियाकलाप थिए ।

आँखी हुनु	-	कुदृष्टि पर्नु; ईर्ष्याले हेर्नु	गोलबन्द	-	सङ्गठित
सशस्त्र	-	हातहतियारसहित	निहत्था	-	कमजोर; शक्तिहीन
राजद्रोह	-	राज्यसत्ताको विरोध	क्रान्तिको बिगुल घन्किनु	-	जताततै क्रन्तिको लहर फैलनु
भूमिगत	-	लुकीछिपी; नदेखिने किसिमले रहने काम	जेलजीवन	-	जेलमा रहँदाको जीवन

कहिलेकाहीँ साथीहरूसँग **हासपरिहास** र मनोरञ्जन पनि गर्दथे । उनलाई जेलमै भेट्न बेलाबखतमा स्वदेशी तथा विदेशी पत्रकार एवम् अन्य व्यक्तिहरू आउने गर्दथे । उनीहरूसँग मन्डेलाले आफ्नो स्पष्ट विचार र दृढ आत्मविश्वासलाई सशक्त रूपमा प्रस्तुत गर्दथे । यसबाट उनलाई भेट्नेजति सबै अत्यधिक प्रभावित हुन्थे । उनको स्वभावबाट कारागारमा पनि सबै मानिसहरू प्रभावित हुन्थे । तसर्थ उनी सबैका प्रिय र आदरणीय व्यक्ति थिए । सबैसँग राम्रो व्यवहार गर्ने, हाँसीहाँसी बोल्ने उनको बानीले जो पनि चाँडै प्रभावित हुन्थ्यो । उनको तर्कशक्ति पनि बेजोड थियो । भित्र जतिसुकै पीडा र वेदना भए पनि उनी त्यसलाई हत्तपत्त बाहिर प्रकट गर्दैनथे । जस्तोसुकै विपत्तिलाई पनि धैर्यको सहारा लिएर सहन गर्ने आत्मबल उनमा थियो ।

७. मन्डेलाको मुक्तिका लागि स्वदेश तथा विदेशमा ठूलो आवाज उठ्न थाल्यो । सरकारसँग यसको माग राखियो । सरकारको विरोधमा जनताहरू **जुर्मुराएर** उठ्न थाले । जताततै क्रान्तिको मुस्लो दन्क्यो । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा पनि उनको मुक्तिका लागि माग गरियो । तत्कालीन सरकारले उनलाई **ससर्त** मुक्ति दिने प्रस्ताव अघि सारे पनि उनले त्यसलाई स्विकारेनन् । उनको लक्ष्य जेलबाट मुक्ति हुनुमात्रै थिएन, देश र जनतालाई रङ्गभेदी गोरा सरकारबाट मुक्त पारी प्रजातन्त्रको स्थापना गर्नु थियो । राष्ट्रिय स्वार्थलाई महत्त्व दिने कुशल राजनीतिज्ञ कहिल्यै पनि व्यक्तिगत स्वार्थमा सीमित हुँदैन । देश र जनताको स्वाधीनता एवम् स्वाभिमानलाई जीवन्तता दिने उद्देश्यले गरिएको सङ्घर्ष सम्पूर्ण रूपमा लक्ष्य प्राप्त नभएसम्म रोकिने कुरै थिएन । रङ्गभेदी श्वेत सरकारले अश्वेतहरूलाई चिढ्याएर आफ्नो सरकार लामो समयसम्म टिक्न नसक्ने महसुस गरी सरकारलाई टिकाउने उद्देश्यले भए पनि कालाहरूमाथि गरिएको दमनलाई कम गरी उनीहरूलाई केही सुविधाहरू पनि दिन थाल्यो, तर मन्डेलाको **रिहाइ**को माग भने चारैतिरबाट आउन रोकिएन । अन्ततः ११ फरवरी १९९० का दिन बाध्य भएर सरकारले उनलाई जेलजीवनबाट मुक्ति दियो । सत्ताइस वर्ष लामो कारावासको सजाय भोगी उनी बाहिरी संसारमा आए । त्यो दिन विश्वकै लागि एक खुसीयालीको दिन थियो । यसबाट सम्पूर्ण स्वाधीनताप्रेमी दक्षिण अफ्रिकी जनताहरू ज्यादै हर्षित भए । यो मुक्ति हरेक निरङ्कुश शासकको हार र स्वतन्त्रता वा स्वाधीनताप्रेमी जनताको जित थियो । मन्डेलाको मुक्ति भन्नु नै रङ्गभेदी श्वेत सरकारको पतन थियो । नभन्दै आफ्नो मुक्तिको लगत्तै उनले रङ्गभेदी श्वेत सरकारको पतन गराउन राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दबाबको माग गरे । फलतः मुलुकमा आमनिर्वाचन भयो । अफ्रिकी राष्ट्रिय काङ्ग्रेसबाट उनी राष्ट्रपति पदका लागि उम्मेदवार भए र अत्यधिक मतले विजयी भई सन् १९९४ मा दक्षिण अफ्रिकाका प्रथम अश्वेत जननिर्वाचित **राष्ट्रपति** बन्न पुगे । यसपछि आफ्नो जिम्मेवारी झनै बढेको महसुस गरी उनी देश र जनतालाई समुन्नत पार्नेतर्फ मन, वचन र कर्मले लाग्न थाले ।

८. नेल्सन मन्डेलाको अथक प्रयासबाट दक्षिण अफ्रिकामा रङ्गभेदी शासनको अन्त्य भई प्रजातान्त्रिक शासन व्यवस्थाको **सूत्रपात** भयो । आफ्नो कार्यकालमा उनले शक्तिले भ्याएसम्म देश र जनतालाई सुखी र समृद्धशाली बनाउने प्रयत्न गरे । आज त्यहाँका जनताले स्वतन्त्र देशका स्वाधीन नागरिक भएर कुनै भेदभाव विना समान हक र अधिकारको उपभोग गरी बस्न पाएका छन् । मानिसका लागि सबैभन्दा प्यारो कुरा स्वतन्त्रता हुन्छ । यही स्वतन्त्रताका लागि नै त्यहाँ त्यति लामो समयसम्म

हासपरिहास	-	मजाक ठट्टा; रमाइलो	**रिहाइ**	-	छुटकारा; मुक्ति
जुर्मुराउनु	-	सक्रिय हुनु; सचेत हुनु	**राष्ट्रपति**	-	राष्ट्रको मुख्य व्यक्ति; राष्ट्राध्यक्ष
ससर्त	-	सर्तसहित	**सूत्रपात**	-	प्रारम्भ; प्रादुर्भाव

नेल्सन मन्डेला

मन्डेला र अफ्रिकी जनताले सङ्घर्ष गर्नुपरेको थियो । उनका लागि सबै जनता समान छन् । उनी कसैलाई पनि भेदभावको दृष्टिले हेर्दैनन् । निश्चय नै प्रजातान्त्रिक, कानुनी राज्यमा कसैलाई पनि भेदभाव गरिँदैन; यदि गरिन्छ भने त्यसलाई प्रजातान्त्रिक देश भन्न पनि सकिँदैन । मन्डेला उदार प्रकृतिका राजनेता हुन् । उनले दोस्रो आमनिर्वाचनमा राष्ट्रपतिका लागि **उमेदवारी** नदिएबाट पनि यो कुरा स्पष्ट हुन्छ । उनलाई राष्ट्रपतिको पदभन्दा देश र जनता प्यारा छन् । उनले चाहेका भए अद्यापि उनी त्यस मुलुकका राष्ट्रपति हुन सक्थे, तर उनले पदको मोह त्यागिदिए । देश र जनताको सेवा गर्नलाई पद नै चाहिन्छ भन्ने छैन । तसर्थ उनले आफ्नै दलका एक नेतालाई समर्थन गरे । यसरी लामो समयसम्म क्रूर रङ्गभेदी श्वेतशासनको विरुद्धमा जेलजीवन बिताएका ८९ वर्षे मन्डेलाले देशको शासनभार नयाँ पुस्तालाई सुम्पेका छन् । आफ्नो राजनीतिक जीवनबाट सन्न्यास नलिए पनि आफू उम्मेदवार भने नहुने घोषणा उनले गरिसकेका छन् ।

१०. यसरी राष्ट्रिय स्वाधीनतालाई आफ्नो प्राणभन्दा प्यारो ठान्ने राष्ट्रवादी नेता नेल्सन मन्डेला बिसौँ शताब्दीका एक महान् राजनीतिज्ञ हुन् । दक्षिण अफ्रिकी जनतालाई स्वाधीन बनाउन उनले गरेको लामो सङ्घर्षकै कारण उनलाई सन् १९९३ को नोबेल शान्ति पुरस्कारद्वारा सम्मान गरियो । यसका साथै विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सम्मानहरू उनलाई प्राप्त भएका छन् । उनी दक्षिण अफ्रिकाका उच्च राजनेताका रूपमा स्थापित भएका छन् । उनले आफ्नो लामो राजनीतिक सङ्घर्षका अनुभूतिहरूलाई सँगालेर *'लङ वाक टु फ्रिडम'* (स्वतन्त्रताका लागि लामो यात्रा) नामक आत्मकथा पनि प्रकाशन गरेका छन् । यसमा उनले आफ्नो जीवनको उतारचढावहरूलाई **लिपिबद्ध** गरेका छन् । स्वतन्त्रता एवम् सङ्घर्षका प्रतीक बनेका नेल्सन मन्डेलाले सबैलाई राष्ट्रिय **स्वाधीनता** र जातीय स्वाभिमानको पाठ सिकाएका छन् ।

उमेदवारी - निर्वाचित हुन खडा हुने कार्य
स्वाधीनता - आफ्नै अधीनमा रहनाको भाव
लिपिबद्ध - लिपिमा बाँधिएको; लेखिएको

अभ्यास

१. **तलका प्रश्नहरूको मौखिक उत्तर दिनुहोस् :**

(क) नेल्सन मन्डेलाको जन्म कहाँ र कहिले भएको थियो ?
(ख) दक्षिण अफ्रिका स्वाधीन हुनुभन्दा पहिले कसको शासन थियो ?
(ग) गोराहरू कालालाई कस्तो व्यवहार गर्थे ?
(घ) मन्डेलाले के गर्ने अठोट गरे ?
(ङ) प्रारम्भिक शिक्षा हासिल गर्न मन्डेला कुन स्कुलमा भर्ना भए ?
(च) मन्डेलाको औपचारिक राजनीति कहिलेदेखि सुरु भयो ?
(छ) 'युथलिग' मा मन्डेलाको भूमिका कस्तो थियो ?
(ज) मन्डेलालाई किन राजद्रोहीको संज्ञा दिइयो ?

(झ) मन्डेलादेखि मानिसहरू किन चाँडै प्रभावित हुन्थे ?

(ञ) मन्डेला कहिले जेलबाट मुक्त भए ?

(ट) मन्डेला कुन पुरस्कारद्वारा कहिले सम्मानित भए ?

(ठ) मन्डेला कहिले दक्षिण अफ्रिकाका राष्ट्रपति भए ?

२. **शुद्ध उच्चारण गर्नुहोस् :**

उत्पीडन, प्रतिबद्धता, तिलाञ्जलि, कजाउनु, महत्त्वाकाङ्क्षा, भ्रातृसङ्गठन, सिँगौरी, निरङ्कुशता, अहिंसात्मक, सशस्त्र, स्नातक

३. **अर्थ भन्नुहोस् :**

बागडोर, पशुवत्, प्रतिबद्धता, यातना, घोषणापत्र, उपनिवेशवाद, निहत्था, रङ्गभेदी, सूत्रपात, सर्वोच्च

४. **पाठको पाचौँ अनुच्छेद सस्वरवाचन गर्नुहोस् ।**

५. **अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

वरण गर्नु, तिलाञ्जली दिनु (१), रजाइँ गर्नु, कदर गर्नु (२), कज्याउनु (३), आबद्ध हुनु, सिँगौरी खेल्नु, आँखी हुनु, गोलबन्द गर्नु, एक ढिक्का हुनु (५), लिपिबद्ध गर्नु (१०), अस्तव्यस्त हुनु (११)

६. **पाठको आठौँ अनुच्छेदबाट 'ई', 'इक' प्रत्यय लागेका एकएकओटा शब्द टिप्नुहोस् र उपसर्ग लागेका दुईओटा शब्द भन्नुहोस् ।**

७. **तलका शब्दहरूलाई शुद्ध गर्नुहोस् :**

इस्वर, शरस्वती, सङ्यन्त्र, आविश्कार , भविस्य, प्रतिष्पर्धा, षङ्काश्पद, प्रसाषन, कोषिस, विशालु, शन्देष, षसक्त, शक्तिषाली, सोषण, साषन

८. **पाठको सातौँ अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटोछरितो उत्तर दिनुहोस् :**

(क) जनताहरू किन जुर्मुराएर उठ्न थाले ?

(ख) तत्कालीन सरकारले कस्तो प्रस्ताव अघि साऱ्यो ?

(ग) मन्डेलाले कुन उद्देश्य राखी सङ्घर्ष गरेका थिए ?

(घ) रङ्गभेदी सरकारले मन्डेलालाई किन जेलबाट मुक्त गऱ्यो ?

(ङ) 'राष्ट्रघाती', 'रिहाइ', 'दबाब' र 'समुन्नत' शब्दहरूको अर्थ के हो ?

९. **सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) नेल्सन मन्डेला कस्ता राजनीतिज्ञ हुन् ?

(ख) श्वेत सरकारको शासनकालमा दक्षिण अफ्रिकाका मूल जातिको अवस्था कस्तो थियो ?

(ग) मन्डेलाका स्वभावगत विशेषताहरू केके हुन् ?

(घ) मन्डेलाको जेलजीवन कस्तो थियो ?

(ङ) मन्डेलाले दक्षिण अफ्रिकी जनतालाई कसरी स्वाधीन तुल्याए ?

(च) मन्डेलाको जीवनीबाट लिन सकिने प्रेरणा के हो ?

१०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) महान् लक्ष्य बोकेर अघि बढ्ने मानिसले आखिर विभिन्न बिघ्नबाधासँग सिँगौरी त खेल्नै पर्छ । त्यसमा पनि जरो गाडेर बसेको निरङ्कुशतालाई उखेलेर फाल्ने काम कहाँ लरतरो हुन्छ र !

(ख) जस्तोसुकै विपत्तिलाई पनि धैर्यको सहारा लिएर सहन गर्ने आत्मबल उनमा थियो ।

(ग) राष्ट्रिय स्वार्थलाई महत्त्व दिने कुशल राजनीतिज्ञ कहिल्यै पनि व्यक्तिगत स्वार्थमा सीमित हुँदैन ।

११. व्याख्या गर्नुहोस् :

(क) मानिसका लागि सबैभन्दा प्यारो कुरा स्वतन्त्रता हुन्छ ।

(ख) देश र जनताको सेवा गर्नलाई पद नै चाहिन्छ भन्ने छैन ।

१२. विवेचनात्मक उत्तर दिनुहोस् :

(क) दक्षिण अफ्रिकी जनता र त्यहाँका जनताको मुक्तिका लागि नेल्सन मन्डेलाले कस्तो भूमिका निर्वाह गरे ? सविस्तार वर्णन गर्नुहोस् ।

(ख) "मन्डेला एक सङ्घर्षशील राजनीतिक योद्धा हुन्" भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।

सिर्जनात्मक अभ्यास

(क) नेल्सन मन्डेलाले लामो समयसम्म जेलमा बसेर वा निरन्तर रङ्गभेदी सरकारसँग सङ्घर्ष गरेर दक्षिण अफ्रिकी जनतालाई स्वाधीनताको अनुभूति गराएरै छाडे । यदि मन्डेलाको ठाउँमा तपाईं हुनुभएको भए तपाईंको भूमिका कस्तो रहन्थ्यो होला, यसबारे कक्षामा छलफल गरी आफ्ना विचारलाई कम्तीमा दसओटा बुँदामा समेट्नुहोस् ।

(ख) तल दिइएका विवरणलाई आधार बनाएर सर विन्स्टन चर्चिलको एक सङ्क्षिप्त जीवनी तयार पार्नुहोस् :

सर विन्स्टन चर्चिल

- जीवनका मुख्य घटना :

सन् १८७४	–	बेलायतको अक्सफोर्डसायरमा पर्ने ब्लेनहेम प्यालेसमा जन्म
सन् १८९३	–	स्यान्ड्हर्स्टको शाही सैनिक कलेजमा अध्ययन गरी स्नातक उपाधि प्राप्त
सन् १८९९	–	दक्षिण अफ्रिकाको बोयर युद्धमा बन्दी
सन् १९००	–	संसद्-सदस्यमा निर्वाचित
सन् १९०६/१५	–	मन्त्रिपरिषद्मा सामेल
सन् १९१९	–	युद्धसचिवका रूपमा नियुक्त
सन् १९४०/४५	–	प्रधानमन्त्रीका रूपमा दोस्रो विश्वयुद्धमा बेलायतको नेतृत्व गरेको
सन् १९५१/५५	–	प्रधानमन्त्रीको पदभार पुनः ग्रहण
सन् १९६३	–	संयुक्त राज्य अमेरिकाका मानार्थ नागरिक
सन् १९६५	–	देहावसान

- व्यक्तित्वका विविध पक्ष:
  - पत्रकार ('मर्निङ पोस्ट' पत्रिकासँग सम्बद्ध)
  - लेखक ('द सेकेन्ड वर्ल्ड वार' (६ ठेली, सन् १९४८-५३) का लागि साहित्यमा 'नोबेल पुरस्कार' (सन् १९५३) प्राप्त ।
  - कुशल वक्ता (भाषण गर्न निपुण भई दोस्रो विश्वयुद्धमा रेडियोबाट आफ्नो नीति र सिद्धान्तको प्रसारण)
- स्वभाव तथा रुचि:
  - घोडचढी/घोडादौडमा रुचि
  - अङ्ग्रेजी भाषामा दक्षता प्राप्त

व्याकरण

शब्दभण्डार

पर्यायवाची शब्द	आमा, माता, मुमा, जननी, मा	उही अर्थ जनाउने शब्द
अनेकार्थी शब्द	कर-(१) हात(२) सरकारी दस्तुर(३) ढिपी	धेरै अर्थ जनाउने शब्द
अनुकरणात्मक शब्द	थ्याच्च, चिर्बिर्, प्वाट्ट	ध्वनि आवाज र दृश्यको नक्कलबाट बनेका क्रिया विशेषण शब्द
विपरीतार्थक शब्द	अग्लो-होचो-भित्र-बाहिर	विपरीत अर्थ जनाउने शब्द
श्रुतिसमभिनार्थी शब्द	फुल-फूल,बाग-बाघ	उस्तै सुनिने तर अर्थ भिन्न हुने शब्द

नेपाली भाषामा सामान्य र विशेष प्रकृतिका शब्द रहेका छन् । यस्ता शब्दको प्रयोग अभ्यासबाट शब्दभण्डार वृद्धि गर्न सकिन्छ ।

(क) नेल्सन मन्डेला पाठबाट दुईदुईओटा पर्यायवाची, अनेकार्थ, अनुकरणात्मक, विपरीतार्थक र श्रुतिसमभिन्नार्थी शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् ।

(ख) तलका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् :

बा, सूर्य, प्रतिज्ञा, चन्द्रमा, पानी, घर, बाटो, विद्यार्थी, हावा, स्वास्नी, मान्छे, चिठी, भोजन, हात, आँखा, गुरु, पृथ्वी, खुट्टा, पुस्तक, प्रेम, महिला, पोखरी, मुलुक, हक, समय, दौँतरी, विद्यालय

(ग) तलका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

थ्याच्च, फ्यात्त, कच्याककुचुक, गर्लामगुर्लम, प्वाक्क, कुटुक्क, मुसुमुसु, डुङ्ङ, झल्याँस्स, तुरुरु, सररर, फतफती, दनदन, कुरुमकुरुम, गुजुगुजु, फच्याकफुच्याक, खुरुखुरु, ध्यारध्यार, ड्यारड्यार, छमछम, झमझम, थरथर, धपक्क, पुलुक्क, बल्ड्याङ, भतभत, मरमर, लुसुक्क, सलक्क, हलक्क

(घ) तलका शब्दको अनेक अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

अर्थ, जाली, कर, तर, नारी, फल, वेला, मेला, रहर, कल, असार, मास, साँचो, ताल, पक्ष, जाल, साल, नाल, गोल, दाना, दल, दर, पुतली, उत्तर, हार, टीका

(ङ) तलका शब्दको विपरीतार्थी शब्द लेख्नुहोस् :

टुप्पो, रात, सुख, छेउ, जन्म, झुल्कनु, थोरै, नास्तिक, उकालो, सज्जन, साँझ, परतन्त्र, मूर्ख, अँध्यारो, प्रश्न, सपना, साहु, आफ्नो, लामो, पक्ष, स्वाधीन, शान्ति, सम्मान, सुखद

(च) तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लिपि, शस्त्र, घोषणापत्र, भुजा, कसुर, प्रतिनिधि, डाली, चतुर्भुज , उभयचर, अन्तरिक्ष, प्रजनन, कोष, शल्यक्रिया, विकिरण, निवृत्रिभरण, संसद्, कार्यपालिका, फैसला, रोजगारी, भारदार, क्षितिज, भूमध्यरेखा, ब्रह्माण्ड, पाठ्यक्रम, परीक्षा

(छ) कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :

१ ..... अनेकार्थी शब्द हो । (अग्नि, फल, ईर्ष्या)

२. ..... अनेकार्थी शब्द होइन । (कल, दिशा, काम)

३. फूल शब्दको अर्थ.....हो । (अन्डा, पुष्प, पल्लव)

४. .....अनेकार्थी शब्द हो । (हार, चार, सुर)

५. कदम शब्दको अर्थ .....हो । (हात, पाइला, शिर)

(ज) तलका श्रुतिसमभिन्नार्थी शब्दको अलगअलग अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

यस-यश, कोस-कोश, शाला-साला, पट्टि-पट्टी, सित-शीत, पाली-पालि

केही अनेकार्थी नेपाली शब्दहरू

नेपाली भाषामा केही यस्ता प्रचलित शब्दहरू छन् जसका एकभन्दा बढी अर्थहरू पाइन्छन् । यस्ता शब्दका विभिन्न अर्थहरू स्थान, समय वा प्रसङ्गअनुसार बुझिने हुनाले यस्ता शब्दलाई अनेकार्थी शब्द भनिन्छ । उदाहरणका रूपमा 'पर्व' शब्दलाई नै लिन सकिन्छ, जसको प्रयोग हामी दुई अर्थ आउने गरी भिन्नभिन्न वाक्यमा यसरी गर्न सक्छौं :

१. आजको यस रमाइलो पर्वको आफ्नै सांस्कृतिक महत्त्व छ ।

२. उसले आज रक्सी खाएर त्यतिका जनतासामु एउटा ठूलो पर्व नै मच्चायो ।

यी वाक्यहरू पढ्दा 'पर्व' शब्दको अर्थ यसरी खुल्न गएको पाइन्छ : (१) चाड, उत्सव (२) कुनै नराम्रो घटना (कोतपर्व, भण्डारखाल पर्व आदि भनेझैं), काण्ड । यस्ता केही अनेकार्थी शब्दहरू यसप्रकार छन् :

कछाड - (१) सानो धोती (२) पहाडको तल्लो भाग (३) काँठ

कदम - (१) पाइला (२) एक जातको रूख

कब्जा - (१) काबु, नियन्त्रण (२) झ्याल-ढोकामा लगाइने फलामको वस्तु

कँडा - (१) काँक्रा वा फर्सीका चिचिला (२) तिघ्रा, पिँडौलाको दुखाइ

कोठी - (१) छालामा देखिने सानो कालो दाग (२) व्यापारीको पसल (३) सानो कोठा

खोटो - (१) सल्लाको चोप (२) औषधी पकाएर तयार पारिएको लेदो (३) नचल्ने (पैसा)

जङ्गी - (१) रिसाहा (२) बहादुर (३) सैनिक (४) ज्यादै ठूलो

ढकनी - (१) बिर्को, ढक्कन (२) दूध, घिउमा पकाइएको भात

ताल - (१) थपडी बजाउँदाको आवाज (२) पोखरी (३) एक जातको रूख (४) ढङ्ग, पारा (५) पटक (६) सङ्गीतको डेक्का ।

बैंस - (१) जवानी (२) एक जातको रूख

भुजा - (१) भात (२) हात

रहर - (१) एक प्रकारको दाल (२) इच्छा, चाहना

सिट्ठी - (१) जलेर बाँकी रहेको भाग (२) ज्यादै दुब्ली-पातली

सुर - (१) छेउ (२) होस (३) बाजाको स्वर ।

हार - (१) माला (२) पराजय (३) लहर, पङ्क्ति

हुस्सु - (१) बेहोसी, मूर्ख (२) कुहिरो

कक्षा १० को गीत

जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४
हाम्रो रगतले कोरिएका सीमारेखा मेटेर मेटिन्नन्
हाम्रो किल्लामा गाडिएका खाँबाहरू भाँचेर भाँचिन्नन्

हामी नेपाली जन्मैदेखि स्वतन्त्र छौँ
हामीलाई कसैको परतन्त्र स्वीकार छैन
हामीलाई कसैको दासत्व स्वीकार छैन
हामी नेपाली जन्मैदेखि स्वतन्त्र छौँ
जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४

हामी आफ्नो स्वाधीनतालाई मुटुभन्दा प्यारो ठान्छौँ
हामी आफ्नो देशको माटो प्राणभन्दा प्यारो ठान्छौँ
कसैले हामीलाई हाँक दिएमा पहाड भएर आँधी सहन्छौँ
देशको सीमा छेक्नुपरेमा ढाल भएर वज्र सहन्छौँ
हाम्रो रगतले कोरिएका सीमारेखा मेटेर मेटिन्नन्
हाम्रो किल्लामा गाडिएका खाँबाहरू भाँचेर भाँचिन्नन्
जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४

हामी आफ्नै पाखुराले विकासको मूल फुटाउन सक्छौँ
रोग, भोक, शोकसित हामी पनि लड्न सक्छौँ
सगरमाथा भै उठेको शिर झुक्न कहिले जानेको छैन
जय काली भन्दै बढ्ने नेपाली रुक्न कहिले जानेको छैन
जय जय काली, जय जय गोरख, जय जय काली, जय जय गोरख ... ४

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
Phone: 6630588/6634119
WebSite: www.moescdc.gov.np
Email: cdc@ntc.net.np

मुद्रक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर